
आजको
# दिशाबोध

वर्ष २१, अंक १६



## जबजका तीन दशक




# आजको दिशाबोध

वर्ष २१, अङ्क १६, २०८२ असार १४

**प्रधान सम्पादक**

डा. महेन्द्र विष्ट

**सम्पादक मण्डल**

डा. टङ्क उप्रेती

माधव नेपाल

नितु पण्डित

लोकेन्द्र के.सी.

**प्रबन्ध सम्पादक**

मीना भण्डारी

**प्रकाशक**

**मदन भण्डारी फाउन्डेसन**

केन्द्रीय कार्यालय

विनायक नगर, काठमाडौँ, नेपाल

फोन नं.: ०१ ५९१३६१५

इमेलः mbfnepal@gmail.com

वेबसाइटः www.mbf.org.np

मूल्य : रु. १९९/-

सर्वाधिकार : मदन भण्डारी फाउन्डेसन

प्रकाशन मिति : २०८२ असार १४

**कभर/लेआउट**

महेन्द्र श्रेष्ठ

किरण माली

**मुद्रण व्यवस्थापन**

एम्ज माउस

बागबजार

फोटो स्रोतः तस्बिरमा मदन भण्डारी

**सम्पादकीय**

# जबजका तीन दशक

कम्युनिस्ट घोषणापत्र जारी भएको एक शताब्दी र महान् अक्टोबर क्रान्ति सम्पन्न भएको तीन दशकपछि वि.सं. २००६ मा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भयो। जहानियाँ राणा शासनको उकुसमुकुसका बीच स्थापना भएको नेपाल कम्युनिस्ट पार्टीले अनेक आरोह–अवरोहबीच ७६ वर्ष लामो यात्रा तय गरिसकेको छ।

वि.सं. २०१० मा पहिलो महाधिवेशन गरेको नेपाल कम्युनिस्ट पार्टीले २०१४ सालमा सम्पन्न दोस्रो महाधिवेशनबाट स्थापित नेतृत्वबाटै २०१७ सालको सैन्य 'कू' लाई प्रगतिशील कदम भनेर विसर्जनको बाटो समाएपछि यसको पुनर्गठनको प्रक्रिया अघि बढ्यो। विभिन्न धारहरूलाई एकीकृत गर्दै २०३५ सालमा नेकपा (माले)को स्थापना भयो र यसले २०४६ भदौमा चौथो महाधिवेशन गऱ्यो। यही महाधिवेशनले संयुक्त जनआन्दोलनको सुस्पष्ट दृष्टिकोणसहित नयाँ जनवादमा बहुदलीय प्रतिस्पर्धाको मान्यतालाई अङ्गीकार गर्दै मदन भण्डारीलाई पार्टीको महासचिव चयन गऱ्यो।

नेकपा (एमाले)को २०४९ माघमा सम्पन्न पाँचौँ महाधिवेशनले महासचिव मदन भण्डारीद्वारा प्रस्तुत जनताको बहुदलीय जनवाद (जबज)लाई नेपाली क्रान्तिको मौलिक कार्यक्रमका रुपमा अङ्गीकार गऱ्यो। नेपाली क्रान्तिको नवीनतम् विचारको रुपमा आएको जनताको बहुदलीय जनवाद समयक्रमसँगै नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्तका रुपमा स्थापित भएको छ। जनताको बहुदलीय जनवादले तीन दशकभन्दा बढी अर्थात् ३३ वर्ष लामो यात्रा तय गरिसक्दा यसको वैचारिकता, सैद्धान्तिक विकासको चरण र अभ्यासका अनेक पाटाहरू प्रकाशमा आएका छन्। आजको दिशाबोधको यो संस्करण जबजको अवधारणा र यसका विविध आयामको संस्मरण र विश्लेषणमा केन्द्रित छ।

जननेता मदन भण्डारीद्वारा प्रतिपादित जबज विश्व कम्युनिस्ट आन्दोलन प्रतिरक्षा र पुनर्गठनका क्रममा रहेको समयमा राष्ट्रिय–अन्तर्राष्ट्रिय परिस्थितिको ठोस विश्लेषणको आधारमा नेपाली विशिष्टतामा विकसित भएको क्रान्तिको मार्गदर्शन हो। यसले नेपाली कम्युनिस्ट आन्दोलनलाई 'बुलेट'बाट 'ब्यालेट'को शान्तिपूर्ण प्रगतिशील बाटोमा हिँडाएको छ। हिजो यसको कटु आलोचक रहेका कम्युनिस्ट धारहरू पनि आज यही मार्गचित्रमा आइपुग्नु जबजको सफलता हो। जबजको सफलताको यो यात्रालाई यसका साक्षी, सहयात्री र अनुयायीको दृष्टिकोणबाट मात्र होइन, मदन भण्डारीको दुःखद् निधनपछि जन्मिएको नयाँ पुस्ताको बुझाइका आधारमा समेत यसमा समेट्ने प्रयास गरिएको छ।

नेपाली विशेषताको समाजवादका रुपमा समेत लिइने जबजका अन्तर्वस्तु अर्थात् चौध विशेषतालाई जननेता मदन भण्डारी स्वयंले महाधिवेशनमा प्रस्तुत गर्नुभएको दस्तावेजबाट यसमा समावेश गरिएको छ। जननेताले यसका चौध विशेषतामा मूलतः संविधानको सर्वोच्चता, बहुलवादी खुला समाज, शक्ति पृथकीकरणको सिद्धान्त, मानवअधिकारको रक्षा, बहुदलीय

प्रतिस्पर्धाको प्रणाली, आवधिक निर्वाचन, बहुमतको सरकार र अल्पमतको विपक्ष, कानुनको शासनजस्ता पक्षहरूलाई समेट्नुभएको छ। उहाँले जनताको बहुदलीय जनवादमा सर्वहारा अधिनायकत्व र हिंसालाई अस्वीकार गर्दै जनबलमा जनताको जनवादी राज्यसत्ता स्थापनाको मार्गचित्र कोर्नुभएको सन्दर्भ पनि यसमा समावेश छ।

आजको दिशाबोधको यो संस्करणमा नेकपा (एमाले)का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीको विचारलाई समेटिएको छ। उहाँले दुनियाँबाट समाजवाद सिद्धियो, सिद्धान्तको लडाइँ सिद्धियो, विचारको लडाइँ सिद्धियो, अब आइडोलोजीको प्रश्न सिद्धियो, दुनियाँ एकलौटी भयो र इतिहासको अन्त्य भयो भनिरहेका बेला नेपालमा कम्युनिस्ट पार्टी लगभग दुईतिहाइको स्थितिमा पुग्न कसरी सफल भयो भन्ने विश्लेषण गर्नुभएको छ। उहाँ भन्नुहुन्छ– हामीले जननेता मदन भण्डारीको अगुवाइमा आफ्नो देशको मौलिक परिस्थिति अनुसारको जनताको बहुदलीय जनवादको विचार अङ्गीकार गरेका कारण हामीलाई उनीहरूले सिध्याउन नसकेका हुन्। हामीलाई कसैले एकछिन् पराजित गर्ला, तर समाजवादको ध्येय मर्दैन, न्यायको फेरि जित हुन्छ, सत्यको फेरि जित हुन्छ र अन्तिम विजय सत्यको हुन्छ।

फाउन्डेसनको आगामी मिसनका सम्बन्धमा फाउन्डेसनका अध्यक्ष उषाकिरण भण्डारीको सङ्कल्प यसमा समावेश छ। पार्टीको नेतृत्वमा रहिरहेका र रहिसकेका व्यक्तित्वहरूले बदलिँदो विश्व परिस्थिति, राष्ट्रिय अर्थतन्त्र, जबज र मदन भण्डारी, पाँचौँ महाधिवेशनको परिदृश्य र जबजको मूल कार्यदिशा, जबजको आलोकमा समृद्ध नेपाल सुखी नेपालीको आकाङ्क्षा एवं युवा पुस्तामा जबज र जननेता मदन भण्डारी जस्ता विषयमा लेख्नुभएका आलेखहरू यसमा छन्। विगतमा प्रकाशन भएका विद्यार्थीसँग मदन भण्डारी, मार्क्सवादको एक मात्र मोडल वा व्याख्या अब अस्वीकृत भइसकेको सन्दर्भ र मदन भण्डारीको निधनको समयमा विदेशी कम्युनिस्ट नेताले व्यक्त गरेको धारणा पनि यसमा सम्पादनसहित समेटिएको छ। जबज पारित भएको पाँचौँ महाधिवेशन, त्यसको पृष्ठभूमि र तत्पश्चात् दशौँ महाधिवेशनसम्मको यात्रा तय भइसकेको विद्यमान अवस्थाका बारेमा सटीक संस्मरणहरू यसमा छन्। युवाका नजरमा जननेता मदन भण्डारी कस्तो देखिनुहुन्छ? युवा–विद्यार्थीहरुले यस संस्करणमा परिसंवादमार्फत बोलेका छन्। प्राच्य विद्या र मदन भण्डारीको वक्तृत्वकलासँगै मदन भण्डारीका साहित्यिक रचनामा अन्तर्वस्तु र रूपको द्वन्द्वात्मक समन्वयसमेत यसमा समेटिएको छ।


अन्त्यमा, सर्वाधिक लोकप्रिय जननेता मदन भण्डारीको जन्मजयन्तीको अवसरमा उहाँको विषयमा थप अध्ययन र यस प्रकाशनमार्फत सकेको योगदान गर्न पाएकामा गर्व महसुस गर्दै हामीलाई लेख रचना र विविध सामग्री उपलब्ध गराउनुहुने सम्पूर्ण महानुभावहरू, सम्पादकीय टिममा रहेर योगदान गर्नुहुने मित्रहरू एवं फाउन्डेसन परिवारसहित यसमा सहयोग गर्ने सम्बद्ध सबैमा आभार तथा धन्यवाद व्यक्त गर्दछु।

विश्वास छ, आजको दिशाबोधको यो अङ्क पठनीय, सङ्ग्रहणीय र विश्लेषणयोग्य हुनेछ।

**डा. महेन्द्र विष्ट**
प्रधान सम्पादक

# विषयसूची

| | | |
|---|---|---|
| **दस्ताबेज** | जनताको बहुदलीय जनवादका अन्तर्वस्तु – *मदन भण्डारी* | ७ |
| **विचार** | जबजको मार्गदर्शन: अग्रगमनको यात्रा – *केपी शर्मा ओली* | १४ |
| **अभिमत** | हाम्रो सङ्कल्प – *उषाकिरण भण्डारी* | २१ |
| **विचार** | बदलिँदो विश्व परिस्थिति, राष्ट्रिय अर्थतन्त्र, जबज र मदन भण्डारी – *सुरेन्द्र पाण्डे* | २३ |
| **समीक्षा** | पाँचौं महाधिवेशनको परिदृश्य र जबजको मूल कार्यदिशा – *जितेन्द्र नारायण देव* | २८ |
| **अभिलेख** | सजिलो छैन मदन भण्डारी बन्न – *प्रदिप नेपाल* | ३४ |
| | मार्क्सवादको एक मात्र मोडल वा व्याख्या अब अस्वीकृत भइसकेको छ – *गोविन्द भट्ट* | ४३ |
| | हिमालयभन्दा पनि गह्रौं मृत्यु – *विनोद मिश्र* | ४९ |
| **संस्मरण** | मार्क्सवादको मौलिक प्रयोग जबज – *मुकुन्द न्यौपाने* | ५२ |
| | जबजको कार्यक्रम र मदन भण्डारी – *शान्ता मानवी* | ५६ |
| | जब मदनले कम्मरको खुकुरी झिक्नु भयो... – *जगन्नाथ आचार्य* | ५९ |
| | क्रान्तिकारी एकताको सङ्गम बन्यो– सप्तकोशीको त्रिवेणी – *गोपाल गुरागाईं* | ६४ |
| | 'कमरेड सहानासँगको अन्तर्वार्ता तपाईँले गर्‍या हो ?' – *चन्द्रमणि गौतम* | ६७ |
| **परिसंवाद** | युवाका नजरमा जननेता मदन भण्डारी | ७१ |
| **आलेख** | जबजको आलोकमा समृद्ध नेपाल, सुखी नेपाली – *डा. प्रेम दङ्गाल* | ८२ |
| | युवा पुस्तामा जबज र जननेता मदन भण्डारी – *सुनिता बराल* | ८८ |
| | प्राच्य विद्या र मदन भण्डारीको वक्तृत्वकला – *माधव नेपाल* | ९३ |
| | मदन भण्डारीका साहित्यिक रचनामा अन्तर्वस्तु र रूपको द्वन्द्वात्मक समन्वय – *टीकाराम नेपाल 'प्रनिश'* | ९६ |
| **स्मृति** | फेरि गुन्द्रुक खुवाउने धोको अधुरै रह्यो – *मीनाकुमारी राई* | १०० |





*बागबजारस्थित तत्कालीन नेकपा (माले) को केन्द्रीय पार्टी कार्यालयको उद्‌घाटन कार्यक्रमलाई सम्बोधन गर्दै जननेता मदन भण्डारी*

दस्तावेज

# जनताको बहुदलीय जनवादका अन्तर्वस्तु

– मदन भण्डारी



हामीले आफ्नो देशमा विद्यमान राष्ट्रिय र अन्तर्राष्ट्रिय स्थिति एवं आजसम्मका अनुभवहरूलाई विश्लेषण गर्दै तिनै आधारभूत तत्त्वहरूको साथमा कतिपय भिन्न कुराहरू पनि समावेश गरेका छौँ । हामीले थपेका विषयहरूलाई प्रतिनिधित्व गर्ने मूल अभिव्यक्तिको हिसाबले 'बहुदलीयता'लाई उल्लेख गरेका छौँ । यस हिसाबले हामीले आफ्नो सन्दर्भमा उक्त क्रान्तिको कार्यक्रमलाई जनताको बहुदलीय जनवाद भनेर उल्लेख गरेका छौँ । वास्तवमा यो पनि हामीले आफ्नो सन्दर्भमा प्रयोग गरेको जनताको जनवाद नै हो ।

## १. संविधानको सर्वोच्चता

संविधान देशको मूल कानुन हो र देशका सम्पूर्ण राजनीतिक–आर्थिक क्रियाकलाप र वर्गहरूको भूमिका एवं अन्तरसम्बन्धहरूको व्याख्या गर्ने दस्तावेज हो । कुनै पनि वर्ग, व्यक्ति, संस्था वा पार्टी विशेष संविधानभन्दा माथि रहन सक्दैन । सबैका निम्ति संविधान समान रूपले अनुल्लङ्घनीय हुनुपर्छ । संशोधन गर्न सकिने निश्चित प्रावधानहरू संविधानमा रहन्छन् र त्यो लचिलो हुनुपर्छ । तर, जबसम्म त्यसमा संशोधन भएको हुँदैन, त्यसलाई कसैले पनि उल्लङ्घन गर्न पाउँदैन । सम्पूर्ण जनताको निश्चित अधिकार र कर्तव्यको परिभाषा गर्ने दस्तावेज भएकाले कुनै पनि एउटा पक्षबाट त्यसमाथि थिचोमिचो हुनुहुँदैन ।

त्यसकारण हामीले एउटा महत्त्वपूर्ण तत्त्वका रूपमा संविधानको सर्वोच्चता सामेल गरेका छौँ । क्रान्तिकारी सत्ता र जनताको सत्ता पनि विधानविहीन हुनुहुँदैन, विधानसम्मत चल्नुपर्छ । कतिपय देशमा क्रान्तिकारी सत्तालाई संविधानभन्दा माथि राख्नाले भएका

अराजकताको परिणाम हानिकारक भएको कुरा सर्वविदित छ । समाजको निरन्तर प्रगतिलाई संविधानले निकास दिन सक्नुपर्छ र संविधान सर्वोच्च हुनुपर्छ ।

**२. बहुलवादी खुला समाज**

प्रत्येक व्यक्तिलाई जनता र राष्ट्रका निम्ति सोच्ने र बोल्ने तथा आफ्ना अनुभूतिहरू अभिव्यक्त गर्ने स्वतन्त्रता हुनुपर्छ । यो स्वाभाविक र प्रकृतिसङ्गत कुरा हो । त्यसको उल्टो केबल शासक वर्ग र पार्टीको प्रशंसामा मात्र बोल्न पाइने र विरोधमा मुख खोल्न नपाइने व्यवस्था अरू पक्षमा जतिसुकै राम्रो भए पनि टिकाउ हुन सक्दैन ।

प्रत्येक व्यक्तिलाई सरकार, राजनीतिक पार्टीहरू, सामाजिक संस्थाहरू, नेताहरू र अधिकारीहरूका बारेमा आफूलाई लागेका कुराहरू स्वतन्त्र रूपमा बोल्न दिनुपर्छ । मुलुकको संविधान र नियम–कानुनको आधारमा प्रेस र पर्यटनको स्वतन्त्रता हुनुपर्छ । बाहिरी दुनियाँबाट अलग–थलग, बन्द र एकोहोरो समाज हुनुहुँदैन। कम्युनिस्ट पार्टीले शासन चलाएका कतिपय देशमा बहुलवाद र खुलापन रहेन र त्यसको परिणाम पनि राम्रो भएन। हामी बहुलवाद र खुला समाजको पक्षमा छौँ।

**३. शक्ति पृथकीकरणको सिद्धान्त**

समाजवादी देशहरूमा लामो समयसम्म व्यक्तिको हातमा शक्तिको अतिकेन्द्रीकरण रह्यो। त्यसबाट समाजलाई लाभ होइन, हानि भयो। त्यसपछि व्यक्तिको हातमा हुने अतिकेन्द्रीकरणको आलोचना गर्दै विकेन्द्रित गर्ने प्रक्रिया सुरु भएको छ। तर, व्यक्तिको हातमा मात्र होइन, कुनै एउटा संस्थाको हातमा पनि अतिकेन्द्रीकरण हुनुहुँदैन ।

एउटै संस्था कार्यकारी, विधायी र न्यायिक अधिकार प्रयोग गर्ने केन्द्रीय शक्ति हुनुहुँदैन। राज्यका विभिन्न अधिकारलाई प्रयोग गर्ने केन्द्रमा पृथक् निकायहरू हुनुपर्छ । अझ राज्यका अधिकार शासक पार्टीले प्रयोग गर्ने र राज्य र पार्टीबीचको भिन्नतालाई समाप्त गर्ने काम हुनुहुँदैन। राज्य र पार्टीबीचको भिन्नता र अन्तरसम्बन्धलाई ठीक ढङ्गले सञ्चालन गरिनुपर्छ । यही अवधारणाबाट हामीले शक्ति पृथकीकरणको सिद्धान्तलाई आफ्नो कार्यक्रममा समावेश गरेका छौँ।

**४. मानवअधिकारको रक्षा**

दुनियाँमा कम्युनिस्टहरू मानवअधिकारको पक्षमा छैनन् भन्ने पुँजीवादपन्थीहरूको व्यापक प्रचार छ । कतिपय कम्युनिस्टहरू पनि मानवअधिकारको रक्षा गर्ने हाम्रो काम र कार्यक्षेत्र होइन भन्ने ठान्छन्। हामी मानवअधिकारको पक्षमा छौँ र लामो समयदेखि त्यसका निम्ति सङ्गठित रूपमा लड्दै आएका छौँ। साँचो अर्थमा कम्युनिस्ट नै मानवअधिकारको सबभन्दा दृढ योद्धा हुन् र हुन सक्छन् । त्यसकारण हामीले मानवअधिकारको रक्षालाई एउटा महत्त्वपूर्ण तत्त्वका रूपमा कार्यक्रममा समावेश गरेका छौँ।

**५. बहुदलीय प्रतिस्पर्धाको प्रणाली**

संविधानको परिभाषाभित्र राज्य र त्यसका राजकीय निकायहरू सम्पूर्ण जनताको चासो र सरोकारका विषय हुन्। त्यसमा एउटा मात्र राजनीतिक पार्टीको एकाधिकार हुन सक्दैन। अझ राज्यको बल प्रयोग गरेर एउटा मात्र पार्टीको एकाधिकार कायम गर्न खोज्नु अत्यन्त गैरजनवादी कुरा हो। अनेक वर्गहरू रहेको समाजमा, पेसागत विविधता रहेको स्थितिमा पनि र खासगरी वर्गीय विविधता भएको समाजमा अनेक राजनीतिक पार्टीहरू स्वाभाविक रूपमा हुन्छन्। नागरिकको मौलिक आधिकारमा बन्देज नगर्ने हो भने स्वाभाविक रूपमा राजनीतिक चिन्तनमा विविधताहरू पैदा हुन सक्छन् ।

अझ कम्युनिस्ट पार्टी सर्वहारा–श्रमजीवी वर्गको पार्टी हो र यो सम्पूर्ण वर्गहरूको पार्टी हुन सक्दैन। यो मार्क्सवादी–लेनिनवादी विचार प्रणालीलाई मार्गदर्शक मान्ने पार्टी हो र सर्वहारा–श्रमजीवीवर्गभित्र पनि अन्य विचार प्रणालीप्रति विश्वास गर्ने व्यक्तिहरू हुन सक्छन् वा रणनीति, कार्यनीतिमा भिन्न मतावलम्बी हुन सक्छन्। यस्तो स्थितिमा एउटा मात्र पार्टीको एकछत्र अधिकार

संवैधानिक रूपमा र राज्यको बलसमेत प्रयोग गरेर कायम गर्न खोज्नु एक प्रकारको निरङ्कुशता र तानाशाही हो ।

त्यसकारण हामीहरू राजनीतिमा जनताको निर्णायक भूमिका स्थापित गर्न बहुदलीय प्रतिस्पर्धाको प्रणाली कायम गर्न चाहन्छौँ। जनादेश प्राप्त पार्टी र व्यक्तिहरूले नै राजकीय अधिकार प्रयोग गरी शासन–प्रशासन चलाउनुपर्छ भन्ने पक्षमा छौँ। बहुदलीय प्रतिस्पर्धाको प्रणाली सङ्गठित रूपमा विचार, कार्यक्रम र नीतिहरूका आधारमा पार्टीहरूबीच प्रतिस्पर्धा गर्न पाउने र जनताको निर्णय सर्वोपरी हुने प्रणाली हो। त्यसकारण हामीले यो प्रणालीलाई एउटा निर्णायक महत्त्वको विषयका रूपमा आफ्नो कार्यक्रममा समावेश गरेका छौँ।

### ६. आवधिक निर्वाचन

जनताले नै पनि एकपटक गरेको निर्णय सधैँको निम्ति शाश्वत हुन सक्दैन। त्यसकारण निश्चित अवधिभित्र आमनिर्वाचन हुनुपर्छ। निर्वाचन विचार, कार्यक्रम र नीतिका बीचमा हुनुपर्छ। एउटै नीति, विचार र कार्यक्रमभित्र केबल व्यक्तिहरूबीच मात्र गरिने चुनाव सारतत्त्वमा पञ्चायती चुनावभन्दा भिन्न हुन सक्दैन। त्यसकारण बहुदलीयताको आधारमा आवधिक निर्वाचन गर्ने प्रणालीलाई हामीले दृढताका साथ सामेल गरेका छौँ।

### ७. बहुमतको सरकार र अल्पमतको विपक्ष

बहुदलीय पद्धतिको एउटा मूलतत्त्व सङ्गठित प्रतिस्पर्धा हो भने अर्को मूलतत्त्व बहुमतको सरकार र अल्पमतको विपक्ष हुने संवैधानिक व्यवस्था हो। सरकारका कामकाजप्रति आलोचनात्मक दृष्टिकोण राख्ने र गलत कुराको विरोध गर्ने संवैधानिक व्यवस्था हो। आमचुनाव भए पनि विपक्ष रहन पाउने र अझ रहनुपर्ने संवैधानिक व्यवस्था नहुने हो भने सरकारका तानाशाही एवं निरङ्कुशतावादी क्रियाकलापलाई रोक्न सम्भव हुँदैन।

शान्तिपूर्ण ढङ्गले कुनै पनि गल्तीहरूको राजनीतिक समाधान निकाल्नु सजिलो हुँदैन। पञ्चायती व्यवस्थामा पनि व्यक्तिका बीचमा चुनाव हुने गर्थ्यो। तर, विचार र कार्यक्रम राख्न पाइन्नथ्यो। अझ पञ्चायती चिन्तनसँग असहमत व्यक्तिहरू चुनिए पनि विपक्षको वैधानिक व्यवस्था थिएन। त्यसकारण पञ्चायत अन्तरवस्तुका हिसाबले मात्र होइन, स्वरूपका हिसाबले पनि निरङ्कुश एवं तानाशाही थियो। सरकारको विपक्षमा वैधानिक रूपमा काम गर्न पाउने प्रणाली प्रजातान्त्रिक प्रणाली हो। यसलाई ध्यान दिएर नै हामीले स्पष्टरूपमा बहुमतको सरकार र अल्पमतको विपक्ष रहने संवैधानिक व्यवस्था गर्ने कुरा समावेश गरेका छौँ।

### ८. कानुनको शासन

जनताको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारहरू, मौलिक अधिकार, मानवअधिकार र नागरिक अधिकारहरूको रक्षाका निम्ति कानुनको शासन भन्ने कुरालाई हामीले आफ्नो कार्यक्रममा सुस्पष्ट रूपमा समावेश गरेका छौँ। कुनै पनि व्यक्तिमाथि कानुनअनुसार अधिकारप्राप्त निकायको औपचारिक निर्णयबाट मात्र दण्डित गर्न सकिने, सरकार र शक्ति हातमा भएको कुनै पनि निकाय वा व्यक्तिले स्वेच्छाचारी ढङ्गले गर्न नपाइने कुरालाई हामीले गम्भीरताका साथ महत्त्व दिएका छौँ।

### ९. जनताको जनवादी व्यवस्थाको सुदृढीकरण

हामी सैद्धान्तिक आग्रहबाट प्रेरित भएर भौतिक परिस्थितिबिना नै समाजवादमा पुग्ने हतारोले कुनै पनि अनुचित जोरजबर्जस्ती गर्ने कुराको विपक्षमा छौँ। स्वाभाविक रूपमा कुनै पनि नयाँ व्यवस्थालाई सुदृढ गर्नका निम्ति अपेक्षित समय चाहिन्छ। त्यसमा पनि जनताको जनवादी सत्ताले मूलभूत रूपमा तीनवटा विशेष अवधि पार गर्नु अनिवार्य हुन्छ। पहिलो– पुरानो व्यवस्थाका शोषण–उत्पीडनका अवशेषहरू सबै क्षेत्रबाट अन्त्य गर्ने काममा केन्द्रित भएर लाग्ने अवधि, दोस्रो– नयाँ उत्पादन सम्बन्धका आधारमा समाजका सबै क्षेत्रमा भौतिक र सांस्कृतिक दुवै हिसाबले विकास गर्ने कुरामा केन्द्रित भएर

लाग्ने अवधि र तेस्रो– समाजवादमा सङ्क्रमणका निम्ति केन्द्रित भएर भौतिक तथा सांस्कृतिक तयारी गर्ने अवधि।

यस्ता ठोस कुराहरू सम्पादन गर्न स्वाभाविक रूपमा एउटा अपेक्षाकृत लामो समय चाहिन्छ। त्यसकारण हामीहरू अन्य कतिपय देशहरूमा जस्तो समाजवादमा पुग्ने हतारोले नयाँ व्यवस्था र समाजको जग कमजोर छँदै– एउटा खुट्टो दरोसँग नटेकी अर्को खुट्टा उचाल्ने– पक्षमा छैनौँ। अझ हामी नयाँ जनवादी व्यवस्थामा पनि बहुदलीय पद्धति अपनाउन प्रतिबद्ध छौँ। यसको तात्पर्य बल प्रयोग होइन, सेवा र घनिष्ठ सम्बन्धबाट जनताको दिल जित्न र समर्थन हासिल गर्न चाहन्छौँ। यो राम्रै कामको निम्ति पनि जनतालाई जोरजबर्जस्ती गर्ने होइन, स्वेच्छिक समर्थन हासिल गर्ने तरिका हो। हामी राम्रो काम पनि नराम्रो तरिकाले होइन, सकेसम्म राम्रो तरिकाले सम्पन्न गर्नुपर्छ भन्ने कुराको पक्षमा रहेका छौँ। त्यसकारण हामीले जनताको जनवादी व्यवस्था एउटा अपेक्षाकृत लामो समयसम्म रहने सामाजिक व्यवस्थाको रूपमा स्वीकार गरेका छौँ।

## १०. विदेशी पुँजी र प्रविधि

आज आमरूपमा साम्राज्यवादको औपनिवेशिक शोषणको स्वरूप समाप्त भएको छ र त्यसले नयाँ ढङ्गले औपनिवेशिक शोषण गर्ने तरिका विकसित गरेको छ। साम्राज्यवादी देशले एक्लै पनि र अनेक विकसित पुँजीवादी देशहरूको वित्तीय सम्पत्ति जम्मा गरेर अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूमार्फत संयुक्त रूपमा पनि यो नवउपनिवेशी शोषणलाई अघि बढाएको छ। तर, वर्तमान विश्वमा अविकसित पछौटे देशहरू मात्र होइन, विकासमान र विकसित देशहरू पनि अन्तर्राष्ट्रिय वा वैदेशिक वित्तीय, सहायता ऋण र सम्पर्कबिना काम गर्न नसक्ने स्थिति बनेको छ।

यस्तो स्थितिमा हामी मात्र पनि बाहिरी दुनियाँप्रति बेवास्ता गरेर केवल आफ्नो मात्र स्रोत–साधनले अघि बढ्न सक्दैनौँ। समाजवादी देशहरू पनि यस्तो ऋण सहायता लिइरहेका छन् र विश्व पुँजीवादद्वारा खडा गरिएको नाकाबन्दीले कतिपय देशहरूमा गम्भीर सङ्कट पनि बढिरहेको छ। यस्तो स्थितिमा हामी वैदेशिक पुँजी र



प्रविधिको सवालमा नीतिगत रूपमा आफ्नो ढोका बन्द गर्न सक्दैनौँ र बन्द गर्नुहुँदैन। त्यसकारण हामीले आफ्नो कार्यक्रममा संविधान र ऐन–कानुनको सीमाभित्र राष्ट्रिय हितलाई ख्याल राखेर वैदेशिक पुँजी र प्रविधिको लगानी, संरक्षण र उपयोग व्यवस्थित गर्ने सुस्पष्ट कुरा कार्यक्रममा समावेश गरेका छौँ। यो पनि विगतका क्रान्तिकारी कार्यक्रमहरूमा समावेश नभएको भिन्न विषय हो।

**११. क्षतिपूर्ति**

सामन्ती शोषण, सामन्ती भूसम्पत्ति र सामन्तवादलाई समाप्त पार्ने हाम्रो क्रान्तिको एउटा आधारभूत उद्देश्य हो। हामीले नयाँ समाज निर्माण गर्नका निम्ति आमरूपमा सबैबाट सकारात्मक योगदान लिने नीति लिएका छौँ। त्यसका निम्ति सामन्ती भूस्वामित्व समाप्त गर्ने, कानुनद्वारा नयाँ हदबन्दी निश्चित गर्ने, क्रान्तिकारी भूमिसुधार गर्ने, यसक्रममा क्रान्तिको समर्थन गर्नेहरू, धनी र मध्यम किसानहरूको हदबन्दीभन्दा बढी जमिन र दोहोरो स्वामित्वको अन्त्य गर्दा साना भूस्वामीहरूको जमिनको कानुनसम्मत यथोचित क्षतिपूर्ति दिने नीति अघि सारेका छौँ।

नयाँ समाजको निर्माणमा सकारात्मक योगदान गर्न नचाहने र अझ त्यसको विरोध र ध्वंसमा लाग्ने सामन्ती जमिनदारहरूबाहेक अरूलाई क्षतिपूर्ति दिएर हामी उद्योग, व्यापार–व्यवसायलाई स्थानान्तरित गराउन चाहन्छौँ। यो नयाँ समाज निर्माण गर्न सबैलाई सकारात्मक ढङ्गले योगदान पुऱ्याउन गरेको आह्वान हो। र, शान्तिपूर्ण ढङ्गले सामन्ती भूस्वामित्व अन्त्य गर्ने चाहनाको अभिव्यक्ति पनि हो। तर, यो प्रगतिशील अग्रगतिको विरोध गर्ने सामन्ती जमिनदारहरूमाथि बल प्रयोग गर्नुपर्ने अनिवार्यता र बल प्रयोग गरिएकाहरूले क्षतिपूर्ति नपाउने कुरा पनि स्वतः प्रस्ट छ। हामीले आफ्नो कार्यनीतिमा ल्याएको यो पनि एउटा नयाँ पक्ष हो।

**१२. विदेशनीति**

आज विश्वमा एकीकृत विश्व कम्युनिस्ट आन्दोलन छैन। तर, विश्वका लगभग सबैजसो देशमा मार्क्सवादी सिद्धान्तको मार्गदर्शनमा आफ्नो देशको ठोस स्थितिअनुरूप क्रान्ति वा निर्माणका निम्ति कम्युनिस्ट आन्दोलन जारी छ। समाजवादी आन्दोलन पनि हरेक देशका आफ्ना विशिष्टताको आधारमा चलिरहेको छ, त्यसमा पनि एकरूपता छैन। संसारभरका सबै कम्युनिस्टहरू साम्राज्यवादका विरुद्ध छन्। तर, ठोस रूपमा कहीँकुनै देशको साम्राज्यवादी उत्पीडनविरुद्ध तिखो सङ्घर्ष छ भने अर्को साम्राज्यवादी देशसँग त्यसको सम्बन्ध आमरूपमा सामान्य नै छ।

साम्राज्यवाद विरोधी सङ्घर्षमा पनि एकरूपता छैन। भिन्नाभिन्नै देश, भिन्नाभिन्नै रूप र भिन्नाभिन्नै कोणबाट तर सबै देशका कम्युनिस्टहरू साम्राज्यवादको विरुद्ध सङ्घर्षरत छन्। यो नै अहिले एकताको पक्ष हो। यसलाई अहिले नै एकरूपतामा पुऱ्याउने कुनै सम्भावना छैन। यस्तो स्थितिमा समाजवादी देशहरू र शासक कम्युनिस्ट पार्टीहरूले पुरानो ढङ्गले सामाजिक मुक्ति तथा राष्ट्रिय स्वाधीनताका आन्दोलनहरूलाई प्रत्यक्ष र खुला सहयोग गर्न छोडेका छन्।

हरेक देशका सर्वहारा–श्रमजीवीवर्गका राजनीतिक पार्टीहरूले पनि सर्वहारा अन्तर्राष्ट्रियतावादको पुरानो सहयोग प्रणालीमा भिन्नता ल्याएका छन्। अहिले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा कुनै उल्लेखनीय ग्रुप–समूह छैन। एकातिर प्रत्येक देशको क्रान्ति वा निर्माणको आन्दोलन अन्तर्राष्ट्रिय सहयोग–समर्थनबिना विकसित र विजयी हुन सक्तैन भने अर्कोतिर सहयोगको पुरानो रूप प्रणाली कायम छैन र तत्काल हुन पनि सक्तैन। यस्तो स्थितिमा हरेक देशमा क्रान्तिकारीहरूले आफ्नै प्रत्यक्ष पहलबाट अन्तर्राष्ट्रिय समर्थन जुटाउनुपर्छ। त्यसकारण हामीहरू सामान्य सैद्धान्तिक अवधारणाको आधारमा सैद्धान्तिक ढङ्गले आमखालको विरोध वा समर्थनबाहेक ठोस रूपमा आफ्नो देशको क्रान्ति र

निर्माणको प्रत्यक्ष लाभ–हानिको हिसाबबाट मात्र विदेश सम्बन्ध सञ्चालन गर्न सक्छौँ।

हाम्रा निकट छिमेकीहरू दक्षिण एसियायी देशहरू, हाम्रो क्रान्ति र निर्माणलाई प्रत्यक्ष–सहयोग समर्थन गर्ने देशहरू र अरू मित्र देशहरूका आधारमा क्रमिक महत्त्व दिएर पञ्चशीलको सिद्धान्तका आधारमा व्यावहारिक ढङ्गले सम्बन्ध स्थापना र विकास गर्ने दृष्टिकोण हामीले अघि सारेका छौँ। क्रान्ति र निर्माणका ठोस व्यावहारिक विषयलाई बेवास्ता गरेर केवल सैद्धान्तिक आग्रहका रूपमा मात्र हामी अघि बढ्न सक्दैनौँ।

## १३. नेतृत्व र अधिनायकत्व

सामन्तवाद र साम्राज्यवादबाट सामाजिक मुक्ति र राष्ट्रिय स्वाधीनता प्राप्त गर्ने आन्दोलनको मार्गदर्शक सिद्धान्त मार्क्सवाद–लेनिनवाद हो। यस क्रान्तिको नेतृत्व पनि सर्वहारा–श्रमजीवी वर्गले मात्र गर्न सक्छ। सर्वहारा–श्रमजीवी वर्गको, मार्क्सवाद–लेनिनवादको मार्गदर्शनमा चल्ने राजनीतिक पार्टीले मात्र गर्न सक्छ। तर, यस कुरालाई केवल सैद्धान्तिक रूपमा उल्लेख गरेर र दस्ताबेजमा लेखेर मात्र हुँदैन। त्यसकारण हामीले कार्यक्रममा प्रतिस्पर्धा र पहलकदमीद्वारा नेतृत्व लिने विषयमा जोड दिएका छौँ।

सैद्धान्तिक, वर्गीय र रणनीतिक रूपमा सर्वहारा नेतृत्वको अनिवार्यताबारे उल्लेख गर्दा कार्यनीतिक रूपमा अरूसँग नेतृत्वको निम्ति गम्भीर प्रतिस्पर्धा गर्नुपर्ने र पहलकदमी लिनुपर्ने आवश्यकताप्रति बेवास्ता गरेर ढुक्क हुने प्रवृत्ति देखिएको छ। हामी यो प्रवृत्तिलाई हटाउन र तीव्र प्रतिस्पर्धा र सशक्त पहलकदमीमा जोड दिन चाहन्छौँ। त्यसरी नै क्रान्तिपछिको निर्माण कालमा पनि पार्टीले पहलकदमी र प्रतिस्पर्धाबाट नै नेतृत्व हातमा लिनुपर्छ। कम्युनिस्ट पार्टीको नेतृत्व अर्थात् मार्क्सवाद–लेनिनवादको मार्गदर्शनमा चल्ने सर्वहारा–श्रमजीवीवर्गको राजनीतिक पार्टीको नेतृत्वमा मात्र जनताको जनवादी व्यवस्थाको सुदृढीकरण र समाजवादमा सङ्क्रमण गर्ने काम सम्पन्न गर्न सकिन्छ। तर, यसमा पनि प्रतिस्पर्धा र पहल नलिएर संविधानमा उल्लेख गर्दै राज्यको बल प्रयोग गरेर नेतृत्व गर्ने तरिका उपयुक्त हुँदैन। त्यसकारण सर्वहारा–श्रमजीवी वर्गको मार्क्सवादी–लेनिनवादी पार्टीको नेतृत्व अनिवार्य छ। तर, त्यो सङ्घर्ष, सेवा, पहलकदमी र प्रतिस्पर्धाबाट मात्र हातमा लिन सकिन्छ। सैद्धान्तिक उल्लेख वा संवैधानिक उल्लेख तथा राजकीय बल प्रयोगबाट होइन भन्ने कुरामा हामीले जोड दिएका छौँ।

त्यसरी नै जनताको जनवादी अधिनायकत्व भनेको जनताको जनवादी राज्यसत्ता हो। अधिनायकत्व राज्यसत्ताको एउटा मुख्य र निर्णायक कामलाई अभिव्यक्त गर्ने शब्द हो। अर्थात् अधिनायकत्व भनेको राज्य हो। मार्क्सवादी दृष्टिकोणअनुसार राज्य भनेको वर्गीय हुन्छ, पुँजीवादपन्थीहरूको वर्गविहीन वा वर्गभन्दा माथि राज्य भन्ने कुरा झूट कुरा हो। राज्य एउटा वर्गले अर्को वर्गलाई नियन्त्रण गर्ने साधन हो। तर, जनताको राज्यको काम केवल नियन्त्रण र दमन गर्ने मात्र होइन, आमजनताको नेतृत्व गर्दै जनताको निम्ति कल्याणकारी काम पनि गर्नु हो। त्यसले जनवाद विरोधी प्रतिगामी तत्त्वहरूलाई मात्र दमन र नियन्त्रण गर्छ। व्यापक जनतालाई जनवादी अधिकार प्रदान गर्छ।

त्यसकारण हामीले अधिनायकत्व शब्दको सट्टा कार्यक्रममा आमरूपमा राज्यसत्ता भन्ने शब्द प्रयोग गरेका छौँ। यसको तात्पर्य पहिलो कुरा मुट्ठीभर प्रतिगामीहरूमाथि अधिनायकत्व भएको ९५ प्रतिशत जनताको निम्ति जनवाद दिने राज्यसत्ता भएको र दोस्रो राज्यसत्ताको काम केवल अधिनायकत्व मात्र नभएर जनता र राष्ट्रको निम्ति कल्याणकारी काम नै प्रमुख भएको हुनाले पनि राज्यसत्ताको एउटा मात्र पक्षलाई अभिव्यक्त गर्ने 'अधिनायकत्व' शब्द भन्दा अर्थात् 'जनताको जनवादी अधिनायकत्व' भन्नुभन्दा जनताको जनवादी राज्यसत्ता भन्ने प्रयोग गरेका छौँ। यो सही र उपयुक्त संयोजन हो।

## १४. जनताको बहुदलीय जनवाद

हाम्रो कार्यक्रम सामन्तवाद, दलाल नोकरशाही पुँजीवाद र साम्राज्यवाद विरोधी कार्यक्रम हो। हाम्रो

क्रान्ति सामन्तवाद–साम्राज्यवाद विरोधी क्रान्ति हो । चीन, कोरिया, भियतनाम र पूर्वी युरोपेली देशहरूमा यस्तै क्रान्ति भएको थियो । यी सबै ठाउँको क्रान्तिले सामन्तवादलाई उन्मूलन गरेर किसानहरूलाई मुक्त पार्ने र साम्राज्यवादको सबै प्रकारको हस्तक्षेपलाई समाप्त पारेर राष्ट्रिय स्वाधीनता प्राप्त गर्ने काम गरेको थियो ।

राष्ट्रिय पुँजी र उद्योग–व्यवसायको विकासको बाटो खोलेको थियो । राज्यसत्ताको एउटा तेस्रो रूप आमजनताको जनवादी संयुक्त राज्यसत्ताको स्थापना गरेको थियो । सामन्तवादलाई उन्मूलन गरेर पनि यो पुँजीपति वर्गको अधिनायकत्व भएको एकलौटी राज्य थिएन । पुरानो जनवादी क्रान्तिले पुँजीपति वर्गको अधिनायकत्व भएको राज्यको स्थापना गरेको थियो । तर, यसले सामन्तवाद–साम्राज्यवाद विरोधी आमजनताको संयुक्त राज्यको स्थापना गऱ्यो । सामन्तवाद–साम्राज्यवादको उन्मूलन गर्ने, अर्धसामन्ती र अर्धउपनिवेशी उत्पादन सम्बन्ध समाप्त पारेर जनवादी र राष्ट्रिय सम्बन्ध कायम गर्ने तथा आमजनताको संयुक्त राज्यसत्ता स्थापना गर्ने हुनाले यसै अर्थमा हाम्रो क्रान्ति पनि नयाँ जनवादी क्रान्ति नै हो र हाम्रो कार्यक्रम पनि नयाँ जनवादी नै हो ।

अरू मुलुकमा कतिपय आफ्ना विशेषताहरूको सन्दर्भलाई लिएर त्यसलाई कहीँ नयाँ जनवाद, कहीँ जनताको जनवाद र कहीँ राष्ट्रिय जनवाद जस्तो नाम दिइयो । सारतत्त्वमा त्यो सबै नयाँ युगको सन्दर्भबाट जनताको जनवाद नै थियो । हामीले आफ्नो देशमा विद्यमान राष्ट्रिय र अन्तर्राष्ट्रिय स्थिति एवं आजसम्मका अनुभवहरूलाई विश्लेषण गर्दै तिनै आधारभूत तत्त्वहरूको साथमा कतिपय भिन्न कुराहरू पनि समावेश गरेका छौँ । हामीले थपेका विषयहरूलाई प्रतिनिधित्व गर्ने मूल अभिव्यक्तिको हिसाबले ‘बहुदलीयता’लाई उल्लेख गरेका छौँ । यस हिसाबले हामीले आफ्नो सन्दर्भमा उक्त क्रान्तिको कार्यक्रमलाई जनताको बहुदलीय जनवाद भनेर उल्लेख गरेका छौँ । वास्तवमा यो पनि हामीले आफ्नो सन्दर्भमा प्रयोग गरेको जनताको जनवाद नै हो ।

उपरोक्त अन्य देशहरूमा बहुदलीय प्रतिस्पर्धा रहेन । हामी भने त्यसभन्दा भिन्न सुस्पष्टरूपमा बहुदलीय प्रतिस्पर्धा सामेल गर्न चाहन्छौँ । यस अर्थमा हाम्रो कार्यक्रम र विचारको यो एउटा विशेष कुरा हो । यसलाई कार्यक्रममा पनि विशेष ढङ्गले उल्लेख गर्नु आवश्यक छ । त्यसैकारण कार्यक्रमको शीर्षकमा हामीले सारतत्त्व र आफ्ना थप विशेष कुराहरूसमेत समावेश गरेर ‘जनताको बहुदलीय जनवाद’ भनेको हो । सामान्यतया जुनसुकै विशेषणको साथ जनवादको उल्लेख गरिए पनि हाम्रो कार्यक्रमको स्वरूप र सार दुवैलाई सटिक ढङ्गले उल्लेख गर्दा हाम्रो क्रान्तिको कार्यक्रमको नाम ‘जनताको बहुदलीय जनवाद’ हुनुपर्छ । परिवर्तित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थितिमा हामीले आफ्ना विचारहरूलाई यसरी नै कार्यक्रममा प्रस्तुत गरेका छौँ ।

*(नेकपा (एमाले)को पाँचौँ महाधिवेशनमा महासचिव मदनकुमार भण्डारीद्वारा प्रस्तुत एवं पारित नेपाली क्रान्तिको कार्यक्रमः जनताको बहुदलीय जनवादको अंश ।)*



विचार

# जबजको मार्गदर्शनः अग्रगमनको यात्रा



**केपी शर्मा ओली**
प्रधानमन्त्री एवं
अध्यक्ष, नेकपा (एमाले)

मदन भण्डारी फाउन्डेसनले आगामी दिनमा नेकपा (एमाले)को भरपर्दो सहयात्रीका रुपमा आन्दोलनलाई सघाउने छ । यो पार्टीको जनवर्गीय सङ्गठन होइन । यसलाई पार्टीले सञ्चालन गर्ने होइन । मलाई पनि संरक्षकमा नराखे हुन्छ, मेरो आग्रह छ– अलग्गै राखून् । मदन भण्डारीका विचारले मात्रै यसलाई निर्देशित गर्छ, अरूले निर्देशित गर्ने, हात हाल्ने, हस्तक्षेप गर्ने कुराबाट यसलाई पृथक् नै राख्नुपर्छ । मदन भण्डारी फाउन्डेसन जबजको सर्जक होइन, फलोअर हो । जबजको सर्जक फेरि नेकपा (एमाले) नै हो । त्यसकारण यो कुरा फेरि भुल्नु हुँदैन । तसर्थ, सर्जकले यसलाई सहयोग गर्छ, यसले सर्जकलाई सहयोग गर्नु पर्छ । क्रान्तिको नेतृत्व गर्ने जिम्मा एमालेको हो । फाउन्डेसनको मञ्च कुनै पनि हालत वा बहानामा एमालेविरुद्ध प्रयोग हुन सक्दैन र हुन दिनु हुँदैन ।

हामीले लामो सङ्घर्ष र बलिदानबाट अहिलेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्था प्राप्त गरेका छौँ। जनताको चाहनाबमोजिम सुशासन र विकास दिएर यस व्यवस्थालाई सुदृढ बनाउनु हामी सबैको दायित्व हो।

आज पनि हामी सङ्घर्षमा छौँ। हामीले धेरै अप्ठ्याराहरूसँग जुध्दै र त्यसलाई पराजित गर्दै सफलतापूर्वक अगाडि बढेका छौँ। आज देश जहाँ पुगेको छ, दुनियाँ जहाँ पुगेको छ, यो फेरि पनि वर्ग सङ्घर्षको एउटा खास चरणमा पुगेको छ। सम्पन्नहरूलाई वर्ग सङ्घर्ष चाहिँदैन, यथास्थिति चाहिन्छ। यथास्थितिका लागि विभिन्न प्रकारले नियन्त्रण र दमन चाहिन्छ। अग्रगामी परिवर्तनका लागि, आफ्नो जीवनमा, आफ्नो समाजमा, आफ्नो परिवेशमा सकारात्मक परिवर्तनका लागि सङ्घर्ष चाहिन्छ। जति दमन गरे पनि दब्न नसक्ने, दबाउन नसकिने हाम्रो पार्टीको जुन रिजिलियन्स (उत्थानशीलता) छ, यसका पछाडि हाम्रो दृष्टिकोणको सहीपना, विचारको सहीपना, हामीले लिएको दर्शन, हामीले लिएको सिद्धान्त, हामीले लिएको राजनीति र हामीले प्रस्तुत गरेका नीति र विश्लेषणहरूले काम गरेका छन्।

हामीले लिएका सही जनपक्षीय, देशभक्तिपूर्ण र विकासमुखी नीति, तिनको निष्ठापूर्ण र प्रभावकारी कार्यान्वयन एवं तिनबाट प्राप्त महान् उपलब्धिहरूले नै हामी सफलतापूर्वक अघि बढ्न सकेका छौँ।

मुख्य कुरा हामीले लिएको वा धारण गरेको विचारको कुरा हो। सन् १९८० को दशकको अन्त्यतिर र ’९० को दशकको सुरुतिर अन्तर्राष्ट्रिय क्षेत्रमा एउटा भयानक उथलपुथलको समय आयो। समाजवादी, प्रगतिशील आन्दोलनमा एउटा भीषण धक्काको परिस्थिति आयो। प्रगतिशील र समाजवादी आन्दोलनले धक्का खाएको मात्रै हामीले देख्नु हुँदैन। धक्का त शोषणकारी व्यवस्थाले पनि समय–समयमा खाने गरेको छ। समाज विकासको क्रमअनुसार कहिले विकासको गति धिमा हुन्छ, समाज धेरै विकास भएको छैन भने विकासको गति पनि धिमा हुन्छ। स्पार्टाकस विद्रोह आफैँमा शोषणकारी व्यवस्थाविरुद्धको विद्रोह थियो। त्यो दासयुगको कुरा हो तर सामन्तवादी युग होस् वा पुँजीवादी युग– जे भने पनि त्यो रूप र प्रणाली एवं उत्पादन पद्धतिको मात्रै फरक हो। समग्र सामाजिक प्रणालीको अन्तर्य भनेको शोषणकारी व्यवस्था हो।

शोषणकारी व्यवस्थालाई धक्का दिएको त अहिले मात्रै होइन, उहिलेदेखि हो। कतिले असैह्य वातावरण भएपछि त्यसका विरुद्ध व्यक्तिगत तवरमा र कसैले सानो समूहमा विद्रोहको प्रयास गरेका थिए। स्पार्टाकसहरूले भने ठुलै समूहमा विद्रोहको प्रयास गरेका थिए। तर त्यो समय त्यो आन्दोलन सफल हुनका लागि वातावरण अनुकूल र परिपक्व बनेको थिएन। वैचारिक हिसाबले र त्यस समाजमा विचारलाई बोक्ने सङ्गठनात्मक क्षमता बनेको थिएन। तर पेरिस कम्युनले त्यस अवस्थालाई धक्का दिन खोजेकै हो। तैपनि सङ्गठित विचार बोक्ने सङ्गठन र जनतामा भिजेको सङ्गठनको अभाव नै थियो। त्यसै अभावले पेरिस कम्युनलाई प्राप्त गरेको सत्ता पनि टिकाउन समर्थ बनाउन सकेन।

पुँजीवादी प्रणालीलाई पल्टाउन सकिन्छ र फ्याँक्न सकिन्छ भन्ने पेरिस कम्युनले देखाएको थियो। ७२ दिनपछि त्यसलाई असफल पारियो। त्यसमा माथि भनिएका कुराहरूबाहेक अनुभव र परिपक्वताको कमी पनि स्वाभाविक र महत्त्वपूर्ण रहे असफलताका लागि। यसरी विचार, सङ्गठन र नेतृत्वजस्ता कुराहरूमा पर्याप्त परिपक्वता नहुँदा त्यो सफल हुन सकेन। त्यो आन्दोलन भुल्कोका रूपमा मात्रै रहन गयो। स्पार्टाकस विद्रोहमा स्पार्टाकस भन्ने नेता पनि थिए र आन्दोलनका क्रममा उनी दास र विद्रोहीहरूबीच स्थापित पनि थिए। पेरिस कम्युनमा कोही त्यति पनि स्थापित भइदिएनन्, जसले सफल नेतृत्व गरोस्। सबल नेतृत्व नभईकन आन्दोलन चल्दैन। नेतृत्व चाहिन्छ नै। पेरिस कम्युन त्यत्तिकै असफल भयो। तर मार्क्सले भनेजस्तै आन्दोलनका उद्देश्यहरू पूरा नभएसम्म एउटा आन्दोलन असफल हुँदैमा सही आन्दोलन सधैँका लागि समाप्त हुँदैन। आन्दोलन बारम्बार प्रकट भइरहन्छ।

यो संसारका विभिन्न ठाउँमा र विभिन्न समयमा प्रकट भइरहन्छ। सन् १९१७ मा रुसमा आन्दोलन सफल भयो। विश्वको सबैभन्दा ठूलो देश, सबैभन्दा ठूलो

क्रान्ति, सबैभन्दा ठूलो सामाजिक परिवर्तन, सबैभन्दा ठूलो युगान्तकारी परिवर्तन त्यस विद्रोहले ल्यायो। समयानुकूल, परिस्थिति अनुकूल, विचारको हिसाबले, सङ्गठनका हिसाबले, सङ्गठन हाँक्ने नेतृत्वका हिसाबले सबै कुराको तालमेल मिलेको थियो। नेतृत्वमा अरू पनि साथीहरू थिए तर लेनिनले स्पष्ट: नेतृत्व गर्नुभएको थियो, कम्युनिस्ट पार्टीले नेतृत्व गरेको थियो। त्यसैले त्यो सफल भयो।

आन्दोलनमा मेन्सेविकहरू त्यसबेला पनि निस्किएका हुन्। मेन्सेविक भनेको एउटा प्रवृत्ति हो। रुसी भाषामा मेन्सेविक भनेको अल्पमत हो। तर कहिलेकाहीँ मेन्सेविकहरू बहुमतमा पनि पुग्छन्। त्यस्तो प्रवृत्ति बोक्नेहरू पछि बहुमतमा पनि पुगे। नेपालमा त त्योभन्दा पनि धेरै खतरनाक रूपमा केशरजङ्ग रायमाझी र उनको समूह बहुमतमा पुग्यो। जसले आन्दोलनलाई सोझै निरङ्कुश राजाका पाउमा लगेर सुम्पियो। वामपन्थी आन्दोलनले विसर्जन गर्ने बाटो समात्यो। त्यसले रुसमा मेन्सेविकले भन्दा पनि पुँजीवादी, आत्मसमर्पणवादी र अत्यन्तै हानिकारक नग्न रूपमा आन्दोलनलाई ध्वस्त पाऱ्यो। यो आफैँमा बहुमतमा थियो। आन्दोलनमा यस्ता आत्मसमर्पणवादी प्रवृत्तिहरू पनि कहिलेकाहीँ बहुमतमा हुँदा रहेछन् र आन्दोलनलाई सिध्याउन खोज्दा रहेछन् भन्ने यस्तै दृष्टान्त वि.सं. २०७७ र २०७८ सालमा पुष्पकमल दाहाल र माधव नेपालहरूले एकीकरणका लागि दिइएको बहुमतलाई दुरुपयोग गरेर पार्टी कब्जा र तोडफोडमा उत्रिनु पनि हो। यो उदाहरण हो। आन्दोलनलाई दरबारका पाउमा विसर्जन गर्ने रायमाझी षड्यन्त्रलाई असफल पार्दै पुनःगठित भएर अल्पमतले पार्टी बचाएर ल्याउनु परेको थियो। त्यतिबेला र ०७७/०७८ सालमा पनि हामीले त्यसरी पार्टीलाई जोगाएर सफलतापूर्वक पार्टी र आन्दोलनलाई अघि बढाइरहेका छौँ।

सन् १९९० को आसपास समाजवादी आन्दोलनले दुनियाँमा सबैभन्दा ठूलो धक्का सहनु परेको थियो। हुन त त्यसअघि पुँजीवादीहरूले पनि ठूल्ठूला धक्का खाएका थिए। उनीहरूलाई सबैभन्दा ठूलो धक्का रुसी क्रान्तिले दिएको थियो र समाजवादको स्थापना गरेको थियो। त्यसपछि पूर्वी युरोपका देशहरूमा पुँजीवादलाई धक्का दिएर समाजवादको स्थापना भएको थियो। त्यसबेला पहिले क्रान्ति युरोपमा हुन्छ भन्ने थियो। मजदुरहरूको बाहुल्य भएका पुँजीवादी र विकसित देशहरूमा मात्रै क्रान्ति हुन्छ भन्ने थियो। तर सर्वहारा वर्ग मात्र होइन, पीडितहरूको बहुलता जुन समाजमा छ, त्यहाँ तरिका मिलायो भने क्रान्ति हुन सक्छ र अशिक्षित, पछौटे समाजलाई पनि राजनीतिक रूपमा सचेत बनाएर क्रान्तिमा सङ्गठित र परिचालित गर्न सकिन्छ भन्ने कुरा चीनको क्रान्तिले देखायो।

पहिला सबैभन्दा ठूलो भूगोलको देशमा क्रान्ति भएको थियो र अर्को सबैभन्दा बढी जनसङ्ख्या भएको देशमा पनि क्रान्ति भयो। ती क्रान्तिका विशेषता के थिए भने रुसी क्रान्ति सहर केन्द्रित थियो। चिनियाँ क्रान्ति गाउँ केन्द्रित भयो। आफ्नो परिस्थितिअनुसार ती अगाडि बढे। रुसमा मजदुर मुख्य शक्ति थियो, चीनमा किसान मुख्य शक्ति थियो। पेरिसले किसानलाई सहयोगीका रूपमा लिन सकेन। तर रुसले किसानलाई सहयोगीका रूपमा पनि स्वीकार गऱ्यो। चीनमा मजदुर वर्गको सङ्ख्या सानो र किसानको ठूलो सङ्ख्या भएकाले त्यसलाई मुख्य शक्ति मानेर आन्दोलन सञ्चालन गरियो। वैचारिक हिसाबले आन्दोलनको प्रेरक शक्ति मजदुर हुन सक्छ, तर मुख्य शक्ति किसान नै हुन् भन्ने प्रयोग त्यहाँ भयो। रुसी र चिनियाँ क्रान्ति आ–आफ्नो मौलिकतामा समयानुकूल ढङ्गले अगाडि बढे।

रुसमा आन्दोलनको तयारी लामो समय भएको थियो, तर क्रान्ति छोटो समयमा भएको थियो। चीनमा तयारी र क्रान्ति सँगसँगै अगाडि बढ्यो। त्यहाँ तयारी गर्ने समय भएन। कम्युनिस्ट पार्टीको स्थापनालाई तयारी मान्न सकिन्न। त्यो त वैचारिक र साङ्गठनिक पूर्वसर्त र पूर्वाधार थियो। त्यतिबेला क्रान्तिको तयारी भइसकेको थिएन, सोच मात्रै थियो। स्थापनापछि पार्टीले सञ्चालन गरेको उत्तरी अभियान क्रान्तिको तयारी भन्दा पनि एउटा देशभक्तिपूर्ण अभियान थियो, जसले चीनलाई पुनः एकीकरण गर्न मद्दत

गऱ्यो । त्यसकारण यो चीन एकीकरणको अभियान पनि थियो । यहाँ भन्न खोजेको कुरा के हो भने आफ्नो परिस्थिति र परिवेश अनुसार आन्दोलन अगाडि जानु पर्दछ । हाम्रो देशको कम्युनिस्ट आन्दोलन सबल छ । किनभने नेपालको कम्युनिस्ट आन्दोलन आफ्नै मौलिकतामा अगाडि बढेको छ । हामीले समयानुकूल कार्यनीतिक कदमहरू चाल्दै आन्दोलनलाई अगाडि बढायौँ ।

सोभियत सङ्घ र पूर्वी युरोपको कम्युनिस्ट आन्दोलन भताभुङ्ग भएपछि नै हामीले हाम्रो पार्टीलाई सिद्धान्त र नीतिमा परिमार्जन गर्दै सङ्गठन विस्तार र एकीकरणका माध्यमबाट लगभग दुईतिहाइ जनमतको स्थितिमा पुऱ्यायौँ । जतिबेला हामी संसद्मा चार सिटमा थियौँ, अरूको लगभग दुईतिहाइ सिट थियो । दुनियाँबाट समाजवाद सिद्धियो, सिद्धान्तको लडाइँ सिद्धियो, विचारको लडाइँ सिद्धियो, अब आइडोलोजीको प्रश्न सिद्धियो, दुनियाँ एकलौटी भयो र इतिहासको अन्त्य भयो भनिरहेका बेला हामी लगभग दुईतिहाइको स्थितिमा पुग्न सक्यौँ । त्यही कुरालाई सहन नसकेर प्रतिक्रियावादीहरू हाम्रा विरुद्ध एकजुट भए । हाम्रा विरुद्ध तिखो हमला गरेर र नेतृत्वको चरित्रहत्या गरेर जनताबाट हामीलाई विस्थापित गर्ने अनि जनतामा हामीप्रतिको विश्वास, आकर्षण र आस्था भङ्ग गराइदिने प्रयास उनीहरूले गरे ।

हामी सचेत थियौँ कि हामीले सत्य र इमानको राजनीति गर्ने हो । हामीले पैसा कमाउनका लागि, पदका लागि आफन्तको बन्दोबस्त गरिदिनका लागि, आफ्ना मान्छेहरूलाई जागिर खुवाउनका लागि राजनीति गर्ने होइन । हामी हाम्रो सम्पूर्ण प्रयास सामाजिक परिवर्तनका लागि केन्द्रित गरिरहेका छौँ । राज्यको ढुकुटीबाट कानुनी रूपमा प्राप्त गर्ने तलब सुविधाबाहेक राज्यको ढुकुटीबाट आफ्ना ढुकुटीमा सार्ने निकृष्ट र आपराधिक क्रियाकलाप हामीबाट हुनु हुँदैन भन्ने कुरामा हाम्रो पार्टी र नेतृत्व दृढ रह्यो । त्यसैले हाम्रा विरुद्ध उनीहरूले भन्ने कुरा केही पनि छैन । तर, उनीहरू जानेबुझेरै मिथ्या सूचना फैलाएर आक्रमण गरिरहेका छन् । चिनिएका, स्थापित भएका, मानिएकाहरूकै अगुवाइमा यस्ता कुकृत्य भएका छन् । यो हाम्रो आन्दोलनलाई कमजोर पार्न भएको हो । समाजवाद सिध्याउन भएको हो । उसले पखेटा समाजवादको लगाएको छ, टाउकोमा समाजवादको मुखुण्डो भिरेको छ । तिनीहरूले बोल्नुअगाडि चिन्नै नसकिने । जब उनीहरू बोल्छन्, तब नीलवर्ण सृगालःको आवाज आउँछ, चिनिन्छ ।

लोककथाको एउटा चकचके स्यालले जस्तै उनीहरू हाम्रा विरुद्ध प्रकट भइरहेका छन् । कपडा रङ्ग्याउन बाटामा राखेको नीलो रङमा एउटा स्याल परेछ र उसको रङ नीलो भएछ । आफूलाई अरू स्यालको भन्दा बेग्लै रङको देखेपछि उसले धाक लगाउँदै आफूलाई जङ्गलको राजा हुँ भन्न थाल्यो । उसलाई सिंहले भेट्यो । सिंहका अगाडि पनि स्यालले दम्भसाथ आफूलाई वनको राजा हुँ भन्यो । जङ्गलको राजा नीलो रङको हुन्छ भनेर उसले सिंहलाई मै राजा हुँ भन्यो । आफूलाई राजा घोषणा गरेको स्याल सिंह र बाघहरूको हुलमा हिँड्न थाल्यो । एकदिन अलिक पर स्यालहरू कराएछन् । स्यालको एउटा विशेषता के भने एउटा स्याल कराएको सुनेपछि अर्को स्याल तुरुन्तै ठाडो घाँटी लगाएर कराउन थाल्छ । पर स्याल कराएको सुनेपछि उसले पनि ठाडो घाँटी लगाएर हुँहुँ गरेर कराउन थालिहाल्यो । त्यसपछि सिंहहरूले थाहा पाए, ए यो त स्याल रहेछ । अनि एक झप्पु दिएर त्यो स्याललाई खाजा बनाएर खाए । यहाँ पनि नीलवर्ण स्यालहरू अहिले हुँहुँ गरेर कराइरहेका छन् । जतिबेला यिनीहरू एमालेलाई सिध्याउनै पर्छ भनेर बोल्छन्, यिनीहरू चिनिन्छन् । एमाले सिध्याउनका लागि यिनीहरूले पटक–पटक पार्टी फुटाएको हामीले देखेका छौँ । तर पनि हामी मजबुत छौँ । हामी अहिले पनि देशको मजबुत पार्टी हौँ ।

हामीले सम्भव हुने मात्रै नारा दिएका छौँ । आगामी ०८४ को निर्वाचनमा नेकपा (एमाले) निर्णायक राष्ट्रिय शक्ति बन्छ । यसका पछाडि आधार र कारण छन् । उनीहरूले सबै मिलेर आक्रमण गर्दा पनि हाम्रो पार्टी जोगिनुको कारण छ । यस पार्टीले लिएको सही नीति, यसले अँगालेको सत्यको बाटो र त्यस मार्गमा हिँड्ने दृढ अठोट र सक्रियता यसको मुख्य कारण हो । सिध्यायौँ,

टर्च बालेर खोज्दा पनि भेटिँदैन भनेको एमालेले आज पनि सरकारको नेतृत्व गरिरहेको छ। उनीहरूलाई आश्चर्य लागेको छ– एमालेलाई सिध्याइयो भन्यो, फेरि उठिहाल्छ। २०५१/०५२ सालको सरकार बदर गराइयो, हटाइयो। अलिपछि फेरि सरकारमा आयो। फेरि हटायो, फेरि सरकारको नेतृत्व गर्छ। गर्दागर्दा कसैले पराजित गर्न नसक्ने ठाउँमा पुग्छ। कतै भेटिँदैन भन्यो फेरि देशलाई नेतृत्व गरिराखेको हुन्छ।

हामीले जननेता मदन भण्डारीको अगुवाइमा आफ्नो देशको मौलिक परिस्थिति अनुसारको जनताको बहुदलीय जनवादको विचार अङ्गीकार गरेका कारण हामीलाई उनीहरूले सिध्याउन नसकेका हुन्। हामीलाई कसैले एकछिन् पराजित गर्ला, तर समाजवादको ध्येय मर्दैन, न्यायको फेरि जित हुन्छ, सत्यको फेरि जित हुन्छ र अन्तिम विजय सत्यको हुन्छ।

पेरिस कम्युनताका एउटा गीत रचना भएको थियो, 'हामी जित्ने छौँ एकदिन'। हामीले हाम्रो सन्दर्भमा हामीले 'जित्ने छौँ एकदिन' भनेर कुनै दिनको परिकल्पना गरिरहनु परेन। हामीले जितिरहेका छौँ। हामी त जित्न बानी परेका हौँ। नेपालमा जित्ने हाम्रो आदत भइसक्यो। हामीसँग लड्ने दृढता मात्रै होइन, जित्ने आदत पनि भइसक्यो। हामी जुझारु मात्रै होइन, नेतृत्वमा पनि कुशल छौँ। किनभने हाम्रो विचारले हामीलाई समयानुकूल ढङ्गले चल्न सिकायो र प्रेरित गऱ्यो। त्यसअनुसार नै हामी दृढताका साथ अगाडि बढ्यौँ। हाम्रो नीति हो–अप्ठ्यारो अवस्थामा पनि नआत्तिनु, सही विचार अङ्गाल्नु र सत्यको झण्डा उठाउनु। सजिलो परिस्थिति आयो र सफलता प्राप्त भयो भनेर घमण्डले नफुल्नु। सधैँ विनम्र र शालीन रहनु।

सधैँ होसियार हुँदाहुँदै पनि हामीले एउटा मात्रै गल्ती गऱ्यौँ भने विरोधीले त्यही गल्तीको छिद्रबाट पसेर हामीलाई उखेल्दिन्छ। त्यसकारण हामीले गल्ती गर्नु हुँदैन। हामीमा उन्माद र घमण्ड पस्नु हुँदैन। विद्यार्थीमा घमण्ड पस्यो भने घमण्डले उसलाई पढ्न दिँदैन। खेलाडीमा म राम्रो खेल्छु भन्ने घमण्ड पस्यो भने अभ्यास गर्न दिँदैन। गायक–गायिकामा म राम्रो गाउँछु भन्ने घमण्ड पस्यो भने रियाज किन गर्ने ? म उत्कृष्ट छु, मैले जानेको छु भन्यो भने सिद्धियो। मैले लगातार सिक्नु पर्छ, लगातार मिहिनेत गर्नु पर्छ, लगातार काम गर्नु पर्छ, लगातार अभ्यास गर्नु पर्छ र लगातार आफूलाई ताजा राख्नु पर्छ भन्ने बोध हुनु आवश्यक छ। यसो भयो भने मात्रै हामी अगाडि बढ्न सक्छौँ।

मदन भण्डारी फाउन्डेसनले क्रान्ति गर्ने होइन, सहयोग गर्ने हो। फाउन्डेसनले वैचारिक कुरा गर्छ। मुख्य रूपमा यसका दुईवटा कुरा छन्। एउटा, जनताको बहुदलीय जनवादलाई यसले पक्रिन्छ। यसमा दायाँबायाँ नहोस् भन्ने कुरामा यसले ख्याल गर्छ। अर्को, त्यसअनुसारको विचार, व्यवहार र आचरण पालना गर्छ। विचार र व्यवहार अपनाउँदा र सङ्कल्प गर्दा त्यसलाई पूरा गर्न सक्रियता चाहिन्छ भन्ने कुरा बुझ्नु पर्छ।

मदन भण्डारीका विचारलाई जारी राख्नका लागि हामीले मदन भण्डारीको स्मृतिलाई ताजा राखिरहने भनेर भन्नु पर्दैन। उहाँका विचारलाई कार्यान्वयन गर्न, अध्ययन गर्न, त्यसलाई अगाडि बढाउन हामी क्रियाशील भयौँ भने उहाँ यसै स्मृतिमा ताजा रहनु हुन्छ। उहाँका विचारहरूको कार्यान्वयन गर्ने सम्बन्धमा केही पनि गरिएन भने, हामीसँग विचार, व्यवहार छैन र कुनै गतिविधि गर्दैनौँ भने मदन भण्डारीलाई फोटो हेरेर सम्झिनेजस्तो कुरा मात्रै हुन्छ।

आज मदन भण्डारीलाई सम्झिने मान्छेले अनुहारका हिसाबले मात्रै सम्झिने होइन। फोटो हेरिराखेको हुनाले मात्रै सम्झने हो भने छोरी उषाकिरणले पनि सम्झन सम्भव थिएन। जतिबेला हामीले मदन भण्डारीलाई गुमायौँ, त्यसबेला उषाको उमेरमा स्मरण भइरहन सम्भव छैन। मैले महात्मा गान्धीलाई कहिल्यै पनि भेटिनँ तर महात्मा गान्धीको तस्बिर देख्ने बित्तिकै चिन्छु। देखिराखेकै मान्छे चिन्न गाह्रो होला, तर महात्मा गान्धीलाई चिनिहालिन्छ। कार्ल मार्क्स म जन्मिनुभन्दा धेरै अगाडि बितेका मान्छे, तर सजिलै चिन्छु। एङ्गेल्स चिनिन्छ, होची मिन्ह चिनिन्छ, फिडोल क्यास्ट्रो चिनिन्छ। लेनिन चिनिन्छन्, माओ चिनिन्छन्। उनीहरूका कामले, उनीहरूसँगका वैचारिक सम्बन्धका कारणले चिनिन्छन्। उनीहरूलाई

हामीले अध्ययन गरेको हुनाले, पढेको हुनाले र उनीहरूका उद्देश्यमा हिँडिरहेको हुनाले चिन्छौँ। त्यसलाई आफ्नो जीवन दर्शनमा लिएको हुनाले र अभ्यास गरिरहेको हुनाले चिनिन्छ। उनीहरू हाम्रो स्मृतिमा छन्।

विचारका आधारमा मान्छेलाई चिन्न सकिएन भने त्यसले नायकलाई खलनायक र खलनायकलाई नायक बनाउने खतरा हुन्छ। रोवर्ट मुगाबेजस्ता महान् क्रान्तिकारीलाई एउटा तानाशाहको रूपमा चित्रण गर्ने गरिएको छ। मुगावे जिम्बाबेलाई उपनिवेशबाट, विदेशको कब्जाबाट मुक्त गर्ने महान् मान्छे हुन्। तर, उनी यस्तो घेराबन्दीमा परे कि अन्तर्राष्ट्रिय जगत सारा जुटेर उनको बदनाम गरे। हामीले पनि रोवर्ट मुगाबेका बारेमा सकारात्मक कुरा कहिल्यै पढ्न पाएनौँ। सधैँ झूट र बेइमानीको खेतीबाहेक केही पनि देख्न पाइएन। बदनाम गर्न नसकेको नेल्सन मण्डेलालाई हो, नत्रभने नेल्सन मण्डेलालाई एउटा सडक छाप, लुच्चा र लफङ्गाको रूपमा चित्रण गर्थे। नसकेर छोडेका हुन्। त्यसकारण जे सुनिन्छ, त्यही मात्र ठिक हुन्छ भन्ने होइन। अहिले पनि समाज पुँजीवादप्रधान छ। पुँजीवादप्रधान भएको समयमा उसले आफ्नो क्रियाकलाप देखाउँछ र झूटको खेती गर्छ। त्यसो भएर हामीले यस्ता कुराहरूमा होसियार हुनु पर्दछ।

अहिले हाम्रो सरकारले एउटा पनि नराम्रो काम गरेको छैन। तर यत्रो विरोध छ, मानिलिऔँ, अहिलेको सरकारले देश नै बर्बाद गर्न लागेको जस्तो ! जबकि बर्बाद पारेको अर्थतन्त्र र बर्बाद पारेको लोकतन्त्रलाई हामीले ठीक ट्र्याकमा फर्काउँदै छौँ। तर विरोध यसरी भएको छ कि मानौँ हामीले देशका विरुद्धमा ठूलो अपराध गरेका छौँ।

हामी विकासको बाटोमा अगाडि बढेका छौँ, सुशासनको बाटोलाई अगाडि बढाएका छौँ तर विरोध यसरी भएको छ कि मानौँ हामी देश बर्बाद गरिराखेका छौँ। विरोधीहरूमा सही काममा हामीसँग प्रतिस्पर्धा गर्ने र हामीभन्दा अगाडि पुग्ने सामर्थ्य छैन। उनीहरू छिर्के लगाउने, बदनाम गर्ने, लडाउने, तान्ने, धकेल्ने मात्र गर्छन्।

अहिलेको सरकार समयको आवश्यकताले बनेको हो। नत्रभने नेपाली काङ्ग्रेस र नेकपा (एमाले)जस्ता प्रमुख प्रतिस्पर्धी दलहरू यसरी एउटै सरकारमा बस्ने थिएनन्। देशको परिस्थिति हेरेर अस्थिरताले देश खान थाल्यो, स्थायित्व भएन, स्थिरता भएन, देश बर्बाद हुन थाल्यो, अर्थतन्त्र ओरालो लागेको लाग्यै छ– यसलाई रोक्नुपर्छ भनेर हामीले यो संयुक्त सरकार बनाएका हौँ। अघिल्लो सरकारले भताभुङ्ग पारेको, ढुकुटी रित्याएको र तिर्नपर्ने खर्बौँ दायित्व मात्रै बाँकी राखेको थियो। दीर्घकालीन होइन, अहिलेको अहिल्यै ठेकेदारलाई काम गराएको तिर्नुपर्ने छ। उखु बेचेका किसानलाई उखुको पैसा तिर्नुपर्ने, दूध बेचेका किसानलाई दूधको पैसा तिर्नुपर्ने, दूध लियो, बेच्यो। पैसा झ्वाम ! त्यस्तो अवस्थामा पुऱ्याएको स्थितिमा अहिले हामीले सम्हालेर अगाडि बढाउँदै छौँ। फेरि उनीहरूलाई लाज छैन, सरम छैन। गत वर्ष मात्रै देशलाई बर्बाद पार्ने बजेट प्रस्तुत गर्ने मान्छे, अहिले हामीले देशलाई अलि माथि उठाएपछि उल्टै भ्रम फैलाउँछन्।

अर्को कुरा अध्ययनको। हामीले पढ्ने कुराले भविष्यका निम्ति हामीलाई गाइड गर्नुपर्छ। पढाइमा सिर्जनात्मकता र विश्लेषणात्मकता चाहिन्छ। धेरै आलोचनात्मक चेतमा जोड नदिनुस्। अहिले बजारमा आलोचनात्मक चेत भन्ने शब्दको फेसन आयो। विरोध गर्ने ठाउँ खोजेर पढ्ने, यथार्थलाई नहेर्ने र विश्लेषण नगर्ने रोग समाजमा सल्केको छ। हामीसँग विश्लेषणात्मक क्षमता र सकारात्मक चेत चाहिन्छ, आलोचनात्मक चेतले धेरै गतिलो ठाउँमा पुऱ्याउँदैन। आलोचना गलत कुराको गर्नुपर्दछ तर चेत नै आलोचना भएपछि जेमा पनि आलोचना हुन्छ। यसले निर्माणमा पुऱ्याउँदैन, विनाशमा लैजान्छ। भान्छामा दुःख गरेर खाना पकाएर खुवाउनेलाई पनि जस नदिने बानी पर्छ। आलोचनात्मक चेतले भाँडिन्छ, विश्लेषणात्मक चेतले विश्लेषण गर्छ र सही गलत छुट्याउँछ, अनि ठीक ढङ्गले अगाडि बढाउँछ। विश्लेषणबाट सत्य तथ्यमा पुग्ने र सत्य तथ्य बोल्ने गर्नु पर्छ।

पार्टीभित्र एकताको चेत चाहिन्छ । कमी–कमजोरी नभएको, उस्तै रङको, उस्तै अनुहारको, आफूलाई मन पर्ने मात्रै चेहराको मान्छे खोजेर हिँड्नु हुँदैन । हरेकको अनुहार फरक हुन्छ । कोही पनि मान्छेको उस्तै चेहरा छैन । जस्तो चेहरा छ, त्यस्तै स्वीकार गर्नु पर्छ । मैले यो मान्छेसँग मित्रता गर्थें, तर विचार राम्रो भएर के गर्नु यसको अनुहार मन परेन भनेर मित्रता नगर्ने ? विविधता प्रकृतिको नियम हो । विविधतालाई स्वीकार गर्नु र एक ठाउँमा ल्याउनु, राष्ट्रिय आवश्यकता हो, आन्दोलनको आवश्यकता हो । यो वर्गीय आवश्यकता हो । विविधतामा एकता, हाम्रो आन्दोलन निर्माण गर्ने सङ्गठनात्मक तरिका हो ।

मदन भण्डारी फाउन्डेसनले आगामी दिनमा नेकपा (एमाले)को भरपर्दो सहयात्रीका रूपमा आन्दोलनलाई सघाउने छ । यो पार्टीको जनवर्गीय सङ्गठन होइन । यसलाई पार्टीले सञ्चालन गर्ने होइन । मलाई पनि संरक्षकमा नराखे हुन्छ, मेरो आग्रह छ– अलग्गै राख्नूस् । मदन भण्डारीका विचारले मात्रै यसलाई निर्देशित गर्छ, अरूले निर्देशित गर्ने, हात हाल्ने, हस्तक्षेप गर्ने कुराबाट यसलाई पृथक् नै राख्नु पर्छ । मदन भण्डारी फाउन्डेसन जबजको सर्जक होइन, फलोअर हो । जबजको सर्जक फेरि नेकपा (एमाले) नै हो । त्यसकारण यो कुरा फेरि भुल्नु हुँदैन । तसर्थ, सर्जकले यसलाई सहयोग गर्छ, यसले सर्जकलाई सहयोग गर्नु पर्छ । क्रान्तिको नेतृत्व गर्ने जिम्मा एमालेको हो । फाउन्डेसनको मञ्च कुनै पनि हालत वा बहानामा एमालेविरुद्ध प्रयोग हुन सक्दैन र हुन दिनु हुँदैन । पार्टी, जनवर्गीय सङ्गठनलगायत सबैलाई समयानुकूल ढङ्गले संयोजित गर्ने काम एमालेले गर्छ । यसले सही ढङ्गले आफ्नो सङ्गठन चलाउँछ, विस्तार गर्छ र आन्दोलनमा सहयोग पुऱ्याउँछ । यसले चारतिर हात हाल्दैन । यसको कार्यक्षेत्र आफ्नो सङ्गठन, आफ्ना विचार हुन् र यसमा अगाडि बढ्छ ।

हामी एकढिक्का भएर अगाडि बढ्नु पर्छ, हामी एक हौँ । 'युनिटी इज मस्ट ।' मदन भण्डारी फाउन्डेसनलाई शुभकामना ।



अभिमत

# हाम्रो सङ्कल्प



**उषाकिरण भण्डारी**
अध्यक्ष, मदन भण्डारी फाउन्डेसन

वस्तुगत अवस्था विश्लेषण गर्दा हामी सबैले बुझेको के हो भने पुरानो राज्य शक्ति , सामन्तवादी राज्य र राजनीतिक व्यवस्थाबाट संरक्षित वर्ग समूहका कारिन्दाहरू अझै शक्तिशाली नै छन् । त्यसैले समाजवादका आधार तयार गर्ने यात्रा सोझो र सजिलो छैन । जबजका अवधारणालाई व्यावहारिक ज्ञानमा उतार्न , संविधानको प्रस्तावना अनुरूप नीति एवं कानुन बनाई पालना गर्न र गराउन हामीले वैज्ञानिक दृष्टिकोणबाट चल्नुपर्छ । यस अभियानलाई सङ्गठित र संरचित रूपले अघि बढाउनु पर्छ ।

नेकपा (माले)को चौथो राष्ट्रिय महाधिवेशनबाट अवधारणाको रूपमा अगाडि आएको जनताको बहुदलीय जनवाद नेकपा (एमाले)को पाँचौँ महाधिवेशनमा नेपाली क्रान्तिको मौलिक कार्यक्रम हुँदै अहिले नेकपा (एमाले) को मार्गदर्शक सिद्धान्तका रूपमा विकास भएको छ। राजनीतिक सिद्धान्त, सिद्धान्त प्रतिपादन गर्ने व्यक्ति वा समूहले मात्र अङ्गीकार गरेर त्यस सिद्धान्तले समाजमा योगदान पुऱ्याउन सक्दैन। सिद्धान्त देशको राजनीतिक व्यवस्थामा प्रतिविम्बित हुँदै समाजको मूल्य–मान्यतामा झल्किनुपर्छ।

वर्तमान मूल्य–मान्यता र पुरानो शक्ति व्यवस्थालाई चुनौती दिन अझ विशेषतः समता र न्यायिक मूल्यमा आधारित प्रगतिशील सिद्धान्तलाई आत्मसात् गर्न मौजुदा मूल्य–मान्यता बोकेको राजनीतिक व्यवस्थाबाट संरक्षित वर्ग र समूह अनिच्छुक हुन्छ र प्रतिरोध गर्छ नै। यस्तो स्थितिमा त्यो नयाँ प्रगतिशील सिद्धान्तलाई समाजमा स्थापित गर्न, समाजको अपनत्व बढाउन र सर्वमान्य मूल्य–मान्यता बनाउन प्रगतिशील सिद्धान्त प्रतिपादन गर्ने समूह / सङ्गठनले सङ्घर्ष गर्नैपर्छ।

मेरो बुझाइमा सिद्धान्त लेखन, विचारले मूर्त रूप लिएपछि यसको विकास र विस्तारका निम्न चरण हुन्छन्:

१. सिद्धान्तको प्रतिपादन।
२. सिद्धान्तलाई अपनाउने समूहमा सैद्धान्तिक सहमति।
३. सिद्धान्तलाई समाजले व्यवहारमा उतार्न समाजमा बृहत् रूपमा सिद्धान्तको चर्चा, विश्लेषण र देशको कानुनमा समाहित।
४. समाजबाट कम प्रतिरोध, धेरै अपनत्व, पुराना मूल्य–मान्यतालाई प्रतिस्थापन गर्दै सामाजिक मानव चेतनाको स्तरमा उन्नति।

नेकपा (एमाले)ले जबजलाई उल्लेखित चरणबाट अघि बढाउने सिलसिलामा आफ्नो मार्गदर्शक सिद्धान्तका रूपमा अङ्गीकार गऱ्यो र यही मार्गदर्शनभित्र रहेर व्यवस्था एवं रूपान्तरणका लागि सङ्घर्ष गऱ्यो। जबजलाई कानुनमा समाहित गर्दै व्यवहारमा उतार्न नेकपा (एमाले) का पूर्णकालीन कार्यकर्ता र राजनीतिक नेतृत्वको घेराभन्दा बाहिर पनि जबजबारे समाजमा व्यापक छलफल र विश्लेषण हुन जरुरी छ। यसलाई महसुस गरेर समाजका विभिन्न तह र तप्कामा रहेका जबजका समर्थकलाई गोलबद्ध गर्दै नेपालको राजनीतिक व्यवस्था र मूल्य–मान्यतामा प्रतिविम्बित गर्ने, सङ्घर्षमा सरिक हुने मञ्चका रूपमा वि.सं. २०५६ मा मदन भण्डारी फाउन्डेसनको स्थापना भएको हो। यसको संस्थापक नेतृत्वमा रहनुभएका आदरणीय नेताहरू केपी शर्मा ओली र विद्यादेवी भण्डारीको मार्गदर्शनमा फाउन्डेसनले जबजलाई समाज र देशको आमराजनीतिक व्यवस्थालाई मार्गदर्शन गर्ने सिद्धान्तका रूपमा स्थापित गर्ने अभियानमा लागिरह्यो।

फलत: नेपालको वर्तमान संविधानको प्रस्तावनामा लेखिएको '...लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही राष्ट्र निर्माण गर्न सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न...' लगायतका व्यवस्थाले जबजको मर्मलाई दर्शाउँदछ। देशको राजनीति र त्यसमा निहित आर्थिक व्यवस्थालाई मार्गदर्शन गर्ने संविधानमा समाजवादमा सङ्क्रमण गर्ने अवधारणालाई यसरी आत्मसात् गरेसँगै हामी सिद्धान्तको विकास र विस्तारको यात्रामा तेस्रो चरणमा पुगेका छौँ।

त्यसैले, फाउन्डेसन आफ्नो यो २५ वर्षको यात्रामा विगत १० वर्षदेखि जबजमा 'इनक्याप्सुलेटेड' समाजवादमा संक्रमण गर्ने तयार गर्नुपर्ने पूर्वाधारका अवधारणालाई विस्तारित रूपमा व्याख्या गर्ने, प्रयोगसिद्ध अध्ययन गर्ने गरी यसलाई व्यावहारिक ज्ञानमा व्याख्या गर्नुका साथै सरकार, राज्यका निकायलाई जबजको मर्मअनुरूप र संविधानको प्रस्तावनाअनुरूप नीति र कानुन बनाउन पृष्ठपोषण गर्ने अभियानमा केन्द्रित छ। हामी जबजलाई निरन्तर राजनीतिक र विभिन्न सामाजिक अभियन्ताका माझ छलफल गर्छौं। जबजको प्राज्ञिक व्याख्या विश्लेषणका लागि फाउन्डेसनले विश्वविद्यालयहरूसँग, विभिन्न क्षेत्रका बौद्धिक वर्गसँग सहकार्य सुरु गरेको छ। हाम्रा छलफल, अध्ययन र प्रकाशनहरू जबजका विभिन्न आयाम, जबजले मार्गनिर्देश गरेका सबै आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रका नीतिहरूको व्याख्या, अनुभवजन्य अध्ययन र विश्लेषणमा आधारित छन्। साथै, इतिहास र वर्तमानको अध्ययन अनि संश्लेषण र जननेता मदन भण्डारीका अभिव्यक्तिहरू, राजनीतिक बाहेक उहाँका जीवनका अरु पाटाहरू र जीवनीको दस्तावेजीकरणमा हाम्रा छलफल, प्रकाशन र अन्य फाउन्डेसनका कार्यक्रमहरू केन्द्रित छन्।

फाउन्डेसनको अबको मिसन भनेको अघि मैले उल्लेख गरेको सिद्धान्तको विकास र विस्तारको यात्रामा आइपुगिएको यो तेस्रो चरण अर्थात् सिद्धान्तलाई व्यवहारमा उतार्न गर्नुपर्ने सैद्धान्तिक व्याख्या, विश्लेषण र यसलाई कानुनमा अभिलेखन गर्नुपर्ने आवश्यकतालाई पक्षपोषण गर्दै यो चरण पार लगाउने हो। वस्तुगत अवस्था विश्लेषण गर्दा हामी सबैले बुझेको के हो भने पुरानो राज्य शक्ति, सामन्तवादी राज्य र राजनीतिक व्यवस्थाबाट संरचित वर्ग समूहका कारिन्दाहरू अझै शक्तिशाली नै छन्। त्यसैले समाजवादका आधार तयार गर्ने यात्रा सोझो र सजिलो छैन। जबजका अवधारणालाई व्यावहारिक ज्ञानमा उतार्न, संविधानको प्रस्तावना अनुरूप नीति एवं कानुन बनाई पालना गर्न र गराउन हामीले वैज्ञानिक दृष्टिकोणबाट चल्नुपर्छ। यस अभियानलाई सङ्गठित र संरक्षित रूपले अघि बढाउनु पर्छ। यस आवश्यकतातर्फ फाउन्डेसन गम्भीर छ। हामी फाउन्डेसनका सदस्यहरू अभियानलाई निष्कर्षमा पुऱ्याउन उत्सुक, उत्साहित र दृढ सङ्कल्पित छौँ।

विचार

# बदलिँदो विश्व परिस्थिति, राष्ट्रिय अर्थतन्त्र, जबज र मदन भण्डारी





**सुरेन्द्र पाण्डे**
उपाध्यक्ष, नेकपा (एमाले)

चर्चा गरिएका सम्भावनालाई साकार पार्न पार्टीले आमजनतालाई मार्ग निर्देशन गर्ने, प्रोत्साहन प्रदान गर्ने र आवश्यक नीतिको निर्माण र कार्यान्वयनमा जोड दिनु पर्दछ । देशभित्र र बाहिरका शक्तिहरूसँग सहकार्य र प्रतिस्पर्धाको कठिनाइपूर्ण र लामो बाटोबाट सबल र सम्पन्न नेपाल निर्माणको यात्रामा अघि बढ्नु पर्दछ । जबजले यही मार्गदर्शन गरेको छ । मदन भण्डारीले हामीलाई यही उत्प्रेरणा दिइरहनु भएको छ ।

*'सधैँ सम्झ जीवनमा कतिपय क्षण अप्ठेरोले भरिपूर्ण हुन सक्छ । हामीले लगाएको जुत्ताले गन्तव्य निश्चित हुन्न, बरु हामीले चालेको कदमले मात्र गन्तव्यमा पुग्न सकिन्छ ।'*

*–कृष्ण (महाभारत)*

विश्व परिस्थिति बदलिँदो छ । अमेरिकामा राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनको उदयसँगै विश्वको आर्थिक अवस्थामा नयाँ फेरबदल देखा परेको छ । उनको दोस्रो कार्यकालको आरम्भबाटै चीन लगायत विश्वका धेरै मुलुकलाई लगाइएको नयाँ आयात शुल्क लागू वा त्यस नीतिलाई स्थगन गर्ने कुराले विश्व अर्थ व्यवस्था अनिश्चयताको भूमरीमा धकेलिएको छ । नेपाल पनि यसको प्रभावबाट अछूतो रहन सम्भव छैन । अमेरिकाले नेपाललाई दिने सहायतामा कटौती, नेपाली सामानको आयातमा १० प्रतिशत कर लगाउने घोषणा, नेपालीलाई अमेरिकाबाट निकाला गरिनु यसका केही प्रतिनिधि उदाहरण हुन् ।

नेपालले लामो समयदेखि आर्थिक विकासका विभिन्न उपाय र नीतिहरू अघि सार्दै आएको छ । तर यो बदलिँदो परिप्रेक्ष्यमा नेपालले सन् १९४० को द्वितीय विश्वयुद्धकालीन दशकको सोचलाई त्यागी कस्तो नीति लिँदा नेपालको हित हुन्छ भन्नेबारेमा बहसलाई अघि बढाउन आवश्यक छ ।

दोस्रो विश्वयुद्धको समययताका झन्डै ६५/७० वर्षको अन्तरालमा विभिन्न मुलुकमा मुख्यगरी चार

प्रकारका आर्थिक मोडेल कार्यान्वयनमा रहे। जसमा लिबरल/वेलफेयर स्टेट, समाजवादी, विकास अर्थशास्त्र र नव–उदारवादी मोडेल रहेका छन्।

सन् १९३० को महामन्दी र द्वितीय विश्वयुद्धपछिको सङ्कटबाट बाहिर आउन अर्थशास्त्री जोन मेनार्ड किन्सले राज्यको भूमिका बढाउन जोड दिए। त्यस नीतिलाई अन्तरनिहित उदारवाद (इम्बेडेड लिबरालिज्म) वा लिबरल वेलफेयर स्टेटको धारणा भन्ने गरिन्छ। यो भनेको उदार अर्थतन्त्रको फ्रेमभित्र राज्यले काम गर्नुपर्दछ र राज्यले उद्योग, व्यापार र रोजगारी अभिवृद्धिमा प्रत्यक्ष लगानी गर्नु पर्दछ भन्ने धारणा हो। जसलाई अमेरिका र तत्कालीन ब्रिटनवुड सङ्गठन अर्थात् विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व व्यापार सङ्गठनजस्ता सङ्गठनले विश्वभरि लागू गरे। जसको परिणामस्वरूप नेपालले पनि त्यही नीति लागू गर्न बाध्य भयो। पञ्चायतकालमा स्थापित भएका सरकारी संस्थान र कारखानाहरू राजा महेन्द्र र पञ्चायती व्यवस्थाको मौलिक चिन्तनको उपज नभई त्यही नीतिको परिणाम थियो। त्यो समय र आजको समयको बीचमा परिस्थिति निकै बदलिसकेको छ। तर अहिले पनि नेपाली समाजमा भने चाहे राजनीतिक वृत्त वा ब्युरोक्रेसी वा नागरिक समाजभित्र उद्योग, व्यापार लगायत सबै सरकारले गर्नु पर्दछ भन्ने धारणा जबरजस्त रूपमा जकडिएर रहेको छ। यस सन्दर्भमा नेपाली क्रान्तिको मौलिक सिद्धान्त जनताको बहुदलीय जनवाद र त्यसका प्रणेता मदन भण्डारीले अघि सार्नुभएको राष्ट्रिय अर्थतन्त्र निर्माणको दृष्टिकोणको सही विश्लेषण आवश्यक हुन्छ। जसमा 'सरकारी क्षेत्रको संलग्नता कायम राख्ने वा बढाउने वा नेतृत्वमा सञ्चालन गरिनेछ' भन्ने धारणालाई बदलिँदो समाजको परिप्रेक्ष्यमा अगाडि बढाउन आवश्यक छ।

सन् १९१७ मा कमरेड लेनिनको नेतृत्वमा सफल भएको अक्टोबर क्रान्तिपश्चात् समाजवादी आर्थिक नीति आरम्भ गरियो। सोभियत सङ्घको नेतृत्वमा रहेको कम्युनिस्ट ब्लक द्वितीय विश्वयुद्धपश्चात् अमेरिकी नेतृत्वमा बनेको विश्व बैंक प्रणाली (ब्रिटनवुड सङ्गठन)मा समावेश भएन। तत्कालीन सोभियत सङ्घको अगुवाइमा पूर्वी युरोप, चीन, क्युवा, भियतनाम लगायतका कम्युनिस्ट मुलुकले समाजवादी अर्थतन्त्र वा राजकीय अर्थतन्त्रलाई अङ्गीकार गरे। समाजवादी आर्थिक प्रणालीलाई बलियो बनाउने ध्येयका साथ सन् १९२८ बाट सोभियत सङ्घले योजनाबद्ध आर्थिक विकासका लागि पञ्चवर्षीय योजना सुरु गऱ्यो। त्यसलाई नवउदारवादका पिता मानिएका पश्चिमा पुँजीवादी अर्थशास्त्री फ्रेडरिक हायकले 'दासतातर्फको यात्रा' भनेर कटाक्ष गरे। ती समाजवादी मुलुकमा सम्पूर्ण आर्थिक क्रियाकलाप राज्यको अधिनमा हुने गर्दथ्यो। सन् '९० को दशकमा सोभियत सङ्घको अन्त्यपछि त्यो आर्थिक पद्धति नै भत्क्यो। त्यसपछि चाहेर वा नचाहेर सबैजसो देश विश्व बैंक प्रणालीमा सामेल भए।

सन् १९५० को दशकबाट विकास अर्थशास्त्र देखापऱ्यो। यसभित्र दक्षिण कोरियाली, सिङ्गापुरी, ताइवानी ढाँचा वा अहिले पछिल्लो कालमा चिनियाँ ढाँचा पर्दछन्। यो भनेको राज्यको प्रभावकारी भूमिकामा निजी क्षेत्र र राजकीय क्षेत्र पनि सँगसँगै अगाडि जान सक्छ भन्ने हो। दक्षिण कोरियाले सरकारद्वारा नेतृत्व गरिएको औद्योगिकीकरण, निर्यातमुखी नीति र प्रविधिको खोजमा केन्द्रित नीतिहरूको संयोजन गरेर प्रारम्भमा केही ठूला फलाम र स्टिल उद्योग निर्माणमा जोड दियो। अर्को चरणमा इलेक्ट्रोनिक्स र सेमिकन्डक्टर क्षेत्रको लगानीमा जोड दियो र तीव्र आर्थिक विकास गऱ्यो। जुन नीतिले निजी क्षेत्रलाई पनि राज्यले उठाउन सम्भव बन्यो। त्यहाँ सरकारको मात्र होइन, सरकारले छानेका र छानिएका निजी उद्यमलाई विश्वव्यापी क्षमताको बहुराष्ट्रिय कम्पनीको स्तरमा उठायो। त्यसमार्फत एकै पुस्तामा दक्षिण कोरिया विकसित औद्योगिक मुलुक बन्न सक्यो।

फलाम र अन्य पानीजहाज बनाउनेदेखि गाडी, मोबाइल फोन, कम्प्युटर उद्योगहरूमा सरकारले अत्यधिक वित्तीय सहायता प्रदान गऱ्यो। त्यसलाई उनीहरूले आफ्नो भाषामा 'चेबल' भन्छन्। दक्षिण कोरियाले सोल (वुसान) सडक र केही मेघा कम्पनी निर्माण, ताइवानले ताइवान सेमिकन्डक्टर म्यानुफ्याक्चरिङ कम्पनी (टीएसएमसी) नामक चिप्स उत्पादक कम्पनी निर्माण, चीनले चारवटा

विशेष आर्थिक क्षेत्रमा लगानी र वैदेशिक पुँजी र प्रविधि भित्र्याउने नीतिका माध्यमबाट आर्थिक छलाङ मारे। सिङ्गापुर, मलेसिया लगायतका पूर्वी एसियाली मुलुकले पनि यस्तै नीतिका माध्यमबाट तीव्र आर्थिक फड्को मार्न पुगे। आज समाजवादी मुलुक चीनमा सयौँको सङ्ख्यामा अर्बपति र हजारौँको सङ्ख्यामा करोडपति उद्यमीको उदय भएको छ। उनीहरू एकै पुस्तामा 'गरिबवाट समृद्ध' मुलुकमा रूपान्तरित भएका छन्।

सन् '९० को दशकपछि भूमण्डलीकरणको नयाँ प्रवाहका कारण नेपाल लगायत सबैजसो मुलुक मूलभूत रूपले सबै नवउदारवादी नीति र त्यसैको ढाँचाभित्र प्रवेश गरेका छन्। गत वर्ष विजय भएका अमेरिकी राष्ट्रपति ट्रम्पले 'अमेरिका पहिलो' भन्ने नारा अघि सार्दै संरक्षणवादी नीति आरम्भ गरेपछि विश्वमा नयाँ बहस सुरु भएको छ। एकाथरी कतै फेरि यो नव उदारवादी आर्थिक संरचना सबै भत्किएर संरक्षणवादी आर्थिक नीतितर्फ विश्व जान्छ कि भन्ने बहस सुरु भएको छ। तर अहिलेको सञ्चार, अर्थतन्त्र, यातायात र बजारको कनेक्टिभिटीका कारणबाट यो आर्थिक ढाँचा भत्केर फेरि पुरानैतर्फ फर्किन्छ भन्ने कुरा त्यति सहज र सम्भव देखिन्न। आजको विश्वमा देशहरू न सबै ढोका थुनेर बस्न सम्भव छ, न त एक देशको सर्वत्र मनोपोली कायम हुन सम्भव छ। अहिले खुला बजारको पिता ठान्ने अमेरिका संरक्षणवादको वकालत गर्ने र समाजवादी देश चीनले विश्व व्यापार सङ्गठन र खुला बजार नीतिको रक्षामा जोड दिँदै आएको छ। त्यति मात्र होइन, स्वयं अमेरिकाभित्र नै ट्रम्प नीतिको विरोध सुरु भएको छ। अमेरिकी अदालतका पछिल्ला फैसलाले ट्रम्पका निर्णयलाई रोक लगाएकाले उनका नयाँ नीतिमा गम्भीर धक्का लागेको छ। अमेरिकी उपभोक्तामा परेको असरका कारण चीनसँग वार्ता गर्न अमेरिका बाध्य भएको छ। चीन र अन्य मुलुकमाथि बढाइएको उच्च आयात कर स्थगित गर्नुपर्ने स्थिति देखा परेको छ।

यस्तो विश्व परिस्थितिमा नेपालको विकास यात्रालाई अगाडि बढाउने सवालमा कमरेड मदन भण्डारीले अगाडि सार्नुभएको जबजको सान्दर्भिकता विश्लेषण गर्दै देशको संविधान र ऐन कानुनको अधिनमा राष्ट्रिय अर्थतन्त्रमा अनुकूल असर गर्ने गरी विदेशी पुँजी र प्रविधिलाई देशभित्र ल्याउन प्रोत्साहित गर्ने र सरकारी वा निजी क्षेत्रसँग मिलेर खास क्षेत्रहरूमा उद्योगको इजाजत दिने र विदेशी पुँजीको संरक्षण गर्दै राष्ट्रिय अर्थतन्त्र अगाडि बढाउनु पर्दछ।

अहिले नेपालको विकासका सन्दर्भमा हामीसँग विभिन्न सोच विद्यमान छन्। पहिलो सोच हो, सरकारको आर्थिक अवस्था बलियो नभएसम्म अथवा सरकारको क्षमता नभएसम्म परियोजना सुरु नै नगर्ने। दोस्रो छ, सबै परियोजनाको निर्माण सरकारले गर्ने र सबै एकैचोटि सुरु गर्ने। यस नीतिलाई अवलम्बन गर्दा जनताको चाहना वा राजनीतिक आवश्यकता अनुरूप सम्बोधन गरेको जस्तो त देखिन्छ। तर स्रोतको अभावमा ती योजना सम्पन्न हुन वर्षौं लाग्ने हुन्छ। यस ढङ्गले जाँदा कुनै पनि योजना समयमा सम्पन्न गर्न सम्भव हुँदैन। फलतः सरकारमा जाने पार्टीहरू र सरकारप्रति जनताको आलोचना र असन्तुष्टि बढ्दै जानेछ। हाल अवलम्बन भइरहेको यस नीतिलाई त्याग्नु जरुरी छ। केही उदाहरण हेरौँ, हामीले केही वर्षअगाडिको बजेटबाट झण्डै १६ खर्ब लागत अनुमान गरिएको पूर्व–पश्चिम रेलमार्गको काम सुरु भयो। हरेक आर्थिक वर्षमा त्यस परियोजनाका लागि आठ/नौ अर्बका दरले रकम छुट्याइयो। यो क्रमले रकम विनियोजन गर्दै जाने हो भने यो परियोजना सम्पन्न गर्न दुई सय वर्ष लाग्नेछ। यस्तो परियोजनाले अहिलेका पुस्तालाई सन्तोष दिन सक्दैन। यसले खर्च हुँदै जाने परियोजना सम्पन्न नहुने कुरा भनेको स्रोतको दुरुपयोग मात्र हुन जान्छ। यस्तो सोच, योजना, खर्च गर्ने परिपाटीलाई नबदलीकन मुलुकको विकास र जनताको आकाङ्क्षा पूरा हुन सक्दैन।

## नेपाली अर्थतन्त्रको विकासमा रहेका चुनौती र सम्भावना

### क. दृष्टिकोणमा रहेको समस्या

नेपालमा सरकारले मात्र विकास प्रक्रियालाई अगाडि बढाउन सम्भव छैन। अहिले पनि सरकार वा निजी क्षेत्र आर्थिक रूपले बलियो अवस्थामा रहेका छैनन्। हामीले दुवै क्षेत्रको क्षमताको पहिचान गरी विकासका

लागि योजना बनाउनु आवश्यक छ। सरकार र निजी क्षेत्रको साझेदारीलाई बेवास्ता गरी एक्लाएक्लै रूपमा अगाडि बढ्न खोजेमा हामीले खोजेको विकासका लागि निकै लामो समय पर्खनु पर्ने हुन्छ। यसर्थ योजनाहरूको प्राथमिकीकरण गर्नुपर्छ। कति सरकारले गर्ने, कति निजी क्षेत्रले गर्ने र कति वैदेशिक लगानीमा गर्ने भन्ने छुट्टिनुपर्छ।

त्यसका लागि कानुनको सुनिश्चितता, व्यवहार र सोचलाई बदल्नु पर्दछ। त्यसमा रहेका अवरोधलाई बिना मुलाहिजा अन्त्य गर्न सबैले आँट गर्नु पर्दछ। उदाहरणका लागि बिजुली उत्पादनलाई लिन सकिन्छ। नेपालमा वि.सं. १९६८ मा पहिलोपटक सरकारी लगानीमा फर्पिङमा बिजुली बन्यो। त्यसयताको ८० वर्ष अर्थात् २०४६/०४७ सम्म आइपुग्दा मुलुकमा २६१.१५ मेगावाट मात्र विद्युत् उत्पादन भएको थियो भने २०४७ देखि २०८१/०८२ मा आइपुग्दा करिब ३५ वर्षमा ३ हजार ३ सय ३९ मेगावाटको क्षमता वृद्धि भई अहिले कूल ३ हजार ६ मेगावाट बिजुली उत्पादन हुन पुगेको छ। यदि निजी लगानीलाई प्रोत्साहन नगरिएको भए हामी चर्को विद्युत् अभावबाट गुज्रिन बाध्य हुने थियौं।

**ख. जमिनको समस्या**

१. नेपालमा जमिनको स्वामित्व र उपयोग नीतिलाई सम्बोधन गर्नका लागि राणाकालको अन्त्यदेखि हालसम्म १९ वटा आयोग र समितिहरू गठन भएका छन्। तर, भूमिसम्बन्धी समस्या समाधान हुन सकेको छैन। यथार्थमा भूमिसम्बन्धी समस्याको मूल विषय भूमिको उपयोग नीतिको प्रश्नसित सम्बन्धित छ। नेपालमा भूमिको समस्यालाई केवल वितरणको दृष्टिबाट मात्र हेर्ने गरिएको छ। त्यो पनि मूलतः वन फँडानी गर्ने र त्यस्तो जमिनको लालपुर्जाको मागसँग जोडिने गरेको छ। भूमि वितरणको विषय मात्र स्थायी समाधान होइन। बढिरहने जनसङ्ख्याबीच स्थिर रहने जमिनको निरन्तर वितरण सम्भव हुँदैन।

२. भूमिसुधार नीतिले सम्बोधन गर्नुपर्ने अर्को महत्त्वपूर्ण प्रश्न हो आवासको व्यवस्थापन। हरेक नेपाली नागरिकले अनिवार्य रूपमा आवास पाउनु पर्दछ। विभिन्न देशले आवास समस्या समाधान गर्नका लागि विभिन्न मोडेल अपनाएका छन्। जस्तो हरेक परिवारलाई छुट्टाछुट्टै घरका लागि जमिन वितरण गरेर वा अग्ला भवनमा फ्ल्याट उपलब्ध गराएर। नेपालमा पनि अग्ला भवनमा फ्ल्याट उपलब्ध गराउनु बढी उपयुक्त देखिन्छ।

३. नेपालको अर्को जटिल समस्या भनेको जमिनको निरन्तर खण्डीकरण हो। जमिनलाई उपयोगको आधारमा कृषि, उद्योग, आवास र व्यवसायमा वर्गीकरण गर्न ढिलाइ र अंशबन्डा पद्धतिले जमिन टुक्रिने क्रमले तीव्रता पाएको छ। वि.सं. २०८१ कात्तिक २० गतेसम्मको आँकडामा नेपालमा जग्गाधनीको सङ्ख्या १ करोड १४ लाख २५ हजार ८ सय ६५ रहेको छ भने कुल कित्ता ३ करोड २७ लाख १३ हजार १ सय ७४ रहेको छ। यो टुक्रिने क्रम निरन्तर जारी छ। जग्गाको निश्चित क्षेत्रमा निश्चित बाली लगाउन अनिवार्य प्रक्रियाद्वारा चक्लाबन्दी गर्ने, जमिन बाँझो राखेमा जरिवाना तिर्नुपर्ने वा पालिकामा निवेदन गरी अन्य व्यक्तिलाई लिजमा खेती गर्न पालिकाले मध्यस्थता गर्ने व्यवस्थाले मात्रै कृषि उत्पादन र उत्पादकत्वको वृद्धि गर्न सकिन्छ। यसले गर्दा जमिन जोत्नेको हुन्छ भन्ने डरले अरूलाई खेती गर्न नदिई जमिन बाँझो राख्ने अवस्थाको समेत अन्त्य हुनेछ। यसले गर्दा खास ठाउँमा खास कृषि उत्पादन भई कृषिमा आधारित उद्योगको विकास सुरु हुनेछ।

४. कृषि उत्पादन बढाउन र उद्योगको विस्तारका लागि कृषि र उद्योगका लागि छुट्याइएको जमिनमा कर मिनाहा र हदबन्दीको व्यवस्था हटाइनु पर्दछ। तर कृषि र उद्योगको श्रेणीमा दर्ता भएका जमिनलाई सोही प्रयोजनमा मात्र प्रयोग गर्न पाउने कानुनी व्यवस्था गर्नुपर्छ। यसले गर्दा उद्योग र कृषिका लागि आवश्यक जमिन व्यवस्था गर्न निकै महँगोमा जमिन किन्नुपर्ने र उद्योग बन्नै नसक्ने गरी लागत खर्च बढ्ने बाध्यताको अन्त्य हुनेछ। साथै उद्योगका लागि छुट्याइएको स्थानमा आवास बनाउन रोक लगाइनु पर्छ। यसले गर्दा उद्योगबाट हुने प्रदूषणबाट नागरिकलाई

सुरक्षित राख्न सकिनेछ र नागरिकबाट उद्योगहरूमा हुने विभिन्न कठिनाइलाई पनि समाधान गर्न सकिन्छ।

**ग. नेपालको सम्भावना**

१. नेपालको विकासका लागि जलस्रोतको उपयोग र विद्युत् विकासद्वारा ठूलो आर्थिक र रणनीतिक लाभ प्राप्त गर्न सम्भव छ। नेपालमा उत्पादित विद्युत्को स्वदेशमा खपत बढाइ एकातर्फ औद्योगिकीकरण र व्यवसाय वृद्धिमा सहजता प्रदान गर्न सकिनेछ र अर्कोतर्फ बचत ऊर्जा छिमेकी मुलुकमा बिक्री गरी व्यापार घाटा कम गर्न सहयोग पुग्नेछ।

२. नेपालको अर्को सम्भावना पर्यटन क्षेत्रको विकासमा रहेको छ। छिमेकी मुलुक भारत र चीनको आर्थिक विकासले ती देशका मध्यम आय समूहका पर्यटकको आगमनको प्रचूर सम्भावनाबाट लाभान्वित हुने रणनीति बनाइनु पर्छ। नेपालको प्राकृतिक सुन्दरता, संस्कृति, ऐतिहासिक तथा धार्मिक स्थान, रहनसहन र छोटो दूरीका कारण पर्यटक आगमनको उच्च सम्भावनालाई ध्यान दिई सरकारले पर्यटन विकासको पूर्वाधारमा लगानी गर्नु पर्दछ।

३. शिक्षा क्षेत्रको गुणस्तरमा वृद्धि र आईटी क्षेत्रको विश्व बजारबाट लाभ लिन युवालाई विभिन्न इन्सेन्टिभ प्रदान गर्ने र आवश्यक कानुनी र भौतिक पूर्वाधार विकासमा बाह्य तथा आन्तरिक लगानी बढाउनु पर्दछ।

४. सुशासनको प्रवर्द्धन र परम्परागत कामको शैली बदल्नका निम्ति र नागरिकलाई सुलभ सेवा प्रदान गर्नका निम्ति अटोमेसन गर्नु पर्दछ। कर, मालपोत, नागरिकता, पासपोर्ट, राष्ट्रिय परिचयपत्र, सवारी चालक अनुमतिपत्र जस्ता कारोबार र वितरणलाई अनलाइनमार्फत गर्ने व्यवस्था गर्नु पर्दछ। 'अनुहाररहित सेवा प्रवाह' र 'नगदरहित आर्थिक कारोबार'मा जोड दिनु पर्दछ।

**घ. जबजको मार्गदर्शन**

कमरेड मदन भण्डारीले भन्नुभएको थियो, 'नेतृत्वको पक्ष कागजमा घोषणा गरेर प्राप्त हुने कुरा होइन। यसलाई व्यवहारका क्रममा अन्य शक्तिहरूसँग प्रतिस्पर्धा गर्दै सक्रिय पहलकदमी र जनताको दिल जित्न सक्ने निष्ठापूर्वक अविरल सेवाबाट मात्र सम्भव छ।' यहाँ चर्चा गरिएका सम्भावनालाई साकार पार्न पार्टीले आमजनतालाई मार्ग निर्देशन गर्ने, प्रोत्साहन प्रदान गर्ने र आवश्यक नीतिको निर्माण र कार्यान्वयनमा जोड दिनु पर्दछ। देशभित्र र बाहिरका शक्तिहरूसँग सहकार्य र प्रतिस्पर्धाको कठिनाइपूर्ण र लामो बाटोबाट सवल र सम्पन्न नेपाल निर्माणको यात्रामा अघि बढ्नु पर्दछ। जबजले यही मार्गदर्शन गरेको छ। मदन भण्डारीले हामीलाई यही उत्प्रेरणा दिइरहनु भएको छ।

**ङ. मानसिकता बदल्नुपर्छ, विकास सम्भव छ**

अहिलेको विश्व व्यवस्था भनेको पुँजीवादी विश्व व्यवस्था हो। कार्ल मार्क्सले भनेका छन्– 'पुँजीवादले मुनाफाका लागि सदैव नयाँ नयाँ स्थान र नयाँ व्यवसायको विकासमा जोड दिन्छ। पहिले पुँजीपतिहरू भेनिसमा केन्द्रित थिए। त्यसपछि एम्सटरडम, लण्डन र पछिल्लो समय अमेरिकामा केन्द्रित छन्।' मार्क्सले भनेझैँ पुँजीपतिहरू सन् १९८० देखि २०१६ सम्म चीनमा केन्द्रित भए। भविष्यमा ठूलो जनसङ्ख्या र बजारका कारण भारतमा केन्द्रित हुने सम्भावना देखा परिसकेको छ। जब हाम्रा दुवै छिमेकी धनी बन्दै जान्छन्, तब त्यसको प्रभाव नेपालमा पर्नु स्वाभाविक हुन्छ। यस तथ्यलाई ध्यान दिँदै नेपालले आफ्नो रणनीति निश्चित गर्नु पर्दछ।

जननेता कमरेड मदन भण्डारीले भन्नु भएझैँ 'राजनीतिक आर्थिक सङ्घर्षको मुख्य थलो केन्द्रदेखि स्थानीय तहसम्मका संसदीय निकाय र घेराभित्र केन्द्रित छ।' ती मोर्चाहरूमा श्रेष्ठता र नेतृत्व स्थापित गर्दै राष्ट्रिय समृद्धिको यात्रालाई उचाइमा पुऱ्याउन सकिन्छ। यात्रा कठिन अवश्य छ। तर असम्भव छैन।



**समीक्षा**

# पाँचौँ महाधिवेशनको परिदृश्य र जबजको मूल कार्यदिशा



**जितेन्द्र नारायण देव**
पूर्व मन्त्री तथा
केन्द्रीय सदस्य, नेकपा (एमाले)

नेकपा (एमाले)को पाँचौँ महाधिवेशनले विचार र कार्यक्रमका रूपमा जबजलाई अघि बढाइसकेपछि सङ्गठन निर्माणका लागि पनि एउटा नयाँ अवधारणा अघि सार्‍यो । यसलाई जनआधारित कार्यकर्ता पार्टीको निर्माणको विचारका रूपमा अघि बढायो । सङ्गठन निर्माणको क्षेत्रमा यो एउटा नयाँ देन हो । पाँचौँ महाधिवेशनभन्दा अघि नेपालमा या त 'कार्यकर्ता–आधारित पार्टी' वा 'जन–आधारित पार्टी'को अवधारणा प्रचलनमा थियो ।

कार्ल मार्क्स र एङ्गेल्सका व्यवस्थित तर अधुरा विचारलाई सिर्जनात्मक प्रयोग र विकास गर्दै लेनिनले अघि बढाए र यो मार्क्सवाद–लेनिनवाद भयो । त्यसरी नै विश्व कम्युनिस्ट आन्दोलनको एउटा निश्चित कालखण्डमा पराजय र प्रतिरक्षातर्फ धकेलिँदै गएको मार्क्सवाद–लेनिनवादलाई सिर्जनात्मक प्रयोग र विकास गरेर जननेता मदन भण्डारीको वैचारिक अगुवाइमा जनताको बहुदलीय जनवाद अर्थात् जबजको प्रतिपादन र विकास भएको हो । जसले सामन्तवाद र साम्राज्यवादका सबै प्रकारका शोषण, उत्पीडन र हैकमबाट समाजलाई मुक्त पार्दै समाजवाद निर्माणको बाटोमा अघि बढ्न वैचारिक मार्गदर्शन गर्दछ ।

नेपालमा जतिबेला नेकपा (एमाले)को पाँचौँ महाधिवेशन हुँदै थियो र जबजको कार्यक्रमबारे घनघोर बहस र विवाद चलिरहेको थियो, त्यो कालखण्ड नेपाली

कम्युनिस्ट आन्दोलन र विश्व कम्युनिस्ट आन्दोलनको एउटा निश्चित विशिष्ट कालखण्ड थियो। त्यसको एउटा निश्चित पृष्ठभूमि थियो, जसलाई छोटकरीमा निम्नबमोजिम संश्लेषण गर्नु उपयुक्त र सान्दर्भिक हुनेछः

**पहिलोः** तत्कालीन नेकपा (माले)को चौथो महाधिवेशन गहन वैचारिक बहस र छलफलपश्चात् सिराहा जिल्लामा सम्पन्न भएको थियो र उक्त महाधिवेशनबाट कमरेड मदन मूल नेतामा निर्वाचित भइसक्नु भएको थियो। जबजको वैचारिक विजारोपण महाधिवेशनबाटै भइसकेको थियो भन्ने तथ्यको पुष्टि महाधिवेशनले पारित गरेका दस्तावेजहरूबाट बुझ्न सकिन्छ।

**दोस्रोः** देशमा तीस वर्षदेखि चल्दै आएको निरङ्कुश राजतन्त्रात्मक निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य भएर बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापना भएको थियो। र, प्रजातान्त्रिक संविधान (२०४७) को घोषणासमेत भइसकेको थियो।

**तेस्रोः** २०४७ सालको संविधान घोषणापश्चात् तत्कालीन नेकपा (माले) र नेकपा (मार्क्सवादी)बीच पार्टी एकता भएर नेकपा (एमाले) बनेको थियो र त्यो एकीकरणपश्चात् केही नयाँ राजनीतिक अवधारणाहरू अघि बढेका थिए।

बहुदलीय प्रतिस्पर्धा, कम्युनिस्ट आन्दोलनको लोकतान्त्रीकरण, नेपाली समाजको शान्तिपूर्ण तथा लोकतान्त्रिक तरिकाले रूपान्तरण तथा प्रगतिशील राष्ट्रवादजस्ता राजनीतिक–वैचारिक अवधारणाहरू अघि बढाइएका थिए।

**चौथोः** नेपालमा २०४७ सालमा संविधानको घोषणापश्चात् २०४८ सालमा आमनिर्वाचन सम्पन्न भएको थियो र त्यो आमनिर्वाचनमा कुल २०५ संसदीय सिटमध्ये ६९ सिट नेकपा (एमाले)ले जितेको थियो। राजनीतिक रूपमा कम्युनिस्टहरूका लागि त्यो अत्यन्त कठिन र चुनौतीपूर्ण समय थियो। त्यो कठिन समयमा एमाले र यसका नेता कमरेड मदन भण्डारी भारी मतले विजयी मात्र हुनुभएन, उहाँको विजयलाई अमेरिकाको 'टाइम पत्रिका'ले समेत महत्त्वपूर्ण स्थान दियो। यो जित पार्टीले अघि सारेको विचारको जित थियो। कमरेड मदनको व्यक्तित्वको जित थियो र मूलरूपमा पार्टीले अघि सारेको लोकतान्त्रिक अवधारणाको जनअनुमोदन थियो।

**पाँचौंः** त्यो २०४८ सालको समय विश्व कम्युनिस्ट आन्दोलनका लागि अत्यन्त कठिन तथा चुनौतीपूर्ण समय थियो। त्यो समय समाजवादको किल्ला मानिएको सोभियत सङ्घको विघटन र त्यहाँ समाजवादी व्यवस्थाको पराजयको समय थियो। सम्पूर्ण पूर्वी युरोपमा समाजवादले हार खाइसकेको थियो। दुई जर्मनीबीचको पर्खाल भत्किसकेको थियो। समाजवाद र कम्युनिस्टहरूको अब कुनै भविष्य छैन भन्ने पुँजीवादी विचारकहरूले ढोल पिट्दै थिए, जसका कारण कम्युनिस्टहरू प्रतिरक्षात्मक अवस्थामा पुगेका थिए। विश्व कम्युनिस्ट आन्दोलनमा अविश्वास, फुट र विचलन हावी भएका थिए र आन्दोलन अत्यन्त कमजोर अवस्थामा पुगेको थियो।

**छैटौंः** त्यो पराजयमुखी र प्रतिरक्षामुखी विश्व कम्युनिस्ट आन्दोलनको सिधा प्रभाव नेपाली कम्युनिस्ट आन्दोलनमा परेको थियो। नेपालमा पनि कम्युनिस्टहरू मनोवैज्ञानिक र वैचारिक रूपमा हतोत्साहित थिए। प्रतिरक्षाको लडाइँ लडिरहेका थिए।

त्यो अवस्था पार्टी नेतृत्व, सिङ्गो पार्टी र आन्दोलनका लागि कम चुनौतीपूर्ण र जोखिमपूर्ण थिएन। प्रतिकूल अवस्थालाई चिर्दै पार्टीलाई नयाँ ढङ्गले अघि बढाउने अभिभारा पार्टी नेतृत्वका अगाडि चुनौतीका रूपमा खडा थियो। देशभित्रको र विश्वको त्यो अत्यन्त प्रसव वेदना र पीडाको विशिष्ट कालखण्डको गर्भबाट कमरेड मदनले जबजको मौलिक कार्यक्रम अघि बढाउने वैचारिक कामको अगुवाइ गर्नुभयो। नेपाली माटोमा नेपाली मौलिकता अनुसार मार्क्सवाद–लेनिनवादलाई अघि बढाउन एउटा ठोस, स्पष्ट र सिर्जनात्मक दस्तावेज जबजका रूपमा अघि बढाउँदै एमालेको पाँचौं महाधिवेशनमा प्रस्तुत गर्नु भयो। छलफल गराउनु भयो र पारित गराउनु भयो।

### समग्र परिदृश्य

नेकपा (एमाले)को पाँचौँ महाधिवेशनको सेरोफेरोमा कमरेड मदनले पार्टीभित्र निर्णय गराएर जनताको बहुदलीय जनवाद (जबज)बारे लिखित दस्ताबेज सार्वजनिक गराउनु भयो। पार्टीभित्र, बाहिर र विश्व कम्युनिस्ट आन्दोलनमा जबजबारे घनघोर बहस र चर्चा सुरु भयो। एउटा शान्त तलाउमा ठूलो ढुङ्गा खस्दा जुन आवाज–प्रतिक्रिया उत्पन्न हुन्छ, ठीक त्यस्तै प्रतिक्रिया, बहस, छलफल र अन्तरक्रिया सबैतिर देखा पऱ्यो।

### पार्टीभित्रको परिदृश्य

जबजको औपचारिक दस्ताबेज सार्वजनिक भयो, कमरेड सीपी मैनाली, कमरेड झलनाथ खनाल लगायतका कमरेडले यसका विरुद्ध विषबमन गर्न थाल्नु भयो। यस विचार र कार्यक्रमको विरुद्ध नानाभाँतीका आरोप र आक्षेपहरू लगाउन सुरु गर्नु भयो। तत्कालीन अवस्थामा पार्टीभित्र तलदेखि माथिसम्म एउटा सानो डफ्फा नै निस्कियो, जसले यस विचार र कार्यक्रमलाई संशोधनवाद र दक्षिणपन्थको जामा लगाइदियो। विचलन भनियो। दक्ष प्रजापति–शतीदेवीको कथासित जोडेर खिल्ली उडाउने सम्मको काम भए। जेहोस्, पार्टीभित्र महान् बहसको थालनी भयो। अन्ततः पाँचौँ महाधिवेशनको हलबाट भारी मतले जबजको कार्यक्रम पारित भयो।

### पार्टीबाहिरको परिदृश्य

जबजको कार्यक्रम दस्ताबेजका रूपमा सार्वजनिक भएपछि देशभित्र कम्युनिस्ट खेमा र कम्युनिस्ट विचार बाहिर समेत गम्भीर र रोचक छलफल सुरु भयो। राष्ट्रिय बहस र छलफल नै सुरु भयो। नेपाली राजनीतिमा यसले एउटा नितान्त नयाँ भूकम्प नै पैदा गऱ्यो। यो नेपाली कम्युनिस्टहरूको र एमालेको मात्र कार्यक्रम नभएर लोकतान्त्रिक र शान्तिपूर्ण तरिकाले नेपाली समाजको आर्थिक–सामाजिक परिवर्तन र रूपान्तरण चाहने र सामाजिक न्यायको लागि सङ्घर्ष गर्ने सम्पूर्ण नेपाली जनताको आफ्नै कार्यक्रमका रूपमा स्वीकार्य र स्थापित भएको छ।

### विश्व कम्युनिस्ट आन्दोलनको परिदृश्य

जतिबेला नेकपा (एमाले) को पाँचौँ महाधिवेशन सम्पन्न हुँदै थियो, त्यतिबेला विश्व कम्युनिस्ट आन्दोलन प्रतिरक्षा, बचाउ र पुनर्गठनको दौडमा थियो। तसर्थ त्यतिबेला विश्वका कम्युनिस्टहरूले नेपाली कम्युनिस्ट आन्दोलन, जबजको कार्यक्रम र कमरेड मदनबारे बढीभन्दा बढी अध्ययन गर्न चाहन्थे र बुझ्न चाहन्थे।

पाँचौँ महाधिवेशनको केही महिनाअघि मात्रै भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी)को आयोजनामा भारतको कलकत्तामा विश्वका कम्युनिस्टहरू, समाजवादीहरू र क्रान्तिकारी लोकतन्त्रवादीहरूको एउटा अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना भएको थियो। उक्त सम्मेलनमा नेकपा (एमाले)का तर्फबाट कमरेड मदन भण्डारीको नेतृत्वमा एउटा प्रतिनिधिमण्डल सहभागी थियो। त्यही सम्मेलनमा कमरेड मदनले लिखित रूपमा जबजको कार्यक्रमबारे धारणा प्रस्तुत गर्नु भएको थियो।

जबजबारेको उक्त लिखित दस्ताबेज सो अन्तर्राष्ट्रिय सम्मेलनमा बहसको केन्द्र बन्न पुग्यो। अधिकांश ठूला पार्टीहरूले कमरेड मदनसँग भेट गर्दै जबज कार्यक्रमका बारेमा बढीभन्दा बढी जान्ने बुझ्ने उत्सुकता देखाएको कुरा स्वयं कमरेड मदनले यो पङ्क्तिकारसित गरेको विषय आजकै कुरा जस्तो मानसपटलमा स्पन्दन भइरहेको छ।

पछि मलाई सम्झना भएअनुसार भारतका कम्युनिस्ट पार्टीहरू, रसियाका कम्युनिस्ट पार्टी, दक्षिण आफ्रिका, ब्राजिल, निकारागुवा लगायतका देशका ठूला कम्युनिस्ट पार्टीहरूले नेपालमै आएर जबज र कमरेड मदनका बारे बुझ्ने, चिन्तन गर्ने र सम्पर्कमा भइरहने क्रमलाई जारी राखे। यसको अर्थ के हो भने नेकपा (एमाले)को पाँचौँ महाधिवेशन जबजको कार्यक्रम र कमरेड मदनबारे पार्टी वा देशभित्र मात्र सीमित नभएर विश्व कम्युनिस्ट आन्दोलनकै सन्दर्भमा नयाँ बहस सुरु भएको थियो। नेपाली कम्युनिस्ट आन्दोलनबारे बुझ्ने र जान्ने अभियान सुरु भएको थियो।

**जबजको मुख्य सार र आजको सान्दर्भिकता**

जनताको बहुदलीय जनवाद अर्थात् जबज नेपाली कम्युनिस्ट आन्दोलनको र नेपाली क्रान्तिका लागि नेपाली विशिष्टतामा आधारित मार्गदर्शन हो। अर्थात् क्रान्तिको कार्यक्रम र बाटो हो। यो उग्रवामपन्थी दुस्साहस र दक्षिणपन्थी अवसरवादका विरुद्ध नेपाली समाजको मौलिकतामा आधारित मार्क्सवाद–लेनिनवादको सिर्जनात्मक प्रयोग तथा विकास हो। आजको समयमा यो नेपाली कम्युनिस्ट आन्दोलन मात्र नभएर विश्व कम्युनिस्ट आन्दोलनकै मूल प्रवृत्ति र चिन्तन धारका रूपमा स्थापित भएको छ। नेपालको सन्दर्भमा जबजले सामन्तवाद र साम्राज्यवादका सबै रूप र प्रकार तथा हैकमको अन्त्य गर्दै सामाजिक न्याय र समानतासहितको समुन्नत समाजवादतिर अघि बढ्न सैद्धान्तिक तथा राजनीतिक मार्गदर्शन गर्दछ। कम्युनिस्ट पार्टी र आमश्रमजीवी जनताको नेतृत्वमा पुँजीवादी–जनवादी क्रान्ति सम्पन्न भइसकेपछि समाजवादतिर अघि बढ्न र समाजवादको निर्माण विभिन्न चरण पार गर्दै जानुपर्ने यथार्थलाई सैद्धान्तिक रूपमा मार्गदर्शन र पक्षपोषण गर्दछ। पहिलो चरणलाई समाजवादको प्रारम्भिक चरण भन्ने गरिन्छ। यो चरणमा कम्युनिस्ट पार्टी र आमश्रमजीवी जनताको नेतृत्वमा सम्पन्न पुँजीवादी–जनवादी क्रान्तिलाई दिगो बनाउने र समाजवादका प्रारम्भिक आर्थिक–सामाजिक आधारहरू तयार गर्ने काम गरिन्छ। दोस्रो चरणमा समाजवादका आधार र विशेषताहरूलाई विकसित र परिपक्व बनाइन्छ। अन्तिममा समुन्नत समाजवादको निर्माण हुन्छ, जो समृद्ध नेपाल र सुखी नेपालीको राजनीतिक अवधारणासित एकाकार हुन पुग्दछ। नेपाली क्रान्तिको यो मार्गदर्शन पाँचौँ महाधिवेशनद्वारा पारित जबजको कार्यक्रमले निर्दिष्ट गरेको कुरा निर्विवाद स्थापित छ, जुन पछिल्लो चरणमा झन्–झन् विकसित हुँदै आएको छ।

पाँचौँ महाधिवेशनद्वारा पारित जबजको दस्तावेजलाई आजको यथार्थसँग तुलना गर्दा निम्नबमोजिम संश्लेषण गर्न सकिन्छ:

१. जबज भनेको नेपाली क्रान्तिको मौलिक बाटो र क्रान्तिको कार्यक्रम हो।
२. राजनीतिक प्रणाली (व्यवस्था)भित्र बहुदलीय प्रतिस्पर्धालाई सिद्धान्तका रूपमा स्वीकारोक्ति गरिएको छ।
३. नेपाली समाजको शान्तिपूर्ण सामाजिक–आर्थिक रूपान्तरण हो।
४. सङ्घर्षको स्वरूपका सन्दर्भमा कम्युनिस्ट पार्टीको नेतृत्वमा शान्तिपूर्ण जनपरिचालन र जनबलको प्रयोग हो।
५. कम्युनिस्ट पार्टी र सिङ्गो समाजको लोकतान्त्रीकरण भएको छ।
६. आवधिक निर्वाचनमा प्रतिबद्धता जनाइएको छ।
७. आवधिक रूपमा जनताबाट अनुमोदित हुँदै निरन्तर अग्रगामी प्रगतिशील सुधारको बाटोबाट समाजवाद निर्माणमा निरन्तर प्रतिबद्ध र जनता केन्द्रित चिन्तनमा जोड दिइएको छ।

यसरी हेर्दा जबजले अघि सारेका सैद्धान्तिक र राजनीतिक अवधारणा, मूल्य र मान्यता आज नेपाली कम्युनिस्ट आन्दोलनको मूल प्रवृत्ति र विशेषता मात्र नभएर विश्व कम्युनिस्ट आन्दोलनकै मूल प्रवृत्ति र विशेषता बन्न पुगेको छ। तसर्थ जबजको राजनीतिक अवधारणाको आज अन्तर्राष्ट्रियकरण भएको छ भनेर भन्नु कुनै अतिशयोक्ति ठहर्दैन।

**जबजको मूल राजनीतिक कार्यदिशा**

जबजको कार्यक्रमले राजनीतिमा हिंसालाई स्वीकार गर्दैन। कुनै पनि किसिमको उग्रवाद, दुस्साहस वा अराजकतालाई स्वीकार गर्दैन। यसले शान्तिपूर्ण बहुदलीय राजनीतिक प्रतिस्पर्धालाई मूल राजनीतिक बाटोका रूपमा स्वीकार र अङ्गीकार गरेको छ। आवधिक रूपमा जनताबाट अनुमोदित हुँदै राज्य सञ्चालनको प्रक्रियामा अगुवाइ गर्ने, क्रान्ति र समाजवादप्रति निरन्तर प्रतिबद्ध रहने,

जनता र देशका लागि मरिमेट्ने, वर्गहित र राष्ट्रहितप्रति सजग रहने, क्रान्तिप्रति बेइमानी र विश्वासघात नगर्ने, पार्टी र समाजको निरन्तर लोकतान्त्रीकरणमा समर्पित रहने जबजको मूल राजनीतिक कार्यदिशा रहेको छ। यो मूल कार्यदिशाका विरुद्धमा कहिल्यै कसैसित सम्झौता वा आत्मसमर्पण नगर्ने जबजको नीति रहेको छ।

### जबजको मूल सङ्गठनात्मक कार्यदिशा

नेकपा (एमाले)को पाँचौँ महाधिवेशनले विचार र कार्यक्रमका रूपमा जबजलाई अघि बढाइसकेपछि सङ्गठन निर्माणका लागि पनि एउटा नयाँ अवधारणा अघि सार्‍यो। यसलाई जनआधारित कार्यकर्ता पार्टीको निर्माणको विचारका रूपमा अघि बढायो। सङ्गठन निर्माणको क्षेत्रमा यो एउटा नयाँ देन हो। पाँचौँ महाधिवेशनभन्दा अघि नेपालमा या त 'कार्यकर्ता–आधारित पार्टी' वा 'जन–आधारित पार्टी'को अवधारणा प्रचलनमा थियो।

जबजले 'जन आधारित कार्यकर्ता–पार्टीको सङ्गठनात्मक अवधारणा अघि सार्‍यो, जो आजपर्यन्त पार्टीको सङ्गठन निर्माणको कार्यदिशा रहेको छ। फगत चुनाव जित्न भोट बैंक बनाउन जनआधारित पार्टी चाहिने, सङ्घर्ष र क्रान्तिमा पार्टीलाई सफल गराउन कार्यकर्ता–आधारित (क्रान्तिकारी) पार्टी निर्माणको इतिहास रहेको अवस्थामा विशेष गरी २०४६ सालपछिको अवस्थामा चुनाव पनि जित्नुपर्ने र सङ्घर्ष तथा क्रान्तिमा पनि होमिनु पर्ने अवस्था रहेकाले जबजले 'मास–वेस्ड क्याडर पार्टी'को निर्माणमा जोड दिएको हो। यो पनि जबजले नेपाली कम्युनिस्ट आन्दोलन र विश्व कम्युनिस्ट आन्दोलनमा दिएको नितान्त नयाँ सङ्गठनात्मक अवधारणा हो।

### जबजको छिमेक तथा विदेश नीति

जबजको कार्यक्रममा एउटा अत्यन्त नयाँ, विचारोत्तेजक, युगान्तकारी तथा सतप्रतिशत सही अवधारणाका रूपमा 'प्रगतिशील राष्ट्रवाद' आयो। यसलाई पार्टीको आम विदेश नीतिसँगै विशिष्ट छिमेक नीतिका रूपमा अघि सार्ने काम गर्‍यो। पाँचौँ महाधिवेशनअघि नेपाली कम्युनिस्ट आन्दोलनभित्र छिमेक नीतिको सन्दर्भमा केही विचलन, पूर्वाग्रह र केही त्रुटि रहेको निष्कर्ष कमरेड मदनको थियो। जो उहाँ स्वयंले यो पङ्क्तिकारसित बारम्बार गरेको सम्झना ताजै छ। तसर्थ,



जबजले 'प्रगतिशील राष्ट्रवाद'को अवधारणामार्फत पार्टीलाई देशको सार्वभौमिकता तथा भौगोलिक अखण्डताप्रति कहिल्यै कुनै किसिमको सम्झौता वा आत्मसमर्पण नगर्न र देशको विकास तथा समृद्धिका निम्ति व्यावहारिक तथा यथार्थपरक (वस्तुपरक) छिमेक नीति अवलम्बन गर्न मार्गनिर्देशन गर्दछ। अर्थात् ठोस परिस्थितिको ठोस विश्लेषण गरी छिमेक नीति अपनाउनु 'प्रगतिशील राष्ट्रवाद'को सार हो।

**जबज र विश्व कम्युनिस्ट आन्दोलन**

नेकपा (एमाले) आज एउटा राष्ट्रिय शक्तिका रूपमा उदाउनु, पुँजीवादी शक्तिको समानान्तर वैकल्पिक शक्तिका रूपमा स्थापित हुनु, बारम्बार आन्दोलन र राज्य सञ्चालनको नेतृत्व गर्न सक्नु, एमालेबिनाको नेपालको परिकल्पना गर्न नसक्ने स्थिति बन्नु र क्रान्ति सम्पन्न गरेर समाजवाद निर्माण गर्ने मूल अभिभारा नेकपा (एमाले)को काँधमा आउनुमा जबजले दिएको मार्गदर्शन नै मूल कारण हो भन्ने यथार्थलाई नकार्न सकिन्न।

विश्वमा अझै पनि कम्युनिस्ट आन्दोलन प्रतिरक्षाकै अवस्थामा छ। तर नेपालमा कम्युनिस्ट आन्दोलन आक्रामक र निर्णायक अवस्थामा छ। यो जबजको कारणले हो। विश्वका कम्युनिस्टहरू आज नेपाललाई हेरिराखेका छन्। हामीबाट सिकिराखेका छन्।

ठूला देशका र ठूला पार्टीका नेताहरूले मात्र विश्व कम्युनिस्ट आन्दोलनको वैचारिक नेतृत्व गर्न सक्छन् भन्ने मान्यता र बुझाइ जबजबाट खण्डित भएको छ। आज विश्व कम्युनिस्ट आन्दोलनको शान्तिपूर्ण र लोकतान्त्रिक धारको नेतृत्व कमरेड मदनले, जबजले र नेकपा (एमाले) ले गरिरहेको छ।

**जबज र आजको एमाले**

अहिले पनि हामी जबजकै रोहमा देशमा एक खालको क्रान्ति सम्पन्न गरी समाजवाद स्थापनातर्फ उन्मुख रहेका छौँ। जबजलाई निरन्तर अघि बढाउँदै यसैको रोहमा पार्टी निर्माण र सञ्चालनमा सहभागी रहेका छौँ।

जबजले पार्टीको नीति, सिद्धान्त, विचार र कार्यक्रमप्रति अटुट निष्ठा, सङ्गठनप्रति लगनशीलता, जनआधारित कार्यकर्ता भएको पार्टी, सङ्गठनमा अनुशासन, निजी लोभ र स्वार्थ तथा अराजकताको पूर्ण निषेध, व्यवहारमा मित्रता, जीवनशैलीमा सरलता र सादगीपन, पार्टीभित्र गुटबन्दीको पूर्ण निषेध, आर्थिक अनियमितता तथा पार्टीलाई माध्यम बनाई नवधनाढ्य बन्ने प्रवृत्तिको निषेध गर्न सिकाउँछ। जबजले कमाउ प्रवृत्तिलाई निषेध गर्छ। असल कम्युनिस्ट बन्न सिकाउँछ। आज हामी सबै एमालेहरू आ–आफ्नो छातीमा हात राखेर अन्तरआत्मालाई सोधौँ– जबजको कसौटीमा हामी कति उत्तीर्ण छौँ?

अभिलेख

# सजिलो छैन मदन भण्डारी बन्न





– प्रदिप नेपाल

मदन भण्डारी जस्तो हुन सजिलो छैन । तर मन लगाएर काम गर्ने हो भने मदन भण्डारीको अनुयायी हुन गाह्रो पनि छैन । सबैभन्दा ठूलो कुरो भनेको इमान हो । अध्ययन गर्ने, म नेपाल र नेपालीका लागि बाँचेको हुँ, नेपाल राष्ट्र र नेपाली जनताकै सेवामा समर्पित भएको छु भन्ने भावना भएको जो कोही पनि मदन भण्डारीको अनुयायी हुन सक्छ ।

आज म एक जना जिउँदो मान्छेको कथा सुनाउँछु । यो कथा त्यस्तो मान्छेको हो, जसले नेपालको शासन प्रणाली परिवर्तन गर्ने कामको नेतृत्व गर्‍यो । यो कथा त्यस्तो मान्छेको जीवन हो, जो दलको नेता अथवा उपनेता पनि भएन । तर, त्यही मान्छे समकालीन नेपालको सबैभन्दा ठूलो राजनेता, विचारक र सिद्धान्तकार भयो । यो त्यस्तो मान्छेको कथा हो, जसले आफ्ना लागि केही मागेन, मलाई यो चाहिन्छ, त्यो चाहिन्छ कहिल्यै भनेन । तर आजको नेपालमा त्यही मान्छेले सबैथोक पायो । उसले नाम पायो । तत्कालीन नेपालका राजा वीरेन्द्र, विरोधी राजनीतिक दलका नेता र सिङ्गो नेपाली राजनीतिबाट अरू कसैले नपाएको सम्मान पायो । यो त्यस्तो मान्छेको कथा हो, जसको मलामीमा पाँच लाख मानिस सहभागी भए । यो त्यस्तो मानिसको कथा हो, जसको मृत्युमा सिङ्गो देश रोएको थियो ।

त्यो नाम हो– मदनकुमार भण्डारी । जसले निर्धारण गरेको सिद्धान्तका आधारमा नेपाल लोककल्याणकारी राज्यको व्यवहारमा लाग्यो । लोककल्याणकारी राज्य भनेको जनताको हितमा सबै काम गर्ने, राजनीतिक नेता, कर्मचारी, निर्वाचित जनप्रतिनिधि कसैले पनि भ्रष्टाचार नगर्ने राज्य हो । यति मात्र होइन, जसले निर्धारण गरेको शिक्षा नीतिअन्तर्गत आज तिमीहरूले यो पोलिटेक्निकमा शिक्षा पाइरहेका छौ । यो शिक्षालाई जीवनोपयोगी शिक्षा भनिन्छ । तिनै मदन भण्डारीको चेतना, चिन्ता र परिश्रमको उपज हो यो मदन–आश्रित प्राविधिक शिक्षालय । मदन भण्डारी हुँदैनथे भने तिमीहरू यस्तो लाभदायी शिक्षाबाट

वञ्चित हुने थियौ। उनी हुँदैनथे भने तिमीहरू पढेर पनि अरू कसैको चाकरी गर्न झोलामा सर्टिफिकेट बोकेर रगरगती घुम्ने थियौ। 'म कसैको चाकरी नगरी स्वाभिमानी ढङ्गको सीप सिकेको मानिस हुँ' भन्ने चेतना तिमीहरूमा कहिल्यै पलाउने थिएन।

तिमीहरूले चिन्नुपर्छ श्रमजीवी जनताको भलो होस् भन्ने काम गर्दै बाँचेका मदन भण्डारीलाई।

कस्ता थिए त मदन भण्डारी ? अब हामी उनलाई चिन्ने काममा लागौँ।

**मदन भण्डारीको बाल्यकाल र शिक्षा**

नेपालको मानचित्रमा पूर्वोत्तर कुनामा एउटा ठूलो जिल्ला छ। ताप्लेजुङ हो त्यसको नाम। त्यही जिल्लाको पश्चिमी भेगमा ढुङ्गेसाँघु नाम गरेको एउटा गाउँ छ। असाध्यै सुन्दर छ त्यो गाउँ। सुन्दर फूलहरूको बगैँचा जस्तो लाग्छ त्यो गाउँ शरद ऋतु लागेपछि। बिहान भुइँमा घाम झर्न नपाउँदै टलक्क टल्किएको कञ्चनजङ्घाले घरका आँगनहरूलाई उज्यालोले पोत्न थाल्छ। गाउँको सिरानमा वरदेखि परसम्म फैलिएको जङ्गल र गाउँको दुवैतिरबाट बगेका ससाना खोल्सीहरूले गाउँको माटोलाई चिस्यान दिइरहन्छन्। जङ्गल पानीको स्रोत हो। त्यसैले वनजङ्गल मासिएर मुलुकमा सुक्खा बढ्न थालेपछि जङ्गल जोगाउनुपर्छ भन्ने अभियान अहिले थालिएको हो। तर ढुङ्गेसाँघुका मानिसहरूले कहिल्यै पनि वन फँडानी गर्ने नराम्रो काम गरेनन्। त्यसैले त्यो सानो गाउँमा अहिले पनि पानीको अनिकाल लागेको छैन।

तिमीहरूमध्ये कति जना ताप्लेजुङ पुगेका छौ, मलाई थाहा भएन। ढुङ्गेसाँघुको ठोट्ने गाउँ त सायद कोही पुगेका छैनौ होला। पुगे पनि नपुगे पनि नेपालको पहाडी भेगबाट काठमाडौँमा पढ्न आएका तिमीहरूले जस्तो भूभागमा जन्म लियौ, प्राथमिक र माध्यमिक शिक्षा पायौ– त्यो गाउँ र मदन भण्डारी जन्मिएर हुर्किएको गाउँ उस्तै छ भन्दा पनि हुन्छ।

यही ढुङ्गेसाँघु गाउँ विकास समितिको वडा नम्बर ८ मा पर्ने ठोट्ने गाउँमा मदन भण्डारीको जन्म भएको थियो। २००९ असार १४ गतेको मध्यरातमा उनी जन्मिएका हुन्। उनकी आमाको नाम चन्द्रकला र पिताको नाम देवीप्रसाद भण्डारी हो। उनका एक दाजु र तीन जना भाइहरू अहिले पनि जीवित छन्। उनका पाँच जना दिदीबैनी भए। जसमध्ये चार जना अहिले पनि जीवित छन्।

मदन भण्डारीको जन्म हुँदा उनको गाउँमा माध्यमिक विद्यालय थिएन। गाउँकै प्राथमिक विद्यालयमा कक्षा पाँचसम्म पढेपछि उनी जिल्ला सदरमुकाम, ताप्लेजुङ बजारको छेउमा स्थापना गरिएको बालसुवोधिनी माध्यमिक विद्यालयमा पढ्न गए।

तिमीहरू माध्यमिक विद्यालय पढ्दा कस्ता थियौ ? किशोर मदन भण्डारी पनि त्यस्तै थिए। उनको विद्यालय जीवन नजिकबाट नियालेका उनका एक जना अग्रज विद्यार्थी डाक्टर तुलसी भट्टराई भन्छन्, 'मदन भने विशेष गरी गुच्चा खेलमा पोख्त थिए। डण्डिबियो र कबड्डीमा पनि भाग लिन्थे। त्यतिबेलाका मदनका साथी एकराज भट्टराईले भनेका छन्, 'भात पकाउने, धाराबाट पानी ल्याउने, कोठा सफा गर्ने जस्तो कार्य मदनजी गर्नुहुन्थ्यो।'

माथि उल्लेख गरिएका दुई जना विद्वान्हरूको भनाइ पढ्दा 'किशोर मदन भण्डारी पनि हामीजस्तै रहेछन्' भन्ने लाग्दैन तिमीहरूलाई ? लाग्छ नै। किनभने किशोरवयका विद्यार्थीहरू प्रायः यस्तै हुन्छन्। तर यी दुवै विद्वान्हरूले एउटा साझा कुरो पनि भनेका छन्। उनीहरूको भनाइमा 'मदन भण्डारी एकछिन पनि खाली नबस्ने, अध्ययन गरिरहने, थोरै बोल्ने, धेरै होहल्ला नगर्ने, ठूलो स्वर निकालेर हाउहाउ गर्दै नहाँस्ने, थोरै हाँस्ने, बढी मुस्कुराउने स्वभाव उहाँमा थियो।'

पछिल्लो समयमा सात वर्षसम्म मदनसँग एउटै कोठामा बस्ने अमर श्रेष्ठले पनि लेखेका छन्, 'मदन भण्डारी कोठामा बस्दा कि लेखिरहनु हुन्थ्यो, कि पढिरहनु हुन्थ्यो, कि छलफल चलाइरहनु हुन्थ्यो। उहाँलाई खाली बसेको कहिल्यै देखिनँ मैले। मदन भण्डारीलाई भविष्यको महान् मानिस बनाउने गुण यही थियो। केटाकेटीमा नबोल्ने भए पनि, खेल्न मन पराउने भए पनि, अध्ययन गर्ने, असहाय र दुःखीलाई सहयोग गर्ने चरित्र बोकेका मदन भण्डारी यिनै

गुणहरूका कारण महान् मानिस भएका हुन् ।

अब फेरि मदन भण्डारीको अध्ययनतिरै फर्कौं ।

बाल सुबोधिनी माध्यमिक विद्यालयको पढाइ सक्याएपछि मदन भण्डारी उच्चस्तरको अध्ययन गर्न भारततिर लागे । भारतमा उनले मथुरा, वृन्दावन, हरिद्वार अनि बनारसका विभिन्न विद्यालय र विश्वविद्यालयमा अध्ययन गरे । बाल सुबोधिनी माध्यमिक विद्यालयदेखि नै संस्कृत पढेका मदन भण्डारीले संस्कृत साहित्यमा स्नातकोत्तर तहसम्मको अध्ययन गरे ।


भारतका विभिन्न स्थानबाट स्नातक तहसम्मको शिक्षा सकेर स्नातकोत्तर पढ्न उनी बनारस आइपुगे । नेपालमा राजनीति प्रतिबन्धित भएको त्यो समयमा बनारस नेपाली राजनीतिको एउटा केन्द्र बनेको थियो । नेपालमा प्रतिबन्धित भएका नेपाल कम्युनिस्ट पार्टी र नेपाली काँग्रेसका दर्जनौँ नेताहरू बनारसमा निर्वासित भएर बसेका थिए । त्यहाँको नेपाली वातावरण राजनीतिमय थियो । मदन भण्डारी पनि यसबाट अछूतो रहन सकेनन् । बनारसमा अध्ययनरत रहँदा नै उनी कम्युनिस्ट पार्टीमा लागे ।

कम्युनिस्ट पार्टीमा लागेपछि मदन भण्डारीले अध्ययनको महत्त्व अझै बढी थाहा पाए । त्यसैले उनले आफ्नो अध्ययनको समयलाई अझै बढाउँदै लगे । साहित्य, इतिहास र दर्शन उनलाई मनपर्ने विषय थिए । काम विशेषले कतै जानु पर्दा पनि उनी आफ्नो झोलामा एउटा न एउटा किताब बोकेर हिँड्ने गर्थे । कुनै पनि घरमा साथीभाइ छन् भने छलफल र कुराकानीमा लाग्ने, छैनन् भने किताब पल्टाउने, पढ्ने र नोट बनाउने काममा लागिहाल्थे ।

मदन भण्डारीको पुस्ताले जस्तो राज्य शासन भोग्यो, त्यस्तो कसैले भोग्नु नपरोस् । पञ्चायती प्रजातन्त्र भनिन्थ्यो त्यसलाई । तर त्यहाँ प्रजातन्त्र थिएन । त्यसैले हामीहरूले त्यसको नामकरण गरेका थियौँ उतिबेला– निरङ्कुश पञ्चायती व्यवस्था । अहिले तिमीहरू जतातातै पार्टीको नाम सुन्छौ, पार्टीका झण्डाहरू देख्छौ, पार्टीले आयोजना गरेका कार्यक्रमहरू पनि देख्न र सुन्न भ्याउँछौ । तर पञ्चायती शासनको समयमा पार्टी र पार्टीको झण्डा मृत्युको पर्याय बनेको थियो । नागरिक अधिकारको पक्षमा पर्चा लेखेर छर्दा १० वर्षको जेल सजाय हुन्थ्यो । पार्टीका प्रकाशनहरू बोकेर हिँडडुल गर्नेलाई अन्यायपूर्वक मारिन्थ्यो । त्यो शासनकालमा गैरन्यायिक हत्या राज्य र प्रजातन्त्रको पक्षमा आवाज उठाउने नागरिकबीचको सम्बन्ध थियो । मान्छेलाई मार्न लगिँदैछ भनेर कसैलाई सुइँकोसम्म दिँदैनथ्यो । कहिले जेल सार्ने निहुँमा राज्यका पुलिसहरूले एकान्तस्थलमा लगेर राजनीतिक बन्दीहरूलाई छातीमा, टाउकामा गोली हानेर मार्थे अनि राज्यचाहिँ ‘कैदी भाग्न आँटेको हुनाले गोली हानी ढाल्नु पऱ्यो’ भनी विज्ञप्ति निकाल्थ्यो । भाग्न लागेको कैदीको निधार र छातीमा गोली लाग्दैन भन्ने सामान्य ज्ञान पनि नेपाली नागरिकमा हुँदैन भन्ने चेतना बोकेको राज्यको भार हामीले खेपेका थियौँ तीस वर्षसम्म ।

यस्तै गैरन्यायिक हत्या भएको थियो झापा र इलामको सिमाना–क्षेत्रको सुखानी जङ्गलमा । नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा जाली, फटाहा, अत्याचारी दुराचारीका विरुद्ध सङ्घर्ष गर्न उभिएका पाँच जना बहादुर नेपाली युवाहरूलाई तत्कालीन राज्यले झापाबाट इलामको जेल सार्ने भनी सुखानीको जङ्गलमा लगेर गोली हानेर माऱ्यो । यो समय थियो २०२९ सालको फागुन २१ गते । सुखानीका सहिद भनी ती योद्धाहरूको नाम इतिहासमा अङ्कित भएको छ । रामनाथ दाहाल, नेत्र घिमिरे, वीरेन राजवंशी, कृष्ण कुइँकेल र नारायण श्रेष्ठलाई मारिएको स्थानलाई अहिले तारको बेरा लगाएर अनि एउटा परिचयस्तम्भ खडा गरेर सुरक्षित गरिएको छ भने उहाँहरूको सम्मानमा झापा जिल्लामा पर्ने शनिअर्जुन नगरपालिकामा सहिद वन भनी भव्य संरचना निर्माण गरिएको छ ।

राज्यले अन्यायपूर्वक मारेका ती पाँच युवाहरूको इतिहास नै नामेट गर्छु, उनीहरूको सपनालाई लाससँगै कुहाइदिन्छु भन्नेहरू अहिले कता हराए को नि ! तर रामनाथ दाहाल, नेत्र घिमिरे, वीरेन राजवंशी, कृष्ण कुइँकेल र नारायण श्रेष्ठ अहिले प्रजातन्त्रका महान् योद्धाको सम्मान




पाएर इतिहासमा जीवित रहिरहनु भएको छ।

पञ्चायती निरङ्कुश शासनका विरुद्ध सङ्घर्ष गर्ने प्रण गरेका यी युवाहरूको हत्याले नेपाली राजनीतिक आन्दोलनमा नयाँ लहर उत्पन्न गऱ्यो। विशेष गरेर त्यतिबेला विद्यार्थी जीवन बिताइरहेका युवाहरूले सुखानीको रापलाई आन्दोलनको तापमा बदल्ने कोसिस गरे। सहिदहरूको हत्याले झापा तातेकै थियो, त्यसलाई बलियो आड दियो काठमाडौँको रापले। मदन भण्डारी पनि यसबाट अछूतो रहेनन्। उनको पढाइ समाप्तितिर पुगेको थियो। पढाइ सकेर छोराले जागिर खाला, हामीलाई सुखसँग पाल्ला भन्ने आशमा बसेका आफ्ना आमाबालाई सम्झाउँदै मदन भण्डारीले राजनीतिको बाटो समाए।

**राजनीतिमा मदन भण्डारी**

मनको पीडा मनमै रोकेर मदन भण्डारीका बाआमाले आफ्नो विद्वान् छोरालाई देश, जनता र प्रजातन्त्रका लागि सङ्घर्षमा जान अनुमति दिए। त्यसैले धन्य हुन् मदन भण्डारीका माता श्रीमती चन्द्रकला भण्डारी र पिता देवीप्रसाद भण्डारी। सबै आमाबाबुले आफ्ना सन्तानलाई सजिलै राष्ट्रको सेवामा समर्पित हुन दिने समय थिएन त्यो। राष्ट्रका लागि राजनीति भनेको जेल, नेल, यातना र मृत्युको परिचय बोकेको समय थियो त्यो।

त्यतिबेला मदन भण्डारीको परिवार ताप्लेजुङको घरबारी बेचेर मोरङको सिँजुवामा बसोबास गर्न थालेको थियो। त्यसैले पार्टीले उनको कर्मक्षेत्र पनि मोरङ जिल्ला नै तोकेको थियो।

कोशी अञ्चलको मोरङमा राजनीतिक काम गर्थे मदन भण्डारी। त्यसबेला गाउँठाउँमा साझा संस्था खोलिन्थ्यो र त्यो संस्थाले गाउँलेको धान सङ्कलन गरेर ठाउँठाउँमा थुपार्ने काम गर्थ्यो। तर आपत् परेका बेला आफैँले जम्मा गरेको धान प्रयोग गर्न पाउँदैनथे गाउँलेहरूले। मदन भण्डारीको गाउँमा पनि थियो यो साझा भण्डार। अनिकालको चर्को पीडा सहन नसकेर गाउँलेले साझाको धनसार फोरे र आपसमा अन्न बाँडचुँड गरे। घटना भएको समयमा मदन भण्डारी गाउँमा थिएनन्। तर उनलाई पनि मुद्दा लाग्यो। उतिबेला राजनीतिक कार्यकर्तामाथि मुद्दा लाग्नु भनेको घटीमा तीन वर्ष र बढीमा २० वर्ष झ्यालखानामा कोचिने काम हुन्थ्यो। त्यसैले खुला काम गरिरहेका राजनीतिक कार्यकर्ताहरू पनि मुद्दा लागेपछि प्रायः भूमिगत हुने चलन थियो। मुद्दा लागेपछि मदन भण्डारी पनि भूमिगत भए। भूमिगत हुने भनेको गाउँघरमा लुकेर राजनीतिक काम गर्नु हुन्थ्यो उतिबेला। जनताले जे दिन्छन्, त्यही खाने, जे लगाउन दिन्छन् त्यही लगाउने, सुखसुविधा खोज्न नपाइने, गाउँगाउँमा लुक्दै छिप्दै मानिसहरूलाई पञ्चायती निरङ्कुशतन्त्रका विरुद्ध सङ्घर्ष गर्न तयार पार्ने काम गर्ने मानिसलाई नै भूमिगत राजनीतिक कार्यकर्ता भनिन्थ्यो।

भूमिगत भएपछि मदन भण्डारीले मोरङ जिल्ला मात्र होइन, सिङ्गो कोशी अञ्चलको कामको जिम्मा लिनुपर्ने भयो। ठूलो जिम्मेदारी दियो उनी सङ्गठित रहेको

नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी–लेनिनवादी) अर्थात् नेकपा (माले) ले उनलाई। मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, सङ्खुवासभा र भोजपुर जिल्लाको कामको पनि नेतृत्व लिनुपर्‍यो उनले।

आजीवन पञ्चायतका मुख्य मान्छे भएका सूर्यबहादुर थापाको घर थियो धनकुटा। उनी पटक–पटक प्रधानमन्त्री पनि भइरहेका थिए। धनकुटामा कम्युनिस्ट पार्टीको गतिविधि बढ्ने कुरा ती पञ्चायती प्रधानमन्त्रीलाई सैह्य हुने कुरो पनि भएन। सानासाना घटनामा उनले चिताइ नसक्नुको दमन गराए। धनकुटाको 'छिन्ताङ हत्याकाण्ड' भनेर इतिहासमा चिनिन्छ, त्यो दमन। एक दर्जन निर्दोष गाउँलेहरू मारिए। धनकुटाको उत्तरपट्टिका पाटोबाट अरुण नदी बग्छ, दक्षिणपट्टिको पाटोबाट तमोर नदी। कति गाउँलेका लास अरुणमा बगे, कतिका तमोरमा। छिन्ताङ हत्याकाण्डले निम्त्याएको आतङ्कबाट भागेर बाहिर जान खोज्नेहरू तमोर नदीमा हेलिएर पनि मरे।

मदन भण्डारीको जिम्मेदारीअन्तर्गत पर्थ्यो धनकुटा जिल्ला। त्यसैले पीडामा मलम लगाउन आफू छिन्ताङ जानैपर्छ भन्ने उनलाई लाग्यो। चर्को दमन भइरहेको थियो धनकुटाको दक्षिण–पश्चिम भेगमा। दौरा, सुरुवाल, कोट, टोपी लाएर लागे मदन भण्डारी उतैतिर। देख्ने भेट्ने कसैले उनलाई काठमाडौँबाट आएको पञ्च भन्ठाने भने गाउँमा रगरगती घुमिरहेका पुलिसले उनलाई गुप्तचरको हाकिम भन्ठानेर सलाम पनि ठोके। मदन भण्डारीले पञ्च र गुप्तचरको हाकिम भएर पनि बाँचेकाहरूको पीडामा मलम लगाएर सबैको मनलाई शान्ति दिने कोसिस गरे।

यस्तो सौर्य बोकेका मानिस थिए तिमी हामी सबैका गुरु मदन भण्डारी।

धनकुटाको हत्याकाण्डले पनि पञ्चायतलाई बचाउन सकेन। बचाउन सक्ने कुरा पनि थिएन।

पाकिस्तानमा सैनिक शासन थियो उतिबेला। जुल्फीकार अलि भुट्टो पाकिस्तानका जननिर्वाचित प्रधानमन्त्री थिए। त्यहाँका सैनिक शासनले जुल्फीकार अलि भुट्टोलाई अन्यायपूर्वक फाँसी दियो। त्यो फाँसीको पीडा काठमाडौँमा पनि आइपुग्यो। त्यही पीडा ज्वालामुखी बनेर विस्फोट भयो काठमाडौँ सहरमा, त्यो विस्फोटको नेतृत्व गरेका थिए ती विद्यार्थी नेताहरूले, जो तत्कालीन नेकपा (माले) का कार्यकर्ता भएर विद्यार्थी क्षेत्रमा काम गरिरहेका थिए। आन्दोलनले राजालाई गलायो। राजा वीरेन्द्रले 'निरङ्कुश पञ्चायती व्यवस्थाको विकल्पमा सुधारिएको पञ्चायत ल्याउने कि बहुदलीय व्यवस्था ल्याउने' भन्ने मुद्दामा जनमतसङ्ग्रह गराउने घोषणा गरे। यो घोषणाले नेपालको राजनीतिमा गम्भीर मोड ल्याइदियो।

पञ्चायत एकढिक्का थियो, बहुदलवादीहरू छिन्नभिन्न थिए। त्यस्तो स्थितिमा जनमतसङ्ग्रहको परिणाम बहुदलीय व्यवस्थाको पक्षमा नआउने कुरो निश्चित नै थियो। सोही भयो। बहुदल हार्‍यो। सुधारिएको पञ्चायती व्यवस्थाले जित्यो। तर २०३६ सालको विद्यार्थी आन्दोलन र जनमतसङ्ग्रहमा पञ्चायत आतङ्क, त्रास र धम्कीलाई चिर्दै जनताले बहुदलीय व्यवस्थाको पक्षमा दिएको ४५ प्रतिशतभन्दा बढी मतले भने मदन भण्डारीलाई एउटा नयाँ मोडमा उभ्यायो। सबैलाई सङ्गठित गरेर संयुक्त आन्दोलन गर्ने एउटा नयाँ निष्कर्षमा पुर्‍यायो।

विचारको क्षेत्रमा पनि मदन भण्डारी अब्बल रहे। मदन भण्डारीले राजा नै प्रजातन्त्र र नागरिक अधिकारको सबैभन्दा ठूलो दुश्मन भएको हुनाले राजतन्त्रका विरुद्ध आन्दोलन केन्द्रित गर्नुपर्छ भन्ने नयाँ विचार पार्टीभित्र ल्याए। पार्टीका ठूला नेताहरू मदन भण्डारीका विचारसँग सहमत भएनन्। तर उनले लगातार छलफल, बहस गरेर 'राजतन्त्रका विरुद्ध प्रहार केन्द्रित गरी जनआन्दोलन सञ्चालन गर्ने' विचारका पक्षमा सबैलाई उभ्याउने काम गरे।

मदन भण्डारीको वैचारिक विकासको तिव्रता बढिरहेको थियो। यसैबीच उनी र उतिबेला भोजपुर क्याम्पसमा अध्ययन गरिरहेकी विद्या पाण्डेबीच विवाह भयो। अध्ययन अघि बढाउन र विराटनगरको पार्टी काममा सघाउ पुर्‍याउने उद्देश्यले पार्टीले विद्या पाण्डेलाई पनि मोरङ जिल्लामा पठायो। पूर्णकालीन भएर पार्टीमा

क्रियाशील रहेकी विद्या भण्डारीबाट विभिन्न जिम्मेवारीमा रही पार्टी र देशका लागि योगदान भइरहेको छ। मदन भण्डारी र विद्या भण्डारीका दुई छोरी छन्– जेठी उषाकिरण भण्डारी र कान्छी निशाकुसुम भण्डारी।

**प्रजातान्त्रिक आन्दोलनका अभियन्ता**

नेपाली काँग्रेस सधैँ द्विविधाग्रस्त पार्टी हो। नेपाली काँग्रेसलाई प्रजातन्त्र प्राप्तिको लडाइँमा सामेल गर्ने काम साह्रै अप्ठ्यारो थियो। तर काँग्रेसलाई आन्दोलनमा सामेल नगरी पञ्चायतविरोधी लडाइँलाई सफलतामा पुऱ्याउन सकिने अवस्था पनि थिएन। त्यसैले मदन भण्डारीले अर्को नयाँ विचार अगाडि सरे। यो विचार अनुसार, नेपालका सबै कम्युनिस्ट पार्टीहरूको एउटा मोर्चा बनाउने, त्यसको नाम 'संयुक्त वाममोर्चा' राख्ने, संयुक्त वाममोर्चाको नेतृत्व नेपाली काँग्रेसले पत्याउने खालका वामपन्थी नेताहरूलाई राख्ने, नेकपा (माले) पृष्ठभागमा बसेर आन्दोलनलाई अगाडि बढाउन चौतर्फी मद्दत पुऱ्याउने विचार मदन भण्डारीले अगाडि सारे। यो एउटा चातुर्यपूर्ण प्रयत्न थियो। यो विचारलाई नेकपा (माले)ले आयोजना गरेको नेपाल कम्युनिस्ट पार्टीको चौथो महाधिवेशनले पारित गऱ्यो। त्यही महाधिवेशनले मदन भण्डारीलाई नेपाल कम्युनिस्ट पार्टीको महासचिव चुन्यो। नेकपा (माले)ले सोचे जसरी नै २०४७ को आन्दोलन टुङ्गियो।

आन्दोलन सकिएपछि नेकपा (माले)ले कम्युनिस्ट पार्टीहरूबीच एकताको प्रस्ताव राख्यो। त्यतिबेला संसारभर कम्युनिस्ट पार्टी कमजोर अवस्थामा थिए। कतिपय कम्युनिस्ट पार्टीहरू त आफ्नो नामसमेत फेर्दै थिए। नेपालमा पनि सबैले देख्ने र जान्ने गरी कम्युनिस्ट पार्टीको शक्ति बलियो भएको जानकारी सबै जनतासम्म पुगेको थिएन। एकता प्रस्तावको एउटा उद्देश्य त्यो शक्तिलाई देखिने गरी अघि बढाउने पनि थियो। पहिलो चरणमा साङ्गठनिक हिसाबले नेकपा (माले) र नेकपा (मार्क्सवादी) एकीकृत हुने भए। दुई पार्टीबीच भएको एकतापछि नेकपा (एमाले) नाम गरेको नयाँ पार्टी बन्यो। यही नयाँ पार्टीको नाम र चुनाव चिह्न सूर्य (घाम) लिएर नेकपा (एमाले) चुनावी प्रतिस्पर्धामा उत्रने भयो।

यो अभियानमा मदन भण्डारीले सबै पार्टीका नेतालाई जिते। अरूले भाषण गर्दा १५ मिनेटमै सुन्न अल्छी मान्ने श्रोताहरू मदन भण्डारीका भाषण सुन्दा २ घण्टासम्म हलचल गर्दैनथे। गाउँखाने कथा, उखान टुक्का र नेपालको इतिहासको सरोकार राख्ने विषयहरू समेटेर स्वरको आरोह अवरोध मिलाउँदै बोल्न सक्ने उनको वाक् शक्ति बेजोडको थियो। उनको जस्तो प्रभावशाली ढङ्गले भाषण गर्ने न उनीअगाडि कोही जन्मिएको थियो, न उनको हत्यापछि अहिलेसम्म कसैले उनलाई पछ्याउन सकेको छ।

हुन सक्छ, आउने केही दशाब्दीसम्म उनको जस्तो वाक् शक्ति भएको नेपाली नेता कोही जन्मिन सकोस्। अँ र उँ नगरी घुमाउरा बारबन्देज नराखी आफ्ना कुराहरूलाई जस्ताको तस्तै राख्न सक्ने राजनेता अहिलेसम्म देखा पर्न सकेको छैन। भोलि देखिने सम्भावना पनि अहिलेसम्म कतै देखिएको छैन। जनतालाई असम्भव आश्वासन बाँड्ने भाषणलाई ठूलो मानिँदैन। मदन भण्डारीले भनेका पनि छन्, 'हाम्रा जनतालाई काम नलाग्ने सिद्धान्त र राजनीति हामीले बोक्नु हुँदैन। हामीले बोकेको सिद्धान्तले जनताको भलो गर्न सक्नुपर्छ। यदि त्यसले जनताको भलो गर्न सक्दैन भने हामीले त्यसलाई बोकिरहनु हुँदैन। उनको यो मान्यतालाई यसरी सिद्धान्तमा लेखिएको छ, 'जीवन सिद्धान्तका लागि हुँदैन, सिद्धान्त जीवनका लागि हुनुपर्छ।' उनले अगाडि सारेको यो सिद्धान्त दक्षिण एसियाका कम्युनिस्ट पार्टीले बोक्दै आएको परम्परावादी सोचभन्दा ठ्याक्कै उल्टो छ। तर नेपाली राजनीतिको व्यवहारले यसलाई पुष्टि गरिसकेको छ। त्यसै हुनाले मदन भण्डारीको निष्कर्ष सही छ भनेर ठोकुवा गर्न सकिन्छ।

०४८ सालमा प्रतिनिधि सभा (केन्द्रीय संसद्) को पहिलो चुनाव हुने भयो। सबै पार्टीका नेताहरू पनि चुनावमा उम्मेदवार बन्ने भए। त्यतिबेला मदन भण्डारीले अर्को ठूलो पार्टी नेपाली काङ्ग्रेससँग सहकार्यको प्रस्ताव राखे। कम्युनिस्ट पार्टीसँग मिलेर जाँदा हामीलाई घाटा हुन्छ, त्यसैले मदन भण्डारीको प्रस्ताव हाम्रा लागि

अस्वीकार्य छ भन्ने उत्तर नेपाली काँग्रेसका तर्फबाट आयो। त्यतिबेलाको संसद्मा २०५ सिट थियो। चुनावमा नेपाली काँग्रेस र नेकपा एमालेकै बीच मुख्य प्रतिस्पर्धा भयो। काँग्रेसले ११२ सिट ल्यायो भने एमालेले ६९ सिट ल्यायो। यो चुनावमा मदन भण्डारीले काँग्रेसका सभापति कृष्णप्रसाद भट्टराईलाई पराजित गरे। यो निर्वाचनले मदन भण्डारीको ख्यातिलाई विश्वव्यापी बनायो। सबैतिर कम्युनिस्ट पार्टीहरूको पराजय भइरहेको, नेपालका छिमेकी मुलुकहरूमा पनि कम्युनिस्ट पार्टी खासै बलियो नभएको अवस्थामा नेपालमा नेकपा (एमाले) प्रमुख प्रतिपक्षी पार्टीका रूपमा उपस्थित हुने कुरा अन्तर्राष्ट्रिय जगत्का लागि पनि आश्चर्यजनक विषय बन्यो।

मदन भण्डारीको प्रस्ट विचार, मिठो बोली र विपक्षीका विचारलाई सुन्ने र सम्मान गर्ने स्वभावका कारण नेपाली काँग्रेसका 'शीर्षपुरुष' गणेशमान सिंह र मुलुक संवैधानिक राजतन्त्रको प्रणालीमा गएपछि राजा वीरेन्द्रसँग पनि राम्रो सम्बन्ध रहन पुग्यो। मदन भण्डारीको हत्यापछिको समवेदना सन्देशमा राजा वीरेन्द्रले उनलाई 'सिद्धान्तनिष्ठ' व्यक्तिका रूपमा सम्मान गरेका थिए भने नेपाली काँग्रेसका 'लौहपुरुष' गणेशमान सिंहले रुँदै 'आफ्नो एउटा असल मित्रको हत्या भएको' भनी श्रद्धाञ्जली दिएका थिए।

**विश्व सन्दर्भमा मदन भण्डारी**

नेपालको कम्युनिस्ट आन्दोलनलाई नयाँ उचाइमा ल्याउने मान्छे, नेकपा एमालेका युवा महासचिव मदनकुमार भण्डारी हुन् भन्ने जानकारी पाएपछि विश्वभरिका पत्रकारहरू उनीसँग भेट्न र अन्तर्वार्ता लिन नेपाल आए। धेरैले उनका बारेमा समाचार छापे। तीमध्ये सबैभन्दा प्रभावकारी अन्तर्वार्ता छापिएको थियो अमेरिकाबाट निस्कने 'न्युजविक' नाम गरेको साप्ताहिक पत्रिकामा। अन्तर्वार्ताको शीर्षक राखेको थियो त्यो पत्रिकाले– 'नेपालमा कार्ल मार्क्स जीवित छन्।'

पत्रपत्रिकामा आउने मात्र होइन, त्यसपछि मदन भण्डारीलाई विभिन्न मुलुकबाट निम्तो पनि आउन थाल्यो। तर मदन भण्डारी हतारिँदै कतै दौडिएनन्। एकपल्ट उनी गए, भारतको कलकत्तामा। त्यतिबेला पश्चिम बङ्गालमा मार्क्सवादी कम्युनिस्ट पार्टीको शासन थियो। मार्क्सवादी कम्युनिस्ट पार्टीले त्यहाँ 'समकालीन विश्वमा मार्क्सवाद' भन्ने विषयमा एउटा अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरेको थियो। त्यो अन्तर्राष्ट्रिय सम्मेलनमा मदन भण्डारीले राखेका विचारलाई नौलो मानियो। खास गरेर प्रजातान्त्रिक पद्धति र मानव अधिकारको रक्षालाई मदन भण्डारीले विशेष जोड दिएका थिए। जनहितका लागि राजनीतिक दलले काम गर्नुपर्ने, युवाहरूलाई काम र वृद्धहरूलाई सुरक्षा, दलित, अपहेलित समुदायलाई विशेष सुविधाको व्यवस्था, गाउँ विकास समिति र नगरपालिका जस्ता स्थानीय निर्वाचित निकायलाई सम्पूर्ण शासकीय अधिकार दिनुपर्ने जस्ता विषयहरू उठाउँदै उनले नेपाली काङ्ग्रेसजस्ता पुँजीपति वर्गका पार्टीसँग चुनावी प्रतिस्पर्धा गरेरै कम्युनिस्टहरूले शासन चलाउनुपर्छ भन्ने मान्यता प्रस्तुत गरेका थिए। उनका नयाँ मान्यताहरू बहसका विषय बने।

कलकत्ताबाट फर्किएपछि मदन भण्डारी चीन गए। चीनमा पनि कम्युनिस्ट पार्टीको शासन थियो उतिबेला र अहिले पनि छ।

चीनबाट फर्किएपछि मदन भण्डारीले मुलुकभित्रको कामलाई प्राथमिकता दिए। नयाँ विचार लिएर उदाएको पार्टीको विचारलाई कार्यकर्ता र देशवासीका बीचमा पुऱ्याउनुपर्ने थियो। 'जनतालाई काम नलाग्ने विचार राजनीतिक दलहरूले बोक्नु हुँदैन' भन्ने निष्कर्षमा पुगेका मदन भण्डारीले नेकपा (एमाले)ले ल्याएका नयाँ विचारलाई पार्टीको राष्ट्रिय महाधिवेशनबाट अनुमोदित गराउनुपर्छ भनी नेपाल कम्युनिस्ट पार्टीको पाँचौँ महाधिवेशनको आयोजना गरे। महाधिवेशनमा प्रस्तुत गर्ने दस्ताबेजलाई पहिले पार्टीबाट पारित गराउने कम्युनिस्ट पार्टीको नियम अनुसार मदन भण्डारीले पहिले स्थायी कमिटीमा आफ्नो 'जनताको बहुदलीय जनवाद' शीर्षकको मस्यौदा प्रस्तुत गरे। स्थायी कमिटीले महासचिव मदन भण्डारीको मस्यौदालाई अस्वीकार गऱ्यो। तर स्थायी कमिटीभन्दा

माथिल्लो र अधिकारसम्पन्न कमिटी भनेको केन्द्रीय कमिटी हुन्छ कम्युनिस्ट पार्टीमा। स्थायी कमिटीलाई केन्द्रीय कमिटीको राजनैतिक सचिवालय भन्दा पनि हुन्छ।

स्थायी कमिटीमा अस्वीकृत भएको दस्ताबेजलाई केन्द्रीय कमिटीले के पारित गर्ला र भन्ने लागेको थियो सबैलाई। तर नेकपा एमालेको केन्द्रीय कमिटीको ठूलो बहुमतले जनताको बहुदलीय जनवादलाई पार्टीका तर्फबाट राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्ने दस्ताबेजका रूपमा स्वीकार गऱ्यो। २०४९ को माघ महिनामा सम्पन्न नेपाल कम्युनिस्ट पार्टीको पाँचौँ महाधिवेशनले जनताको बहुदलीय जनवादलाई 'नेपाली क्रान्तिको मौलिक कार्यक्रम' र मदन भण्डारीलाई नेपाली राजनीतिक आन्दोलनमा 'नवीन विचारक'का रूपमा स्वीकार गऱ्यो।

**के हो जनताको बहुदलीय जनवाद ?**

राजनीतिमा सिद्धान्त हुन्छ। सबै पार्टीका आ–आफ्ना सिद्धान्त र विचार हुन्छन्। नेपालमा पनि सबै पार्टीका आ–आफ्ना सिद्धान्त छन्। जनताको बहुदलीय जनवाद पनि यस्तै एउटा सिद्धान्त हो। नेपालमा नेपाली काँग्रेस 'धनीहरू झन्झन् धनी हुने र गरिब झन्झन् गरिब हुने सिद्धान्त' मान्दछ। यसलाई नवउदारवादी सिद्धान्त भनिन्छ। नेकपा (एमाले) समाजलाई निरन्तर अघि बढाउँदै सबैलाई खान पुग्ने, सबैलाई लाउन पुग्ने, शिक्षा स्वास्थ्यजस्ता विषयमा सबैको बराबर अधिकार हुने सिद्धान्त मान्दछ। यसलाई जनताको बहुदलीय जनवाद भनिन्छ। यो जनताको बहुदलीय जनवाद कम्युनिस्ट पार्टीलाई लोकतन्त्रप्रति प्रतिबद्ध बनाउने सिद्धान्त हो। कम्युनिस्ट पार्टी र आमजनताबीचको सम्बन्धलाई कसरी सुदृढ तुल्याउन सकिन्छ भन्ने विषयमा चिन्तन गरेर निकालेको निष्कर्ष नै जनताको बहुदलीय जनवाद हो।

जनताको बहुदलीय जनवादले नेपाल राष्ट्रको संविधानलाई पार्टी, राजा, सरकार, संसद् तथा अदालतभन्दा माथि राखिनुपर्छ भन्ने मान्यता अघि साऱ्यो। जनताको बहुदलीय जनवादले मुलुकमा कुनै पार्टीको होइन, कानुनको शासन हुनुपर्छ भन्ने मान्यता अघि साऱ्यो। जनताको बहुदलीय जनवादले राज्य भनेको सबै जनताको साझा सरोकारको विषय भएको हुनाले सबै नागरिकले लेख्ने, बोल्ने, सभा सङ्गठन गर्न पाउने, धनी गरिब सबैको राज्यमाथि बराबरको हक लाग्ने सिद्धान्त अघि साऱ्यो। नागरिक अलग–अलग सिद्धान्त बोकेका पार्टीहरूमा लाग्न स्वतन्त्र हुने, सबै पार्टीले राजकीय निकायमा प्रतिस्पर्धा गर्न पाउने मान्यता अघि साऱ्यो।

माथि उल्लेख गरिएका मान्यताहरू नेपालका कुनै पनि कम्युनिस्ट पार्टीले बोकी आएका विचार र सिद्धान्तभन्दा फरक थिए। सजिलोका लागि यसरी बुझ्दा पनि हुन्छ– कम्युनिस्ट पार्टीलाई सबैभन्दा माथि राखी अरू सबैलाई गोठाला बनाउने पुराना कम्युनिस्ट पार्टीको सिद्धान्तले कम्युनिस्ट पार्टीलाई टाउकाले टेकेर रमिता हेर्ने बनाएको थियो भने जनताको बहुदलीय जनवादले कम्युनिस्ट पार्टीलाई दह्रो खुट्टामा उभ्याएर समाजलाई अघि बढाउने जिम्मेवारी बोक्न सक्ने राजनीतिक शक्ति बनायो।

मदन भण्डारीले यो सिद्धान्तलाई नेपाल कम्युनिस्ट पार्टी (एमाले)को पाँचौँ राष्ट्रिय महाधिवेशनसमक्ष २०४९ सालमा प्रस्तुत गर्नुभएको थियो। महाधिवेशनले यसलाई पारित गरेको थियो।

जनतासँग प्रत्यक्ष जोडिएको सिद्धान्त अगाडि सारेर नेपालमा कम्युनिस्ट पार्टीको प्रभाव र प्रतिष्ठा बढाएको र यो प्रतिष्ठा बढाउने प्रमुख व्यक्ति मदन भण्डारी हुन् भन्ने थाहा पाएका, नेपाल राष्ट्र र नेपाली जनताका बैरीहरूले २०५० साल जेठ ३ गते मदन भण्डारीको षड्यन्त्रमूलक हत्या गरे।

मान्छे मारेर विचार मर्दैन तर मुङ्लिन–नारायणगढ राजमार्गको दासढुङ्गा भन्ने स्थानमा मदन भण्डारी र जीवराज आश्रितको हत्या भएको थियो। उहाँहरूको वधस्थलमा अहिले सालिक स्थापना गरिएको छ। त्यस्तो सालिक जसले मदन–आश्रितको हत्यालाई चिच्याइ चिच्याइ सबैलाई सतर्क हुन र मदन भण्डारीका विचारहरूको पक्षमा उभिन आह्वान गरिरहेको छ। हुन पनि मदन भण्डारीको हत्याले सिङ्गो संसारलाई

झस्काएको थियो। अन्तर्राष्ट्रिय रूपमै बहुआयामिक र योग्य कम्युनिस्ट नेताहरूको हत्याको शृङ्खला आरम्भ भएको समय थियो त्यो। भर्खरै रङ्गभेदी शासनबाट मुक्त भएको दक्षिण अफ्रिकामा प्रभावशाली दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीका युवा महासचिव क्रिस हानीको हत्या गरिएको थियो।

नेपालमा हत्या गरिएका मदन भण्डारीका बारेमा भारतीय कम्युनिस्ट पार्टी (माले)का महासचिव विनोद मिश्रको मूल्याङ्कनमा पनि यो सच्चाइको उद्घोष भएको छ। 'केही वर्ष पहिले जब नेपाल एउटा महान् ऐतिहासिक सङ्क्रमणबाट गुज्रिरहेको थियो, त्यतिबेला कम्युनिस्ट आन्दोलनले यस्तो सिद्धान्तकार खोजिरहेको थियो– जो मार्क्सवादको सार्वभौम सच्चाइलाई नेपालको ठोस स्थितिमा मिलाउन सकोस्। नेपालको जनवादी आन्दोलनले एउटा यस्तो नेता खोजिरहेको थियो– जो सुसङ्गत जनवादको झण्डालाई निर्भीकतापूर्वक फहराउन सकोस् र नेपाल एउटा यस्तो राष्ट्रिय व्यक्तित्व खोजिरहेको थियो– जो साहसपूर्वक नेपालको राष्ट्रिय हित र आकाङ्क्षाको पक्षपोषण गर्न सकोस्। कमरेड मदन भण्डारीले यी तीनवटै आवश्यकतालाई एकैचोटि पूरा गर्नुभएको थियो।'

मदन भण्डारीलाई मारेर मदन भण्डारीले ल्याएको विचार मरेन। त्यो झन्झन् प्रभावशाली हुँदै गयो। मदन भण्डारीको हत्यापछि भएको प्रतिनिधिसभाको निर्वाचनमा नेकपा (एमाले) सबैभन्दा ठूलो पार्टी भयो र त्यसले २०५१ सालको मंसिरमा नेपालमा पहिलो निर्वाचित कम्युनिस्ट सरकार बनायो। जनताको बहुदलीय जनवादी कार्यक्रमको प्रकाशमा त्यसले धेरै महत्त्वपूर्ण कामहरू गर्न थाल्यो। जनताका लागि जनताबाट निर्वाचित सरकार भनेर परिचय दिने एकमात्र सरकार पनि त्यही भएको छ अहिलेसम्मको नेपाली राजनीतिको इतिहासमा।

त्यसै समयमा 'हिमाल' संस्थाले नेपाली राजनीतिका नेताहरूको लोकप्रियताको राष्ट्रिय सर्वेक्षण प्रस्तुत गऱ्यो। सबैभन्दा लोकप्रिय नेता स्वर्गीय मदन भण्डारी नै भए।

मदन भण्डारी जस्तो हुन सजिलो छैन। तर मन लगाएर काम गर्ने हो भने मदन भण्डारीको अनुयायी हुन गाह्रो पनि छैन। सबैभन्दा ठूलो कुरो भनेको इमान हो। अध्ययन गर्ने, म नेपाल र नेपालीका लागि बाँचेको हुँ, नेपाल राष्ट्र र नेपाली जनताकै सेवामा समर्पित भएको छु भन्ने भावना भएको जो कोही पनि मदन भण्डारीको अनुयायी हुन सक्छ।

के तिमीहरू पनि मदन भण्डारीको अनुयायी हुने सपना देख्न चाहन्छौ ? हामी सधैँ तिमीहरूको साथमा रहिरहने छौँ।


*(यसै वर्ष दिवङ्गत हुनुभएका प्रदिप नेपालको यो आलेख मदन–आश्रित प्रतिष्ठानद्वारा प्रकाशित 'विद्यार्थीसँग मदन भण्डारी' पुस्तिकाको सम्पादित अंश हो।)*

अभिलेख

# मार्क्सवादको एक मात्र मोडल वा व्याख्या अब अस्वीकृत भइसकेको छ



– गोविन्द भट्ट



सिद्धान्तमा मार्क्सवाद जतिसुकै जनताको विचारधारात्मक हतियार भए पनि व्यवहारमा त्यो अझै व्यापक जनसमुदायमा राम्ररी भिज्न सकेको छैन । त्यसैले यसलाई आफ्नै राष्ट्रिय रूप–रङ, भाषा र शैलीमा ढालेर नेपालीले बुझ्न, पचाउन, रुचाउन र स्वागत गर्नसक्ने बनाउन बाँकी नै छ । यो पनि मार्क्सवादको सिर्जनात्मक प्रयोगसित गाँसिएको एउटा अति महत्त्वपूर्ण कुरा हो ।

मार्क्सवाद संसारका अन्य सबै दर्शनहरू हेरी आफ्नो जन्मकालदेखि नै आन्तरिक स्वभावबाटै अहिलेसम्मको सबभन्दा बढी सिर्जनात्मक, वैज्ञानिक र क्रान्तिकारी विश्वदृष्टिका रूपमा रहिआएको छ। मार्क्स र एङ्गेल्सले मानव इतिहासका वैज्ञानिक उपलब्धि र सामाजिक विकासको अनुभवहरूको विश्लेषण गर्दै द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको सिर्जना गर्नुभयो। त्यसअघिका दार्शनिकहरूले आफ्नो अधिभौतिकवादी दृष्टिदोषले गर्दा संसारमा वस्तुहरूलाई एकअर्काबाट पृथक तथा अपरिवर्तनीय अनि गतिलाई यान्त्रिक विस्थापन, सामान्यको पुनरावृत्ति र परिमाणात्मक घटबढ मात्र ठान्दै आएका थिए। उनीहरूले वस्तुहरूमा अन्तर्निहित द्वन्द्व नै विकासको स्रोत हो भन्ने तथ्यलाई देख्न सकेका थिएनन्। उनीहरू समाजको विकास र इतिहासका निरन्तर गतिशील एवं विकासशील वस्तुगत नियमहरूलाई बुझ्न पनि असमर्थ थिए।

मार्क्सवादका अनुसार गतिशील पदार्थबाहेक ब्रह्माण्डमा अरू कुनै कुराको अस्तित्व छैन। गति पदार्थको अभिन्न र शाश्वत गुण हो र प्रकृति, मानव समाज र चिन्तन सबैमा सदैव त्यो विभिन्न रूपहरूमा क्रियाशील रहन्छ। त्यो गति सामाजिक जीवनमा भौतिक उत्पादनको प्रक्रियाका रूपमा प्रकट हुँदै त्यसका अरू सबै पक्षलाई निर्दिष्ट गर्दछ। समाजमा वैमनस्यपूर्ण वर्गहरूको उदय भएदेखि वर्गसङ्घर्ष सामाजिक विकासको मूल स्रोत रहिआएको छ। यो गतिशील विश्वमा सदा पुरानोका विरुद्ध निरन्तर नयाँको उदय हुने गर्दछ र त्यो नयाँ नै अन्तमा विजयी पनि हुन्छ। त्यो निम्नस्तरबाट उच्चस्तरमा पुनःजीवनको प्रक्रियामार्फत व्यक्त हुन्छ।

यसरी मार्क्सवादी दर्शन सबै प्रकारका यथास्थिति, जडता, मूढाग्रह र प्रतिगामी विचारहरूको खण्डन गर्दै संसारलाई बुझ्ने वा व्याख्या गर्ने मात्र होइन, अझ त्यसको क्रान्तिकारी परिवर्तन गर्ने पद्धतिका रूपमा पनि स्थापित भएको छ। अन्य दर्शनहरूझैँ यो विश्वको व्याख्या विश्लेषण गर्ने काममा मात्र लागेको भए अघि नै हराइसक्थ्यो। तर, सामाजिक परिवर्तन ल्याउने विश्वदृष्टिका साथै क्रान्तिकारी पद्धति पनि भएकाले अझ सर्वहारा पार्टीहरूद्वारा यसलाई आफ्नो मार्गदर्शक सिद्धान्त स्वीकार गरिएकाले यो जनसङ्घर्षको व्यावहारिक दर्शन भएर गतिशीलताका साथ विकसित हुँदै गइरहेको छ।

यसका साथै मार्क्सवादले सुरुदेखि नै पुँजीपतिवर्ग र त्यसको समर्थन र विचारहरूका विरुद्ध सङ्घर्ष गर्नुका साथै आफ्नै शिविरभित्रका विभिन्न खाले जडसूत्रवादी, संशोधनवादी र अवसरवादी तत्त्वहरूका विरुद्ध पनि उत्तिकै तीव्रतासाथ जुध्दै आउनुपरेको छ। स्वयं मार्क्स र एङ्गेल्सले आफ्नो जीवनकालमा त्यस्ता प्रवृत्तिका विरुद्ध द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको रक्षा गर्नुभएको थियो। उहाँहरूपछि लेनिनले पुँजीवादको नयाँ विकास र विज्ञानका नवीनतम् खोजहरूको मार्क्सवादी व्याख्या गरेर र पहिलो समाजवादी राज्यलाई मूर्त रूप दिएर मार्क्सवादको सिर्जनात्मक प्रयोगको अद्वितीय दृष्टान्त अघि सार्नुभयो। यिनै उल्लेखनीय योगदानहरूले गर्दा उहाँका विचारहरूलाई यस युगको मार्क्सवाद पनि भनियो।

तत्पश्चात् स्टालिन, माओत्सेतुङ, होची मिन्ह, किम इल सुङ, फिडेल क्यास्ट्रो आदिका साथै नेपाललगायत विश्वका विभिन्न मार्क्सवादी पार्टी र कम्युनिस्ट आन्दोलनहरूबाट यसको सिर्जनात्मक प्रयोग र विकास गर्ने काम हुँदै आएको छ। अन्य दर्शनहरूलाई झैँ मार्क्सवादलाई पनि कालान्तरमा एउटा मतवाद वा धर्मशास्त्र बनाइने सम्भावनाप्रति सचेत रहँदै मार्क्सले आफ्ना विभिन्न पत्रहरूमा जडसूत्रवाद, यथार्थ परिस्थितिको उपेक्षा गर्ने सहज प्रवृत्ति, वास्तविक क्रान्तिकारी गतिविधिहरूमा भन्दा शब्दाडम्बर र वामपन्थी उद्धरणबाजीमा भरपर्ने स्वभावजस्ता लक्षणलाई उदिङ्ग्याउनु भएको छ। एङ्गेल्सले मार्क्सवाद भनेको कर्मयोगको जीवन्त सिद्धान्त हो र त्यो कुनै एउटा बन्द सिद्धान्त नभएर पद्धति हो भन्ने कुरा बारम्बार औँल्याउँदै कुनै सिद्धान्तका प्रमुख प्रस्थापनाहरूलाई राम्ररी बुझ्दै नबुझी त्यसमा आफूलाई पारङ्गत भइसकेको ठानेर हलुका पाराले त्यसलाई प्रयोगमा ल्याउन खोज्नेहरूमा केही 'मार्क्सवादी'हरूलाई पनि दोषी ठहऱ्याउँदै तिनको त्यस्तो कामकुराबाट नचाहिँदा फोहरमैलाहरू पैदा हुने गरेको उदाहरण दिनुभएको छ। लेनिनका मतमा ठोस वस्तुस्थितिको ठोस विश्लेषण नै मार्क्सवादको सर्वोच्च सार हो।

यस सन्दर्भमा स्टालिनको भनाइ छ, 'मार्क्सवादको सारतत्त्वलाई आधार बनाउँदै, त्यसका पुराना भइसकेका प्रस्थापना र निष्कर्षहरूलाई नयाँ ऐतिहासिक अवस्थाअनुरूप नयाँ प्रस्थापना र निष्कर्षहरूले प्रतिस्थापित गर्न समेत न अन्कनाउँदै, वर्तमान समस्याहरूको समाधानमा प्रयोग गरेर त्यसलाई समृद्ध र विकसित तुल्याउनुपर्दछ।' माओत्सेतुङले मार्क्सवादको दर्शनलाई दार्शनिकहरूको प्रवचन कक्षा र पाठ्यपुस्तकहरूको घेराबाट मुक्त पारेर व्यापक जनसमुदायको हातमा रहेको धारिलो हतियारको रूपमा परिणत गरिदिने र आफ्ना मुलुकको ठोस परिस्थितिअनुसार मार्क्सवादलाई प्रयोग गर्ने कुरामा जोड दिनुभएको छ।

मार्क्सवादको यस विकासशील र प्रगतिशील, व्यवहारिक, क्रान्तिकारी र सिर्जनात्मक मौलिकतालाई त्यसका पाश्चात्य आलोचकहरू समेत स्वीकार गर्न बाध्य भएका छन्। एउटा आफ्नो टिप्पणीमा डेविड मैकलेनन् भन्दछन्, 'क्रान्तिकारी उत्साह, उमङ्ग तथा परिवर्तनको चाहनालाई ऐतिहासिक परिप्रेक्ष्य र वैज्ञानिकताको दाबीसित गाँस्नसक्ने आफ्नो अद्वितीय सामर्थ्यले गर्दा नै मार्क्सवाद अन्य दर्शनहरूभन्दा बेग्लै र विशिष्ट हुन पुगेको हो।'

माथिको यस विवेचनाबाट मार्क्सवादको सारतत्त्व र सार्थकता नै त्यसको गतिशीलता तथा सिर्जनात्मक प्रयोगमा निहीत रहेको छ भन्ने कुरा स्वतः सिद्ध हुन जानेछ।

मार्क्सवाद मानव समाज र इतिहासको व्याख्या मात्र नभएर श्रमजीवी वर्गको मार्गदर्शक सिद्धान्तका साथै

क्रान्तिकारी कार्यपद्धति पनि भएकाले यस दर्शनलाई आधार बनाएर सर्वहाराको एउटा छुट्टै स्वतन्त्र राजनीतिक सङ्गठनको निर्माण गर्नु आवश्यक हुनजान्छ। त्यस्तो सङ्गठनको अन्तिम उद्देश्य राजनीतिक सङ्घर्षद्वारा पुरानो राज्यमा मात्र हैन सम्पूर्ण सामाजिक आर्थिक व्यवस्थालाई नै हटाएर नयाँ राज्यसत्ता प्राप्त गर्नु भएकाले त्यस्तो पार्टीको निर्माण र सञ्चालन गर्दा तिनले आफ्नो सिद्धान्तको सिर्जनात्मक प्रयोग गर्नुपर्ने कुरामा विशेष जोड दिँदै मार्क्स र एङ्गेल्सले त्यस सिद्धान्तको मताग्रही व्याख्या गर्ने रुढीवादी कार्यशैलीको पनि भर्त्सना गर्नुभएको छ। यसबारे पार्टी निर्माणसम्बन्धी लेनिनका विचार र अनुभवहरूको अध्ययन–मनन गर्नु पनि आवश्यक छ।

मार्क्सवादी सिद्धान्तलाई मान्ने राजनीतिक दलहरूको गठन निकै अघिदेखि नै हुन थालेको हो। तापनि, मार्क्सवादी पार्टीहरूले राज्यसत्ता कायम गरेको समय धेरै भएको छैन। केही ठूला पार्टी र समाजवादी देशहरूले मार्क्सवादलाई राजकीय सिद्धान्तका रूपमा लिएर आआफ्नै ढाँचाबाट त्यसको व्याख्या गर्ने र त्यसप्रति सहमत नहुनेहरूप्रति विधर्मीसरह व्यवहार गर्ने गरेकाले त्यो यदाकदा ज्यादै सरलीकृत, रुढीग्रस्त, अनुदार र कठोर पनि हुन गयो। कति ठाउँमा त्यसलाई आफ्नो सजिलो सुविधाअनुसार बङ्ग्याउने वा अरूहरूमाथि तम्तयार पाठ्यपुस्तकका रूपमा थोपर्ने कामहरू पनि भए। त्यसले गर्दा यो उपयोगितावादी र व्यावहारिकतावादी हुन पुगेको पनि देखियो। विगत सय वर्षभित्र मार्क्सवादबारे पूर्व र पश्चिम दुबैमा प्रशस्त शास्त्रार्थहरू भएका छन् र यो विभिन्न सम्प्रदायहरूमा बाँडिएको छ। यसको एकमात्र मोडेल वा व्याख्या हुन्छ भन्ने कुरा अब अस्वीकृत भइसकेको छ। रुस, चीन, कोरिया, क्युबा, भियतनाम कहीँ पनि एउटै किसिमबाट क्रान्ति भएन।

त्यसले गर्दा मार्क्सवाद एउटा 'एकीकृत विचार नभएर विविधतापूर्ण विचारहरूको सङ्ग्रह हो' भन्ने मत पनि अघि सारियो। केही पार्टी वा देशहरूले आफ्ना राष्ट्रिय विशिष्टताहरूमा निरपेक्ष रूपमा जोड दिएर राष्ट्रिय साम्यवादको वकालत गरे भने त्यसको उल्टो अरूहरूले कुनै खास मोडल वा ठूला पार्टीका आदेशहरूलाई मानेर चल्नु नै मार्क्सवाद हो भन्ठाने। मार्क्सवाद जडसूत्र हैन बरु सिर्जनात्मक विज्ञान हो भन्ने नाउँमा त्यसको सारतत्त्वलाई नै त्यागिदिने र त्यसलाई विरूपीकरण गरिदिने प्रवृत्तिप्रति सचेत रहेर नचल्दा अनेकौँ पार्टीहरू पुँजीवादको पुच्छर पनि बने। मार्क्सवादको सिर्जनात्मक प्रयोग भनेको जडसूत्रवाद र संशोधनवाद यी दुबैबाट जोगिएर वस्तुगत परिस्थितिअनुसार त्यसमा आवश्यक सुधार र परिस्कार ल्याउँदै त्यसको सारलाई सुरक्षित राख्नु र अझै विकसित तुल्याउनु हो।

मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्दा नयाँ परिस्थितिको ठोस अध्ययन–अनुसन्धान गर्नु, व्यवहारबाट विचार वा नीतिहरूको जाँच गर्नु, भूलहरूबाट शिक्षा लिएर अगाडिका लागि सचेत हुनु, मनोगतवाद, व्यक्तिवाद, मतवाद, दुस्साहसवाद आदिबाट जोगिनु आवश्यक छ। निरन्तर विकासशील वस्तुस्थितिभन्दा सिद्धान्त पछि पर्नुहुन्न, त्यो यथार्थसँगै गाँसिनुपर्दछ। अझ अघि सरेर त्यसले पथप्रदर्शन समेत गर्नुपर्दछ। वस्तुस्थितिको विकासभन्दा पछि पर्ने सिद्धान्तले यथार्थलाई ठीकठीक रूपमा प्रतिबिम्बित गर्न सक्दैनन्। अझ तिनले यथार्थलाई नै विकृत तुल्याएर सही निर्णय लिन र बाञ्छित परिणाम उपलब्ध गर्नमा बाधा समेत पुऱ्याउँछन्। मार्क्सवादीहरूले पुरानो भइसकेको निष्कर्षहरूलाई छाड्न, नयाँ उदाएका अवस्थाहरूलाई बेलैमा बुझ्न र पछिका सम्भावनाहरूको सही अनुमान गर्न अनि आलोचना र आत्मआलोचनाको शैलीअनुसार चल्नमा सक्षम हुनुपर्छ। मार्क्सवादले सत्यलाई मनोगत, निरपेक्ष वा अमूर्त नमानेर सधैँ नै वस्तुगत, सापेक्ष र विशिष्ट कुरा ठान्दछ।

मार्क्सवादअनुसार समाजवादले पुँजीवादको ठाउँ लिनु ऐतिहासिक विकासको अनिवार्य नियम हो। विभिन्न मुलुकहरूका आआफ्नो ऐतिहासिक परम्परा, सामाजिक तथा आर्थिक विकासको स्तर र वर्गसम्बन्धहरूको विशिष्ट अवस्था हुन्छन्। त्यसैले द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादको सर्वमान्य नियमहरूलाई विशिष्ट राष्ट्रिय अवस्थासित गाँस्नु नै कुनै कार्यभार हो र यो एउटा जटिल काम

हो। केही आधारभूत कुराहरू मार्क्सवाद–लेनिनवादबाट निर्देशित श्रमजीवी वर्गको सचेत, अनुशासनबद्ध पार्टी र त्यसको नेतृत्वमा जनताको जनवादी राज्यसत्ता स्थापना, उत्पादनका प्रमुख साधनहरूमा सार्वजनिक स्वामित्व, श्रमिक वर्ग र किसान तथा अन्य कामदार समुदायको एकता, अवस्था हेरी कृषिको क्रमिक समाजवादीकरण, मुलुकका सबै जातिहरूप्रति समानतापूर्वक व्यवहार, नयाँ जनवादी संस्कृतिको निर्माण, विश्वका अन्य मुलुकहरूमा भइरहेका जनआन्दोलनहरूप्रति समर्थन आदि मार्क्सवादका मौलिक र सारभूत कुरा हुन्। राष्ट्रिय परिस्थितिअनुसार मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्नु भनेको यी आधारभूत कुराहरूको निर्देशनअन्तर्गत रहेर जनसङ्घर्षको सञ्चालन गर्नु हो।

यसरी, मार्क्सवाद वैज्ञानिक उपलब्धिहरू र सामाजिक विकासको अनुभवहरूको सर्वाङ्गीण अध्ययन गरेर झिकिएको निष्कर्ष हो। भौतिक जगत् एवम् जीवनको परिस्थिति र विकासलाई सञ्चालित, निर्धारित गर्ने सर्वसामान्य नियमहरूको ज्ञान हो। त्यो ती निष्कर्ष तथा ज्ञानलाई फेरि समाजको रूपान्तरण गर्नमा व्यावहारिक रूपबाट प्रयोगमा ल्याइने कला पनि हो।

एउटा वास्तविक मार्क्सवादी तुलना सामान्यतः एउटा कुशल डाक्टरसित गर्न सकिन्छ। चिकित्सा–विज्ञानका हजारौँ ठेलीहरू पढेको र त्यसबारे घण्टौँ व्याख्यान दिन जानेको भए पनि रोगलाई बेलैमा र ठीकसित चिन्न र त्यसअनुसारको ओखती उपचार तय गर्न र अन्तमा रोग निको पार्न नसक्नेलाई राम्रो वा सफल डाक्टर भन्न नमिलेझैँ मार्क्सवादका सूत्रहरू कण्ठस्थ पारेको तर समाजका समस्याहरूलाई राम्ररी बुझ्न, तिनका कारणहरू अनुसन्धानद्वारा पत्ता लगाउन अनि क्रान्तिका सही रणनीति र कार्यनीतिहरू तय गरेर समाजलाई शोषणको रोगबाट मुक्त पार्न नसक्नुलाई पनि राम्रो वा कुशल मार्क्सवादी भन्न मिल्दैन। यी दुवैको ज्ञानको सार्थकता, त्यसको सही प्रयोग र फलदायी परिणाममा नै रहेको हुन्छ।

मार्क्सवादको सिर्जनात्मक प्रयोगको अर्थ राम्ररी बुझ्नका लागि हामीले विश्व, छरछिमेक र आफ्नै मुलुकका कम्युनिस्ट आन्दोलनहरूको इतिहासका सकारात्मक र नकारात्मक अनुभवहरूको वस्तुनिष्ठ लेखाजोखा गर्नु राम्रो हुनेछ। रुसमा मोन्सेभिकहरू किन पछि परे तर बोल्सेभिकहरू चाहिँ सफल भए ? चीनको मुक्ति किन तीन दशकको सङ्घर्षपछि नै सम्भव भयो ? तर, भारतमा त्यो हुन सकेन ? ल्याटिन अमेरिकामा क्यास्ट्रोले क्युबाको क्रान्ति कसरी सञ्चालन गरे तर त्यहाँका अन्य गुरिल्ला सङ्घर्षहरूले किन धक्का खानुपर्‍यो ? चिलीमा एलेन्डेको पतनका कारणहरू के के हुन् ? इन्डोनेसियामा त्यति धेरै व्यापक जनाधार भएर पनि त्यहाँको कम्युनिस्ट पार्टीलाई सजिलै दमन गर्नमा प्रतिक्रियावादीहरू किन सफल भए? भियतनामले के पाठ सिकाएको छ ? आदि प्रश्नहरूको जवाफ खोज्नु जरुरी छ। त्यसैगरी आजको सन्दर्भमा उठिरहेका नयाँ–नयाँ प्रश्नहरूको उत्तर पहिल्याउनु पनि उत्तिकै आवश्यक छ। सात दशकपछि सोभियत सङ्घको पतन वा विखण्डन हुनुका कारणहरू के के हुन् ? पूर्वी युरोपमा कम्युनिस्ट शासन किन टिकाउ भएन ? अफगानिस्तानमा सोभियत टैङ्क र आधुनिक क्षेप्यास्त्रहरूले पनि त्यहाँ साम्यवाद ल्याउन नसक्नुमा कसको भूल भयो ? दक्षिण–पूर्वी एसिया मलाया, फिलिपिन्स, कम्बोडिया आदि मुलुकका सशस्त्र सङ्घर्षहरू हाल सिथिल हुनाका कारण के हुन् ? भारतका कम्युनिस्टहरूको अनुभवबाट के शिक्षा लिन सकिन्छ ? के नेपालमा सशस्त्र क्रान्तिको बेला आइसक्यो ?

आज यी केही व्यावहारिक महत्त्वका प्रश्नहरूका साथै सैद्धान्तिक सवालमा पनि राम्ररी चिन्तन–मनन गर्नु अति जरुरी हुन गएको छ। हामी एक्काइसौँ शताब्दीमा प्रवेश गरिरहेका छौँ। मार्क्स र एङ्गेल्सको युग लेनिनको भन्दा फरक थियो र माओत्सेतुङको युग त्यसभन्दा अर्कै भइसकेको थियो। अहिले १० वर्ष पनि बित्न नपाउँदै औद्योगिक क्रान्तिहरू भइरहेका छन्। विज्ञान र प्रविधिको चमत्कारपूर्ण विकास अनि जनसञ्चार माध्यमहरूको विश्वव्यापी विस्तार र पकडले संसार एकदमै साँघुरिन गएको छ। यो 'विश्व गाउँ' मा परिणत हुँदैछ। कम्प्युटर, रोबोट, भिडिओ–संस्कृति, स्याटेलाइट, टेलिभिजन, फ्याक्स आदि त हाम्रै नेपालमा सामान्य कुरा जस्तो हुन थालेका छन्। साम्राज्यवादी र पुँजीवादीहरूले आफ्नो

रूप–रङ फेरेर समाजशास्त्र, अर्थशास्त्र र राजनीतिशास्त्रका आकर्षक सिद्धान्तहरू अगाडि ल्याउँदै हाम्रा शिक्षित सहरबासी बुद्धिजीवीहरूलाई अल्मल्याइरहेका छन्। हाम्रो शिक्षाप्रणाली, अर्थतन्त्र, सञ्चारसाधन र सामान्य जनजीवनको साधारण खानपान र पहिरनमा समेत तिनको प्रत्यक्ष–अप्रत्यक्ष नियन्त्रण बढिरहेको छ। त्यसैले यी सबै वैज्ञानिक र सामाजिक परिवर्तनहरूको परिप्रेक्ष्यमा मार्क्सवाद–लेनिनवादको नयाँ व्याख्या, परिभाषा र विश्लेषण संश्लेषण नगरी नहुने भएको छ।

हामीले 'साम्यवाद अवश्य पनि एकदिन आउनेछ', 'मार्क्सवाद–लेनिनवाद अजेय छ', 'पुँजीवाद र साम्राज्यवाद मरणासन्न र सङ्कटग्रस्त छन्, तिनको पतन अवश्यै हुनेवाला छ' भनेर मात्र अब पुग्दैन। हामीले तथ्य र तर्कका आधारमा आफ्नो सिद्धान्त राख्नुपर्नेछ। पुँजीवादको खण्डन गर्नुपर्नेछ र आफ्नो श्रेष्ठता प्रमाणित गर्नका लागि उच्चस्तर विकल्प पनि प्रस्तुत गर्नुपर्नेछ। पुँजीवादीहरूले निकै अघिदेखि नै समयानुसार लचिलो तथा रचनात्मक हुने, आफ्नो रूप र शैली फेर्दै जाने, आफ्नो फाइदाका लागि समाजवादी अवधारणालाई पनि टिपेर लिने जस्ता कलाकौशलद्वारा आफ्नो सिर्जनात्मक प्रतिभा देखाउन सकेनन् भने उनीहरूले भविष्यमा अझै ठूलो र गहिरो धक्का खानुपर्ने कुरा अवश्यम्भावी छ। पुँजीवादी र प्रतिक्रियावादीहरूले आफ्नो स्वभाव फेरेका छैनन्। ती आफैँ बाठा र बलिया भएका छन्। तिनको मायावी छलकपटलाई उदिङ्ग्याउने र तिनलाई पराजित गर्नसक्ने शक्ति मार्क्सवादमा मात्र छ। आज मार्क्सवादको सिर्जनात्मक प्रयोगको सार्थकता पनि यो नयाँ–नयाँ हाँकहरूको जवाफ दिने त्यसको सामर्थ्यबाट प्रमाणित हुनेछ। नेपालको साम्यवादी पार्टी र तिनको नेतृत्वको अग्निपरीक्षा पनि एक्काइसौँ शताब्दीले गर्नेछ।

आज हाम्रो नेपालमा पनि मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्नुपर्ने आवश्यकतालाई गहिरिएर महसुस गर्न थालिएको छ। त्यतिमात्र हैन, त्यस दिशातर्फ केही व्यावहारिक पाइलाहरू पनि सारिएका छन्। देशमा कम्युनिस्ट पार्टीको स्थापना भएको चार दशकपछि यस्तो बहस थालिनु अलिक ढिलो भए पनि राम्रो कुरा भएकाले अत्यन्त स्वागतयोग्य छ। यसबाट सबैलाई फाइदा हुनेछ।

नेपाली कम्युनिस्ट आन्दोलनले आफ्नो विगत आधा शताब्दीजतिको जीवनमा विभिन्न खालका अवसरवादी, विसर्जनवादी, उग्रवामपन्थी, जडसूत्रवादी, संशोधनवादी आदि प्रवृत्तिहरूसित सङ्घर्ष गर्ने अनुभवका साथै विश्व कम्युनिस्ट आन्दोलनका उकाली–ओरालीहरूबाट पनि प्रशस्त पाठहरू सिक्ने मौका पाइसकेको छ। समग्र रूपमा हेर्दा नेपालका वामपन्थीहरू विभिन्न समूहहरूमा विभाजित भए पनि हाल नेकपा (एमाले) हाम्रो मुलुकको वामपन्थी आन्दोलनको मूलधारा र राष्ट्रिय राजनीतिको एउटा निर्णायक शक्तिका रूपमा देखापरेको छ। नेपाली जनताले त्यसलाई प्रदान गरेको यस अतिशय महत्त्वपूर्ण कार्यभारप्रति सचेत र संवेदनशील रहँदै त्यसले आफ्नो ऐतिहासिक भूमिका निर्वाह गर्नेछ भन्ने आशा सबैले लिइराखेका छन्। विश्व कम्युनिस्ट आन्दोलन र समाजवादी शिविर केही मात्रामा सङ्कटग्रस्त हुन पुगेको आजको जटिल अन्तर्राष्ट्रिय परिस्थितिमा त्यो काम अझै बढी सिर्जनात्मक चिन्तन र कार्यशैलीमार्फत् नै पूरा गर्न सकिनेछ।

यस सन्दर्भमा अघिको सोभियत सङ्घ तथा पूर्व यूरोपेली मुलुकहरूको विघटन र अन्य समाजवादी मुलुकहरूमा भइरहेको प्रयोगहरू अनि आफ्नै मुलुक नेपालमा भएको ०४६ सालको जनआन्दोलनपछिको पृष्ठभूमिमा कमरेड मदन भण्डारीद्वारा प्रस्तुत जनताको बहुदलीय जनवादको नयाँ धारणा एवम् कार्यक्रम हाम्रासामु देखापर्‍यो। यो मार्क्सवादका नाउँमा अङ्गाल्ने गरिएका केही पुराना मान्यता र कार्यशैलीहरूको विफलतापछि नेपालको परिस्थितिको मागअनुरूप मार्क्सवाद–लेनिनवादको पुनःव्याख्या/पुनःपरिभाषा गर्नुपर्ने आवश्यकताको तीव्र अनुभूतिबाट जन्मेको नवीन चिन्तन हो। त्यसले विगत कम्युनिस्ट आन्दोलनका दुर्बलताहरूको लेखाजोखा गरेर आफ्नै वैचारिक विकल्प लिएको छ।

मुख्य कुरा सानो देश, सानो पार्टी र सानो सोचाइको हीनताबोधबाट ग्रस्त भएर ठूला पार्टी र ठूलठूला विचारहरू मान्ने अमार्क्सवादी परम्परा भएको नेपालमा यसले

नवीन चिन्तनको एउटा नयाँ क्षितिज उघार्ने ऐतिहासिक अग्रसरता देखाएको छ। अझै पनि हामीमा परम्परागत विचार, भाषाशैली तथा कार्यशैलीको व्यापक र गहन प्रभाव रहिरहेकाले यस नवीन चिन्तनले विभिन्नथरिका वैचारिक वा व्यावहारिक प्रतिरोधको सामना गर्नुपर्नेछ। यो कुनै अस्वाभाविक कुरो पनि होइन। यो आजसम्मको परम्पराभन्दा एकदमै नौलो खालको सोच भएकाले यसलाई व्यावहारिक प्रयोगशालामा खारेर परिस्कृत र परिमार्जन गर्दै जानु पनि उत्तिकै आवश्यक छ। नत्र त सुरुसुरुमा नयाँ चिन्तनका रूपमा देखिएका अन्य विचारहरूझैँ यो क्रमशः स्वयम् रुढीग्रस्त, औपचारिक र मतवादी सिद्धान्तको रूपमा परिणत हुनसक्ने खतराप्रति पनि आँखा चिम्लन सकिन्न।

मार्क्सवादका अनुसार विचार जतिसुकै नयाँ र प्रगतिशील भए पनि ती स्वयम् आफैँ समाजमा आमूल परिवर्तन ल्याउन सक्षम हुँदैनन्, व्यापक जनसमुदायले तिनलाई बुझेर पछयाएपछि मात्र ती भौतिक शक्तिको रूपमा परिणत हुन जान्छन्। स्वयम् मार्क्सवाद–लेनिनवादको इतिहासले पनि यही तथ्यलाई प्रमाणित गर्दछ। मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्दा सूत्र वा निष्कर्षहरू निस्कने गर्दछन्। तिनलाई यसअघि कहिल्यै नभनिएको कुरा हो। बाहिरभन्दा अरूहरूले के भन्लान् यो कुनै पनि मार्क्सवादको पाठ्यपुस्तकमा छैन भनेर पन्छाउनु, दबाउनु वा शङ्का गर्नु मार्क्सवादविरोधी सोचाइ हो। त्यो त मध्यकालीन युगमा 'रोमले यस विषयमा बोलिसकेको छ। त्यसैले यसबारे टुङ्गो लागिसक्यो' भनेझैँ हुनेछ। यस अर्थमा पनि मदन भण्डारीलाई नवीन चिन्तक भन्नुपर्दछ।

सिद्धान्तमा मार्क्सवाद जतिसुकै जनताको विचारधारात्मक हतियार भए पनि व्यवहारमा त्यो अझै व्यापक जनसमुदायमा राम्ररी भिज्न सकेको छैन। त्यसैले यसलाई आफ्नै राष्ट्रिय रूप–रङ, भाषा र शैलीमा ढालेर नेपालीले बुझ्न, पचाउन, रुचाउन र स्वागत गर्नसक्ने बनाउन बाँकी नै छ। यो पनि मार्क्सवादको सिर्जनात्मक प्रयोगसित गाँसिएको एउटा अति महत्त्वपूर्ण कुरा हो। यस दिशामा माओत्सेतुङले चीनमा गर्नुभएको प्रयोग चिनियाँ विशिष्टताहरू भएको समाजवादको रचना हामीले गहनतासाथ अध्ययन गर्नुपर्ने कुरा हो। उहाँले एउटा लेखमा भन्नुभएको छ, 'हामीले कन्फ्युसियसदेखि सन यात्सेनसम्मको लेखाजोखा गरेर त्यस बहुमूल्य उत्तराधिकारलाई ग्रहण गर्नैपर्दछ। कम्युनिस्टहरू अन्तर्राष्ट्रवादी मार्क्सवादी हुन्छन्। तर, मार्क्सवादलाई व्यवहारमा प्रयोग गर्नुभन्दा अघि नै हाम्रो मुलुकका खास विशिष्टताहरूसित यसको समायोजन गर्नैपर्दछ र त्यसलाई राष्ट्रिय स्वरूप प्रदान गर्नैपर्दछ।

दोस्रो कुरा, नेपालका मार्क्सवादीहरूमा अझै पनि इमानदार, भौतिकवादी पद्धतिअनुसार अध्ययन अनुसन्धान गर्ने कार्यशैली राम्ररी बसिसकेको देखिन्न। बाहिरका पुस्तक, पत्रपत्रिका र अनुसन्धान रिपोर्टहरू सहायक ग्रन्थ मात्र हुनसक्दछन् मुख्य पाठ्यक्रम हैन। त्यसैले नेकपा (एमाले) को एउटा सुव्यवस्थित र आधुनिक साधनहरूले सम्पन्न रहेको आफ्नै अध्ययन अनुसन्धान केन्द्र हुनैपर्दछ। त्यसले राष्ट्रिय जीवनको सम्पूर्ण पक्षहरूको सूक्ष्म वैज्ञानिक विश्लेषण गरेर निष्कर्षहरू झिक्ने छ र अन्तर्राष्ट्रिय क्षेत्र, छिमेकी मुलुकहरू आदिका समस्या, घटनाक्रम, विश्व परिस्थितिको विकासका भावी सम्भावनाहरू, मार्क्सवादी सिद्धान्तका सामु देखापरिरहेका वा पर्नसक्ने चुनौतीहरू, नेपाली कम्युनिस्ट आन्दोलनका सैद्धान्तिक र व्यावहारिक समस्या आदि बारे ठोस अध्ययन अनुसन्धान गर्नेछ। त्यसबाट नेपाली विशिष्टताहरू भएको जनताको बहुदलीय जनवादको स्थापना गर्नका लागि पनि ठूलो सहयोग पुग्नेछ।

नेपाली इतिहास र समाजको क्रमबद्ध वैज्ञानिक अध्ययन अझै भइसकेको छैन। त्यो नेपालीले नै अझ विशेषगरी नेपाली मार्क्सवादीहरूले नै अघि सरेर गर्नुपर्दछ। यो कुरा पनि मार्क्सवादको सिर्जनात्मक प्रयोग र विषयसित गाँसिएको अर्को अपरिहार्य पक्ष हो। नेपाली समाजमा द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादका नियमहरू कसरी क्रियान्वित भइरहेका छन्, यो पहिले बुझेपछि मात्र तिनलाई राष्ट्रको क्रान्तीकरण गर्ने उद्देश्यका लागि उपयोग गर्न सकिनेछ।

*(सूर्य मासिक, २०५४, पूर्णाङ्क– १३ बाट साभार)*




**अभिलेख**

# हिमालयभन्दा पनि गह्रौं मृत्यु



– विनोद मिश्र

उतिखेर मदन भण्डारीको भाषणको चर्चा परिचर्चा खुबै हुने गर्दथ्यो । उहाँले चुनावी भाषणको क्रममा राजा वीरेन्द्रलाई ललकारेको धेरैको स्मृतिमा ताजै छ । उहाँको बारेमा सम्झना गर्दा मलाई अझै पनि लाग्छ– २०५० मा मदन भण्डारीको देहावसान नभएको भए नेपालमा माओवाद यसरी अघि बढ्थेन कि !

१७ मई १९९३ अर्थात् ४ जेठ २०५० को बिहान सबेरै थुप्रै कमरेडहरूले हतारिँदै आएर पटनाका दैनिक समाचार–पत्रहरूमा छापिएको एउटा सानो टिप्पणीप्रति मेरो ध्यानाकर्षित गराउनु भयो। त्यसमा नेपालको एउटा जिप दुर्घटनाको समाचार थियो। यही दुर्घटनामा कमरेड मदन भण्डारी र कमरेड जीवराज आश्रितको मृत्युको समाचार छापिएको थियो। मैले नेपालमा फोन गरेँ। कमरेडहरूले भन्नुभयो– कमरेड भण्डारीको शव अझै फेला परेको छैन। अन्योल र चिन्तामा छटपटिँदै अनि कमरेड भण्डारी जीवित रहेको आशा मार्दै म पटनाबाट बनारसतिर दौडिएँ।

यो खबरले मेरो सबै आशामाथि तुषारापात भयो। बीचैमा बैठक छोडेर म जेठ ७ गते काठमाडौँ हिँडेँ र विमानस्थलमै पार्टीका नेतृत्वदायी कमरेडहरूले उक्त रहस्यमय दुर्घटनाका बारेमा मलाई जानकारी गराउनु भयो। म नेपालको कम्युनिस्ट आन्दोलनका ती दुई महान् नेताहरूलाई श्रद्धाञ्जली अर्पण गर्न त्यहाँबाट सिधै दशरथ रङ्गशाला गएँ। आँसुले डबडबाएका आँखा लिएका

मानिसहरू त्यहाँ लगातार आइरहेका थिए। मैले दुवै स्वर्गीय कमरेडहरूका शोक–सन्तप्त परिवारजनहरूसँग पनि भेटघाट गरें।

केही महिना पहिले म नेकपा एमालेको राष्ट्रिय महाधिवेशनमा भाग लिन काठमाडौँ गएको थिएँ। त्यहाँबाट फर्किने बेलामा महाधिवेशन अन्तिम चरणमा थियो। महाधिवेशनको कार्यक्रममा अत्यधिक व्यस्त रहँदारहँदै पनि उहाँ मलाई बिदा गर्न विमानस्थलसम्म आउनुभयो। त्यो नै उहाँसँगको मेरो अन्तिम भेट थियो। त्यतिबेला मैले यस्तो शोकाकूल घडीमा यति चाँडै फेरि काठमाडौँ जानुपर्ला भनेर कल्पनासमेत गरेको थिइनँ।

नेकपा माले र मार्क्सवादीबीच एकीकरणपश्चात् उहाँ नेकपा (एमाले) को महासचिव चुनिनु भएपछि हामी दुईले पटनामा धेरै दिनसम्म लामो कुराकानी गरेका थियौँ। त्यसपछि दिल्लीमा हाम्रो भेट भएको थियो। त्यही बेला उहाँले मलाई नेपाल आउने निम्तो दिनुभएको थियो। हाम्रा दुई पार्टीहरूबीच १९७० को दशकदेखि नै घनिष्ट भ्रातृत्वपूर्ण सम्बन्ध रहिआएको थियो र हामीले केन्द्रीय स्तरमा पटक–पटक कुराकानी गरेका थियौँ। हामीले आ–आफ्नो विचार र अनुभवको आदान–प्रदान गरिरह्यौँ। हाम्रा दुवै पार्टीको विकासको ढाँचा झण्डै उस्तै रह्यो। तर जनकार्यसम्बन्धी कतिपय पक्षहरूमा उहाँहरू हामीभन्दा धेरै अग्रगामी ठहरिनु भयो।

कमरेड भण्डारीले हाम्रो कलकत्ता महाधिवेशनमा भाग लिनुभएको थियो। उहाँले हाम्रो समापन समारोहलाई सम्बोधन गर्नुभयो। महाधिवेशनमा उहाँले अत्यन्तै सुन्दर ढङ्गमा पार्टीको भूमिकालाई पूर्ण रूपले अगाडि ल्याउनुपर्ने आवश्यकतालाई अभिव्यक्त गर्नुभएको थियो। सम्बोधनको अन्त्यमा उहाँले भन्नुभएको थियो– 'हामी सङ्कटका साथीहरू हौँ र सधैँभरि साथी नै रहिरहने छौँ।'

उहाँले एकदमै ठीक भन्नुभएको थियो।

कलकत्तामा थोरै दिन बस्दा नै उहाँ हाम्रा कमरेडहरूका बीच अत्यन्तै लोकप्रिय बन्नुभएको थियो। उहाँको निधनबाट हाम्रो पार्टीले आफ्नो एक महान् अन्तर्राष्ट्रिय मित्र गुमाएको छ।

मैले उहाँलाई सधैँ आत्मविश्वास, सम्मान र गौरवको उदात्त भावनाले भरिपूर्ण मित्रका रूपमा पाएँ। नेकपा (एमाले)को महाधिवेशनबाट बिदा भएर हिँड्ने बेलामा उहाँ मसँग कुरा गर्न आउनु भयो। उहाँको हातमा एउटा नेपाली समाचारपत्र थियो। त्यसमा टनकपुरका बारेमा एक जना भारतीय कम्युनिस्ट नेताले दिएको सल्लाह छापिएको थियो। आफ्नो पार्टीको आन्तरिक सवालमा गरिएको यस्तो ठाडो हस्तक्षेपका कारण उहाँ क्रूद्ध हुनुहुन्थ्यो। एक जना प्रिय मित्र, एउटा साहसी र गरिमामय व्यक्तित्वसँग बिताएका यस्ता साना–मसिना सम्झनाहरू २० मईको रातभर मेरो स्मृतिमा आउँदै जाँदै गरिरहे।

जेठ ८ गते शवयात्राको दिन थियो। नेपाल सरकारले स्वर्गीय नेताहरूलाई राष्ट्रिय सम्मान दिने निर्णय गरेको थियो। शाही सैनिक व्याण्डले शवलाई सलामी दियो। झुकेका राइफल बोकेर शवको अगाडि–अगाडि हिँड्यो। मैले आफ्नो सिङ्गो जीवनमा कसैको शवयात्रामा पनि यति धेरै मानिसको उपस्थिति देखेको थिइनँ। समाजको प्रत्येक पक्षलाई प्रतिनिधित्व गर्ने मानिसहरू चारैतिरबाट आफ्ना नेताहरूको अन्तिम दर्शन गर्न कहिल्यै नटुङ्गिने नदीको लहरजसरी काठमाडौँका सडकमा ओर्लिएका थिए।

यस्तो लाग्थ्यो– सिङ्गो सहर सडकमा उभिएको छ। यो मानव महासागरलाई नियन्त्रित गर्नु फलामको चिउरा चपाउनुजस्तै थियो। जनताको यो सागरलाई व्यवस्थित राख्न हातेसाङ्लो बनाएका स्वयंसेवकहरू पसिनाको पोखरीमा डुबेका थिए। रङ्गशालादेखि आर्यघाटसम्म बाटोको दुवै किनारमा मानिसहरू टनाटन उभिएका थिए। बाटो किनारका घरहरूका बार्दली र छतहरूमा पाइला राख्ने ठाउँ पनि बाँकी थिएन। त्यहाँ उभिएका महिलाहरू फूल र पानी छर्दै श्रद्धाञ्जली दिँदै थिए। आर्यघाटसम्म पुग्न झण्डै ४ घण्टा लाग्यो। फिलिपिनी कम्युनिस्ट पार्टीका कमरेड एमिला, सीपीआई एमका सुरजित, सीपीआईका फारूखी र म नेपाली नेताहरूसँग एउटा ट्रकमा जुलुससँगसँगै हिँडिरहेका थियौँ। कमरेड एमिल र म पैदल हिँड्न चाहन्थ्यौँ। तर त्यहाँको व्यवस्थाका कारण हामीले

ट्रकमै चढ्नुपर्ने भयो। कमरेड एमिलले यसको विरोध गर्नुभयो र अन्त्यमा हामीले कमरेड माधव नेपाललाई यसको जानकारी दियौँ र ट्रकबाट ओर्लियौँ। शवयात्राको पछिल्लो हिस्सा हामीले शोक जुलुसमा हिँडिरहेका साथीहरूसँगै पाइला मिलाउँदै पैदल नै पूरा गऱ्यौँ।

आर्यघाटमा मैले छोटो वक्तव्य दिएँ। मैले भनेँ– 'केही वर्ष पहिले जब नेपाल एउटा महान् ऐतिहासिक मोडबाट गुज्रिरहेको थियो। त्यतिबेला कम्युनिस्ट आन्दोलनले यस्तो सिद्धान्तकार खोजिरहेको थियो, जो मार्क्सवादको सार्वभौम सच्चाइलाई नेपालको ठोस स्थितिमा मिलाउन सकोस्। नेपालको जनवादी आन्दोलनले एउटा यस्तो नेता खोजिरहेको थियो, जो सुसङ्गत जनवादको झण्डालाई निर्भीकतापूर्वक फहराउन सकोस्। नेपाल राष्ट्र एउटा यस्तो राष्ट्रिय व्यक्तित्व खोजिरहेको थियो, जो साहसपूर्वक नेपालको राष्ट्रिय हित र आकाङ्क्षाको पक्षपोषण गर्न सकोस्। कमरेड मदन भण्डारीले यी तीनवटै आवश्यकतालाई एकैचोटि पूर्ति गर्नुभएको थियो। यही नै उहाँको विशिष्ट योगदान थियो।' मैले स्वर्गीय कमरेडहरूप्रति आफ्नो भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेँ र उहाँहरूका शोक–सन्तप्त परिवारजनप्रति हार्दिक सहानुभूति व्यक्त गरेँ।

अन्त्यमा चितामा आगो सल्काइयो र ज्वालाहरूले दुवै नेताका पार्थिव शरीरलाई आफ्नो अँगालोमा लपेटे। उहाँहरूको चिताको खरानीलाई मातृभूमिभरि विसर्जन गरिने घोषणा गरियो। म आफ्नै स्मृतिमा हराउँदै त्यहाँ स्तब्ध भएर उभिएको थिएँ। कसैले मलाई भन्यो– 'कमरेड! सबैथोक सकियो।' आर्यघाटबाट फर्किंदा फिलिपिनी कमरेडले आफूलाई आफ्नो देशमा भाग लिएका यस्तै केही शवयात्रासम्बन्धी स्मरण सुनाउनुभयो। उहाँले बेनिग्नो अक्विनो र एक जना ट्रेड युनियन नेताको शवयात्राको संस्मरण सुनाउनु भयो। यसैबीच हामीले चर्चा गऱ्यौँ, क्रिस हानी र मदन भण्डारीले आफ्नो जीवनको आहूतिमार्फत कम्युनिजम् नै विश्वका दलित पीडित जनताबीच सर्वाधिक लोकप्रिय विचारधारा हो भन्ने तथ्यको पुष्टि गर्नुभयो।

हाम्रो कलकत्ता महाधिवेशनको समापन समारोहमा बोल्दै कमरेड भण्डारीले भारतीय प्रेसमाथि समाचार लुकाउने अथवा तोडमरोड गर्ने आरोप लगाउँदा हाम्रा केही कमरेडहरूले प्रेसको त्यसरी आलोचना नगरेको भए राम्रो हुन्थ्यो भन्नु भएको थियो। तर जब भारतीय प्रेसले नेकपा (एमाले) को राष्ट्रिय महाधिवेशनसम्बन्धी समाचार निषेध गरे, तब म छक्क परेँ। अहिले त झन् भारतीय प्रेसले आफ्नै मुखमा ताला लगाएको छ। त्यसले नेपालको इतिहासमा आजसम्मको सबैभन्दा ठूलो शवयात्राको बारेमा एक शब्द पनि उल्लेख गरेन।

भारतीय प्रेस कम्युनिस्टविरोधी मानसिकताले ग्रस्त छ कि ऊ त्यस्तो मानिसलाई घृणा गर्छ– जो आफ्नो देशको रक्षाका लागि भारतीय महत्त्वाकाङ्क्षाको विरुद्ध उभिने साहस गर्छ। मलाई थाहा छैन। तर यतिबेला म भारतीय प्रेसका विरुद्ध कमरेड भण्डारीले व्यक्त गर्नुभएको आक्रोशको प्रशंसा गर्दछु।

कमरेड भण्डारीको जीवनयात्रा समाप्त भइसकेको छ। तर यो नै उहाँको पार्टी नेकपा (एमाले) को नयाँ यात्राको प्रारम्भको प्रतीक हो। मलाई पूरा विश्वास छ– त्यसले यो धक्कालाई चिर्ने छ। र, आउने दिनहरूमा पार्टीको कुभलो चिताउनेहरूको लालचलाई चिर्दै आफ्नो शोकलाई शक्तिमा बदल्ने छ।


*(भारतीय कम्युनिस्ट पार्टी (माले)का तत्कालीन महासचिव मिश्रको यो आलेख मण्डप पब्लिकेशन हाउसद्वारा प्रकाशित 'जननेता भण्डारी' बाट साभार गरिएको हो।)*

**संस्मरण**

# मार्क्सवादको मौलिक प्रयोग जबज



– **मुकुन्द न्यौपाने**
स्थायी कमिटी सदस्य, नेकपा (एमाले)



पुँजीपतिहरूको बहुदलमा जनतालाई शोषण गरेर शासन चलाउने हो। जबज भनेको जनताको पक्ष लिएर दलाल पुँजीपति, माफिया, बिचौलियाबाट जनतालाई मुक्त गरेर समाजवादतिर उन्मुख गराउने बहुदलीय जनवाद हो। यसको सही कार्यान्वयनका लागि पार्टीमा दुईवटा महत्त्वपूर्ण काम गर्नुपर्ने देखिन्छ। एउटा शुद्धीकरण र अर्को शुद्धीकरणमार्फत सुदृढीकरण।

## अन्तर्राष्ट्रिय पृष्ठभूमि

संसारमा मार्क्सवादबाट कम्युनिस्टहरूको उदय भएको हो। मार्क्सले सन् १८४६ मा सुरु गरेको प्रक्रियाबाट सन् १८५० भित्रमै युरोपमा क्रान्ति पूरा हुन्छ भन्ने निष्कर्ष थियो। त्यससँगै मार्क्सले कम्युनिस्टको घोषणापत्र लेख्नुभयो। उहाँले कम्युनिस्ट सङ्घ पनि बनाउनुभयो। सन् १८४९ मा पुग्दा क्रान्तिको कुरा गरेर मार्क्सले तीनवटा लेख लेखिसक्नु भएको थियो। सन् १८४९ मै क्रान्तिको सम्भावना टर्‍यो भनेर उहाँले लेख्नुभयो। उत्पादनको तीव्र विकास भयो। मानिसले रोजगारी पाइरहेको अवस्थामा क्रान्तिमा होमिँदैनन् भन्ने बित्तिकै मार्क्सले क्रान्तिको बाटो छोड्यो भनेर त्यहाँका कम्युनिस्ट नेताहरूबीच आरोप–प्रत्यारोपसँगै फुट सुरु भयो। त्यो घटनाक्रमपछि मार्क्स र एङ्गेल्स एकातिर हुनुभयो। त्यसपछि मार्क्सले सन् १८६३ आसपासमा गएर मजदुर मैत्री सङ्घ बनाउनुभयो। त्यसलाई अन्तर्राष्ट्रिय मजदुर मैत्री समाज भनेर नाम दिइयो। सन् १८५५ मा कम्युनिस्ट सङ्घ विघटन भयो। लेनिनको कालमा आउँदासम्म ती कुनै पनि कार्यक्रमले व्यावहारिक रूप लिएनन्।

सन् १९१७ मा पुगेपछि पहिलो समाजवाद ल्याउने व्यक्ति लेनिन हुन्। लेनिनको सामाजिक जनवाद भन्ने थियो। जनवादी क्रान्ति रुसको पहिलो क्रान्ति हो। लेनिनले अक्टोबरमा शासन आफ्नो हातमा लिएपछि सन् १९१८ मा गएर नयाँ कम्युनिस्ट पार्टी बनाउनुभयो। त्यसपछि लेनिनले नै कम्युनिस्ट सङ्घलाई जीवन दिनुभयो। त्यतिबेला लेनिनले सामाजिक जनवाद भनेर सुरु गर्नुभएको थियो। यता चीनमा माओत्सेतुङले नयाँ जनवाद भनेर ल्याउनुभयो। भियतनाममा जनताको जनवाद भनेर ल्याइएको थियो।

**मार्क्सवादबाट जबजसम्म**

दुनियाँ परिवर्तन भइसक्यो। हामीले कम्युनिस्ट विचार र कम्युनिस्ट सिद्धान्तलाई अटाउने गरी एउटा बाटो खोजौँ भनेर बहुदलीय जनवादको विकास भएको हो। वि.सं. २०४६ मा सिराहामा आयोजित पार्टीको चौथो महाधिवेशनमा पार्टीको विचारमाथि बृहत् छलफल गर्ने क्रममा एकदलीयभन्दा बहुदलीय बाटोबाट जानुपर्छ भनेर त्यहीँबाट बहुदलीय जनवाद अगाडि सारिएको हो। मदनकुमार भण्डारी पार्टीको महासचिव यही महाधिवेशनबाट बन्नुभएको हो। पार्टी खुल्ला भइसकेपछाडि यसले बहसको रूप लियो। यता झलनाथ खनाल सुधारिएको जनवाद भन्नेतिर पुग्नुभयो। चीनमा माओले लिएको पुरानै नौलो जनवादमा मोहनचन्द्र अधिकारी र सीपी मैनालीहरू पुग्नुभयो। कतिपय साथीहरू भने ढुलमुल अवस्थामा थिए। त्यस समयमा बहुदलीय जनवादमा दृढ रहनेमा मदनकुमार भण्डारी, ईश्वर पोखरेल, म (मुकुन्द न्यौपाने), जीवराज आश्रित लगायत थियौँ भने पछिल्लो समयमा मनमोहन अधिकारी रहनुभयो।

पाँचौँ महाधिवेशनमा गएपछि मनमोहन अधिकारीलाई पनि झलनाथ खनाल र सीपी मैनालीहरूले ढुलमुल अवस्थामा पुऱ्याए पनि पछि हामीले मनमोहन अधिकारीसँग बसेर कुरा गरिसकेपछि उहाँ र सहाना प्रधान नेपालको परिस्थितिमा बहुदलीय जनवादको बाटो ठीक छ भन्ने निष्कर्षमा पुग्नुभयो। जनताको बहुदलीय जनवाद भनेर पाँचौँ महाधिवेशनमा प्रज्ञा भवनमा दुईतिहाइले पारित गऱ्यो। जनताको बहुदलीय जनवादकै प्रभावले पहिलो चुनावमा संसद्को २०५ सिट सङ्ख्यामध्ये ६९ सिट हामीले ल्यायौँ। त्यसमा दलाल र पुँजीपति वर्गको बहुदल होइन। यो जनताको बहुदल हो भन्ने स्पष्ट छ।

जनताको बहुदलीय जनवाद जनताकै आन्दोलनबाट आएको हो र जनताकै सङ्घर्षबाट आएको हो। त्यसरी यसको नाम जनताको बहुदलीय जनवाद राखिएको हो। यो जनताको योगदानबाट सिर्जना भएको बहुदलीय जनवाद हो। सबै कुरा बुझाउन खोज्दा पनि सीपी मैनालीहरूले भने मान्नुभएन। पाँचौँ महाधिवेशनमा पारित गरेको विषय निरन्तर अगाडि बढ्ने र मदन भण्डारी पनि जीवित रहेको भए दोस्रो चुनावसम्म पुग्दा पार्टीले बहुमत ल्याउने निश्चित थियो भनेर अहिले पनि कल्पना गर्न सकिन्छ।

यता भर्खरै उम्रेको बहुदलमा कांग्रेसले आफ्नै सरकार ढालेर कांग्रेसलाई नै विभाजन गऱ्यो। त्यसबेलादेखि नै नेपालमा अस्थिरताको बीउ रोपिएको हो। त्यसपछि भएको मध्यावधि चुनावबाट हामी ठूलो पार्टी भयौँ। त्यतिबेला गिरिजाप्रसाद कोइरालालाई शेरबहादुर देउवासँग साह्रै पीडा थियो। त्यसपछि राप्रपा र कांग्रेस मिलेर सरकार बनाऔँ भनेर शेरबहादुर देउवा र रामचन्द्र पौडेलहरू कुदेका थिए। यता कांग्रेसका तर्फबाट गिरिजाप्रसाद कोइराला, सुशील कोइराला, गोविन्दराज जोशी र हाम्रो तर्फबाट म (मुकुन्द न्यौपाने), केपी शर्मा ओली र माधवकुमार नेपालसहित तीन/तीन जना बसेर छलफल गऱ्यौँ। यो कुरा कसैलाई पनि आजसम्म थाहा छैन। त्यो बैठकमा गिरिजाप्रसाद कोइरालाले बहुदलीय जनवादले तपाईंहरू पनि बलियो हुनुभयो। म तपाईंहरूलाई सरकार चलाउन दिन्छु। तर मेरो विरोध नगर्दिनुहोला भन्नुभयो।

त्यसपछाडि मनमोहन अधिकारी प्रधानमन्त्री हुनुभयो। मन्त्री खान नपाएका वामदेव गौतम लगायतका मानिसहरूले भने भित्रभित्रै एउटा गुटबन्दी सुरु गरिसकेका रहेछन्। त्यसपछि केपी शर्मा ओली र वामदेव गौतमको वारपारको अन्तरविरोध भयो। 'केपीले गृहमन्त्री पाउने, मैले केही नपाउने' भनेर वामदेव गौतमले कांग्रेससँग भित्रभित्रै गठजोड गर्न थालेछन्। गृहमन्त्री नपाएको झोँकमा वामदेव गौतमले वि.सं. २०५४ मा पार्टी फुटाउनेसम्मको हर्कत गर्नुभयो। पार्टी नफुटेको भए १ सय २५ सिट एक्लै एमालेले ल्याउँछ भनेर तत्कालीन राप्रपा, कांग्रेस लगायतका दलहरूको रिपोर्ट नै थियो। त्यतिबेला आफ्नो गाउँ आफैँ बनाऔँ र वृद्धभत्ताका कारणले मनमोहन अधिकारी र एमालेको हाइहाइ थियो। सोही कारण अहिले कुनै हालतमा चुनाव हुन दिनु हुँदैन भनेर विरोधीहरूसँग गठजोड भयो।

एकपटक मदनकुमार भण्डारीसँग पूर्वको रानीबारी, धनकुटा जाँदा सँगै गइयो। म कविता, गीतहरू लेख्ने

भएकाले कविता र गीत लेखेर बैठकमै आदानप्रदान गर्ने गर्दथेँ। मदनकुमार भण्डारीले तत्कालीन अवधिमा चीन जाने निर्णय पनि लिनुभयो। त्यतिबेला १० जनाको टोली बनाउनुभएको थियो। त्यसमा अमृत बोहरा, म, हेमराज राईसहित थियौँ। त्यसबेला हु जिन्ताओसँग ग्रेट हलमा हामीहरूको भेट भएको थियो। त्यहाँका राजदूतले हु जिन्ताओ महासचिव हुँदैछन् र भविष्यको राष्ट्रपति पनि हो भनेर भनेका थिए। त्यसैले तपाईंहरूसँग भेट्नुको अर्थ उहाँले तपाईंहरूलाई महत्त्व दिएको हो भनेर राजदूतले भन्नुभएको थियो। किनकि गाइडहरूले सम्पूर्ण रिपोर्ट अगाडि नै गरिसकेका रहेछन्। हु जिन्ताओले किसान, मजदुर, महिला, जातजाति लगायत तपाईंहरूले ल्याएको प्रतिनिधिमण्डलको छनोट एकदमै राम्रो भनेर हाम्रो प्रशंसा गर्नुभएको थियो।

**अध्ययन संस्कृति र अभ्यास**

मदन कमरेड हुँदाका बेलाका चारवटा कुरा यतिबेला खलबलिएका छन्। त्यसबेला दिउँसो काममा र सङ्गठन बनाउन लाग्ने अनि बेलुका पुस्तक निकालेर एक/डेढ घण्टा नियमित पढ्ने गरिन्थ्यो। अहिले यो विषय उल्टिएको छ। अहिले दिउँसोभरि गफ, बेलुका भोज र मोजमा रमाउने प्रचलन छ। कोही पढ्ने अवस्थामा अहिले छैनन्। अर्को सङ्गठनको व्यवस्थापन छैन। ठूला कमिटी बनाइएको छ। बैठक ११ बजे बोलाइन्छ। १२ बजेदेखि आउन सुरु गर्दछन्। ३ बजेदेखि निस्किन सुरु गर्दछन्। ठूलो कमिटी हुँदा सदस्यहरूलाई बसाउने ठाउँ हुँदैन। आउने र जानेको बाटोमा भेट हुने गर्दछ। त्यसैले बैठकको व्यवस्थापन र कार्यशैलीमा सुधारको खाँचो छ। जनवादले अगाडि सारेको कार्यशैलीको मूल मर्म भनेको कमिटीले बहुमतको निर्णय लिएर जानुपर्दछ भन्ने हो। दुई महाधिवेशनको बीचमा केन्द्रीय कमिटी र दुई केन्द्रीय कमिटीको बीचमा स्थायी कमिटीको सर्वोच्चता अनि सामूहिक निर्णयको पद्धति मदनकालीन सङ्गठन सञ्चालनको विशिष्टता हो।

अब मदनको झण्डा लिएर नेपालको विशिष्ट अवस्थालाई बुझ्दै नेपालको अहिलेको मार्क्सवाद भनेको जनताको बहुदलीय जनवाद हो भनेर अगाडि बढ्नुपर्ने खाँचो छ। हामीले दलाल पुँजीपति वर्गको यो बहुदल होइन, एमालेले ल्याएको जनताको बहुदल अर्थात् जनताको इच्छामा जनताले चुनेका प्रतिनिधिको शासन हुनुपर्दछ।

नेकपा (एमाले)का कार्यकर्ताहरूले मदन भण्डारीको जनताको बहुदलीय जनवाद, मदनको बाटो, मदनको सिद्धान्तलाई शिरोधार्य गरेर अगाडि बढ्नुपर्दछ। त्यसका लागि अध्ययन जरुरी छ। मदन भण्डारीको अध्ययन ज्यादै गहिरो थियो। उहाँले भूमिगत कालमा कहिलेकाहीँ रातभरि बसेर छलफलसमेत गर्नुहुन्थ्यो। उहाँले 'तपाईंले अध्ययन गर्नुहुन्छ, दर्शनसम्बन्धी नबुझेका विषयमा तपाईंले तयारी गर्नुपर्दछ' भनेर मलाई भन्नु हुन्थ्यो। मेरो ध्यान त्यतैतिर तानिन गयो र मैले रुस लगायत विभिन्न पाँच/सातवटा देशका दर्शनसम्बन्धी किताब हेरेर ७४ वटा प्रश्न राखेर दर्शन प्रश्नावली किताब नै निकालेँ।

**जबजको विकासक्रम**

वि.सं. २०३९ मा सीपी मैनालीलाई हटाएर झलनाथ खनाललाई महासचिव बनाइएको थियो। यता सिराहाको बैठकबाट बिस्तारै मदनको प्रगति बढ्दै गयो। गण्डकीको रुपाकोटमा भएको एउटा बैठकमा मदन भण्डारी जुन ढङ्गले पेस हुनुभयो, झन्डै एक घण्टासम्म उहाँले राख्नुभएको विचारसँगै सारा केन्द्रीय सदस्य उहाँको पक्षमा उभिए। यो वि.सं. २०४१ को कुरो हो। त्यसपछि उहाँलाई पोलिटब्युरो सदस्यमा लगियो।

पछि रानीबारी धनकुटामा वि.सं. २०४३ मा बैठक बसेपछि उहाँको क्षेत्रमा उहाँलाई नै जिम्मा दिइयो। त्यहाँ घनिभूत छलफल भइसकेपछि उहाँले एउटा प्रस्ताव ल्याउनुभयो– अब हामीले बहिष्कार गरेर हुँदैन। लेनिनले सन् १९०५ मा रुसको तुमामा भाग लिने निर्णय गर्नुभयो। लेनिनले जहाँ जनता छन्, त्यहाँ पाइला राख भन्नुहुन्थ्यो।

'हामीले पनि त्यसपछाडि जनता भएको ठाउँमा जानुपर्छ भने साडी लगाएर भए पनि जान तयार हुनुपर्छ'– मदनले कडाइका साथ भन्नुभएको थियो।

अब पञ्चायतलाई उपयोग गरेर जाउँ, त्यसले गर्दा हाम्रा सेल्टरहरू विकास हुन्छन् र हामी सुरक्षित पनि हुन्छौँ। त्यसलगत्तै वि.सं. २०४३ मा पञ्चायतलाई उपयोग गर्ने नीति लिएर हामी आयौँ। त्यसको अन्तिममा चुनाव थियो। हामीले भाग लियौँ। चुनावमा सोमनाथ प्यासी, जागृत भेटवाल, पद्मरत्न तुलाधर, झापाका द्रोण आचार्य लगायत राष्ट्रिय पञ्चायतमा ६ जनाले जिते। त्यति व्यक्तिले नै पूरै देश हल्लाइदिए। देशभरिमा ३०० जति प्रधानपञ्च थिए। धेरै ठाउँमा वडा प्रतिनिधिहरू हामीले जित्यौँ। ती जितेका स्थान हाम्रा सेल्टर भए। हामीलाई त्यहीँ बसेर कामकाज अगाडि बढाउन धेरै सजिलो बनायो। अनि त्यसले आन्दोलनको बाटो पनि बनायो। पञ्चायत फ्याँक्ने भनेर कांग्रेससँग पनि कुरा भयो। २०३६/३७ सालको जनमतसङ्ग्रहले हामीलाई काम गर्न सजिलो बनाइदिएको आज पनि स्मरण भइरहेको छ।

जनमतसङ्ग्रह पछाडि चुनाव हुने भयो। चुनावमा अरूले पनि भाग लिन पाउने भए। त्यसले पञ्चायतभित्र पनि गुट–उपगुट हुन पुग्यो। त्यसले वातावरण सहज बनाउँदै गएपछि पञ्चायतलाई उपयोग गरेर अरु सहज वातावरण हुन्छ अनि कांग्रेससँग मिलेर पञ्चायत फ्याँक्न सकिन्छ भन्ने भयो। एउटा तयारी राजतन्त्र फ्याँक्न निरन्तर लाग्ने र त्यो अवस्था नआएसम्म यसलाई उपयोग गरेर जाने भन्ने नै थियो। त्यसपछाडि वि.सं. २०४६ को सिराहाको बैठकमा जबजलाई अगाडि बढाइयो। कांग्रेसले भनेको बहुदल दलाल पुँजीपतिको हो। हामीले भनेको बहुदल जनताको हो भनेर जनताको बहुदलीय जनवाद फरक हिसाबले विश्लेषण गरेर जानुपर्छ भनेर कांग्रेससँग मिलेर आन्दोलन गरियो।

त्यसपछि चैत २६ गते वीरेन्द्रले बहुदलको घोषणा गरे। त्यतिबेला संविधान बनाउन के गर्छन् भनेर हामी हेर्दै थियौँ। जब वीरेन्द्र सबै दबाबलाई झेलेर आफूले गरेको घोषणामा अडिने भए, त्यसपछि हामीले २७ बुँदे फरक मत राखेर बहुदलमा भाग लिने घोषणा गर्‍यौँ। पहिलो चुनावमा ६९ सिट आयो। दोस्रो चुनावमा सबैभन्दा ठूलो पार्टी भयो र सरकारमा पुग्यो। मदन भण्डारीको लचकता र बुद्धिमत्ता नभएको भए आज नेपालको स्थिति डामाडोल हुने थियो।

पाँचौँ महाधिवेशनमा जबज पारित भएको थियो। छैटौँ महाधिवेशनमा मदन भण्डारी कमरेड रहनुभएन। वामदेव गौतमले फुटाएका कारण पार्टी विभाजन भयो। सातौँ महाधिवेशनमा वामदेवहरू पुनः एमालेमा फर्किए। सीपी मैनाली लगायत केही टिम उतै बस्यो। आठौँ महाधिवेशनमा झलनाथ खनाल र केपी ओलीको प्रतिस्पर्धा भयो। नवौँ महाधिवेशनमा केपी ओलीलाई समर्थन गरियो। दशौँ महाधिवेशनमा उपस्थित नै भइएन। एमाले भङ्ग गरेर प्रचण्डलाई ल्याएर दुईवटा अध्यक्ष बनाउने विषयमा म असहमत थिएँ।

**जबजको आलोकमा पार्टी निर्माण**

सबैले बुझ्नुपर्दछ कि नेपालमा मार्क्सवादको मौलिक प्रयोग जनताको बहुदलीय जनवाद हो किनभने दक्षिणतिर जम्मै बहुलवादमा छन्, उत्तरमा चीन छ। चीनमा उसको एकल पार्टी हो। हामीले कम्युनिस्ट समाजवाद छोड्न सक्दैनौँ। त्यसैले हाम्रो पाइला अब जनताको बहुदलीय जनवादबाट अगाडि बढ्नुपर्छ। बुर्जुवा दलाल पुँजीपतिको बहुदलीय जनवाद होइन, जनताको बहुदलीय जनवाद हो। पुँजीपतिहरूको बहुदलमा जनतालाई शोषण गरेर शासन चलाउने हो। जबज भनेको जनताको पक्ष लिएर दलाल पुँजीपति, माफिया, बिचौलियाबाट जनतालाई मुक्त गरेर समाजवादतिर उन्मुख गराउने बहुदलीय जनवाद हो। यसको सही कार्यान्वयनका लागि पार्टीमा दुईवटा महत्त्वपूर्ण काम गर्नुपर्ने देखिन्छ। एउटा शुद्धीकरण र अर्को शुद्धीकरणमार्फत सुदृढीकरण। यी दुईवटा काम नगरीकन पार्टी बन्दैन। पार्टीमा मदन कमरेडले ल्याउनुभएको जबजको बाटोबारे सम्झाइरहनुपर्ने र बताइरहनुपर्ने आवश्यकता छ। जबजको आलोकमा नेता–कार्यकर्तामा अध्ययन–प्रशिक्षण अभियानका साथ पार्टी निर्माण र सञ्चालनमा लाग्न जरुरी छ।

**संस्मरण**

# जबजको कार्यक्रम र मदन भण्डारी






**– शान्ता मानवी**
सदस्य, केन्द्रीय सल्लाहकार परिषद्, नेकपा (एमाले)

*अहिले पनि जबज विश्वमै सान्दर्भिक छ । नेपालको माटो सुहाउँदो सिद्धान्त नै यही हो । मदनको मर्मअनुसार जबज लैजान भुइँमान्छेको बीचमा जानुपर्छ । अहिले पनि मेचीदेखि महाकालीसम्म पुग्ने हो भने पार्टी उठाउन सकिन्छ भन्ने मेरो दृढ विश्वास छ ।*

जननेता मदन भण्डारीले प्रतिपादन गर्नुभएको जनताको बहुदलीय जनवाद (जबज) नेपालको कम्युनिस्ट आन्दोलनको वैचारिक मार्गदर्शन हो । यसको आधार चौथो महाधिवेशनले तयार गरेको हो । पाँचौँ महाधिवेशनले यसलाई नेपाली क्रान्तिको मौलिक कार्यक्रमका रूपमा पारित गऱ्यो । अहिले जबज नेकपा (एमाले) को मार्गदर्शक सिद्धान्त बनेको छ । मलाई पाँचौँ महाधिवेशनमा यो कार्यक्रम प्रस्तुत गर्दै गर्दा र पारित हुँदै गर्दा मात्र होइन, विभिन्न चरणमा छलफल हुँदै गर्दाका हरेक पलको परिदृश्य झलझली याद आइरहेको छ ।

जनताको बहुदलीय जनवाद हलबाट पारित हुनुपूर्व धेरै छलफल भयो । अझ तल्ला तहसम्म बहसका लागि पठाइएको थियो । त्यसबेला अन्य प्रतिवेदन पनि तयार भएका थिए । ती प्रतिवेदन पनि मातहतका निकायमा पठाइएका थिए । कतिपय जिल्लामा त मदन भण्डारीले तयार गर्नुभएको जबज छलफलमै लगिएन । अथवा लुकाइयो । यसले पनि विचारका हिसाबमा निक्कै टकराव थियो भन्न सकिन्छ । म त्यतिबेला नवलपरासी जिल्लामा काम गर्थें । त्यहाँ पनि अल्पमत र बहुमतका प्रतिवेदन पुगेका थिए । म मदनको पक्षमा भएका कारण मलाई नै नाकाबन्दी गरिएको उदाहरण छन् । म मदनको पक्षमा कडा रूपमा लागेकी थिएँ । त्यस जिल्लाको नेतृत्वमा भने अल्पमत पक्षका साथीहरू हुनुहुन्थ्यो ।

अरू साथीहरू अन्य पक्षमा भएका कारण म 'टार्गेट'मा थिएँ । महाधिवेशन प्रतिनिधि चयनका बेला पनि निक्कै रस्साकस्सी हुने नै भयो । अन्य ठाउँमा के के भयो बिर्सें तर मेरै हकमा प्रतिनिधि नै बन्देज गर्नेसम्मका योजना नभएका होइनन् । मलाई महिलाहरू सङ्गठित गर्ने जिम्मेवारी थियो । सो जिम्मेवारी भए पनि म आरक्षणको पक्षपाती थिइनँ । म प्रतिनिधि पनि खुला रूपमा नै निर्वाचन लडेर जान चाहन्थेँ । तर, मलाई रोक्ने कोसिस भएको थियो । म महिला सङ्गठनका तर्फबाट प्रतिनिधि चयन भएर महाधिवेशनमा गएकी थिएँ ।

म प्रतिनिधि चयन भएको केही समयपछि मदन कमरेडहरू सुदूरपश्चिमबाट बुटवल आउने कार्यक्रम थियो। हामी सबै बुटवल पुग्यौँ। मदनले मेरो प्रतिनिधि चयनका विषयमा जिज्ञासा राख्नुभयो। मैले सबै कुरा भनेँ। त्यसपछि उहाँले भन्नुभयो, 'अरूलाई षड्यन्त्र गरेर हराउँछन्। तपाईंलाई षड्यन्त्र गरेर जिताएछन्, लौ बधाई छ।'

## पाँचौँ महाधिवेशनको झल्को

जब पाँचौँ महाधिवेशनको उद्घाटन भयो, त्यसपछि वैचारिक दस्ताबेजका बारेमा निक्कै रस्साकसी भयो। त्यही बेला रघुजी पन्तले प्रस्तुत गर्नुभएको दस्ताबेजले खुबै चर्चा पायो। महाधिवेशन हलमा सबै दस्ताबेजका बारेमा छलफल भयो। अत्यधिक मतले जबज पास भयो। त्यसपछि नेतृत्व चयनका बेला निक्कै समस्या भएको थियो। तर, संयम र धैर्यताले यो विषय पनि मदन कमरेडले टुङ्गोमा लैजानु भयो। एकातिर सीपी मैनाली भड्कने, झलनाथ खनाल बाउँठिने अवस्था थियो। जबजलाई दक्ष प्रजापतिको टाउको भन्ने झलनाथले पनि नेतृत्व चयनका बेला भिन्न मत राख्नुभएको थियो। अनि मोहनचन्द्र अधिकारीको अर्को दस्ताबेज थियो। त्यसमा पनि समस्या थपियो। यी सबै मिलाउनुपर्ने बाध्यता थियो। अनि मनमोहन अधिकारीलाई सम्मान गर्नुपर्ने अवस्था पनि थियो। अष्टलक्ष्मी शाक्य र प्रदिप नेपालको विषयमा समस्या नै भयो। यस विषयमा पछि कुरा मिल्यो। यो सबै समस्या समाधान मदनको कुशलताले भएको हो। मदनको विवेकशील, धैर्यता र इमानदारीले त्यो महाधिवेशनमा नेतृत्व चयन भयो। मदनले महासचिवको माग गर्नुभएको थिएन। तर, महाधिवेशनले महासचिव बनायो।

## जबज नै किन ?

हलमा धेरैवटा दस्ताबेज प्रस्तुत भएका थिए। जबज नै समर्थन गर्नुको कारण पनि मदन नै हो। एक त मदनसँग मेरो पुरानो सामीप्य थियो। त्यसबाहेक उहाँका शैली र जबजभित्र भएका अन्तर्वस्तुले प्रभावित पारेको थियो। कम्युनिस्टको खुला राजनीति र बहुदलीय प्रतिस्पर्धा मन परेका विषय थिए। एकदलीय शासन गर्ने राजा नै थिए नि ! कम्युनिस्ट भएर नेपाल सुहाउँदो राजनीति गर्नका लागि मदनको जबजको विकल्प नै छैन भन्ने मेरो बुझाइ थियो।

अझ जनताको समर्थनमा गरेको राजनीति दिगो हुन्छ भन्ने हो। यो विषय पनि जबजको मूल मर्म हो भन्ने बुझेँ। जबजका सबै बुँदा मलाई मन पऱ्यो। त्यही बुँदा देशको हितमा छ भन्ने मेरो धारणा हो। अनि यसलाई धेरैमा सहमत गर्न सकियो। जीवराज आश्रित, मोदनाथ प्रश्रितजस्ता धेरै विद्वान्हरूले जबजको पक्षपोषण गर्नुभयो। अझ चौथो महाधिवेशनमै जबजको जग हालिएका कारण पनि यो निकै परिष्कृत भइसकेको थियो। मदनको नेतृत्वमा धेरै नेताको मिहिनेत भयो। दस्ताबेज गाउँगाउँ पठाएर बुद्धिजीवी, विद्यार्थी, महिला, किसान, युवा हरेकमा पुगेका कारण जबज अझ परिष्कृत भइसकेको थियो। त्यसमा पनि मदनको सरल शैलीले जबजलाई जनतासम्म लैजान सहयोग पुग्यो।

खुला राजनीति, कानुनी राज्य, अल्पमतको प्रतिपक्ष, बहुमतको शासन भन्ने विषय असाध्यै राम्रा छन्। यी सबै विषय नेपाली मात्र होइन, विदेशी प्रतिक्रियावादीलाई पनि मन परेको थिएन। अझ मदनले कलकत्तामा प्रस्तुत गर्नुभएको विचारले उहाँप्रतिको विश्वको ध्यान गयो। अनि उहाँप्रति आक्रमण गर्ने र हत्यासम्म गर्ने योजना बनेको हो भन्ने मेरो बुझाइ छ।

## कार्यान्वयनको चरण सुधारौँ

जुन उद्देश्यले मदनले जबजको प्रतिपादन गर्नुभयो, सोही अनुरूप कार्यान्वयन हुन सकिरहेको छैन। यसमा विभिन्न विषयले काम गरेका छन्। एक त मदनले तयार गर्नुभएको जबजको कार्यान्वयनको चरणमा उहाँ रहनुभएन। उहाँको धारणा उहाँकै नेतृत्वमा कार्यान्वयन हुन पाएको भए राम्रो हुन्थ्यो। उहाँ आफ्नो योजना कार्यान्वयनका लागि साह्रै दृढ भएर लाग्नु हुन्थ्यो। त्यसकारण पनि उहाँले नै यसको कार्यान्वयनको चरणमा काम गर्न पाउनु भएको भए पक्कै राम्रो हुन्थ्यो।

**मैले चिनेको मदन**

म पनि बनारसमा थिएँ। मदन पनि बनारसमै पढ्नु हुन्थ्यो। त्यतिबेला मदनसँग अरू पनि धेरै नेपाली विद्यार्थी थिए। म पुष्पलालको प्रभावमा कम्युनिस्ट राजनीतिमा लागेकी हुँ। त्यतिबेला बनारसमा साहित्य र नेपाली राजनीतिका विषयमा खुबै बहस र लेखनी हुन्थ्यो। पुष्पलालले सबैलाई लेख्न लगाउनु हुन्थ्यो। हामी पनि लेखनीमा लाग्थ्यौँ। मदनका लेखनी त्यसबेला सबैलाई प्रभाव पार्ने खालका हुन्थे। मदनले लेखेका कविता सुनाउँदा सबै मख्ख पर्थे। उहाँको लेखनीमा खास दम हुन्थ्यो। अरू मात्र होइन, पुष्पलाल पनि मदनको लेखनी र वाक्कलाको खुब प्रशंसा गर्नुहुन्थ्यो।

मदनले कविता सुनाउँदा उहाँको वाक्कला देख्दा पुष्पलाल निकै भावुक भएको मैले देखेको छु। पुष्पलालले मदनका कविता सुनेपछि 'यी ठिटा निक्कै कुशाग्र बुद्धिको लाग्छ। यिनले केही गर्छन् है' भन्दै हौसला दिनुहुन्थ्यो।

पुष्पलालले नै त्यसरी प्रशंसा गर्ने व्यक्तिले हामीलाई प्रभावित नपार्ने कुरै भएन। 'मदनले देशलाई केही गर्छन्' भनेको शब्द अहिले पनि मलाई याद छ। त्यहाँ छात्र परिषद् थियो। त्यसले 'छात्र प्रवाह' प्रकाशन गर्थ्यो। त्यसका लागि अर्थ जुटाउने र रचना जुटाउने भाग मेरो थियो। त्यसको सम्पादन भने मदन कमरेडले गरिदिनु हुन्थ्यो। त्यतिबेला सिन्धुपाल्चोकका जगन्नाथ आचार्य पनि त्यहीँ हुनुहुन्थ्यो। मदन कमरेडसँग उहाँको खुबै दोस्ती थियो। उहाँ पनि कविता खुबै लेख्नुहुन्थ्यो। त्यसताका नै मदनप्रति मेरो उच्च सम्मान थियो।

सारा पूर्वीय दर्शनका व्याख्या गर्ने मोदनाथ प्रश्रित, मदन भण्डारी आफैँ संस्कृतका धुरन्धर अनि जीवराज आश्रितजस्ता विद्वान्हरूको साथ र सहयोगमा मदन कमरेडले नयाँ सिद्धान्त प्रतिपादन गर्नुभएको हो। अमृत बोहरा, मुकुन्द न्यौपाने पनि बनारसमै हुनुहुन्थ्यो। उहाँहरूको पनि मदनलाई राम्रै साथ थियो।

राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिलाई आकलन गर्न सक्ने क्षमता मदनको थियो। बदलिँदो विश्व परिस्थितिलाई आत्मसात् गर्न सक्ने भएका कारण नै नयाँ सिद्धान्तको निर्माण भएको हो। नेपाल सुहाउँदो सिद्धान्त आवश्यक हुन्छ भन्ने मदनको भनाइ थियो। हामीले देशको परिवेश अनुसारको सिद्धान्त निर्माण गर्नुपर्छ भन्ने मदनको विचारले नै जबज जन्मिएको हो।

**जबजको सान्दर्भिकता**

अहिले पनि जबज विश्वमै सान्दर्भिक छ। नेपालको माटो सुहाउँदो सिद्धान्त नै यही हो। मदनको मर्मअनुसार जबज लैजान भुइँमान्छेको बीचमा जानुपर्छ। अहिले पनि मेचीदेखि महाकालीसम्म पुग्ने हो भने पार्टी उठाउन सकिन्छ भन्ने मेरो दृढ विश्वास छ।

मदनले 'कुराले चिउरा भिज्दैन' भन्नुहुन्थ्यो। त्यो सही हो। जे सम्भावना छ, त्यही विषयमा लाग्नु पर्छ। मान्छेका भावना बुझेर सोही अनुरूप कार्ययोजना बनाएर जाने हो भने जबजको आवरणमा पाँच वर्षमा कायापलट गर्न सकिन्छ। कुनै विचार सानै देशबाट पनि उठ्न सक्छ। र, फैलिँदै जान्छ भनिन्छ। त्यसबेला पुँजीवादको विकल्प केही छैन भन्थे। सामाजिक र वैचारिक अभियान खत्तम भयो भन्ने दाबी गरिएको थियो। विश्व एकध्रुवीय भइरहेको भन्ने विषयमा मदन भण्डारीले राखेको विचारले कम्युनिस्टहरू पनि केही हुन् है भन्ने सन्देश दिएको थियो। सही विचार लिएर अघि बढ्ने हो भने सम्भावना अझै छ भन्ने सन्देश त्यतिबेलै मदन भण्डारीले दिनुभएको हो।

संस्मरण

# जब मदनले कम्मरको खुकुरी झिक्नु भयो...





– **जगन्नाथ आचार्य**
सदस्य, केन्द्रीय सल्लाहकार परिषद्, नेकपा (एमाले)

मदनको ओजपूर्ण भाषण कलाले मानिस मन्त्रमुग्ध हुन्थे । मदन हडबडाएको, दुःखी भएको र आक्रोशित भएको मैले कहिल्यै देखिनँ । धैर्य उहाँको अनुपम गुण थियो । दम्भ थिएन । त्यसबेलाको राजनीतिक माहोलमा एउटा कम्युनिस्ट पार्टीलाई जनतामाझ लोकप्रिय गराउन मदन सफल हुनुभयो ।

राजनीतिको हरेक मोडमा मदन भण्डारी र उहाँको सिद्धान्तको याद आउँछ। त्यसकारण युग पुरुषलाई सधैँ सम्मान हुन्छ। नेपाली क्रान्तिको मौलिक सिद्धान्त जनताको बहुदलीय जनवादका प्रणेता मदन भण्डारी। जनताको मुक्तिका लागि नै उहाँको धर्तीमा अवतरण भएको भान हुन्छ।

२०२७ सालमा म विश्वनाथ गल्लीमा रहेको संस्कृत महाविद्यालयमा शास्त्री प्रथम वर्षमा भर्ना भएँ। हेर्दा अठार/बीस वर्षजतिका, सफा सेतो कुर्ता र पाइजामा लगाएका, कालो टोपी लगाएका र हातमा किताब बोकेका, यही हुलियामा मदन भण्डारीलाई भेटेको हुँ। त्यो बनारसको साधुबेला संस्कृत महाविद्यालयमा थियो। उहाँ र म एउटै कक्षामा साहित्य विषय पढ्थ्यौँ। उहाँको हुलिया, नरम बोली र व्यवहारले पहिलो भेटमै म आकर्षित भएँ। तीक्ष्ण बुद्धि, निकै प्रतिभाशाली विद्यार्थी, गुरुसँग बहस गर्ने उहाँको स्वभाव थियो। हाम्रो भेट भएको केही सातामै हामी मिल्ने मित्र बन्यौँ। हामी दैनिक बेलुका घन्टौँ बस्थ्यौँ र महाविद्यालयका नेपाली विद्यार्थीबारे चर्चा गर्थ्यौँ। उहाँ भन्नुहुन्थ्यो, 'अहिले पढ्नुपर्छ।' उहाँको बसाइ गोदौलियाको साधुमठमा थियो। हामी उहाँकै कोठामा जम्मा हुन्थ्यौँ र राजनीतिक कुरामा मग्न हुन्थ्यौँ। राजनीतिमा मदनको पनि खुबै चाख हुन्थ्यो।

मदनको कुरामा प्रगतिशील विचारको छनक मिल्थ्यो। अनि झन् गजब लाग्थ्यो। धर्मशालामा सीमित पत्रिका आउँथे। त्यसमा पनि हाम्रो खुवै चासो हुन्थ्यो। महाविद्यालयमा संस्कृतमा वादविवाद प्रतियोगिता हुन्थ्यो, मदनजी नै प्रथम भएका धेरै क्षण अझै सम्झना छ। वादविवाद प्रतियोगितामा 'ईश्वरको अस्तित्व छैन' शीर्षकमा संस्कृतमै बोलेर मदन प्रथम हुनुभएको हो। कविता प्रतियोगिता, पौडी, कुस्ती, दौडमा पनि

मदनले प्रथम स्थान हासिल गरेको मलाई याद छ। दर्शन, साहित्यमा पनि मदनलाई जित्न धौधौ थियो। मदनको तीक्ष्णतामा केही कम्युनिस्ट नेता नजिक भएको हामीले पायौँ।

धेरै पढ्ने लालसाले ०२१ सालमा म बनारस पुगेको हुँ। त्यसबेला बनारस विभिन्नखाले राजनीतिक आन्दोलनको केन्द्रबिन्दु पनि थियो। म पनि नजानिँदो पाराले ती राजनीतिक आन्दोलनतिर आकर्षित हुन थालेँ। मदन त हाम्रा राजनीतिक अगुवा नै हुनुभएको थियो।

बनारसका ८०/९० वटा संस्कृत महाविद्यालयमध्ये आधाजसो त नेपाली विद्यार्थीले भरिएका थिए। ०१७ पछि नेपालमा पञ्चायती शासन सुरु भयो र त्यही बेला यहाँका धेरै भूमिगत नेता शरण लिन वा नेपथ्यमा बसेर आन्दोलन हाँक्न बनारस पुगे। बनारसमा दुईखाले विद्यार्थी थिए– धनी र गरिब। धनीहरू अङ्ग्रेजी पढ्थे, हामीजस्ता गरिब संस्कृत पढ्थ्यौँ।

पुष्पलाल लगायतका कम्युनिस्ट नेता हामी प्रवासबाट गएका विद्यार्थीलाई प्रशिक्षण दिनुहुन्थ्यो। त्यही सङ्गतले होला– थाहै नपाई म पनि कम्युनिस्ट भएँ।

एकदिन कलिलो अनुहारका मदनजी कम्युनिस्ट पार्टीको सदस्यता लिन जानु भयो। तर, दाह्री नउम्रेकैले उहाँलाई सदस्यता दिइएन। त्यही झोँकमा मदनजीले 'दाह्री' शीर्षकको कविता लेख्नुभएको थियो। त्यस कविताको एउटा पङ्क्ति अझै पनि मलाई सम्झना छ:

'भइहाल्थेँ कि नेता म पनि त कतै, दाह्री हो उम्र उम्र ...।'

०२८ सालमा छात्र परिषद्को चुनाव भयो। चुनावमा खुब तनाब हुन्थ्यो। महामन्त्रीमा मदन भण्डारी उठ्नुभयो। म उपाध्यक्षमा उठेँ। चुनाव भयो तर १५ भोटले मदनजी पराजित हुनु भयो। मैले उपाध्यक्षमा जितेँ। मलाई सम्झना छ, मैले चुनाव जितेपछि उहाँले मलाई अँगालो हालेर बधाई दिनुभयो। आधा रातसम्म महाविद्यालयको आड लागेर हामीले राजनीति र हाम्रा सपनाका बारेमा कुरा गरेका थियौँ।

त्यसबेला परिषद्बाट 'छात्रप्रवाह' भन्ने साहित्यिक पत्रिका निस्किन्थ्यो। त्यसको सम्पादक मदनजीलाई चुनियो। त्यसबेला पुष्पलालहरूसँग मदनको पनि निकै राम्रो घुलमिल भइसकेको थियो। कहिल्यै पनि ढल्केर नहिँड्ने र छाती फुलाएर हिँड्ने उहाँको बानी औधी मन पर्थ्यो। प्रायःजसो कम्मरमा खुकुरी लुकाएर भिरेको मलाई थाहा छ। मैले त्यो खुकुरीका बारेमा बराबर प्रश्न गर्थें। उहाँ भन्नुहुन्थ्यो– 'प्रवासमा कसको के भर हुन्छ र ? आफ्नो सुरक्षा आफैँले गर्नुपर्छ।' यो दृश्यले म मदनजी लडाकु पनि हुनुहुन्थ्यो भन्ने अड्कल काट्थेँ।

एक रात मदनजी र म राजनीतिको गफ गर्दै ठटेरी गल्लीबाट उहाँको कोठातिर हिँडिरहेका थियौँ, स्थानीय गुण्डाले हामीलाई पछ्याइरहेका रहेछन्। एक जना बनारसी गुण्डाले मदनजीको टोपी शिरबाट निकाल्यो र हातमा घुमाउन थाल्यो। उसले हामीलाई गाली गर्दै थियो। गाली सहन नसकी मदनजीले बेस्सरी त्यसको कठालो समातेको झल्झली याद आउँछ। त्यसले चक्कु निकाल्यो। मदनजीले पनि आफ्नो कम्मरबाट खुकुरी निकालेर लखेट्नु भयो। त्यसले मदनजीको टोपी मदनजीकै हातमा राखेर भागेको दृश्यले खुब मज्जा आएको थियो।


संस्कृत विद्यालयमा मासु खान बन्देज थियो। हामीले मासु खान खासै रुचि पनि देखाएनौँ। त्यहाँ दाल, रोटी, तरकारी खाइन्थ्यो। कहिलेकाहीँ सत्यनारायण मिठाई भण्डारबाट मिठाई किनेर खान्थ्यौँ। त्यहाँ संस्कृत पढ्नेलाई सित्तैँमा खाने सुविधा थियो। पढेबापत छात्राबासबाट पैसा दिइन्थ्यो। फस्ट क्लासको विद्यार्थीलाई मासिक ३५ रुपैयाँ र सेकेन्ड क्लासको विद्यार्थीलाई ३० रुपैयाँ। म ३० रुपैयाँ पाउँथेँ, मदनजीको भागमा ३५ रुपैयाँ आउँथ्यो। छात्रावासबाट पाएको रोटी लुकाएर ल्याउँथ्यौँ र गल्लीमा बसिरहेका नेतालाई खुवाउँथ्यौँ।

'यी मदन एकदिन नेपालको निकै ठूलो मान्छे बन्नेछन्' भन्ने मलाई त्यही बेला नै लाग्थ्यो। कलेज छुट्टीका बेला पैसा जुटाउन हामी यज्ञ सञ्चालन गर्दथ्यौँ। त्यही क्षेत्रमा मदनजी, म र अरू केही विद्यार्थीले रातको

समयमा विभिन्न स्थानमा सुरक्षा गार्डको काम पनि गरेका थियौँ।

मदनजी र मेरो रमाइलो मित्रता थियो। प्रायः हामी सँगसँगै हुन्थ्यौँ। राति हामी ल्याम्पोस्टको मधुरो उज्यालोमा किताब फिजाउँथ्यौँ र पढ्थ्यौँ। मदनजीको आफूले जानेको कुरा हामीलाई सिकाउने बानी खुब राम्रो लाग्थ्यो।

०२८ सालको कुरा हो। युद्धप्रसाद मिश्र, जीवराज आश्रित, मोदनाथ प्रश्रितहरूसँग बनारसमा भेट भयो। युद्धप्रसाद मिश्रको अध्यक्षतामा एउटा कविता प्रतियोगिता सम्पन्न भयो। त्यसमा पनि मदनजी नै प्रथम हुनुभयो। 'ल उत्र सङ्घर्षमा' र 'मित्र पो चिन्नुपर्छ' भन्ने कविता त्यसबेला मदनले सुनाएको कविता हो। मदनका 'हली दाइ', 'उठ दिदीबहिनी' भन्ने कविता त्यतिखेर खुब चर्चित थिए।



*युवा मदन*

उहाँसँग लामो समयसम्म तर्क हुन्थे। उहाँका कुरा काटिन्थे पनि। कुनै–कुनै विषयमा यदाकदा हामीबीच चर्काचर्की पनि पर्थ्यो। तर, उहाँका अगाडि सबै हार्थे। जब सबै हार्थे अनि मदनका सच्चा अनुयायी हुन्थे। त्यो कुरा ममा पनि लागू भयो। त्यसबेला पुष्पलाल मदनलगायत युवासँग खुब प्रभावित हुनुहुन्थ्यो। पुष्पलालले धेरै पटक म र मदनजीलाई बोलाएर गीत गाउन लगाएको सम्झना अझै छ। बनारसमा २०/२२ वटा नेपाली पत्रिका आउँथे। मदनजीले छद्म नाममा धेरै कविता र गीत लेखेर प्रकाशन गर्नुभएको थियो। ०२९ मा प्रगतिशील लेखक कवि सम्मेलन भयो। मदनजी त्यसको केन्द्रीय कमिटीमा चयन हुनुभयो। हामीबीच धेरै समयसम्म दर्शन, समाज, राजनीतिका विषयमा कुरा हुन्थे। उहाँमा पूर्वीय दर्शनको गहिरो अध्ययन थियो। गाउन पनि साह्रै पोख्त। नृत्यमा पनि अब्बल। कसैले हेपिहाले जुधिहाल्ने स्वभाव। तर, अन्याय कसैलाई नगर्ने।

हामीले कम्युनिस्ट पार्टीको सदस्यता सँगसँगै लिएका हौँ, शपथ पनि सँगै खायौँ। एकपटक छात्र सङ्गठनको सभा थियो। सभामा कुटाकुट हुनु स्वाभाविक थियो। त्यहाँ पनि त्यस्तै भयो। माइन्युट जोगाउने जिम्मा मेरो र मदनजीको थियो। मदनजीले माइन्युट बोक्नु भएको थियो। अरू विद्यार्थीले लखेट्न थाले। उनीहरूको कुटाइबाट जोगिन म र मदनजी छतबाट फाल हाल्यौँ। हामी दुई जनाले ६ वर्षसम्म सँगसँगै पढ्यौँ। त्यसपछि ०३२ सालमा मदन नेपाल फर्कनुभयो। छुट्टिने बेला म रोएको थिएँ। म केही समय उतै बसेर सिन्धुपाल्चोक फर्किएँ र वामपन्थी आन्दोलनमा सक्रिय भएँ।

त्यसपछि निकै लामो समयसम्म मदनजीसँग मेरो भेट भएन। ०३२ मा छुट्टिएपछि एकैपटक ०४७ मा भेट भयो। म त्यसबेलासम्म नेकपा मार्क्सवादी (मनमोहन अधिकारी समूह) मा थिएँ। मदनजीसँग मेरो बागबजारमा भेट भयो। त्यस भेटमा उहाँ र मबीच धेरैबेर भोगाइ र सपनाका बारे कुरा भए। हामीले अँगालो हाल्यौँ र भावुक बन्यौँ। उहाँले पार्टी एकीकरण हुँदैछ, अब सँगै काम गर्नुपर्छ भन्नुभएको थियो। त्यसपछि उहाँको मृत्यु हुनुअघि हाम्रो एकपटक मात्रै भेट भयो, प्रज्ञा प्रतिष्ठानको एउटा कार्यक्रममा।

मदनको ओजपूर्ण भाषण कलाले मानिस मन्त्रमुग्ध हुन्थे। लोकप्रियता दिनदिनै बढ्दै थियो। क्रान्तिप्रतिको उहाँको समर्पण सबैलाई हलचल गर्ने खालका थिए। मदनको सङ्गतबाट मैले धेरै कुरा सिक्ने मौका पाएँ। मदन हडबडाएको, दुःखी भएको र आक्रोशित

भएको मैले कहिल्यै देखिनँ। धैर्य उहाँको अनुपम गुण थियो। दम्भ थिएन। त्यसबेलाको राजनीतिक माहोलमा एउटा कम्युनिस्ट पार्टीलाई जनतामाझ लोकप्रिय गराउन मदन सफल हुनुभयो।

मदन भण्डारीसँग मैले बनारसमा ०२७ सालदेखि ५ वर्षभन्दा बढी सङ्गत गरेको हो। त्यतिबेला नेपालमा राजनीति दल र भ्रातृ सङ्गठनमाथि प्रतिबन्ध थियो। महाविद्यालयमा चाहिँ नेपाली छात्र परिषद्मा विद्यार्थी सङ्गठित भएका थिए। त्यसमा आफ्नो बाहुल्य बढाउन कम्युनिस्ट र कांग्रेसका विद्यार्थीबीच प्रतिस्पर्धाजस्तै हुन्थ्यो। कम्युनिस्टमा पनि हामी पुष्पलाल समूहको नजिक थियौँ।

त्यसबेला विद्यार्थीसँग सिधै राजनीतिक कुरा गरिँदैनथ्यो। पहिले उनीहरूसँग सङ्गत गरिन्थ्यो। उनीहरूको समस्याबारे बुझिन्थ्यो। अनि बिस्तारै राजनीतिबारे बुझाइन्थ्यो। म त्यतिबेला सङ्गठित भइसकेको थिएँ। विद्यार्थीबीच सङ्गठन निर्माणमा सक्रिय थिएँ।

मदन भण्डारीका विचारका साथै जीवनका विभिन्न पाटापक्षबारे धेरै तथ्य सार्वजनिक भइसकेका छन्। तर मलाई लाग्छ, उहाँको साहित्यिक पाटोचाहिँ अझै ओझेलमै छ।

खासमा उहाँ राम्रो साहित्यकार हुनुहुन्थ्यो। राजनीतिमा सक्रिय हुनुभन्दा पहिले नै उहाँले राम्रो कविका रूपमा प्रसिद्धि कमाइसक्नुभएको थियो। बनारसमा अध्ययन गर्ने बेला महाविद्यालयमा आयोजना हुने विभिन्न कार्यक्रममा उहाँ सक्रियतापूर्वक भाग लिनुहुन्थ्यो।

त्यसै क्रममा उहाँले त्यहाँ आयोजना गरिएको साहित्य सम्मेलनमा राखिएको समस्यापूर्ति कविता लेखन प्रतियोगितामा भाग लिनुभएको सम्झना छ। त्यसमा दुईवटा शीर्षक दिइएको थियो। पहिलो थियो– मित्र पो चिन्नुपर्छ।

त्यस शीर्षकमा उहाँले लेखेको कविता अझै मुखाग्र छ मलाई। मदन भण्डारी जनताले बुझ्ने भाषामा कविता लेख्नुहुन्थ्यो। शास्त्रीय छन्दमा उहाँ धाराप्रवाह कलम चलाउन सक्नुहुन्थ्यो। उत्तिकै राम्रो वाचन पनि गर्नुहुन्थ्यो। लोकछन्दलाई पनि उहाँ अत्यन्तै माया गर्नुहुन्थ्यो। लोकछन्दमा लेखिएका कविता जनजिब्रोमा सजिलै बस्ने भएकाले जनसाधारणको विषयमा लेख्दा लोकछन्दको चयन गर्नुहुन्थ्यो।

उहाँले लेख्नुभएको 'हली दाइ' भन्ने कविता त्यतिबेला निकै चर्चित थियो। त्यही कविताकै कारण उहाँलाई कतिले 'हली दाइ' भनेर बोलाउँथे। उहाँका कविता यति लोकप्रिय हुन्थे कि त्यसका पात्रको नामले उहाँलाई बोलाइन्थ्यो। भर्तीमा गएका श्रीमान्‌लाई सम्झेर श्रीमतीले लेखेको चिठी विषयक कविता 'भर्तीवाले पोइलाई चिठी' पनि निकै चर्चित थियो। त्यहाँ उल्लेख भएको पात्र बाटुलीको बुबाको नाममा मदनलाई 'बाटुलीको बुबा' भनेर पनि बोलाइन्थ्यो। त्यसै गरी उहाँको 'ए किसान दाइ' भन्ने कविता पनि निकै लोकप्रिय थियो।

उहाँका सबै रचना पुस्तकाकार रूपमा आउन पनि सकेका छैनन्। केही रचना प्रकाशन भएका छन्, तर त्यसको पहुँच सबै पाठकसम्म पुगेको छैन।

समग्रमा भन्दा त्यसबेला राजनीतिलाई प्रभावित पार्ने जननेताको जन्म भएको भनियो। त्यो सही हो। खुल्ला राजनीतिमा आएको तीन साल मात्र। दशकौँ राजनीति गरेका व्यक्तिभन्दा धेरै अनुभव। राष्ट्रिय राजनीतिमा उथलपुथल ल्याउन सफल उहाँ। अझ भनौँ, नयाँ बाटोमा राजनीति लैजान सफल। एउटा गहन चिन्तक। महान् विश्लेषक र सही निष्कर्ष निकाल्ने व्यक्ति। अनि विश्लेषणलाई व्यवहारमा कार्यान्वयन गर्ने बहुआयामिक व्यक्तित्व। सबैलाई थाहा छ, बनारसको बसाइले उहाँको राजनीतिक चेत अझै अब्बल भयो। पूर्वीय दर्शन र पश्चिमा शास्त्रको अध्ययनले अद्भुत विचारको संवाहक बनायो।

जब उहाँको षड्यन्त्रपूर्वक घटना भएको खबर आयो। मैले बनारस सम्झिएँ। उहाँ बनारसका भयङ्कर खोलामा पौडी खेलेको याद आयो। ती भयङ्कर नदी पौडेर पार गर्न सक्ने मदन जाबो त्रिशूलीमा हराउने प्रश्नै हुन्न भन्ने लाग्यो। उहाँ नदीबाट फर्किनु हुन्छ भन्ने विश्वास

थियो। तर, उहाँको लास भेटिएपछि भने साह्रै पीडाबोध भयो।

वास्तवमा छोटो अवधिमा कम्युनिस्ट आन्दोलनलाई अगाडि लैजान मदन सक्षम हुनुभयो। यति ठूलो नेता भएर पनि उहाँमा सम्पत्तिको लोभ कहिल्यै देखिएन। सुनेको थिएँ कि उहाँ महासचिव भएका बेला पनि डेरामै बस्नुहुन्थ्यो। बनारसका दृश्यले पनि उहाँमा लोभ थिएन भन्ने पुष्टि हुन्छ।

मदनलाई संसदीय राजनीतिमा जनताको बीचमा गएर पार्टीलाई लोकप्रिय बनाउन र पार्टीले लिएका नीतिलाई व्यवहारमा लागू गर्न सफल नेताका रूपमा लिन्छु। तर, अहिले बिस्तारै मदनको नीतिबाट विचलित भएझैँ लाग्छ। यो देखेर दुःख पनि लाग्छ। गुट, उपगुट र तेरो–मेरो भन्ने क्रम पार्टीमा खुबै बढेको छ। मदन भइदिएको भए अहिले मुलुकमा जे समस्या देखा परेका छन्, यस्तो स्थिति आउँदैनथ्यो भन्ने कुरा सजिलै भन्न सकिन्छ।

विश्वभरि कम्युनिस्ट आन्दोलन कस्तो हुने भन्ने चर्चा भइरहेका बेला मदन भण्डारीले सिर्जनात्मक ढङ्गले नेपालको कम्युनिस्ट आन्दोलन उचाइमा पुऱ्याउनु भएको हो। उहाँले समकालीन राजनीतिमा मार्क्सवादी र लेनिनवादी सिद्धान्तलाई तत्कालीन परिस्थितिअनुसार वैज्ञानिक ढङ्गबाट बुझेर त्यसअनुरूप लागू गर्नुभएको हो।

आफ्नो समयमा मार्क्सवादी दर्शनलाई जनताको बहुदलीय जनवाद (जबज)मा परिणत गरेर व्यवहारमा प्रयोग गर्न सक्ने सफल दार्शनिक नेता हुनुहुन्थ्यो उहाँ। मार्क्सवादलाई सिर्जनात्मक ढङ्गबाट देशको परिस्थितिअनुसार कसरी प्रयोग गर्न सक्नुपर्दछ भन्ने कुरामा स्पष्ट दृष्टिकोण राख्ने र त्यसलाई व्यवहारमा लागू गर्न सक्षम नेता हो उहाँ। जनताको बहुदलीय जनवादको सिद्धान्तलाई अक्षरशः पालन गर्न सकेमात्र उहाँप्रति सच्चा सम्मान हुनेछ।

*(सिन्धुपाल्चोकका जगन्नाथ आचार्य जननेता मदन भण्डारी २०२२ देखि २०३२ सम्म बनारसमा अध्ययन गर्दाका सहपाठी समेत हुनुहुन्छ।)*

संस्मरण

# क्रान्तिकारी एकताको सङ्गम बन्यो– सप्तकोशीको त्रिवेणी






– गोपाल गुरागाईं
अध्यक्ष, कोशी प्रदेश, मदन भण्डारी फाउन्डेसन

हाम्रो अभीष्ट मात्र एकता थियो । हामी को.के.मा एकताबद्ध भयौँ । रातो झण्डा र को.के. को एकता भएको चार महिनापछि नै तत्कालीन नेकपा मालेको स्थापना भएको सन्देशले देशव्यापी रुपमा कम्युनिस्टहरुमा खुसी र उत्साहको माहोल तयार भयो । तिनै जीवन शर्मा यो बीचमा सागर, बर्बरिक, सङ्ग्रामसिंह, श्वेतशार्दुलजस्ता अनेक नामबाट नेतृत्वमा चिनिँदै आए ।

मैले रातो झण्डाको गौरवपूर्ण सङ्घर्ष, क्रान्तिकारी अदम्य भावना, निरङ्कुशताविरुद्ध नागरिक स्वतन्त्रताको महिमा र गौरवको विषयमा हजारौँ पटक बोलेँ। सयौँ पटक गुनगुनाएँ। र, दर्जनौँ पानाहरूमा लेखेँ। हामी सहयोद्धाहरूले रातो झण्डा समातेर खाएको शपथ र लिएको सङ्कल्प मेरो मन–मस्तिष्कमा ताजै छ। अहिलेसम्ममा धेरै आत्मीय सहयोद्धाहरू कल्पनाको, परमात्माको प्यारो भइसके। त्यो इतिहास आफैँ रच्ने र भोग्ने आममान्छेका मन–मन जोड्ने अभियन्तामध्ये त्यो विचार लिएर अद्यावधि जीवित रहेका अत्यन्तै सीमित व्यक्तिमध्ये म एक हुँ। कोही–कोही भौतिक रूपले जीवित त हुनुहुन्छ तर आत्माले शरीर छोडेपछि शरीरको के अर्थ ! विचार पलायन भएपछि अस्तित्व आफैँ लोप हुन्छ। मेरो पनि उमेर ढल्दै गयो। विचारले अझै गलेको छैन। तर म आफैँलाई त्यो विरासतको उत्तराधिकारी हुँ भन्न कठिन भएझैँ अनुभूति हुन्छ। मलाई त्यो इतिहास सम्झिँदा बारबार लेख्न हात लुलो भएझैँ लाग्न थालेको छ।

यहीबीचमा एक–डेढ हप्ताअगाडि मित्र डा. टङ्क उप्रेतीले मदन भण्डारी फाउन्डेसनको वार्षिक प्रकाशन 'आजको दिशाबोध' पत्रिकाका लागि 'रातो झण्डा'को गौरवपूर्ण इतिहास सम्झन भन्नुभयो। मैले आफ्नै इतिहास आफ्नै संस्थाको मुखपत्रका लागि लेख्ने प्रस्ताव नाइँ भन्न मुख लागेन। अनादर हुन्छ भन्ने ठानेर हुन्छ भनेँ। अनि थाकिरहेको मनलाई आफैँ सम्झाएँ। केही सन्दर्भ, लेखहरू, सङ्ग्रह गरेँ, पढेँ। अनि लेख्ने मनस्थिति बनाएँ। अब 'रातो झण्डा' स्थापना, रातो झण्डा र को.के. एकताको सङ्क्षिप्त ऐतिहासिक अध्याय मानसपटलमा झलझली आयो।

२०१७ सालमा शाही दरबारको प्रतिगमनकारी फौजी काण्डले जनताका सम्पूर्ण अधिकार र स्वतन्त्रताहरू

अपहृत भए। त्यसमा प्रतिबन्ध लगाइयो। देश निरङ्कुशताको अँध्यारो सुरुङभित्र धकेलियो। राजनीतिक दलहरू प्रतिबन्धित भए। प्रतिक्रियावादी हर्कतका कारण सर्वहारा/मसिनी जनताको मुक्तिको लक्ष्य लिएको कम्युनिस्ट आन्दोलनको मुख्य नेतृत्वले आत्मसमर्पण गऱ्यो। स्वाभिमानी नेताहरू धेरै जेल परे। केही निर्वासित भए। आन्दोलन पनि विखण्डित हुन पुग्यो। प्रतिबन्ध र विखण्डनले लगभग एक दशक धक्का दियो।

वि.सं. २०३० को दशकबाट क्रान्तिकारीहरू दमनलाई चिर्दै एकजुट हुन थाले। स–साना खोला खोल्सी जोडिँदै एकीकरणको सङ्गमतिर मिसिन थाल्यो। राता झण्डाहरू फहराउन थाले। आशा र क्रान्तिकारी उत्साहको लहर आउन थाल्यो। हामी गृहजिल्ला धनकुटाका युवाहरू पनि पुनः एकजुट हुन थाल्यौँ। गुट, भेला र राजनीतिक बहस छलफल हुन थाले। त्यही भावना र विचारले हामीले रातो झण्डा फहरायौँ। त्यही नाममा सङ्गठन नामकरण गऱ्यौँ– 'रातो झण्डा'।

रातो झण्डाका संस्थापक आनन्द सन्तोषी राई, गोपाल गुरागाईं, जीवप्रसाद पोख्रेल, भक्त बोलाना राई र पञ्चलाल राई हामी पाँच जना थियौँ। रातो झण्डाको स्थापनाले घोर अन्धकारभित्र जुनकिरी नै सरी प्रकाश दिन थाल्यो। भय, त्रास र निराशालाई चिर्दै आशाको ज्योति फिँजाउन थाल्यो। हामी जनतामा क्रान्तिको सन्देश लान थाल्यौँ।

तीन वर्ष बित्दा नबित्दै रातो झण्डा कोशी अञ्चलका अन्य जिल्लाहरू– भोजपुर, सङ्खुवासभा, सुनसरी, मोरङसम्म फहराउन थाल्यो। विस्तार हुँदै गयो। कोशी अञ्चल कमिटी गठन हुँदा नाम रातो अञ्चल कमिटी राखियो। मेरो स्मृतिमा नहराएको भए अञ्चल नेतृत्वमा आनन्द सन्तोषी राई, गोपाल गुरागाईं, चित्र निरौला, वम देवान, चन्द्र पुरी, वासु शाक्य, हिमालधन राई गरी सात जना थियौँ।

रातो झण्डाको आफ्नो मुखपत्र पनि 'रातो झण्डा' नै थियो। यस मुखपत्रका १० अङ्कसम्म छापिए। नवौँ अङ्कसम्म लिथो गरेर छापियो। दसौँ अङ्क भने प्रेसमा प्रिन्ट गरिएको थियो। हाम्रो प्रेस धरानमा चित्र निरौलाको घरमा थियो।

क्रान्तिको तीव्र व्यग्रता, वेगवान् आकाङ्क्षा र कल्पनाका छालले मलाई घुमाइ रहन्थ्यो। पश्चिम बङ्गालको नक्सलवादी क्रान्तिको गर्जनले देशको पूर्वी सीमावर्ती जिल्लामा आगोको भर्भराउँदो अगुल्टोको झिल्का उठाएजस्तो आगो वर्षा गराएको थियो। झापाको सङ्घर्ष, दमन र बलिदानले हाम्रा विचार र भावनालाई उद्वेलित गराइरहन्थ्यो। प्रतिक्रियावादी हत्या, दमनको हामी निन्दा र भर्त्सना गर्थ्यौँ। त्यसबेला चीनमा सांस्कृतिक क्रान्ति, भारतको नक्सलवादी क्रान्ति र झापाको विद्रोह, भियतनामी जनताको साम्राज्यवादविरोधी नीति, राष्ट्रिय प्रतिशोध युद्धको चर्चा नै हाम्रो राजनीतिक बहस छलफलको विषय बन्थ्यो। विश्व क्रान्तिको विजयको दिन आउँदैछ, शत्रुहरू नाश हुनेछन् भन्ने हामीमा विश्वास उठेको थियो।

झापा विद्रोह र सङ्घर्ष विश्व क्रान्तिकै शृङ्खला हो भन्ने हामी सोच्थ्यौँ। तर एउटा विषयमा हाम्रो विमति थियो। वर्ग शत्रु स्वयं वा झापामा सङ्घर्षको रूप र क्रान्तिको बाटो स्वीकार गर्न चाहिँ हामी सहमत थिएनौँ। तसर्थ झापा सङ्घर्षको धारसँग हामी तत्काल जोडिन चाहेनौँ। तर हामी पूर्व कोशी प्रान्तीय कमिटीको परम्परागत दक्षिणपन्थी अवसरवादी धार ठानेको रहिरहन पनि चाहेनौँ। हामीले झापापछि अर्को विद्रोह गऱ्यौँ। त्यसको नाम रह्यो रातो झण्डा। कहीँकहीँ यसैलाई पूर्वको रातो झण्डा पनि भनिएको छ। यो हाम्रो भावना र क्रान्तिकारी कदम विखण्डित कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध गरेर शक्तिशाली आन्दोलनको प्रवाह बन्ने र जनताको तत्कालीन शत्रु पञ्चायती तानाशाही ढाल्ने नै थियो। यो एकताकै कदम थियो। यो प्रवाहलाई हामी कहीँ न कहीँ पुगेर मूलप्रवाहमा मिसाउने नै विचारमा थियौँ।

त्यसताका झापा सङ्घर्षको दूत बनेर एक युवा किरण (यामनाथ बराल) खाल्सा छिन्ताङतिर क्रियाशील थिए। उनीसँग हाम्रो बारम्बार भेट र राजनीतिक बहस भइरहन्थ्यो। भर्खर युवा अवस्थामा प्रवेश गरेका उनले

अध्ययन परित्याग गर्दै भूमिगत राजनीतिको अति कठिन तर गौरवपूर्ण जीवन रोजेका रहेछन्। अलिक आवेगी अस्थिर क्रान्तिबारे रोमान्टिक धारणा बनाएका किरण अति महत्त्वाकाङ्क्षी लाग्थ्यो। झापा आन्दोलनको धारलाई हामी नजिकबाट बुझ्ने पहल पनि गर्दै गयौँ। को.के. को नेतृत्वले वर्गशत्रु खत्तम, सङ्घर्षको रूप आत्मालोचना गरेर सक्याउँदै छन् भन्ने सङ्केत पनि पाइँदै थियो। यसकारण एकताको वातावरण बन्दै थियो र आशावादी हुँदै थियौँ। हामी निर्णायक बैठकको पक्षमा थियौँ।

२०३५ भदौ २६ गते सप्तकोशी त्रिवेणीस्थल राजनीतिको पनि सङ्गम बन्न पुग्यो। त्यस दिन छिन्ताङ अखुवाटारमा बलबहादुर खत्रीको घरको आश्रयमा रातो झण्डाको सिङ्गो नेतृत्व गुप्तरूपमा भेला भएको थियो। को.के.का तर्फबाट वार्ताका लागि एक सहयोगीका साथ अत्यन्त मेधावी ऊर्जाशील, आत्मविश्वासका धनी, तार्किक र धाराप्रवाह विचार प्रस्तुत गर्न सक्ने कुशल शैली र क्षमताका धनी जीवन शर्मा नामका युवा नेता एकता भेलामा नेतृत्व गरिरहेका थिए। नेपाली क्रान्तिको विचार, सिद्धान्त, राजनीति, कार्यनीति र कार्यदिशा, तत्कालीन विश्व परिस्थिति, प्रधान अन्तरविरोध आदिबारे पहिलो पटक मैले यति स्पष्ट विचार सुन्न पाएको थिएँ। दुई दिनसम्मको छलफलपछि यो भेला दुवै समूह एकताबद्ध हुने ऐतिहासिक समझदारीमा टुङ्गियो। रातो झण्डाको नामको प्राविधिक पक्षमा हामीले जोड दिएनौँ। हाम्रो अभीष्ट मात्र एकता थियो। हामी को.के.मा एकताबद्ध भयौँ। रातो झण्डा र को.के.को एकता भएको चार महिनापछि नै तत्कालीन नेकपा मालेको स्थापना भएको सन्देशले देशव्यापी रूपमा कम्युनिस्टहरूमा खुसी र उत्साहको माहोल तयार भयो। तिनै जीवन शर्मा यो बीचमा सागर, बर्बरिक, सङ्ग्रामसिंह, श्वेतशार्दुलजस्ता अनेक नामबाट नेतृत्वमा चिनिँदै आए।

एकताको एक वर्ष पनि नपुग्दै प्रतिक्रियावादीहरूले छिन्ताङमा बर्बर हत्या, आतङ्क मच्चाए। परिस्थितिजन्य कारणले शत्रुले मच्चाएको त्यो जघन्य हत्याकाण्डको क्षति पूरा गर्न सकिएन। ठूलो क्षति व्यहोर्नु पर्‍यो। त्यस्तो जोखिमपूर्ण र प्रतिकूल परिस्थितिबीच सागरको नेतृत्व प्राप्त भइरह्यो। पार्टीलाई पुनर्स्थापना गर्दै, शोकलाई शक्तिमा बदल्दै अघि बढ्यौँ। पार्टीको विकास तीव्ररूपमा हुन थाल्यो। कम्युनिस्ट आन्दोलनको मूल धार बन्यो। जनद्रोही तानाशाही पञ्चायत व्यवस्थाविरुद्धको जनआन्दोलनको मोर्चामा नेतृत्वदायी भूमिकामा अग्रसर भयो। छिन्ताङ हत्याकाण्डको एक दशक नबित्दै पञ्चायत ढल्यो। खुला परिस्थितिमा एकतासम्मको यात्रा अघि बढ्यो। तिनै जीवन शर्मा, तिनै सागर मदन भण्डारीको परिचयबाट नेपाली राजनीतिको उत्कर्षमा प्रकट भए। एकता भेलामा मैले पहिलो पटक भेटेको जीवन शर्मा खुला र गुप्त गरेर डेढ दशकसम्म नेतृत्वमा पाएँ। उहाँको नेतृत्व पार्टी र राष्ट्रले पायो। अहिले उहाँको विचारले हामीलाई मार्गदर्शन गरिरहेको छ। म फेरि इतिहास सम्झेर भन्छु– रातो झण्डा जिन्दावाद !

मदन भण्डारीले नेपाली समाजको राजनीतिक, आर्थिक, सामाजिक रूपान्तरणका लागि सर्वाधिक महत्त्वको विषय, मार्गदर्शक सिद्धान्त, विचार जनताको बहुदलीय जनवाद दिए। तर, त्यो विचारको थप भाष्य र व्याख्या गर्ने, राज्यको नेतृत्व गर्ने स्थानमा सरकार सञ्चालन गरेर कार्यान्वयन गर्ने अवसर पाएनन्। लोकप्रियता र चर्चाको शिखरमा पुगे। पुँजीवादी महाशक्तिको केन्द्रले भन्न बाध्य भयो– 'नेपालमा कार्ल मार्क्स जीवित छन्।' छोटो समयमा राजनीतिको शिखर चुमेका शिखर व्यक्तित्व, नवीन विचारक राजनेताको जीवन रहस्यपूर्ण र शङ्कास्पद दुर्घटनाले खोसेर लग्यो। मदनको विचार विज्ञानसम्मत, मौलिक र शक्तिशाली छ। तर त्यस्तो विचारको मर्म, भावना र सारको हामी उत्तराधिकारी बन्न सकेका छैनौँ। हामीले आत्मसमीक्षा गर्न ढिला भइसकेको छ। जबजवादीहरू हामी सबै गम्भीर बनौँ।

यस आलेखको अन्त्यमा रातो झण्डाको इतिहास र एकताको महत्त्वलाई पुनःस्मरण गर्दै एकपटक फेरि भन्छु– रातो झण्डा जिन्दावाद !



संस्मरण

# 'कमरेड सहानासँगको अन्तर्वार्ता तपाईँले गऱ्या हो ?'



– चन्द्रमणि गौतम
वरिष्ठ पत्रकार

मदन भण्डारी नेपाली समाजका एक होनहार नेता हुनुहुन्थ्यो । पार्टी प्रतिबन्ध हटेको छोटो अवधिमै उहाँलाई आफ्नो पार्टीभित्र मात्र नभएर, विपक्षी शिविरमा समेत प्रभावशाली नेताका रूपमा लिइन्थ्यो । मलाई लाग्छ, उहाँजस्ता नेता बाँचिरहेको भए नेपालको राजनीति यति बेथितिपूर्ण र बदनाम हुन पाउने थिएन, गुणात्मक विकास नै हुन सक्थ्यो ।

करिब तीन दशकदेखि पार्टीहरूमाथि लागेको प्रतिबन्ध २०४६ चैत २६ गते राती हटेर दलहरूले वैधानिकता पाएपछि तत्कालीन जनआन्दोलनकारी शक्तिका स्रोत नेपाली कांग्रेस र संयुक्त वाम मोर्चाभित्रको सबभन्दा ठूलो, सङ्गठित र शक्तिशाली घटक नेपाल कम्युनिस्ट पार्टी (माले) का बारेमा जनतामा श्रद्धापूर्ण स्वाभाविक आशा, अपेक्षा मिश्रित अनभिज्ञता मात्र थिएन, कौतूहल र आकर्षणको लहर पनि थियो । आन्दोलनरत दलहरू र राजाका बीचमा सहमति भएर पार्टी प्रतिबन्ध फुकुवा भए पनि तत्कालीन राजदरबार र पार्टीहरूका बीचमा अविश्वास र आउँदा दिनहरूबारे अन्योलको घुमैंलो बादल बाक्लै थियो । नेकपा (माले)माथिको प्रतिबन्ध मात्र होइन, यसका नेताहरू भूमिगत रूपमा सक्रिय भएको हुँदा जनतासँग खुला रूपमा साक्षात्कारको सम्भावना नै थिएन । कतिपय नेताहरूका नाम सुनिन्थ्यो, तर ती दन्त्यकथाका नायक वा काल्पनिक हिरोजस्तो लाग्दथे ।

भूमिगत कालमा उहाँहरू आफ्नो वास्तविक नामले सार्वजनिक रूपमा नचिनिए पनि छदमनाममा सक्रिय हुनुहुन्थ्यो । मदन भण्डारीका पनि 'स्वेत शार्दूल', 'शेर सिंह' आदि अनेक उपनाम थिए । त्यसैले २०४७ को संविधान सोही वर्ष कात्तिक २३ गतेदेखि लागू भई आन्दोलनका उपलब्धि सुनिश्चित नहुन्जेलसम्म पनि नेकपा (माले) का नेताहरू अर्धभूमिगत रूपमा नै कार्यरत हुनुहुन्थ्यो । उहाँहरू कतै हिँडडुल गर्दा, मञ्चमा भाषण गर्दा वा सञ्चारमाध्यममा प्रस्तुत हुँदा निकै सतर्कता अपनाएको प्रस्टै बुझिन्थ्यो । मदनकुमार भण्डारीको पार्टी–पद त्यो बेला हामीलाई यकिन थिएन । परिचय गराउनेले 'प्रवक्ता' मात्र भन्ने गर्दथे । उहाँ महासचिव रहेको कुरा धेरै पछिमात्र सार्वजनिक भयो ।

महासचिव मदनकुमार भण्डारी (२००८–२०५०) २०४७ मा खुला राजनीतिमा प्रकट भएपछिका ३ वर्षमै लोकप्रियताको शिखरमा पुग्नुभयो। नेकपा माले र मार्क्सवादीसँग एकीकरण, 'जनताको बहुदलीय जनवाद' (जबज) को प्रतिपादन, २०४८ सालको आमनिर्वाचनमा पार्टीलाई सानदार उपलब्धि दिलाउन, टनकपुर सन्धिबाट नेपाल महाकालीको पानी र बिजुलीमा ठगिएको बारे न्यायको आवाज उठाउने लगायत कतिपय प्रभावकारी दूरगामी योगदान उहाँले पुऱ्याउनु भयो। मन्त्रमुग्ध बनाउने र युवाहरूलाई उत्साही बनाउने भाषण उहाँको सबभन्दा ज्वलन्त विशेषता थियो। आज पनि मदन भण्डारीका भाषण मानिसहरू सुन्ने गर्छन्, विभिन्न प्रसङ्गमा उहाँलाई उद्धृत गर्दछन्।

२०४७ सालको संविधान जारी भएपछि नेपाल कम्युनिस्ट पार्टी (माले)को केन्द्रीय कार्यालय बागबजारमा स्थापित भयो। त्यसपछि नेताहरूको खुलापन पनि क्रमशः बढ्दै गयो। मैले पहिलोपटक मदन भण्डारीलाई काठमाडौँस्थित जर्मनहरूको गोथे इन्स्टिच्युटको सभाहलमा आयोजित एक सभामा देखेको थिएँ। नेकपा (माले) को प्रवक्ताका रूपमा उहाँ वक्ता हुनुहुन्थ्यो। त्यो दिन उहाँको भाषण पछिल्ला दिनहरूको जस्तो प्रभावशाली थिएन। जे भए पनि उहाँलाई भेटेर प्रेस अन्तर्वार्ता बनाउने इच्छा मलाई त्यसै बेलादेखि लागिसकेको थियो।

पत्रकारितामा सक्रिय रहँदाका दिनहरूमा मलाई रहस्योद्घाटन हुने समाचार (ब्रेकिङ् न्युज), विशेष समाचार (स्कूप न्युज), अन्तर्वार्ता गर्नमा विशेष जाँगर र चासो लाग्ने गथ्र्यो। गरियो पनि। टेलिभिजिन च्यानल, एफएम रेडियो त के, ठूलो आकारका (ब्रोडसिट) दैनिक समाचारपत्रहरू पनि थिएनन्। इमेलको सुविधा थिएन, फ्याक्सबाट काम चलाउनुपथ्र्यो। नेपालमा डिजिटल युग सम्भावनामा मात्र थियो। तथापि पत्रकारितामा सक्रिय रहँदाका ती दिनमा नेताहरूका मात्र होइन– साहित्यकार, कलाकार, प्राध्यापक, शिक्षक, खेलाडी आदि विविध पक्षका चर्चित व्यक्तिहरूसँग अन्तर्वार्ता गर्ने अवसर पाइयो।

२०४७ सालमा संविधान जारी भएपछि म नेकपा (माले) का महासचिव मदनकुमार भण्डारीसँग प्रेसका लागि अन्तर्वार्ता गर्ने प्रयास लगाउन थालेँ। पुसको एक अपराह्न मैले उहाँको कार्यकक्षमा फोन गरेँ। निजी सचिवले फोन दिएपछि महासचिव भण्डारी बोल्न थाल्नुभयो।


साप्ताहिक जनज्योती 3

भेट वार्ता

# सर्वहारा शालिनतालाई छोडेर शाही भद्रता अपनाउने पक्षमा म छैन

– मदन भण्डारी

काङ्ग्रेसको बहुमत भएको ठाउँमा काङ्ग्रेसको उम्मेदवारलाई समर्थन गर्न हामी राजी छौं।

माले र मार्क्सवादी समूहका बीचमा सैद्धान्तिक र वैचारिक मतभेदहरू छैनन्।

फुटेर गएका ५ घटकहरूले आफ्ना गल्तीहरूलाई सार्वजनिक रूपमा आत्मालोचना गर्दछन् र चित्त बुझ्दो ढंगले समावेश हुन आउँछन् भने उनीहरूलाई पनि वाम मोर्चामा समावेश गरी लाने निर्णय गरेका छौं।

मालेलाई बहुदलको पार्टी भन्नु संकीर्ण चिन्तनको अभिव्यक्ति हो।

'कमरेड सहानासँगको अन्तर्वार्ता तपाईंले गऱ्या हो ?' उहाँले सोध्नुभयो। मैले 'हो' भनेपछि उहाँले 'चार बजे पार्टी अफिसमा आइपुग्नु होस्' भन्नुभयो। म दिइएको समयमै पार्टी अफिसमा उहाँको कार्यकक्षमा पुगेँ।

करिब आधा घण्टाको प्रतीक्षापछि भेट भयो। 'के छन् इस्यु ?' भन्ने उहाँको प्रश्नमा मैले लिखित प्रश्नावली देखाएँ, उहाँले पढ्नुभएन र भन्नुभयो– 'तपाईं सोध्दै जानूस्.....! आधा घण्टाभित्र सक्नुहोला।' जनज्योति साप्ताहिकका लागि उहाँसँग गरिएको 'सर्वहारा शालीनतालाई छाडेर म शाही भद्रता अपनाउने पक्षमा छैन....' शीर्षकको त्यो पहिलो अन्तर्वार्तामा विविध प्रश्नहरू थिए। ती सबैको उहाँले धाराप्रवाह जवाफ दिनुभयो। सो पूरा पृष्ठ अन्तर्वार्ता जनज्योति साप्ताहिकको पुस ९ गते २०४७ अङ्कमा प्रकाशित भएको थियो। आधा घण्टाको पूर्वनिर्धारित समय सकिएपछि मैले सम्झाएँ, 'आधा घण्टाको समय त सकियो। तर मेरा केही जिज्ञासा बाँकी नै छन्।' उहाँ 'ठीक छ, अधुरो किन छोड्ने, सकेरै जानूस्' भन्दै सहज रूपमा प्रस्तुत हुनुभयो।

जवाफमा उहाँको अभिव्यक्ति विषयकेन्द्रित, सटीक, शुद्धाशुद्धि र व्याकरण मिलेको हुन्थ्यो। बोलचालमा यति व्यवस्थित अभिव्यक्ति, शब्दचयन तथा वाक्यविन्यास मिलेको, उच्चकोटिको भाषामा धाराप्रवाह मौखिक अन्तर्वार्ता सायद त्यसअघि मैले कसैसँग गरेको थिइनँ। म त छक्क परेँ। जवाफ दिने बेलामा उहाँ कतै अकमकिएको पनि याद भएन, अन्तर्वार्ताकै लागि तयारी गरेर बसेजस्तो। उहाँको आवाजलाई लिपिबद्ध गर्न मलाई एकदमै सजिलो भयो।

आधा घण्टा भनेकामा सवा घण्टा बितेछ। उहाँको शालीनता र सादगी पनि प्रभावोत्पादक लाग्दथ्यो। माथि र तल ठूलठूला खल्ती भएको क्रिम रङ्गको ज्याकेट, कालो टोपी, गहुँगोरो र मिलेको अनुहार, कालो फ्रेमको चश्मा, माथिल्लो तलामा झ्यालबाट छिर्ने हावा र घामको प्रकाश मिलाएर राखिएका साधारण कुर्सी–टेबल र काठका कुर्सीहरू, उहाँको कार्यकक्षलाई यही विम्बमा सम्झिरहेको छु। अन्तर्वार्ता सकेर निस्कँदा साँझ पर्न थालेको थियो। यसरी ती होनहार नेतासँग मेरो आमने–सामनेको पहिलो परिचय अन्तर्वार्ताको माध्यमले भएको थियो।

प्रेसवार्ता सकिएपछि उहाँले एउटा प्रसङ्ग उठाउनु भयो, 'कमरेडहरू प्रेससँग कुरा गर्न हिच्किचाउन थाल्नुभएको छ। अन्तर्वार्ता भनेर एक खालको प्रश्न सोध्छन्। त्यसको जवाफ दिइन्छ। तयार पार्ने बेलामा प्रश्न फेरिदिन्छन्। आफूले दिएको अन्तर्वार्ता असान्दर्भिक र हास्यास्पद बनाइदिन्छन् भन्ने आपत्ति छ।' करिब एक महिनाअघि केपी शर्मा ओलीसँग अन्तर्वार्ता गर्न ललितपुरस्थित उहाँको डेरामा पुग्दा उहाँले त्यस्तै सिकायत निकै लामो सुनाउनु भएको थियो। मैले उहाँलाई आश्वस्त पार्दै भनेको थिएँ, 'मबाट यस्तो काम आजसम्म कदापि भएन र अब पनि हुँदैन सर ! व्यावसायिक इमानदारी नै मान्छेको आधारभूत पुँजी हो भन्ने मेरो सम्झौताविहीन मान्यता छ।' उहाँले मेरो भनाइमा आश्वस्तता जनाउनु भएको थियो। सहाना प्रधान र नीलाम्बर आचार्यसँग गरेको अन्तर्वार्ता पढेर नै उहाँहरूले मेराप्रति सकारात्मक धारणा बनाउनुभएको रहेछ। र, मदनले अन्तर्वार्ताका लागि सहज रूपमा तयार भएर मलाई समय दिनुभएको रहेछ भन्ने मैले बुझेँ। नीलाम्बर आचार्यले कुराकानी गर्दा मेरो टेपरेकर्डरसँग आफ्नो पनि टेपरेकर्डर खोलेर राख्दै भन्नुभएको थियो, 'तपाईंमाथि शङ्का गरेको होइन, एक–दुई जनाले त्यस्तै काम गरेको हुनाले कुराकानीको एक प्रति मैले पनि राख्ने गरेको हुँ।'

अन्तर्वार्ता गर्नुपर्ने व्यक्तिलाई सोधिने प्रश्नावली म पहिले नै तयार गर्दथेँ। निजको जीवनका निजात्मक र बेसरोकारका विषयलाई निर्ममताका साथ पन्छाउने गर्दथेँ। अन्तर्वार्ताका लागि टेपरेकर्डर खोलिसकेपछि उत्तरदाताले कडा मिजासमा बोलेको भए पनि म त्यसलाई लुकाउँदिन थिएँ। अन्तर्वार्ता गर्दा सोधिएका प्रश्नलाई छाप्न तयार पार्ने बेलामा आफूखुसी परिवर्तन गरेर उत्तरदातालाई असान्दर्भिक र हास्यास्पद बनाउने बेइमानी कहिल्यै गरिएन, न त उत्तर दिएको भनाइलाई बङ्ग्याएर वा खण्डित गरेर, अनर्थकारी बनाउने काम नै गरियो। कतिपय नेताहरूले जे–जस्तो मिजास, शब्दावली र शैलीमा उत्तर दिएका

हुन्, हुबहु रूपमा नै प्रस्तुत गर्ने मेरो बानी थियो। कांग्रेस सभापति कृष्णप्रसाद भट्टराई, संयुक्त वाममोर्चाकी संयोजक सहाना प्रधान, सद्भावना पार्टीका नेता गजेन्द्रनारायण सिंह लगायतका कतिपय नेताका अन्तर्वार्तामा प्रश्नकर्ता भएकाले मप्रति कडा मिजास देखाइएको प्रसङ्गलाई आफ्नो इमानदारी र प्रेस सामग्रीको जीवन्त र रोचकताका लागि मैले यथावत् प्रस्तुत गरिदिएको थिएँ।

मैले आफ्नो सक्रिय पत्रकारिता जीवनमा महासचिव मदनसँग दुईपटक प्रेस अन्तर्वार्ता र अन्य धेरै पत्रकार सम्मेलनमा साक्षात्कार गर्ने मौका पाएको थिएँ। टनकपुर मामिलामा तत्कालीन एमालेको संसदीय दलको कार्यालयमा भएको नेताहरूको प्रेस सम्मेलनलाई पूरै रेकर्ड गरेर प्रश्नकर्ता पत्रकार र उनको संस्थाको नाम उल्लेख गरी सोधेका प्रश्नलाई अन्तर्वार्ताका रूपमा 'हिन्दू' साप्ताहिकमा पूर्णपृष्ठ प्रस्तुत गरियो। त्यो पनि निकै चर्चित भएको थियो। यस्ता अन्तर्वार्ता र भेटका सन्दर्भ उहाँका स्मृति सँगालोहरूमा पनि प्रकाशित भएका हुन्। पत्रकार सम्मेलनमा मैले प्रश्न सोध्न हात उठाउँदा उहाँ मलाई प्राथमिकता दिने गर्नुहुन्थ्यो।

कयौँपटक डेराबाट अफिस आउँदा साइकलमा आउने, बाटोमा मसँग जम्काभेट हुँदा एकैछिन टक्क अडिएर सङ्क्षिप्तमा 'के छ ? ठीक छ नि !' भनेर हिंड्ने उहाँको स्वभाव थियो। एकपटक निवासमै लगेर परिचय गराउने वाम बुद्धिजीवी तथा नेता हिरण्यलाल श्रेष्ठ हुनुहुन्छ, जसले पद्मसिंह कार्की र मलाई मदन निवासमा पुऱ्याउनुभयो। बेतका कुर्सीमा ट्र्याकसुट लगाएका मदनजीसँग बसेको बेला सामान्य सिसाका गिलासमा चिया पिलाउनु भयो उहाँकी पत्नी (पूर्वराष्ट्रपति) विद्या भण्डारीले। त्यो विम्ब आज पनि म सम्झिरहेको छु।

२०५० जेठ ३ गते पोखराबाट चितवन जाँदा दासढुङ्गामा उहाँ र तत्कालीन सङ्गठन विभाग प्रमुख जीवराज आश्रित सवार जिप दुर्घटनामा पर्दा उहाँहरूको निधन भयो। भनिन्छ, मदन भण्डारीको जीवनसँग 'ढुङ्गा' को साइनो रहेछ– जन्म ढुङ्गेसाँघु (ताप्लेजुङ), काठमाडौँमा बसाइ चारढुङ्गे (नक्साल) र निधन दासढुङ्गा चितवन।

मदन भण्डारी नेपाली समाजका एक होनहार नेता हुनुहुन्थ्यो। पार्टी प्रतिबन्ध हटेको छोटो अवधिमै उहाँलाई आफ्नो पार्टीभित्र मात्र नभएर, विपक्षी शिविरमा समेत प्रभावशाली नेताका रूपमा लिइन्थ्यो। मलाई लाग्छ, उहाँजस्ता नेता बाँचिरहेको भए नेपालको राजनीति यति बेथितिपूर्ण र बदनाम हुन पाउने थिएन, गुणात्मक विकास नै हुन सक्थ्यो। मदनजस्ता राजनेताका नाममा विश्वविद्यालय, अस्पताल, राजमार्गजस्ता विकासका संरचना निर्माण गरेर जनतालाई प्रत्यक्ष लाभ पुग्ने कार्य हुनु सुखद कुरा हो। वास्तवमा त्यो नै उहाँप्रति सच्चा श्रद्धाञ्जली पनि हो।

*वरिष्ठ पत्रकार गौतम हाल लेखन तथा अनुसन्धाताका रूपमा सक्रिय हुनुहुन्छ।*

**परिसंवाद**

# युवाका नजरमा जननेता मदन भण्डारी




जननेता मदन भण्डारी। एक राजनीतिक सिद्धान्तकार। राजनीतिले मानिसको जीवनमा सकारात्मक परिवर्तन गर्नुपर्छ भन्ने सिकाउने नेता। जसले जनताको बहुदलीय जनवादजस्तो नेपाली विशेषताको समाजवादको मौलिक सिद्धान्तमार्फत कम्युनिस्ट आन्दोलनलाई नयाँ गतिमा हिँडाउनु भयो। राजनीतिक दर्शनलाई व्यावहारिक र जीवनोपयोगी बनाउनुभयो। उहाँको व्यक्तित्व र दर्शनले बाल, युवा, प्रौढ सबैलाई आकर्षित गर्नु स्वाभाविक हो। आजको दिशाबोधको यो अङ्कका लागि विभिन्न क्षेत्रका युवाहरूबीच 'युवा पुस्तामा मदन भण्डारी' विषयमा छलफल गरेका छौँ। छलफलमा हाम्रो मूल प्रश्न छ– 'जननेता मदन भण्डारीलाई तपाईं कसरी चिन्नुहुन्छ ?'



**संस्कृति मिश्र (२५ वर्ष), विद्यार्थी, समाजशास्त्र**

मदनकुमार भण्डारीप्रति मेरो उच्च सम्मान छ। उहाँ मेरो मनमा श्रद्धा र प्रेरणाका रूपमा रहनुभएको छ। उहाँलाई पहिलोपटक चिन्ने मौका मैले मेरो परिवारबाट पाएको हुँ। बाल्यकालदेखि नै उहाँको त्याग, सिद्धान्त, देशप्रति निस्वार्थ मायाका बारेमा सुन्दै आएको थिएँ। र, आज उहाँका बारेमा केही शब्द व्यक्त गर्न पाउँदा निकै हर्षित छु। उहाँ केवल एक राजनीतिक नेता मात्र होइन, एक विचारक, दर्शनशास्त्री र जनताको गहिरो भावना बुझ्न सक्ने जननेता हुनुहुन्थ्यो। उहाँले नेपाली राजनीति विशेषगरी कम्युनिस्ट आन्दोलनलाई एक सही र यथार्थवादी मार्गमा लैजाने काम गर्नुभयो। जनताको बहुदलीय जनवाद (जबज) जस्तो मौलिक सिद्धान्त प्रस्तुत गरेर उहाँले नेपालजस्तो बहुजातीय, बहुभाषिक र बहुधार्मिक देशमा प्रजातान्त्रिक प्रणाली र समाजवादको समायोजन गर्न सकिने मार्ग देखाउनुभयो।

उहाँको विचारशैली र भाषाशैली सरल, स्पष्ट र जनमुखी थियो। उहाँले आफूलाई कहिल्यै अरूभन्दा माथि देखाउनु भएन। सधैँ जनताको सेवकका रूपमा प्रस्तुत हुनुभयो। त्यही कारणले गर्दा उहाँ सबै तहका जनताबीच लोकप्रिय हुनुहुन्थ्यो। उहाँले विचारमा कठोरता होइन, लचिलोपन र समय अनुसारको अनुकूलन आवश्यक हुन्छ भन्ने कुरा बुझाउनुभयो, जुन नेपालजस्तो देशमा अत्यन्तै आवश्यक छ। मदन भण्डारीको असामयिक निधनले सम्पूर्ण नेपाली जनतालाई स्तब्ध बनाएको थियो।

उहाँले अगाडि बढाएको आन्दोलन र विचारको यात्रा अधुरो देखिएको थियो। तर पनि उहाँको विचार, दर्शन र मूल्यहरूले आजको राजनीतिमा अझै मार्गदर्शन गरिरहेको छ। व्यक्तिगत रूपमा मलाई लाग्छ, यदि मदन भण्डारी आज जीवित रहनुभएको भए, नेपाली राजनीतिले अझ स्थिरता, इमान्दारी र विचारको गहिराइ प्राप्त गर्थ्यो। उहाँका विचारहरू अध्ययन गर्न, बुझ्न र व्यवहारमा उतार्न सक्ने नेताहरूको आवश्यकता आज पनि उत्तिकै छ। उहाँको योगदान अमूल्य छ। उहाँ मेरा लागि सधैँ प्रेरणाको स्रोत रहनुहुनेछ।

---



**सजलप्रसाद अधिकारी (२२ वर्ष), विद्यार्थी, इन्फरमेसन म्यानेजमेन्ट**

जननेता मदन भण्डारी कस्तो हुनुहुन्थ्यो भनेर मैले प्रत्यक्ष देख्न त पाइनँ। तर, उहाँका बारेमा धेरै कुरा सुन्ने, पढ्ने र बुझ्ने सौभाग्य भने पाएको छु। उहाँ साहसी, सादगी, शालीनता र सिद्धान्तप्रति प्रतिबद्ध भएको ठूलो नेता भनेर मैले बुझेको छु। उहाँले आफ्नो समयको नेपाली राजनीति मात्र होइन, हाम्रो सोच, चेतना र लोकतान्त्रिक अभ्यासमा स्थायी प्रभाव पार्नुभएको छ भन्ने मेरो बुझाइ छ।

मेरो बाल्यकालमा नै मैले उहाँका बारेमा धेरै चर्चा सुन्ने गर्थें। यसले मलाई उहाँका बारेमा सकारात्मक छाप पर्‍यो। एकदिन बाबालाई सोधेँ– मदन भण्डारी भनेको को हो भनेर। उहाँ मन्त्री वा प्रधानमन्त्री होला भन्ने लागेको थियो। बाबाबाट थाहा भयो– उहाँ प्रधानमन्त्री वा मन्त्री त बन्नुभएनछ तर त्यसभन्दा बढी सम्मानित नेता हुनुहुने रहेछ। उहाँ एमाले पार्टीको महासचिव हुनुहुन्थ्यो। तर, एउटा पार्टीको महासचिवभन्दा धेरै सिद्धान्त, विचार, जीवनशैली र सङ्घर्षले गर्दा उहाँ नेता मात्र नभई जननेता हुनुभएको रहेछ। मलाई उहाँका बारेमा अझ बढी जान्न मन लाग्यो अनि खोज सुरु गरेँ र धेरै कुरा बुझेँ, जानेँ।

जनताको बहुदलीय जनवाद उहाँको त्यस्तो वैचारिक उपहार हो, जसले नेपालमा समाजवाद र लोकतन्त्रको सहयात्रालाई सम्भव बनायो। संवैधानिक सचेतना, बहुलवादी खुला समाज, मानव अधिकारको सुनिश्चितता, शक्ति पृथकीकरणको सिद्धान्त, आवधिक निर्वाचन, बहुदलीय प्रतिस्पर्धा। यी सबै मदन भण्डारीको जनताको बहुदलीय जनवादमा समेटिएका पक्षहरू थिए भन्ने बुझेँ। जुन हालको अवस्थामा हामी सबैले अभ्यास र उपभोग गर्न पाएका छौँ। यो विचार हामी युवाका लागि केवल सैद्धान्तिक दस्तावेज होइन, हाम्रो कर्ममार्ग पनि हो।

उहाँले भन्नुहुन्थ्यो, 'लोकतन्त्र केवल चुनाव मात्र होइन, विचार र मूल्यको अभ्यास हो।' आज हामी डिजिटल युगका युवाहरू, जहाँ सामाजिक सञ्जाल, सूचना प्रविधि र गतिशील जीवनशैली हाम्रो हिस्सा बनेका छन्, त्यही विचारलाई व्यवहारमा उतार्नुपर्ने आवश्यकता छ। मेरो बुझाइमा असहमतिको सम्मान, वैकल्पिक सोचको स्वीकार र समान अवसरको सुनिश्चितता यी सबै मदन भण्डारीको विचारमा निहित छन्।

'स्याबासले हौसिएर उफ्रिने र निन्दा गर्दैमा मरीचजस्तो खुम्चिने हाम्रो संस्कार हुनुहुन्न' भन्ने उहाँको भनाइ प्रेरणादायी छ। यो नै हामी युवाको मूल मानसिकता हुनुपर्दछ। सानो सफलताले मात्तिएर बिग्रने र सानो बाधामा हामी हार मान्ने हुनुहुन्न। स्पष्ट विचार र सङ्कल्पका साथ राम्रोलाई लिने र सिक्ने, नराम्रोलाई पछि छोड्दै अगाडि बढ्ने हुनुपर्दछ। उहाँको विचारलाई हामीले आजको युगमा लागू गर्न जरुरी छ। हामीले सिक्न जरुरी छ– नेतृत्व भनेको नैतिकता हो, सिद्धान्त भनेको व्यवहार। अनि, राजनीतिको मूल अभिप्राय मूलतः सेवाभाव नै हो।

कोटेश्वरमा बनाइएको मदन भण्डारी स्मृति पार्कमा बस्दा र उहाँको सालिक हेर्दा मलाई जननेता मदन भण्डारीको साहस, स्पष्ट विचार, प्रखर बोलीको अनुमान हुन्छ। अनि सालिकसँगै राखिएको उहाँले प्रयोग गर्ने साइकलले उहाँको शालीनता र सादगीपनको विम्ब प्रस्तुत गरेको छ भन्ने लाग्छ। उहाँ नरहे पनि उहाँको विचारले उहाँलाई अमर बनाएको छ। हामी युवाहरूलाई मार्गदर्शन गरिरहेको छ।

**ओजश्वी दवाडी (२१ वर्ष), सञ्चारकर्मी**



म सानै थिएँ, जब मैले पहिलो पटक जननेता मदन भण्डारीको तस्बिर देखेँ। त्यो तस्बिरमा सौम्य, शान्त, धैर्यवान् र दृढनिश्चयी अनुहार न आँखीभौँ उचालिएको थियो। उहाँमा जोश मात्र थिएन, गहिरो चिन्तन थियो। युग परिवर्तन गर्ने सपना थियो। मैले बुवालाई उहाँका बारेमा सोधेकी थिएँ। उहाँको तस्बिर र उहाँप्रति परिवार र अरुहरूले देखाएको श्रद्धाले गर्दा उहाँ भगवान् नै हो कि भन्ने भान मेरो बाल मनस्थितिमा परेको थियो। बुवाले 'उहाँ भगवान् होइन, महान् शिक्षक हुनुहुन्थ्यो, जसको विचारले सपना देख्न मात्र होइन, पूरा गर्न पनि सिकाउँछ' भनेर सम्झाउनु भयो। बुवाले मदन भण्डारीको विचार, क्रान्तिकारी सोच, नेतृत्व क्षमता, कठोर त्याग, समर्पण सबै कुरा भन्नुभयो। 'उहाँ हाम्रो देशको क्रान्तिको प्रतीक हो, क्रान्तिको गीत हो, हामी सबैले एकै स्वरमा एकजुट भएर त्यसलाई गाउनु पर्छ' भनेर पनि सम्झाउनुभयो। बुवाका कुरा धेरै नबुझे पनि मदन भण्डारी मेरो मानसपटलमा अमिट बन्नुभयो। मैले बुझ्दै जाँदा वास्तवमै उहाँ अत्यन्तै श्रद्धा गर्नुपर्ने, उहाँबाट धेरै सिक्नुपर्ने र अनुसरण गर्नुपर्ने हाम्रा लागि प्रेरणाको स्रोत हुनुहुन्छ भन्ने महसुस भयो।

म पचासको दशकको अन्त्यमा अर्थात् उहाँको मृत्युभन्दा करिब एक दशकपछि जन्मिएकीले मैले मदनलाई जति बुझेकी छु, त्यो पर्याप्त छैन। तर पनि मेरो दृष्टिमा उहाँ देशको राजनीतिक परिवर्तनको लक्ष्यप्रतिको अविचलित धैर्यताले भरिएको नेता हो। उहाँले शान्त भएर समाजको नक्सा कोर्नुभयो। शान्त स्वरमा मान्छे ब्युँझाउन सिकाउनु भयो। उहाँका शिक्षाले ब्युँझेका जागरूकहरूले समाज परिवर्तनको बिगुल फुके। सामन्ती शासन कहिल्यै नफर्किने गरी ढल्यो। नयाँ चेतना बोकेर समाज उदायो। यी शिक्षकका शिक्षाले बाटो देखाएको छ हाम्रो समाजलाई।

विचार आयातित होइन, परिवेशबाटै निर्माण गर्ने मदनको दृष्टिकोण क्रान्तिको सिर्जनात्मक प्रयोग हो। सबै काममा राष्ट्रिय स्वार्थलाई पहिलो स्थान दिनुपर्दछ। राष्ट्रको नीति, दलका घोषणापत्रका आधारमा हेर्ने दृष्टि अपुग हुन्छ। यसका लागि जनताका आवश्यकताले तय गर्नुपर्छ भन्ने उहाँको विचार आज झनै सान्दर्भिक लाग्छ। 'गहिरो अध्ययनबिना समर्थन नगर, भावनामा बगेर होइन– सचेत र विवेकले निर्णय गर' भन्ने कुरा आजको डिजिटल भीडमा झन् बढी मननीय छ। यो कृत्रिम बौद्धिकतामा

रमाएको समाजमा उहाँका ओजपूर्ण तर्क ज्यादै बलशाली रहेछन्। अहिले बुझ्दै र गम्दै छु।

हाम्रै स्रोत, हाम्रै श्रम र हाम्रै सीपले आत्मनिर्भर राष्ट्र बनाउने। मदन भण्डारीको त्यही सपना बोकेर मेरो पुस्ता समृद्ध नेपाल सुखी नेपालीको नारा लगाइरहेको छ। स–साना नै सही 'स्टार्टअप' खोजिरहेको छ। मदनका विचार हाम्रा मूर्छित बनाइएका सपना ब्युँझाउने वैचारिक अस्त्र हो। जो कोही नेपालीले गर्व गर्ने विचार हो।

**विकेशप्रसाद यादव**
**(२० वर्ष), विद्यार्थी, कानुन**



'देशका लागि लड्ने
मान्छे सालिक भएछ
देशद्रोही पो मेरो देशको
मालिक भएछ।'

मान्छे सम्झनाको लायक वा परिचय स्थापित गराउन जिउँदो भएर अभिव्यक्ति दिइराख्नु पर्छ भन्ने छैन। मदन भण्डारीजस्तै मान्छे रहे वा नरहे पनि उहाँहरूको गुण, चरित्र र योगदानले जहिले पनि व्यक्तिको स्वाधीनता र अस्मितालाई उच्चकोटिमा राख्ने परिस्थिति खडा गर्ने आयामहरू प्रदान गरेको हुन्छ। जसमध्येको पश्चिमा मुलुकहरूको हकमा कार्ल मार्क्स भएझैं नेपालको राजनीतिमा राष्ट्रको भूमि, भावना र भविष्यलाई जोडेर माटो अनुकूल राजनीतिक रोडम्याप दिने नेताको नाम हो– मदन भण्डारी। ओजस्वी वक्ता जननेताको भाषण शैली, सरलता र स्पष्ट विचारले आमजनतालाई आकर्षित गर्‍यो। उहाँ हामीजस्ता युवा, मजदुर, किसानहरूको आदर्श हुनुहुन्छ।

उहाँले व्यावहारिक राजनीतिलाई प्राथमिकता दिनुभयो। नेपालजस्तो विविधतायुक्त समाजमा सहमति र सहकार्यको राजनीतिलाई अघि बढाउनुपर्ने उहाँको सोच अहिले झन् सान्दर्भिक बनेको छ।

उहाँले नेपाल कम्युनिस्ट पार्टी (एमाले)लाई व्यापक जनसमर्थन भएको सङ्गठनमा परिणत गर्न नेतृत्वदायी भूमिका खेल्नुभयो। मदन भण्डारी सैद्धान्तिक दृष्टिले स्पष्ट, व्यवहारमा जमिनसँग जोडिएको, जनताको मनमा बस्न सक्ने नेताका रूपमा नेपाली इतिहासमा अमर हुनुहुन्छ। केवल एक राजनीतिक नेताका रूपमा मात्र उहाँलाई हेर्न सकिँदैन। उहाँ एक विचारक हुनुहुन्छ, जसले प्रगतिशील राजनीतिलाई लोकतान्त्रिक पथमा डोर्‍याउने काम गर्‍यो। नेपालमा जनताको बहुदलीय जनवादको मौलिक सिद्धान्त दियो। नेपाली जनताका प्रिय नेताका रूपमा स्थापित जननेता मदन भण्डारी एउटा आदर्श पुरुषका रूपमा मेरो मन–मस्तिष्कमा सधैँ रहिरहनुहुनेछ।

**आयुष्मा पौडेल (२२ वर्ष),**
**विद्यार्थी, सोसल साइन्स**



मलाई त्यति राम्रो सम्झना त छैन– त्यस्तै सात/आठ वर्षकी थिएँ होला। काठमाडौँबाट चितवन जाँदा पहिलो पटक मदन भण्डारीको नाम सुनेकी हुँ। दासढुङ्गा पुग्दा गाडीबाट बाहिर सालिक देखाउँदै बाबाले उहाँ मदन भण्डारी हो भनी चिनाउनु भएको थियो। यही ठाउँमा जिप दुर्घटना भई उहाँको मृत्यु भएको थियो भनी सुनाउनु भयो। त्यो सानो उमेरमा मैले मदन भण्डारी को हुनुहुन्थ्यो भनेर चिनिनँ। पढ्दै जाने क्रममा उहाँ नेपालका लोकप्रिय जननेता हुनुहुन्छ भनेर चिनेँ।

अहिले मेरा लागि जननेता मदन भण्डारी एक निडर लिडर लाग्छ। मदन भण्डारीजस्ता नेता नेपालमा न त पहिला कोही थिए, न पछि कोही देखिनै लक्षण नै देखिएको छ। जब देश हिंसामा थियो, विभिन्न खाले द्वन्द्वको अवस्थामा थियो, उहाँले जबज (जनताको बहुदलीय जनवाद) को विचारधारा अघि सार्नु भयो। जसले लोकतन्त्र र समाजवादलाई एउटै धरातलमा जोड्यो। उहाँको यस दूरदर्शी विचारले कम्युनिस्ट पार्टीलाई नेपालमा फेरि जगायो।

मदन भण्डारीका बारेमा पढ्दै गर्दा कुनै बेला 'कम्युनिस्ट हुनु भनेको जनतासँग घुलमिल हुनु हो, शक्तिमा पुगेर टाढिनु होइन' भन्नु भएको कुरा थाहा पाएँ।

यो भनाइमा मात्र सीमित नभई उहाँको कार्यशैलीमा पनि झल्किन्थ्यो भन्ने थाहा पाएको छु। उहाँ भूमिगत हुनुभएका बेला झापामा एक पटक हाम्रो घर पनि आउनु भएको रहेछ। त्यतिबेला हाम्रो घरमा उहाँले मकै र मही खाएर जानु भएको कुरा आमाले सुनाउनु हुन्थ्यो। घरमा सबैसँग आफ्नै परिवारको मान्छेझैँ घुलमिल पनि हुनुभएको रहेछ।

नेपालको इतिहास पल्टाएर हेर्दा वा विश्वकै कुरा गर्दा पनि क्रान्ति गर्नका निम्ति सधैँ हिंसाको बाटो रोजिएको देखिन्छ। तर उहाँको जबजको विचारधाराले विश्वभर नयाँ सोचको सिर्जना गरिदियो। उहाँको दूरदर्शी सोच र जनमुखी नेतृत्व, विचार आजका दिनमा पनि सान्दर्भिक छन्। उहाँको जीवन युवाको इच्छाशक्ति, इमान्दारी र विचारको बलमा टिकेको थियो। र, आज पनि युवाले उहाँको विचारलाई अघि बढाउनुपर्दछ भन्ने मलाई लाग्दछ।

**गौरव पाण्डे (२२ वर्ष),**
**विद्यार्थी, सोसल साइन्स**



सायद मान्छे कर्मले अमर बन्छ भनेको यही नै होला। देहावसानको दशकौँपछि पनि उत्तिकै लोकप्रिय छ, मदन भण्डारीको नाम अनि व्यक्तित्व। मैले चिनेको मदन भण्डारी प्रखर वक्ता, मूर्धन्य साहित्यकार र नेपाली माटो सुहाउँदो नेता हो।

वि.सं. २०२४ मा ताप्लेजुङबाट मोरङमा बसाइँ सरेपछि उच्च अध्ययनका लागि भारत जानु भएका भण्डारीले बनारस हिन्दु विश्वविद्यालयबाट भाषा साहित्यमा स्नातकोत्तर गर्नु भएको थियो। भाषाको गहन अध्ययनले पनि होला, उहाँको ओजस्वी भाषाभित्र जनताको स्पन्दन बोल्थ्यो। वि.सं. २०४७ को संविधान जारी गरेपछि उहाँले जुम्लेली जनतालाई सम्बोधन गर्दै प्रजातन्त्रको परिभाषा यसरी दिनुभएको रहेछ 'प्रजातन्त्र भनेको नाङ्गो आङलाई ढाक्ने कुरा पनि हो। शोषण, उत्पीडन र हजारौँ वर्षदेखि जनतामाथि थिचोमिचो गर्दै आएका जनताका वैरीलाई निमिट्यान्न पार्नु पनि हो।'

स्कुले जीवनदेखि नै अब्राहम लिङ्कनको प्रजातन्त्रको परिभाषा पढेर विश्वविद्यालयबाट दीक्षित हुने क्रममा रहेका हामीहरूलाई हाम्रो विश्वविद्यालयले विश्वेश्वरप्रसाद कोइराला र मदन भण्डारीको नेपाली माटो सुहाउँदो प्रजातन्त्रको परिभाषा किन पढाइएन होला भन्ने प्रश्नले यतिबेला हिर्काइरहेछ।

जननेता भण्डारी साहित्य सिर्जनामा जनताको पक्षपाती हुनुहुन्थ्यो भन्ने पढेको छु। आफू हुर्केको समाज, बाँचेको समय र आफूले भोगेका हरेक घटना र परिघटनालाई समालोचकीय दृष्टिले हेर्ने भण्डारीको अभिव्यक्तिमा काव्यात्मक मिठास र व्यञ्जनात्मक भावविन्यास फेला पर्दछ। 'मित्र पो चिन्नुपर्छ', 'लौ उत्र सङ्घर्षमा', 'भर्तीवाले पोइलाई चिठी', 'गोरु फुकाऊ हली हो' लगायत भण्डारीका चर्चित कविता हुन्। 'गोरु फुकाऊ हली हो' कवितामा भण्डारीले हाम्रो विभेदपूर्ण सामाजिक संरचनाको चर्चा गर्दै क्रान्तिका निम्ति आह्वान गर्नुभयो।

सन् १९८० को दशकपछि कम्युनिस्ट आन्दोलनमाथिको साम्राज्यवादी षड्यन्त्र र हस्तक्षेप तथा आफैँभित्रका कमी–कमजोरीका कारण कमजोर बन्न पुग्यो। कम्युनिस्ट आन्दोलनले आफ्नो रक्षात्मक स्थितिलाई बुझेर मार्क्सवादको सिर्जनात्मक विकास र प्रयोग गर्दै जानुपर्ने स्थिति खडा भयो। तर यो स्थितिलाई विश्व कम्युनिस्ट पार्टीहरूले बुझेनन्।

त्यसैले क्रान्ति कालमा जनताबीच अत्यन्तै लोकप्रिय व्यक्तिहरू पनि सत्तामा पुगेपछि अलोकप्रिय हुन पुगेका थिए। तसर्थ, २०४६ सालको जनआन्दोलनपश्चात् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवलाई समेटेर नेपाली क्रान्तिको कार्यक्रमका रूपमा मदन भण्डारीले पार्टीको पाँचौँ महाधिवेशनबाट 'जनताको बहुदलीय जनवाद' संस्थागत गराउनुभयो। जनताको बहुदलीय जनवादभित्र केही नयाँ विशेषता थपिए। जुन यसपूर्वको साम्यवादी दस्तावेजहरूमा थिएनन्।

संविधानको सर्वोच्चता, वाक् स्वतन्त्रता, शक्ति पृथकीकरण, मानव अधिकारको रक्षा, बहुदलीय

प्रतिस्पर्धा, विधिको शासन जस्ता विशेषताका कारण जबज व्यावहारिक बन्न पुग्यो। जसले गर्दा यो कार्यक्रम अहिलेसम्म विश्व कम्युनिस्ट आन्दोलनमा प्रस्तावित गरेका अरु कार्यक्रमभन्दा भिन्न छ। यसर्थ धेरैले जबजलाई मार्क्सवादको सिर्जनशील व्याख्याका रूपमा समेत चित्रण गरे।

यसरी हामी युवाहरूले बहुआयामिक व्यक्तित्वका धनी जनवादी नेता मदन भण्डारीबाट प्रतिकूलताका बीच पनि अनुकूलताको खोजीसँगै समालोचकीय दृष्टिकोणसहित सृजनशील बन्नुपर्छ भन्ने जीवनवादी प्रेरणा प्राप्त गरिरहेका छौँ।

---

**श्रोता आचार्य (१६ वर्ष),**
**विद्यार्थी, एसईई**



एक दिन हामी परिवारैसँगै बसेर खाना खाइरहेका बेलामा मेरो बाबाले सोध्नुभयो– तिमीहरूले मदन भण्डारीलाई चिन्छौ भनेर। मलाई कताकता नाम सुने जस्तो त लाग्यो तर खासै हेक्का भएन। अनि हामीले भन्यौँ– अहँ थाहा छैन। किन ? त्यसपछि उहाँले हामीलाई मदन भण्डारीको परिचय दिनुभयो। अनि मैले त्यस दिन पहिलो पटक थाहा पाएँ, उहाँ धेरै नेपालीले मन पराउने एक जना नेता हुनुहुन्थ्यो भनेर। त्यो स्कुल पढ्दाको कुरा थियो। एसईई दिएर बसेको फुर्सदको समयमा मैले उहाँका बारेमा थप अध्ययन गर्न थालेँ। जति बुझ्यो उति चाखलाग्दो र रहस्यमय लाग्न थाल्यो। त्यसपछि बुझ्दै जाँदा मदन भण्डारी एक जना नेता मात्र होइन, जनताबीच अत्यन्तै लोकप्रिय बहुप्रतिभाशाली नेता अर्थात् जननेता हुनुहुँदो रहेछ।

मेरो बुझाइमा मदन भण्डारी यस्ता नेता हुनुहुन्थ्यो, जसमा हाम्रो देश बनाउने दीर्घकालीन सोच थियो। उहाँ आफ्नो लक्ष्यप्रति दृढ सङ्कल्प भएका व्यक्ति हुनुहुन्थ्यो। उहाँ ठूलो पार्टीको ठूलो नेता भए पनि सरल जीवन बिताउन चाहनुहुन्थ्यो। आफ्नो वाक्कलामार्फत सबैलाई प्रभावित पार्न सक्ने व्यक्ति हुनुहुन्थ्यो। सामाजिक न्याय र समानताको पक्षधर हुनुहुन्थ्यो। उहाँको धेरै सुन्ने र कम बोल्ने बानी अनि अत्यन्तै मिठो बोल्ने क्षमता थियो। उहाँ एक देशभक्त नेता हुनुहुन्थ्यो। लोकतान्त्रिक आन्दोलनको अगुवा मदन भण्डारी शोषित, मजदुर, किसान र उत्पीडित वर्गका लागि आशाको केन्द्र र आँखाको नानी हुनुहुन्थ्यो। किसानको सम्मान गर्ने, धनी–गरिबबीच कुनै भेदभाव नगर्ने नेताको रूपमा मैले उहाँलाई बुझेँ।

मदन भण्डारी नेपाली राजनीतिका एक इमान्दार, दूरदर्शी र जनतामुखी नेता भएको पाएँ। उहाँले प्रतिपादन गर्नुभएको 'जनताको बहुदलीय जनवाद' नामक सिद्धान्तले मलाई लोकतन्त्र र सामाजिक समानताको महत्त्व बुझ्न सघाएको छ। मलाई लाग्छ, केवल पढाइ राम्रो हुनु मात्र पर्याप्त छैन। देश र समाजप्रतिको जिम्मेवारी पनि युवाले लिनुपर्छ। यो चेतना मलाई मदन भण्डारीबाट आएको हो। उहाँको सरल जीवनशैली, इमान्दार व्यवहार र स्पष्ट दृष्टिकोणले मलाई पनि जीवनमा सादा तर सिद्धान्तमा दृढ बन्न प्रेरणा दिएको छ। आजको दुनियाँमा धेरैजसो मान्छे बाहिरी चमकधमकमा रमाउँछन्। तर मदन भण्डारीले देखाउनुभएको विनम्रता र विचारको गहिराइले मलाई भित्रबाट बलियो बनाएको छ।

उहाँको भाषण सुन्दा वा जीवनी पढ्दा मलाई पनि उहाँजस्तै समाजमा सकारात्मक परिवर्तन ल्याउने युवा बन्न प्रेरणा मिल्छ। उहाँले राजनीतिलाई सेवा, इमान्दारी र आदर्शका रूपमा प्रस्तुत गर्नुभएको थियो। उहाँको जीवनी अध्ययन गर्दा मलाई राजनीतिलाई बेग्लै ढङ्गले गहिराइमा पुगेर बुझ्न मद्दत मिलेको छ। उहाँले अगाडि सारेको जनताको बहुदलीय जनवादले राजनीति फोहोरी खेल हो भन्ने सोच बदल्न र सही राजनीति वास्तवमा समाज परिवर्तनको महान् अभियान हो भन्ने बुझ्न सिकाएको छ भन्ने लाग्छ।

मेरो जीवनमा मदन भण्डारी केवल एक नेता मात्र होइन, एक मार्गदर्शक, एक शिक्षक र एक प्रेरणास्रोत हुनुहुन्छ। म उहाँका विचारलाई आत्मसात् गरेर इमान्दार, जिम्मेवार र सचेत नागरिक बन्ने प्रयास गर्दैछु। उहाँले

देखाएको बाटोमा हिंड्न सके समाजका लागि केही राम्रो गर्न सक्छु भन्ने लाग्छ ।

**अदिती शर्मा (२० वर्ष), विद्यार्थी, स्नातक**



अहिले नेपाली युवाहरूमाझ राजनीति भन्ने बित्तिकै धेरैको मनमा धोका, स्वार्थ र कुर्सीको लडाइँ आउँछ । तर यस्तो सोचमा परिवर्तन ल्याउने केही नेताहरू छन् । तीमध्ये सबैभन्दा अगाडि एउटै नाम आउँछ, जननेता मदन भण्डारी । उहाँ राजनीति गर्ने मात्र नभई देशलाई समृद्ध बनाउने सपना बोकेको एक सच्चा देशभक्त, दूरदृष्टि भएको नेताका रूपमा मैले बुझेको छु । आजका युवाले उहाँलाई आदर्श, प्रेरणा र सत्यको बाटो देखाउने अभिभावक मान्छन् ।

उहाँले नेपाली माटो सुहाउँदो 'जनताको बहुदलीय जनवाद' भनेर नयाँ विचार ल्याउनुभएको थियो । उहाँको उक्त विचारले लोकतन्त्र भनेको चुनाव मात्रै होइन, जनताको आवाज, अधिकार र विकास पनि हो भन्ने सन्देश दिन्छ । युवाले यो विचारलाई मन पराउँछन् । किनकि, यसमा देशलाई कसरी अगाडि बढाउने भन्ने प्रस्ट बाटो देखिन्छ । मैले सुने र बुझे अनुसार उहाँले राजनीति गर्दा सधैँ जनताको कुरा सुन्ने गर्नुहुन्थ्यो । युवाप्रति उहाँको भरोसा थियो । भोलिको नेपाल बनाउन युवाशक्ति चाहिन्छ भनेर उहाँले सधैँ युवामा जोश भर्नुहुन्थ्यो ।

उहाँ देखावटी ढोङ गर्ने होइन सिद्धान्तलाई जीवनमा आत्मसात् गर्ने महान् विचार भएका व्यक्ति हुनुहुन्थ्यो । उहाँ सादा कपडा लगाउनु हुन्थ्यो । बसाइँ सामान्य थियो । सार्वजनिक गाडी चढ्ने, साइकलमा हिंड्ने, आफ्ना भाषणहरूमा ठूलठूला कुरा होइन, सहज भाषामा जनताका पीडा र समाधानको कुरा गर्ने नेताका रूपमा मैले मदन भण्डारीलाई चिनेको छु ।

आज युवाहरू शिक्षित छन् । सचेत छन् । देशका लागि केही गर्न चाहन्छन् । तर राजनीति देखेर दिक्क मानिरहेका हुन्छन् । यस्तै बेला उनीहरूलाई मदन भण्डारीको सोच, देशका लागि बाँच्ने सपना र इमान्दार व्यवहारले आकर्षित गर्छ । नेपालमा अहिले धेरै समस्या छन् । रोजगारी छैन, भ्रष्टाचार छ । महँगी बढेको छ । यी समस्या समाधान गर्नका लागि सोचमा परिवर्तन चाहिन्छ । त्यो परिवर्तनका लागि युवाले राजनीति बुझ्नु एकदम जरुरी छ ।

मदन भण्डारी एउटा यस्तो नाम हो, जसले 'राजनीति भनेको कसैको कमाइ खाने थलो होइन, देशको सेवा गर्ने माध्यम हो' भनेर सिकाउनुभयो । आजको पुस्ताले पनि त्यही राजनीति खोज्दैछ । जहाँ नेताहरू जनताको पीडामा साथ दिन सकून् । युवालाई हौसला दिऊन् र देश बनाउन अग्रसर होऊन् ।

मेरो नजरमा मदन भण्डारी एक यस्तो नेता हुनुहुन्छ, जो साँचो अर्थमा देशप्रेमी, पथप्रदर्शक र प्रेरणादायी व्यक्तित्व हो । हामी युवाहरूले उहाँको विचार र सिद्धान्त पछ्याउँदा आफ्नो जीवन र यो देशमा साँच्चिकै परिवर्तन ल्याउन सक्छौँ ।

**अत्रिजना आचार्य (१९ वर्ष), विद्यार्थी, कानुन**



मदन भण्डारीलाई मैले देखिनँ । चिनिनँ पनि । तर, सानो छँदा हजुरबाबाले मदन भण्डारीको याद गरेर उहाँ भएको भए देश यस्तो हुन्थ्यो वा त्यस्तो हुँदैनथ्यो भनेको कुरा अहिले पनि याद आइरहन्छ । मैले उहाँलाई नदेखे पनि उहाँका विचार बिस्तारै थाहा पाउँदै गएँ । अहिले म १९ वर्षको भएँ । धेरै कुरा त मैले बुझेको छैन । तर पनि मदन भण्डारी देश र जनताप्रति समर्पित एक इमान्दार, आत्मविश्वासी र सबैलाई माया गर्ने अनि सबैबाट माया पाउने एक कुशल नेता हुनुहुन्थ्यो भन्ने बुझेको छु ।

मैले थाहा पाएसम्म मदन भण्डारी नेपाली राजनीतिका एक अत्यन्तै प्रभावशाली, दूरदर्शी र आदर्शवादी नेता हुनुहुन्थ्यो । उहाँले नेपाली कम्युनिस्ट

आन्दोलनलाई जनतामैत्री, व्यावहारिक र लोकतान्त्रिक बनाउने ऐतिहासिक कार्य गर्नुभयो। आजको युगमा पनि उहाँ युवाहरूका लागि प्रेरणाको स्रोत बन्नुभएको छ।

विशेषतः जनताको बहुदलीय जनवादको अवधारणा ल्याएर उहाँले नेपालको कम्युनिस्ट आन्दोलनलाई संसदीय लोकतान्त्रिक प्रक्रियासँग समायोजन गर्ने महत्त्वपूर्ण काम गर्नुभयो।

मदन भण्डारी जनतासँग नजिकको सम्बन्ध राख्ने, सादा जीवन बिताउने र सरल भाषा प्रयोग गर्ने नेताका रूपमा मैले बुझेको छु। उहाँ लोकतान्त्रिक सोचका पक्षपाती नेता हुनुहुन्थ्यो। उहाँले कम्युनिस्ट पार्टीलाई प्रजातान्त्रिक बाटोबाटै सत्ता परिवर्तन गर्नुपर्छ भन्ने बाटो देखाउनु भयो। राजनीतिक दृष्टिकोणमा सुधार ल्याउनु भयो। जबज सिद्धान्त ल्याएर कम्युनिस्ट आन्दोलनलाई हिंसात्मक बाटोबाट हटाई लोकतान्त्रिक पद्धतिमा प्रवेश गराउनुभयो। शिक्षा र चेतनामार्फत युवाहरूलाई राजनीतिक रूपमा सचेत गराउने र राष्ट्रप्रेममा प्रेरित गर्ने अभियानमा अग्रसर रहनुभयो।

उहाँ लोकतान्त्रिक सोच भएको कम्युनिस्ट नेता हुनुहुन्थ्यो। कम्युनिजम भनेको त अधिनायकवादी, कठोर प्रणाली भन्ने ठान्नेहरूलाई मदन भण्डारीले बहुदलीय लोकतन्त्र र कम्युनिस्ट विचार मिल्न सक्छ भनेर देखाउनुभयो। यो विचारले युवामा समावेशी र सहिष्णु राजनीति के हो भन्ने चेतना फैलायो।

मदन भण्डारी आजको युवाहरूका लागि एक प्रेरणादायी नेता, वैचारिक विमर्शको विषय र राजनीतिक परिवर्तनका प्रतीक हुनुहुन्छ। उहाँको योगदान र विचारहरूलाई युवाहरूले आ–आफ्नो दृष्टिकोणअनुसार मूल्याङ्कन गर्ने गरेका छन्। जसले नेपाली समाजमा वैचारिक विविधता र राजनीतिक चेतनाको विकासमा योगदान पुऱ्याएको छ।

उहाँको विचारले सिद्धान्त र व्यवहारबीचको पुल बनायो। जुन आजका युवाहरूका लागि अत्यन्त सान्दर्भिक छ। उहाँले विलासी जीवनशैली होइन, जनताको बीचमा बसेर उनीहरूको आवाज सुन्ने काम गर्नुभयो। युवाहरू आज पनि नेताहरूमा यस्तो गुणको खोजी गरिरहेका छन्। मदन भण्डारीको विचारले युवामा राजनीतिक चासो र चेतनाको विकास पनि गराएको छ। उहाँले देखाएको बाटोले युवाहरूलाई राजनीति भनेको खराब काम होइन, जनताको सेवा गर्ने काम हो भन्ने सन्देश दिन्छ।

---

**अमन ढकाल (२२ वर्ष),**
**विद्यार्थी, बीबीए**



मैले मदन भण्डारीलाई प्रत्यक्ष रूपमा देख्ने अवसर पाइनँ। उहाँका भाषण सुन्ने भीडमा उभिने मौका पनि मैले पाइनँ। तर पनि एक गहिरो अनुभूतिमा म उहाँसँग बारम्बार भेटिरहेको महसुस गर्छु।

मैले मदन भण्डारीलाई पहिलो पटक चिनेँ, बुवाको पुरानो किताबको थुप्रोबाट। धूलोले भरिएको त्यो पुरानो 'जनताको बहुदलीय जनवाद' नामको किताब खोल्दा, त्यसका हरेक पानामा भेटिए– स्पष्ट, सरल र जनताको मुटु छुने भाषामा लेखिएको दर्शनका शब्दहरू।

त्यसपछि चिनेँ– आमाको आँखाबाट। टीभीमा समाचार आउँदा, जब मदन भण्डारीको सन्दर्भ आउँथ्यो आमाले भन्नुहुन्थ्यो, 'उहाँमा यो देशलाई बुझाउने भाषा थियो, नेताजस्तो लाग्दैनथ्यो, घरको मान्छेझैँ लाग्थ्यो।'

मदन भण्डारीलाई मैले विद्यार्थी राजनीतिमा प्रवेश गरेपछि मात्रै स्पष्ट रूपमा चिन्ने मौका पाएको हुँ। क्याम्पसको गेटमा टाँसिएका ती भित्ते लेख, गुञ्जिने भाषणहरू र विरोधका स्वरहरूमा उहाँको नाम कुनै नाराजस्तै लाग्थ्यो– 'मदनको बाटो, जनताको जित।'

तर मलाई उहाँले सबैभन्दा नजिकबाट छोएको पल भनेको त्यो थियो, जब मैले सुनेँ– 'म चीत्कार नगरी मृत्युवरण गर्न सक्छु। तर, अन्याय सहन सक्दिनँ।' त्यस दिन मलाई लाग्यो, नेताको मृत्यु शारीरिक मात्रै हुँदैन, विचार मरेपछि मात्र वास्तविक मृत्यु हुन्छ। यसैले मदन मरेनन्। मरेका छैनन्।

आजको झूटो मुस्कान र मौन अवसरवादले भरिएको राजनीतिमा, जहाँ कुर्सी ठूलो देखिन्छ, त्यहाँ मदनको सादा

टोपी र स्पष्ट बोलीले मलाई सम्झाउँछ– नेता बन्नुभन्दा पहिले जनताको भरोसा बन्नुपर्छ ।

प्रिय मदन भण्डारी ! तपाईंलाई मैले पुस्तकबाट चिनेँ, आमाको सम्झनाबाट चिनेँ, आन्दोलनको स्पन्दनबाट चिनेँ तर आज तपाईंलाई म आत्माबाट चिन्छु । तपाईं विचार बन्नुभयो । त्यसैले त म तपाईंलाई हर दिन भेट्छु– मेरो सोचमा, मेरो आशामा र देशप्रतिको जिम्मेवारीमा ।

**आदर्श अधिकारी (२२ वर्ष), विद्यार्थी, कानुन**



मदन भण्डारीलाई मैले नेपालको सबैभन्दा स्मरणीय र प्रभावशाली कम्युनिस्ट नेताका रूपमा चिन्छु । उहाँले नेपालमा कम्युनिस्ट क्रान्तिलाई व्यावहारिक धरातलमा ल्याएर नयाँ मोड दिनुभयो । मैले उहाँका बारेमा पहिलोपटक घरमा रहेका विभिन्न पुस्तक र पत्रपत्रिकाबाट जान्न थालेको हुँ । उहाँका विचारपूर्ण भाषण म बेलाबेलामा विभिन्न मिडियामा सुन्छु र उहाँमाथि लेखिएका पुस्तकहरू पढ्ने गर्छु । यसरी उहाँको व्यक्तित्व र विचारप्रति मेरो आकर्षण झन् गहिरिँदै गएको छ ।

मदन भण्डारीको विचारधारामा मलाई सबैभन्दा मनपर्ने पक्ष भनेको क्रान्तिको सन्दर्भगत दृष्टिकोण हो । उहाँले देखाउनुभयो कि कम्युनिस्ट क्रान्ति कुनै एकरूप र ढाँचामा सबै देशमा लागू हुँदैन । बरु त्यो देश विशेषको ऐतिहासिक, सामाजिक र आर्थिक सन्दर्भ अनुसार फरक–फरक हुन सक्छ ।

मदन भण्डारीको साहस, स्पष्टता र दूरदर्शिता मलाई अत्यन्त प्रभावशाली लाग्छ । विदेशी सञ्चारमाध्यमले समेत उहाँको विचारलाई महत्त्व दिएका छन्– अमेरिकी पत्रिका न्युजविकले एक पटक उहाँलाई कार्ल मार्क्सको पुनर्जन्मको रूपमा चित्रण गरेको थियो । विदेशी सहयोगको सन्दर्भमा जब उहाँलाई सोधिएको थियो कि कम्युनिस्ट पार्टी सत्तामा आएपछि विदेशी सहयोग रोकिएमा के गर्नुहुन्छ ? यस्तो प्रश्नमा उहाँले गर्वका साथ भन्नुभयो, 'सहयोग रोकिने कुनै कारण छैन । तर रोकिएमा हामी विदेशी सहायता माग्न हिँड्दैनौँ ।' उहाँको राष्ट्रवाद र आत्मसम्मानको भावनाले नेपालको आत्मनिर्भरताको पक्षपोषण गर्दछ ।

त्यस्तै, उहाँले नेपाली कम्युनिस्टहरूलाई उत्तर कोरियाको तानाशाहीसँग तुलना गर्दै गरिएको आरोपको दृढतापूर्वक खण्डन गर्नुभयो । उहाँले भन्नुभयो कि नेपालका कम्युनिस्टहरूको उद्देश्य जातीय विभेद अन्त्य गर्नु र सबैलाई समान अवसर उपलब्ध गराउनु हो । यस्तो विचारले उहाँको लोकतान्त्रिक सोच र मानव अधिकारप्रतिको प्रतिबद्धता प्रस्ट हुन्छ । साथै, उहाँले राजतन्त्रमाथि गरेको खबरदारीले उहाँको निरङ्कुश राजतन्त्रविरुद्धको लोकतान्त्रिक धारणा र आमजनताको पक्षमा उभिने साहस प्रस्ट पार्दछ ।

जननेता मदन भण्डारीले राजनीति मात्र होइन, जीवनका लागि पनि प्रेरणा दिने खालका शिक्षा दिनुभयो । उहाँको प्रसिद्ध भनाइ थियो, 'राजनीतिमा थकावट भन्ने शब्दावली हुँदैन, हार र जित हुन्छ, अघि र पछि हुन्छ, राम्रा नराम्रा क्षणहरू आउँछन्, तर सही राजनीतिमा शिथिलता, पलायनता र थकावट जस्ता शब्दावली हुँदैन ।' यस भनाइले हामीलाई सिकाउँछ कि सही बाटोमा लाग्दा सङ्घर्ष, असफलता वा निराशा आउन सक्छ । ती क्षणहरूमा पनि आत्मबल र अडान कायम राख्नुपर्छ । यो भनाइ केवल राजनीतिमा होइन, जीवनका हरेक पाटोमा लागू हुन्छ । चाहे त्यो अध्ययन होस्, सामाजिक सेवा होस् वा व्यक्तिगत लक्ष्यप्रति समर्पण । उहाँको जीवन र विचारले मलाई आत्मानुशासन, दृढ सङ्कल्प र दीर्घकालीन दृष्टिकोणका साथ अघि बढ्न प्रेरित गर्छ ।

**शुभेच्छा चापागाईँ (१९ वर्ष), विद्यार्थी, इन्फरमेसन टेक्नोलोजी**



मदन भण्डारी भन्नेबित्तिकै सादा जीवन, उच्च विचार बोकेको परिवर्तनका लागि आफ्नो जीवन समर्पण गर्ने होनहार नेताको छवि आउँछ । उहाँ एक स्वप्नद्रष्टा

हुनुहुन्थ्यो। उहाँमा नेपाल बनाउने यस्तो सपना थियो, जहाँ जनताको आवाज कमजोर हुँदैन। राजनीति जनताको सेवामा होस, सत्ताको लोभमा होइन।

हुन त म जन्मिनुभन्दा निकै अघि नै उहाँको रहस्यमय निधन भइसकेको थियो। तर, जब म सानै थिएँ, टोल–समाजमा उहाँको नाम बारम्बार सुन्ने गर्थें। मलाई त्यतिबेला 'मदन भण्डारी' भन्नाले कुनै ठूलै नेता, कम्युनिस्ट पार्टीका मन्त्रीजस्तो लाग्थ्यो। त्यही समयमा मेरो हजुरबुबाको माओवादीले हत्या गरेका थिए। त्यो घटना मेरो परिवारका लागि गहिरो पीडादायी बनेको थियो। सानै उमेरदेखि म राजनीति भन्ने कुरा सुन्नासाथ डराउन थालेकी थिएँ।

कुनै पनि पार्टीको नाम आउँदा मेरो मनमा त्रास पैदा हुन्थ्यो। तर मेरो अभिभावकले मलाई सम्झाउँदै भन्ने गर्नु हुन्थ्यो कि, 'सबै नेता उस्तै हुँदैनन्। मदन भण्डारी जस्तो नेता पनि कम्युनिस्ट पार्टीमै हुनुहुन्थ्यो। अझ उहाँले त विचार, सिद्धान्त र संवादका भरमा राजनीतिमा परिवर्तन ल्याउनुभयो। हाम्रो देशलाई एउटा नयाँ आशाको बाटो देखाउनुभयो।' उहाँहरूको त्यो भनाइले मेरो बाल मनमा परेको डरको थोपा थोपा पग्लन थाल्यो।

कुनै समयमा एकातिर आतङ्क र हिंसाको छाया थियो। त्यहीँ अर्कातिर मदन भण्डारी भन्ने नाम एउटा आशाको किरण बनेर उदाउँदै गयो। वास्तवमा उहाँ साँच्चिकै त्यस्तो नेता हुनुहुन्थ्यो, जसले बन्दुक पड्काएर, जनता तर्साएर र मारेर होइन, विचारको बल र माध्यमबाट शान्तिपूर्ण रूपमा जनतालाई सचेत र गोलबन्द गर्दै जनताको अभिमतबाट सत्ता प्राप्त गर्न सकिन्छ भन्ने आदर्श सिकाउनुभयो।

जनताको माझमा गएर राजनीति गर्ने उहाँको शैलीले धेरै युवालाई प्रेरित गऱ्यो र मलाई पनि। उहाँले प्रजातान्त्रिक प्रणालीलाई स्वीकार गर्दै शान्तिपूर्ण राजनीतिक सङ्घर्षलाई प्राथमिकता दिनुभएको थियो। प्रजातन्त्र, अहिंसा र सामाजिक न्यायसहितको समतामूलक समाजको परिकल्पना गर्ने मदन भण्डारीको निधन नेपाली इतिहासको एक दुःखद र रहस्यमय घटना हो, जुन आजसम्म पनि जनमानसमा पीडा र प्रश्न बनेर बाँचेको छ।

जब हामी मदन भण्डारीलाई हृदयबाट सम्झन्छौँ, त्यो केवल एउटा नेताको सम्झना हुँदैन। त्यो एक सपनाको, एक आशाको र एक आत्मीय सम्बन्धको अनुभूति हुन्छ। उहाँ राजनीति गर्नुहुन्थ्यो, तर त्यो सत्ताका लागि थिएन, त्यो जनताको माया जित्न, पीडा बुझ्न र देश बदल्नका लागि थियो।

---

**सिर्जना न्यौपाने (२३ वर्ष), विद्यार्थी, समाजशास्त्र**



मदन भण्डारी नेपाली राजनीतिमा एक ऐतिहासिक, प्रेरणादायी र युगान्तकारी व्यक्तित्व हुनुहुन्छ। उहाँ स्वतन्त्रता सेनानी मात्र होइन, हजारौँ जनताको मुटुमा बस्ने आत्मा हुनुहुन्थ्यो।

उहाँ जनतन्त्रको स्थापनाका लागि समाजका उपेक्षित, शोषित, गरिब, मजदुर, किसान, युवाहरूको आवाज बन्ने सङ्कल्प लिएर राजनीतिमा होमिनुभएको थियो। उहाँ विचारले मार्क्सवादी भए पनि व्यवहारमा अत्यन्तै लचिलो, आत्मीय र व्यावहारिक हुनुहुन्थ्यो। उहाँले राजनीतिक आन्दोलनमा वैचारिक प्रस्टता र साङ्गठनिक प्रतिबद्धताको गहिरो उदाहरण दिनुभएको थियो।

मदन भण्डारीले नेपाली कम्युनिस्ट आन्दोलनमा 'जनताको बहुदलीय जनवाद' (जबज) को सिद्धान्त प्रस्तुत गर्नुभयो। यो विचारले नेपाली राजनीतिमा ऐतिहासिक मोड ल्यायो। उहाँले समाजवादलाई नेपालजस्तो बहुजातीय, बहुसांस्कृतिक समाजसँग जोडेर लोकतान्त्रिक ढाँचामा विकास गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। जबज सिद्धान्तमार्फत उहाँले नेपालमा बहुदलीय लोकतन्त्र र समाजवादलाई एकैसाथ अघि बढाउने मार्ग निर्माण गर्नुभयो। जुन आज पनि नेपाली राजनीति र संविधानको आधारशीला बनेको छ।

उहाँ गाउँमा प्रिय र सहरमा सम्मानित हुनुहुन्थ्यो भन्ने विषयले मलाई उत्साहित बनाउँछ। जटिल विचारलाई पनि सजिलो भाषामा जनतामाझ पुऱ्याउने अद्भुत कला उहाँमा रहेछ भन्ने अहिले भेटिएका भाषणहरूबाट बुझ्न सकिन्छ। उहाँ कहिल्यै सुरक्षाकर्मीको घेरामा नहिँड्ने, जनतासँग नजिक रहने, सामान्य पोसाकमा र जनभावनामा रमेका नेता हुनुहुन्थ्यो भन्ने विषयले हामी युवाहरूलाई राजनीतिप्रति आकर्षित हुन प्रेरणा मिल्छ।

आजको युवापुस्ताले नेतृत्व, परिवर्तन र राष्ट्रनिर्माणको खाँचो महसुस गरिरहेको छ। प्रविधिमा तेज, सोचमा क्रान्तिकारी र आकाङ्क्षामा विशाल युवाहरूका लागि मदन भण्डारी एक अत्यन्तै प्रेरणादायी व्यक्तित्वका रूपमा रहनुभएको छ। उहाँका विचार, जीवनशैली र आदर्श आजका युवाको सोचमा गहिरो प्रभाव पार्न सक्ने खालका छन्।

समाज रूपान्तरणका सशक्त संवाहक मदन भण्डारी जिउँदो हुँदा जनताको मनमा बाँच्नुभयो र मृत्युपश्चात् विचार र आदर्श बनेर अझ गहिरो रूपमा जनताको आत्मामा हुनुहुन्छ। यो मौकामा म मदन भण्डारीप्रति समर्पित एउटा कविता सुनाउन चाहन्छु:

सादा जीवन, उच्च सोच
मदन भण्डारी थिए, अनमोल रोज।
स्वतन्त्रताको उज्यालो दीप
आवाज बने जनताको अटुट सीप।

विनम्र हृदय, प्रखर विचार
देशका लागि अर्पण सारा प्यार।
नयाँ नेपालका सपना साँच्ने
आदर्श थिए, जनसेवा बाँड्ने।

*– प्रस्तुति: नितु पण्डित*

आलेख

# जबजको आलोकमा समृद्ध नेपाल, सुखी नेपाली





– डा. प्रेम दङ्गाल
केन्द्रीय सदस्य, नेकपा (एमाले)

जनताको बहुदलीय जनवादले समाजवादसम्म पुऱ्याउने मात्र होइन, समृद्ध समाजवाद निर्माणमा ठोस मार्गनिर्देश र योगदान गर्न सक्छ। त्यसका लागि उत्पादक शक्तिलाई आधुनिक र वैज्ञानिक प्रविधिको प्रयोगको माध्यमबाट क्षमता अभिवृद्धि, सशक्तीकरण, विकास र विस्तार गर्नुपर्दछ। आम उत्पादक शक्तिलाई उपलब्ध स्रोतमा सक्रिय सहभागिता गराउँदै उत्पादनशील रोजगारका क्षेत्रमा आबद्ध गरी राष्ट्रिय उत्पादकत्व अभिवृद्धिमा जोड दिनु पर्दछ।

**विषय प्रवेश**

जननेता मदन भण्डारीले जनताको बहुदलीय जनवाद (जबज)को सिद्धान्त प्रतिपादन गर्नुभयो। नेपाल कम्युनिस्ट पार्टी (एमाले)का पाँचौँदेखि नवौँ राष्ट्रिय महाधिवेशनहरूले यसलाई औपचारिक रूपमा आफ्नो कार्यक्रम, मार्गदर्शक विचार र सिद्धान्तका रूपमा स्वीकार गरेका छन्। नेकपा (एमाले)को वि.स. २०४९ मा आयोजना गरिएको पाँचौँ राष्ट्रिय महाधिवेशनले नेपाली क्रान्तिको कार्यक्रमका रूपमा जनताको बहुदलीय जनवादलाई स्वीकार गऱ्यो। वि.स. २०५४ मा आयोजित छैटौँ राष्ट्रिय महाधिवेशन, वि.स. २०५९ मा आयोजित सातौँ महाधिवेशन, वि.स. २०६५ मा आयोजित पार्टीको आठौँ महाधिवेशन र वि.स. २०७१ मा आयोजित नवौँ महाधिवेशनले जबजलाई निर्देशक विचार र मार्गदर्शक सिद्धान्तका रूपमा पारित गरे।

नवौँ महाधिवेशनले यो विचारमार्फत समाजवादमा सङ्क्रमण गर्ने र समृद्ध समाजवाद निर्माणसम्म पनि यही विचारले मार्गनिर्देशन गर्ने निष्कर्ष निकाल्यो। पार्टीको कार्यक्रम र मार्गदर्शक सिद्धान्तका रूपमा अपनाएको जनताको बहुदलीय जनवादले समाजवादमा सङ्क्रमण हुनुअघिका विभिन्न चरणमा नेतृत्व प्रदान गर्नेमात्र होइन, यो सिद्धान्तले ०६२/०६३ सालमा सम्पन्न क्रान्तिलाई पूर्णता दिँदै समाजवादमा सङ्क्रमण गर्ने र समृद्ध समाजवाद निर्माण गर्ने अवस्थासम्म मार्गदर्शन गर्न सक्छ भन्ने नवौँ

राष्ट्रिय महाधिवेशनबाट पारित दस्तावेजको सार रहेको छ । यसबाट के देखिन्छ भने जनताको बहुदलीय जनवादले समाजवादसम्म पुऱ्याउने मात्र होइन, समृद्ध समाजवाद निर्माणमा पनि मार्गनिर्देशन गरिरहनेछ । जबजले अघि सारेको सिद्धान्तले प्राथमिक क्रान्तिपछि समाजवादमा सङ्क्रमण गर्ने र समृद्ध समाजवाद निर्माण गर्न ठोस कार्यक्रमसमेत तय गरेको छ । त्यसैले हामीले अवलम्बन गर्न खोजेको समाजवाद सामाजिक न्याय र समानतामा आधारित लोकतान्त्रिक मूल्य–मान्यतासहितको समृद्ध समाजवाद हो ।

**जबजको अवधारणाअनुसार समाज विकासका चरण**

जननेता मदन भण्डारीले जबजको अवधारणामार्फत समाज विकासका तीन चरणको विषय अगाडि सार्नुभएको थियो । पहिलो हो, पुरानो व्यवस्थाका अवशेषहरूको उन्मूलनको चरण । यस चरणमा मुलुकमा कायम रहेको राजनीतिक, आर्थिक, सांस्कृतिक, सामाजिक र अन्य सबै क्षेत्रमा रहेको सामन्तवादका सबैखाले शोषण–उत्पीडन र तिनका अवशेषहरूको उन्मूलन गरिनेछ । मुलुकमा कायम रहेको दलाल नोकरशाही पुँजीवादी शोषण–उत्पीडनको अन्त्य गर्ने, मुलुकमा भइरहेका साम्राज्यवादी, विस्तारवादी र अनेक प्रकारका बाह्य हस्तक्षेपहरूको अन्त्य गरिनेछ ।

दोस्रो चरणमा जनताको बहुदलीय जनवादी व्यवस्थाको सुदृढीकरण गरिनेछ । राजनीतिक क्षेत्रमा प्राप्त अधिकारहरूको संस्थागत विकास गर्दै सामाजिक आर्थिक रूपान्तरणको काम सम्पन्न गरिनेछ । बचत, लगानी, उत्पादनको प्रक्रियाबाट जनमुखी वितरण र सामाजिक परिचालन गरी व्यापक मात्रामा पुँजीको सिर्जना गरिनेछ । यसरी सिर्जित पुँजीलाई राष्ट्रिय पुँजीका रूपमा विकास गरिनेछ । यसका लागि आवश्यक नीतिगत, संस्थागत तथा कार्यक्रमिक संरचना तयारी गरिनेछ । मुलुकमा क्रियाशील आधारभूत उत्पादक शक्तिलाई साधनस्रोतमा पहुँच र अधिकार प्रदान गर्नु पर्दछ ।

तेस्रो चरणमा समृद्ध समाजवादमा सङ्क्रमणका लागि भौतिक तयारी गरिनेछ । प्रत्येक श्रम र सीपयुक्त नेपाली नागरिकलाई योग्यताअनुसारको काम र कामअनुसारको ज्याला प्राप्त हुने अवस्था सिर्जना गरिनेछ । श्रममा सहभागी हुन नसक्नेलाई सामाजिक सुरक्षाको प्रत्याभूति गरिनेछ । प्रारम्भिक समाजवाद हुँदै पूर्णरूपमा वैज्ञानिक समाजवादमा पुग्ने अधिकतम लक्ष्य हासिल हुने परिकल्पना छ । यसरी समृद्ध समाजवाद हासिल गर्दै नागरिकलाई योग्यताअनुसारको काम र आवश्यकताअनुसारका बस्तु प्रदान गर्ने व्यवस्थातर्फ उन्मुख गराउन आवश्यक नीतिगत व्यवस्था हुनु जरुरी छ ।

**समृद्ध नेपाल सुखी नेपालीमा अर्थतन्त्रका मूलभूत क्षेत्र**

समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने सन्दर्भमा अर्थतन्त्रका मूलभूत क्षेत्रमा कृषि, उद्योग, सेवा, पर्यटन र औद्योगीकरण नै हुन् । अर्थतन्त्रका अन्तर्निहित पक्षहरूमा आबद्धतामार्फत रूपान्तरण, रोजगारी वृद्धि, उत्पादकत्व वृद्धि, आर्थिक क्रियाकलापको औपचारिकीकरण, सार्वजनिक वित्त व्यवस्थापन, आयोजना वित्त व्यवस्थापन र सुशासन, राजनीतिक स्थिरतालाई ध्यान दिन जरुरी छ । नेपाली अर्थतन्त्रका प्रमुख चुनौतीमा न्यून आर्थिक वृद्धिदर, न्यून प्रतिव्यक्ति आय, बचतको सिर्जना तथा परिचालनमा कमी, ऊर्जाको सहज आपूर्ति हुन नसक्नु, कृषि र विप्रेषणमा आधारित अर्थ व्यवस्था हुन् । यस्तै गरिबीको रेखामुनि रहेको सङ्ख्या अझ पनि उल्लेख्य रहनु, बेरोजगार र अर्धबेरोजगारको अवस्था, न्यून लगानी, न्यूनस्तरको प्रविधिको प्रयोग, उपलब्ध साधनस्रोतको उपयोगमा कमी, गुणस्तरीय मानवसंसाधनको अभाव, भौगोलिक विकटता पनि चुनौतीकै रूपमा रहेका छन् । न्यून पूर्वाधारको अवस्था, श्रमिक पलायन, चुलिँदो व्यापारघाटा र पुँजीगत खर्च गर्न नसक्ने अवस्था कम चुनौतीपूर्ण छैन ।

समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न अर्थतन्त्रका संरचनागत सुधार, विकास पक्षीय सुधार र सामाजिक सुधारजस्ता विषयमा ध्यान दिन आवश्यक छ । आर्थिक प्रणाली भने आमरूपमा मिश्रित हुनेछ । यस प्रणालीका रणनीति र प्राथमिकता पनि निर्धारण

गर्न जरुरी छ। त्यसैगरी अर्थतन्त्रका मुख्य मुख्य क्षेत्रमा सार्वजनिक क्षेत्र, निजी क्षेत्र, सहकारी क्षेत्र, सामुदायिक क्षेत्र, सामाजिक पक्ष, गैरसरकारी संस्था तथा नागरिक समाजलाई नै लिन सकिन्छ। यी सबै क्षेत्रको सुदृढीकरण आजको आवश्यकता हो। त्यसैगरी समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न समाजवाद–उन्मुख अर्थतन्त्र निर्माणका आधार र सम्भावनाहरूमा गम्भीर ध्यान दिन आवश्यक छ। यसअन्तर्गत भूमि व्यवस्थापन, कृषिक्षेत्रको विकास र रूपान्तरण, खाद्य–सम्प्रभूता र दिगो कृषि विकास, वन तथा जैविक विविधता, औद्योगिकीकरण, पर्यटन क्षेत्र विकास र प्रवर्धन, दिगो भौतिक पूर्वाधार निर्माण, ऊर्जाको विकास र विस्तार, प्राकृतिक स्रोतको दिगो उपयोग, सूचना प्रविधिको विकास र विस्तार, खनिज उत्खनन, जलवायु परिवर्तन र हरित अर्थतन्त्र निर्माणमा जोड दिन जरुरी छ।

समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न अहिलेबाटै समाजमा रहेको असमानतालाई कम गर्दै लाने नीति लिनु पर्दछ। समाजवाद निर्माणका सन्दर्भमा ध्यान दिनुपर्ने आर्थिक तथा सामाजिक असमानताको अन्त्य गर्न जरुरी छ। यस आर्थिक प्रणालीमा आर्थिक असमानता हटाउन राज्य स्वयं अग्रसर भई काम गरेको हुन्छ। यस क्रममा धनी र गरिबबीचको खाडल कम गराउन र क्रमशः हटाउन राज्यले विभिन्न कार्यक्रम सञ्चालन गरेको हुन्छ। धनी तथा बढी आय आर्जन गर्ने व्यक्तिलाई प्रगतिशील करको दायरामा ल्याई गरिबलाई सो आयको वितरण गर्नुपर्दछ। गरिब तथा सीमान्तकृत समुदायले सञ्चालन गरेका उत्पादनका क्षेत्रमा प्रगतिशील तरिकाले विभिन्न अनुदानका कार्यक्रम सञ्चालन गरी उनीहरूको जीवनस्तर सुधार गर्नुपर्दछ। त्यस्ता गरिब र न्यून आय भएका बेरोजगार व्यक्तिलाई रोजगारीको व्यवस्था गर्नुपर्दछ। समाजमा असमानता हटाउन त्यस्ता समुदायलाई शिक्षा, स्वास्थ्य, खानेपानी, पेन्सन र सामाजिक सुरक्षामा समेत विभिन्न छुट र सहुलियत प्रदान गर्नुपर्दछ। विपन्न वर्गको स्रोतसाधनमा पहुँच र अधिकार स्थापित गर्नुपर्दछ। यी सबै अवधारणामार्फत समाजमा असमानता र भेदभावको अन्त्य गर्दै लगिनुपर्दछ।

समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने विषयमा रोजगारी सिर्जनाको विषय निकै महत्त्वको



छ। रोजगारी सिर्जना गर्नसक्ने खालका नीति राज्यले लियो भने मुलुकबाट बेरोजगारीको अन्त्य हुन सक्छ। रोजगार वा स्वरोजगार सिर्जना गर्ने पहल सरकारले गर्ने हो। सरकारी नीति तथा कार्यक्रमले प्राविधिक तथा व्यवसायी शिक्षामा जोड दिई तदनुरूपको जनशक्ति उत्पादनमा ध्यान दिन जरुरी छ। शिक्षा सीपमा आधारित हुनुपर्दछ। सीप वा तालिममा आधारित स्वरोजगारमा ध्यान दिनुपर्दछ। स्वरोजगार वा रोजगार उत्पादनमा आधारित हुनुपर्दछ।

उत्पादन पुँजी वृद्धि गर्ने प्रकारको हुनुपर्दछ। पुँजी वृद्धि आर्थिक क्रियाकलापहरूमा गति पैदा गर्ने खालको हुनुपर्दछ। आर्थिक क्रियाकलाप आर्थिक समृद्धितर्फ केन्द्रित हुनुपर्दछ। यस्तो समृद्धिले मात्र 'समृद्ध नेपाल सुखी नेपाली'को आकाङ्क्षा पूरा गर्न सकिन्छ। समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न यतिबेला सबैको ध्यान राष्ट्रिय पुँजीको विकासमा हुनुपर्दछ। जसमार्फत हामीले हाम्रा तमाम आर्थिक समृद्धिका काम सम्पन्न गर्नुपर्दछ। हामी पुँजीको प्रयोग र विकास गर्दै समाजवादतर्फ अगाडि बढ्छौँ।

समाजका विभिन्न वर्ग तथा समुदायले राज्यलाई तिरेको कर राज्यले सबै खर्च नगरी अर्थात् उठेको राजस्वमध्ये केही अंश बचत गरी विकास खर्चमा लगाउने गर्दछ। यसरी गरिएको बचतलाई नै पुँजी निर्माण भनिन्छ। यस्तो बचतले थप पुँजी निर्माण गर्न सहयोग पुऱ्याउँछ। त्यस्तो पुँजी लगानी गरिन्छ र लगानीबाट नाफा प्राप्त हुन्छ। समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न कृषि क्षेत्रलाई पर्याप्त ध्यान दिन जरुरी छ। मुलुकमा ६० प्रतिशतको हाराहारीमा नेपाली जनता कृषि पेसामा आधारित छन्। नेपाली कृषिका मुख्य चुनौतीमा कृषिको व्यावसायीकरण गर्न नसक्नु हो। कृषिको उत्पादकत्व बढाउन नसक्नु र समयमै कृषिजन्य सामग्री मलखाद, कृषिऋण, सिँचाइ र उन्नत बीउबिजन आदिको आपूर्तिमा सहजता नहुनु हो।

जमिन खण्डीकरण भई स–साना टुक्रामा विभाजित भएका कारण कृषिको यान्त्रिकीकरण तथा आधुनिकीकरण हुन सकेको छैन। कृषि मजदुरको रूपमा क्रियाशील गाउँका युवा वैदेशिक रोजगारमा जाने क्रम बढ्दै रहेकाले कृषि श्रमिकको अभाव दैनन्दिन खड्किएको छ। ग्रामीण अर्थतन्त्र मुख्य गरी कृषिमा आधारित अर्थतन्त्र हो। कृषि अर्थव्यवस्थालाई अगाडि बढाउँदा भूमिको व्यवस्थापनको विषयलाई समाधान गर्नुपर्छ। भूमिको व्यवस्थापनअन्तर्गत निश्चित हद कायम गरी हदभन्दा बढी जमिन उचित मुआब्जासहित राष्ट्रियकरण गरी भूमिहीन, सुकुम्बासी र गरिब किसानलाई न्यायोचित वितरण गर्ने, भूमिको उत्पादकत्व वृद्धिका लागि भू–उपयोग कानुन लागू गर्ने, जमिनमाथि कायम रहेको द्वैध स्वामित्व सधैँका लागि अन्त्य गर्ने, सुकुम्बासी, भूमिहीन, मुक्त कमैया तथा मुक्त हलियाहरूको आवास र जीविकोपार्जनको उचित व्यवस्थापन गर्ने तथा बाढीपहिरोमा परी सुकुम्बासी बनेका जनताको समस्या सम्बोधन गर्ने, मुलुकमा कायम रहेका विभिन्न प्रकारका गुठी समस्याको समाधान गर्ने एवं त्यस्तो जमिन रैकर गर्ने कार्य अहिलेको आवश्यक पहलहरू हुन्।

कृषि–श्रमिकको उचित कृषि ज्याला निर्धारण गर्ने, कृषि–मजदुरीमा श्रम ऐनको कार्यान्वयन गर्ने, जमिनको चक्लाबन्दी गरी उत्पादन वृद्धि गर्न सहकारीको माध्यमबाट सिँचाइको व्यवस्था गर्ने र कृषिको आधुनिकीकरण र व्यावसायीकरण गर्ने विषय मुख्य रूपमा रहन्छन्। भूमि बैंकको कार्यान्वयन स्थानीय तहबाट हुन सक्ने गरी कृषियोग्य जमिनको उचित उपयोग र भूमिहीनलाई जमिनमा पहुँच पुऱ्याउने कार्य गर्न जरुरी छ। कृषिको व्यावसायीकरण, आधुनिकीकरण, विविधीकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याउन आवश्यक छ। सबै कृषिजन्य उत्पादनको कृषि–बिमा कार्यक्रम लागू गरिनुपर्छ। कृषिजन्य सामग्रीमा अनुदानको व्यवस्था लागू गरिनुपर्छ। रासायनिक मल तथा विषादिको प्रयोगमा बन्देज गरी प्राङ्गारिक खेती प्रणालीमा जोड दिनु जरुरी छ। कृषि कर्जा सहुलियत व्याजदरमा उपलब्ध गराउन आवश्यक छ। आमनेपाली जनतालाई खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुताको प्रत्याभूति दिइनुपर्छ। दिगो कृषि प्रणाली अवलम्बन गरिनुपर्छ। मुलुकमा उपलब्ध प्राकृतिक स्रोतसाधनको समुचित प्रयोग र व्यवस्थापन

गर्न जरुरी छ। खाद्य सम्प्रभुताले उत्पादकको खाद्य उत्पादन गर्ने साधन स्रोतमाथिको अधिकार, न्यायोचित वितरण प्रणालीको सुनिश्चितता, खाद्य उपभोग नीति, खाद्य नीति तथा कार्यक्रम तय गर्नमा उत्पादकहरूको सहभागिता र भूमिका, निर्णय प्रक्रियामा उनीहरूको प्रतिनिधित्वलगायतका विषय समेट्छ। यी सबै विषयको सुनिश्चितता हुनु नै खाद्य सम्प्रभुताको मूल मर्मलाई आत्मसात् गर्नु हो।

दिगो कृषि विकास एक अवधारणा हो, जसले आगामी पुस्ताको आफ्ना आवश्यकता आफैँ पूर्ति गर्न सक्ने क्षमतामा कुनै सम्झौताबिना वर्तमान आवश्यकताहरूको पूर्ति गर्ने विषयमा जोड दिन्छ। दिगो कृषि विकासको अभ्यासमा विविध सैद्धान्तिक विधि समाविष्ट हुन्छन्। यससम्बन्धी विशिष्ट नीति निर्माणको क्रमशः भौगोलिक बनावट, हावापानी, कीटपतङ्ग, स्थानीय साधन र व्यक्तिगत उत्पादनकर्ताका लक्ष्यहरूमा समेत ध्यान दिइनुपर्छ। क्षेत्रगत र व्यक्तिगत प्रकृतिका दिगो विकासका तरिकाका बाबजुद पनि उत्पादनकर्तालाई उपयुक्त व्यवस्थापनविधि छनोट गर्न केही साधारण सिद्धान्तहरू प्रयोगमा ल्याउन सकिन्छ।

कृषि क्षेत्रमा तत्काल गर्नुपर्ने केही पक्षहरूमा बाली तथा पशुबस्तुको न्यूनतम समर्थन मूल्यमा खरिद गरिदिने वा खरिद गर्ने व्यवस्था मिलाउने, सहुलियतपूर्ण ऋण प्रभावकारी रूपमा कार्यान्वयनका लागि साना तथा सीमान्तकृत किसानलाई ब्याज मिनाहा, कृषिलाई प्रतिस्पर्धी बनाउन र किसानलाई संरक्षण गर्न ब्याजमा अनुदान, किसानको व्यवसाय धराशायी हुँदा वा किसान अशक्त भई कृषि कार्य गर्न असमर्थ भएको अवस्थामा सहायता प्रदान गर्न कृषि व्यवसाय क्लिनिकको व्यवस्था गर्न आवश्यक छ। समस्याग्रस्त किसानलाई पुनःस्थापना गर्न कल्याणकारी कोष स्थापना, बाली, पशुपन्छी तथा मत्स्यको बीमा, अनुसन्धान, खोजबाट प्राप्त भएको लाभमा किसानलाई हिस्सेदार बनाउनु, किसानकै नेतृत्व र व्यवस्थापनमा सरकारी कृषि बजारहरू सञ्चालन गर्ने, सम्पूर्ण गुठी जमिन जोतभोग गर्दै आएका किसानका नाममा रैकर गर्ने, उन्नत बीउ बिजन तथा नश्लहरूको संरक्षण गर्नुपर्दछ। उत्पादनमा आधारित अनुदानको व्यवस्था, मानव स्वास्थ्यलाई हानि पऱ्याउने विषादी नियन्त्रण, जैविक तथा प्राङ्गारिक मल र विषादी उत्पादन र प्रयोगमा जोड दिने, जल, जङ्गल, जमिन, जडीबुटी र जैविक विविधतामाथि किसानको नैसर्गिक अधिकार स्थापितजस्ता विषय किसानअधिकारका विषय हुन्।

समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न औद्योगिक क्षेत्रमा मुलुकका लागि आवश्यक पर्ने बस्तु वा सेवाहरू आफ्नै देशमा उत्पादन गर्ने नीति लिई तदनुरूपको कार्ययोजना कार्यान्वयनको खाँचो छ। आयातमा आधारित अर्थ व्यवस्थालाई निर्यातमुखी अर्थतन्त्रमा बदल्न उद्योग क्षेत्रको ज्यादै ठूलो महत्त्व छ। स्वदेशमा रोजगारी सिर्जना गर्न नसक्दा मुलुकबाट ठूलो सङ्ख्यामा युवाहरू वैदेशिक रोजगारमा पलायन भएका छन्। त्यसैले ग्रामीण क्षेत्रमा रहेका ती युवालाई साना, मझौला तथा ठूला उद्योगमा स्थानान्तरण गर्न उद्योगधन्दा खोल्नुको विकल्प छैन। अझ आफ्नै स्रोतमा आधारित उद्योगधन्दा खोल्नमा ध्यान दिन जरुरी छ। कुनै पनि मुलुकको औद्योगिकीकरणको अवस्थाले सो मुलुकको अर्थतन्त्र कस्तो छ भन्ने कुरा निर्धारण गर्दछ। उद्योग अर्थतन्त्रको इन्जिन हुनुपर्छ। औद्योगिक क्षेत्रको उत्पादकत्व र उत्पादन वृद्धिले राष्ट्रिय आयको वृद्धिसँगै उच्च आर्थिक वृद्धि हासिल गर्न मद्दत गर्दछ। औद्योगिकीकरणले नै समृद्धि हासिल गर्न सकिन्छ।

समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने अर्को क्षेत्र हो– पर्यटन। यसलाई लक्षित गरी पर्यटन प्रवर्द्धनका कार्य गर्ने र सेवाक्षेत्र विस्तार गर्ने कार्य गर्नुपर्दछ। मुलुकको कुल गार्हस्थ उत्पादनमा वृद्धि गरी दिगो आर्थिक वृद्धिमा योगदान, मुलुकबाट गरिबी निवारण गर्न मद्दत पुग्ने, रोजगारी सिर्जना र आय आर्जनमा वृद्धि गर्न सकिने, राष्ट्रिय, क्षेत्रीय तथा स्थानीय पूर्वाधारको विकास र विस्तार गर्न सकिने, विदेशी मुद्रा आर्जनमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने अवस्था निर्माण गर्न सकिन्छ।

समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न विकास पूर्वाधारको महत्त्वपूर्ण भूमिका हुन्छ। जबसम्म यी पूर्वाधारको निर्माण हुन सक्तैन, तबसम्म ग्रामीण कृषि अर्थव्यवस्थालाई रूपान्तरण गर्न सकिन्न। गाउँगाउँमा कृषि–सडक सञ्जाल पुऱ्याउन सकेको अवस्थामा मात्र कृषि उपज गाउँसम्म पुऱ्याउन तथा कृषि उत्पादनलाई बजारसम्म ल्याई आर्थिक क्रियाकलापमा बढोत्तरी ल्याउन सकिन्छ। पर्याप्त सिँचाइको सुविधा पुऱ्याएर कृषि उत्पादनमा वृद्धि ल्याई कृषिजन्य उत्पादनलाई निर्यात गर्न सकिन्छ। भौतिक पूर्वाधारमा मुख्यगरी रेल यातायात, जल यातायात, सडक यातायात, ऊर्जा र जलविद्युत्को बहुपक्षीय उपयोग हुन्। त्यसैगरी सूचनाप्रविधिमार्फत समृद्धि, सञ्चार पूर्वाधार, सहरी विकास, पर्यटन र खानीका क्षेत्रमा समेत व्यापक पूर्वाधार निर्माण गरी मुलुकलाई आवश्यक पर्ने भौतिक पूर्वाधारको विकास गर्न जरुरी छ।

पूर्वाधार निर्माणको कार्य गर्दा प्राकृतिक स्रोतको दिगो उपयोग गर्न जरुरी छ। यसको अनुचित दोहन हुन नदिई निर्माण सामग्रीको निर्बाध उपलब्धताको सुनिश्चितता गर्नुपर्छ। आर्थिक विकास र समृद्धि प्राप्त गर्नका लागि मुलुकमा प्रचुर मात्रामा पूर्वाधार निर्माण हुन आवश्यक छ। त्यस्ता पूर्वाधारमा सडक, सिँचाइ, विद्युत्, सञ्चार, पर्यटन, उद्योग तथा सूचना प्रविधि आदि हुन्। यसका अतिरिक्त कृषिको व्यवसायीकरण पनि त्यत्तिकै जरुरी विषय बन्छ। विगत लामो समययता मुलुकले ऊर्जा सङ्कट भोग्दै आएको थियो तर केही वर्षयता ऊर्जाको आपूर्तिमा केही सहजता आएको छ। जसको परिणाम आर्थिक उत्पादनमा समेत वृद्धि भएको छ। खनिज इन्धनको प्रयोगमा कमी ल्याई जैविक ग्यास प्लान्ट र जैविक इन्धनको प्रयोगमा जोड दिनुपर्छ। त्यसैगरी व्यापक मात्रामा प्रयोग भइरहेको रासायनिक मल र कीटनाशक औषधिको अन्त्य गरी प्राङ्गारिक खेती प्रणालीको विकास र विस्तार गर्नुपर्छ।

**निष्कर्ष**

जनताको बहुदलीय जनवादले समाजवादसम्म पुऱ्याउने मात्र होइन, समृद्ध समाजवाद निर्माणमा ठोस मार्गनिर्देश र योगदान गर्न सक्छ। त्यसका लागि उत्पादक शक्तिलाई आधुनिक र वैज्ञानिक प्रविधिको प्रयोगको माध्यमबाट क्षमता अभिवृद्धि, सशक्तीकरण, विकास र विस्तार गर्नु पर्दछ। आम उत्पादक शक्तिलाई उपलब्ध स्रोतमा सक्रिय सहभागिता गराउँदै उत्पादनशील रोजगारका क्षेत्रमा आबद्ध गरी राष्ट्रिय उत्पादकत्व अभिवृद्धिमा जोड दिनु पर्दछ। विभिन्न पूर्वाधारको निर्माण र अवसरहरू सिर्जना गरी द्रूत, फराकिलो र दिगो आर्थिक विकास गरिनु पर्छ। आत्मनिर्भर, स्वाधीन, दिगो राष्ट्रिय अर्थतन्त्र निर्माणको माध्यमबाट समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय सङ्कल्प पूरा गरिनु पर्छ। सामाजिक न्याय र लोकतान्त्रिक मूल्य–मान्यतासहितको प्रतिस्पर्धात्मक सुदृढ समाजवादको आधार तयार गर्नु पर्दछ।



आलेख

# युवा पुस्तामा जबज र जननेता मदन भण्डारी



– सुनिता बराल
प्रतिनिधिसभा सचेतक एवं
केन्द्रीय सदस्य, नेकपा (एमाले)

कम्युनिस्ट पार्टी तथा समाजवादी राजनीतिक शक्तिहरूबीचको ध्रुवीकरण र एकता तथा सिङ्गै वामपन्थी आन्दोलनको नयाँ किसिमको केन्द्रीकरणमार्फत समाजवादतर्फ प्रस्थान गर्न मदन भण्डारीको विचार, सिद्धान्त र सङ्गठनको अवलम्बन गर्नेतर्फ साझा दृष्टि पुग्न जरुरी छ। कम्युनिस्ट शक्तिहरूबीच मदन भण्डारीका विचार वा जबजको नाममा हिच्किचाहट हुनुपर्ने कुनै तर्कसङ्गत आधार छैन। यसलाई स्वीकार गर्नु विचारको जित मात्र नभई कम्युनिस्ट आन्दोलनको नयाँ जग निर्माणको अवसर पनि हो। बृहत् वैचारिक सवलीकरणको नयाँ अध्याय हो। यसले युवा पुस्तामा जनताको बहुदलीय जनवादको अनुसरण र यसका प्रणेता कमरेड मदन भण्डारीप्रति उच्च सम्मानको भाव मात्र सिर्जना गर्दैन, भविष्यसमेत सुनिश्चित गर्दछ।

संसारभर पुँजीवादी व्यवस्थाको दबदबा भइरहेका बेला नेपाली माटोमा मौलिक ढङ्गले फक्रिएको समाजवादी सपनाको एउटा फूल अर्थात् जनताको बहुदलीय जनवाद विश्व कम्युनिस्ट आन्दोलनको नवीनतम् राजनीतिक विचार हो। विश्वका कम्युनिस्टहरूलाई हेर्ने परम्परागत दृष्टिकोणलाई बदल्ने हिम्मत गर्ने नेपाल कम्युनिस्ट पार्टी (एमाले) र यस पार्टीका तत्कालीन महासचिव कमरेड मदन भण्डारी नेपाली कम्युनिस्ट आन्दोलनका नयाँ सूत्रधार हुनुहुन्छ। नेपाली समाज पुँजीवादी धारबाट रूपान्तरित हुँदै समाजवादी स्वरूपमा ढाल्ने कामको सुरुवातकर्ता मदन भण्डारीद्वारा प्रतिपादित विचार जबज संसारभरका कम्युनिस्टहरूका लागि नयाँ 'टर्निङ प्वाइन्ट' हो। विशेष गरी नेपालमा नेकपा (एमाले) को पाँचौँ महाधिवेशनबाट प्रतिपादित भएको विचार जबजलाई बहुआयामिक ढङ्गले विश्लेषण गर्न सकिन्छ।

आजभन्दा दुई सय वर्ष पहिले जन्मेका कार्ल मार्क्सको विचारलाई जसरी हामीले कालजयी विचारका रूपमा लिएका छौँ, त्यस्तै नेपाली समाजका मौलिक कार्ल मार्क्सको रूपमा मदन भण्डारीलाई लिन सकिन्छ। जनताको बहुदलीय जनवाद नेपाली मोडलको मार्क्सवाद हो भन्न सकिन्छ। मार्क्सवाद पनि ठाउँ, समय र परिवेश अनुसार अद्यावधिक हुँदै समाजमा व्यावहारिक ढङ्गले

कार्यान्वयन हुँदै जाने परिकल्पना गरिए अनुसार नै जनताको बहुदलीय जनवादको पनि कार्यान्वयन हुन्छ। विशेष गरी बहुदलीय व्यवस्थाको रूपमा २०४६ सालको राजनीतिक परिवर्तन र २०४७ सालको संविधान जारी भएपछि सुरु भएको राजनीतिक प्रतिस्पर्धामा श्रमजीवी जनताको पक्षधरतासाथ उभिएका किसान, मजदुर, भूमिहीन, श्रमिक वर्गको नेतृत्व स्थापित गर्न लाग्नेहरूको हितका लागि निर्मित विचारका रूपमा जबजले राजनीतिक तथा नागरिक अनुमोदन प्राप्त गरिसकेको छ।

०६२/०६३ को जनआन्दोलन र त्यसपछिका राजनीतिक तथा प्रशासनिक सुदृढीकरणले व्यवस्था गरिएका रूपान्तरित अवस्थाहरूले सामाजिक रूपान्तरणको समाजवादी चरण अब कसैले रोकेर रोक्न नसक्ने अवस्थामा छ। अभ्यासहरूका हिसाबले सोच र शैलीमा रहेका पुँजीवादी प्रभाव र सामन्तवादी अवशेषहरू पनि बिस्तारै खत्तम हुने अवस्था निर्माण भएको छ। यो विशेष गरी कम्युनिस्ट पार्टीहरूको पक्षमा रहेको जनविश्वासको परिणाम हो। ०६४ सालमा भएको संविधानसभा निर्वाचनबाट निर्वाचित संविधानसभाको सिकाइ र ०७० को संविधानसभा निर्वाचनबाट निर्वाचित राजनीतिक नेतृत्वको पहलकदमीमा समाजवाद उन्मुख अर्थ व्यवस्था अवलम्बन गर्ने गरी संविधान जारी गर्न सक्नुमा कम्युनिस्ट पार्टीहरूको सहभागिता मुख्य सबल पक्ष थियो।

जनताको बहुदलीय जनवादका प्रणेता जननेता मदन भण्डारीले प्रतिपादन गरेको सिद्धान्तले समाजवादको अगुवाइका लागि जनताबीचमा रहनुपर्ने र जनताबीचमा प्रतिस्पर्धात्मक लोकतान्त्रिक विधिबाट स्थापित भइरहनुपर्ने मान्यता बोकेको छ। आजको विश्व राजनीतिमा जनपक्षीय राजनीतिक दलहरूले लोकतान्त्रिक र खुला प्रतिस्पर्धालाई अवलम्बन गर्नुको विकल्प छैन। प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्दै जनताको प्रस्तावका कार्यक्रमलाई जनताको बलमै कार्यान्वयन गर्ने गहनतम् अभिभाराबाट आफूलाई पछाडि पार्नु हुन्न। यो जबजले बोकेको मान्यता हो।

जननेता भण्डारीले ५–७ मे १९९३ मा कलकत्तामा आयोजित 'समकालीन विश्व परिस्थिति र मार्क्सवादको सार्थकता' विषयक कार्यक्रममा उल्लेख गर्नुभएको थियो– 'मार्क्सवाद विश्वमा असफल भएको होइन, बरु सोभियत नमुना मात्र असफल भएको हो।' मार्क्सवादप्रतिको प्रतिबद्धतासँगसँगै उहाँले मार्क्सवादको प्रयोग नेकपा (एमाले)ले नयाँ ढङ्गले गरिरहेको उल्लेख गर्दै यसका लागि वाम आन्दोलनको ४० वर्ष खर्चिएर जबजका कार्यक्रम तय गरिएको बताउनुभएको थियो। मदनले संसारका कम्युनिस्टलाई चकित पार्ने गरी युवावस्थामै वैचारिक तथा साङ्गठनिक नेतृत्व प्रदान गरेर पार्टी, क्रान्ति र समाजलाई नयाँ ढङ्गले मार्गनिर्देश गरेको तथ्य र विरासतलाई पुँजीकृत गर्नु आजको राजनीति बुझेको पुस्ताको दायित्व हो।

मदन भण्डारीले सुरु गर्नुभएको जबज नेपालका लागि मात्र नभई विश्व कम्युनिस्ट आन्दोलनकै लागि प्रेरक विचार बनेको छ। त्यसको एक दृष्टान्त अमेरिकी पत्रिका 'न्युजविक'ले २७ मे १९९१ मा गरेको प्रकाशन हो। 'नेपाल, जहाँ कार्ल मार्क्स जीवित छन्' शीर्षकमा छापेको जननेता भण्डारीको अन्तर्वार्ताले विश्वलाई नयाँ सन्देश दिएको थियो। तर दुर्भाग्य ! विश्व राजनीतिले मदनलाई लामो समयसम्म प्रत्यक्ष अनुसरण गर्ने मौका पाएन। मदन भण्डारीको रहस्यमय असामयिक निधनपश्चात् नेपाली कम्युनिस्ट आन्दोलनमा फुट र विसर्जनको एउटा धार र उग्र वामपन्थको अर्को धार अलग–अलग ढङ्गले अगाडि बढे। यी दुई धारको बीचबाट पुँजीवादी, दलाल, नाफाखोर, अवसरवादी क्रियाकलाप राजनीतिमा झाँगियो। यी क्रियाकलापले समाजमा नयाँ टकरावको अवस्था सिर्जना गर्‍यो। यो टकरावले नेपाली समाजलाई नयाँ ढङ्गले पछाडि सार्‍यो।

नेपाली राजनीतिमा विशेष गरी नेकपा एमालेले आफ्नो मार्गदर्शक सिद्धान्तका रूपमा नेपाली मौलिक सिद्धान्त विकास गरेर मार्क्सवाद–लेनिनवादको आलोकमा जनताको बहुदलीय जनवादलाई समृद्ध बनाइरहेको छ। जबजलाई जनताले बुझ्ने भाषाको वर्गसङ्घर्षको बुटी

बनाइदिने गरी स्थापित गर्ने काम मदन भण्डारीले युवा परिचालन र युवा दृष्टिबाट गरेको तथ्य भुल्नु हुँदैन। आफैँ भर्भराउँदो युवा, सादा जीवन र सुन्दर सामाजिक सपनालाई बोकेर सङ्घर्षशील सङ्कल्पका साथ अघि बढेको युवा हो मदन भण्डारी। उहाँको आदर्श जीवनशैली, दृढनिश्चयी व्यक्तित्व र स्पष्ट वैचारिक नेतृत्व हरेक युवाका लागि 'रोल मोडल'का रूपमा रहेको छ। जबजको एउटा विशेषता जसलाई नेपाली युवाले राजनीतिको गुरुमन्त्र मान्नैपर्छ, त्यो हो प्रतिस्पर्धा र जनसम्बन्ध। मदन भण्डारीले जनताको बहुदलीय जनवादमार्फत दिन खोजेको सन्देश आजमात्र नभई चिरकालसम्म महत्त्वपूर्ण र कालजयी छ। प्रतिस्पर्धामार्फत श्रेष्ठता हासिल गर्ने र बहुमतको नेतृत्व अल्पमतले स्वीकार्ने अभ्यासले दिगो राजनीति सुनिश्चित गर्छ। नेपाली कम्युनिस्ट आन्दोलनमा जबजको प्रतिपादन हुनुअघिसम्म फरक मत हुनासाथ पार्टी विभाजनका अभ्यास भइरहे। वि.सं. २०१७ मा डा.केशरजङ्ग रायमाझीले लिएको बाटोको असहमतिमा पुष्पलालहरूले गरेको विद्रोहदेखि आफूले लिएको बाटो सही भन्ने व्याख्यामा मूल नेतृत्व रहने र विद्रोहीहरूले फरक पार्टी निर्माण गर्ने अभ्यास अमात्य समूह, पुष्पलाल समूह, मानन्धर समूह, मार्क्सवादी लगायतका विभिन्न समूहले अभ्यास गरे। तुल्सीलाल अमात्य, मोहनविक्रम सिंह, रूपबहादुर विश्वकर्मा, निर्मल लामा, सहाना प्रधान, मनमोहन अधिकारी लगायतका धेरै नेताहरू काबिल वैचारिक क्षमता र साङ्गठनिक पकड हुँदाहुँदै पनि राजनीतिक फरक मत प्रस्तुत गर्ने र वैचारिक सङ्घर्षसँगै बिलाउने समस्या देखिइरहेको थियो। यसलाई सही दिशाबोध गर्ने काम मदन भण्डारीले प्रतिपादन गरेको जनताको बहुदलीय जनवादले गरेको छ। पार्टीभित्र होस् वा जनतामा, उनीहरूको बीचमा गएर काम गरेर उनीहरूको मन जितेर नेता बन्ने, चुनाव नजिते जित्नेलाई स्वीकारेर जनता र मतदाताबीच नै रहने। यो जबजको मूल मर्मलाई हरेक युवाले आत्मसात् गर्न जरुरी छ।

जनताको बहुदलीय जनवाद नेपाली क्रान्तिको मौलिक र माटो सुहाउँदो कार्यक्रम हो। विश्वभर राजनीति दीर्घकालीन लक्ष्य, उद्देश्य, कार्यक्रम र कार्यशैलीका कारण आफ्नो गति निर्धारण गर्न सक्षम रहेको तथ्य हामी सबैले देखिरहेकै छौँ। समाजवादी मोडल होस् वा पुँजीवादी मोडल– आफ्नो चरित्र, चित्र वा नामलाई भन्दा दीर्घकालीन लक्ष्यकेन्द्रित नै छ। नेपाली राजनीतिमा पनि दीर्घकालीन लक्ष्य निर्धारण गरेर आफ्नो बाटो स्पष्ट पारेको समाजवादी मोडल प्रस्तुत गर्ने काम जनताको बहुदलीय जनवादले गरेको छ। खुला समाजमा प्रतिस्पर्धामार्फत नेतृत्वमा स्थापित भएर प्रतिस्पर्धाका माध्यमबाट आफ्ना कार्यक्रम कार्यान्वयन गर्ने स्पष्ट भिजन दिने उत्कृष्ट मार्क्सवादी विचार बनाउने काम आजका युवा पुस्ताको हो। इशापूर्व ४०० को कूटनीति र अर्थनीतिलाई आज विश्वले पढिरहेको छ, त्यस्तो उत्कृष्ट विचार जन्माउने एसियाले आधुनिक विश्वका लागि निर्माण गरेको राजनीतिक विचार विश्वस्तरमा विस्तार गर्ने कार्यभार आजका नेपाली युवाहरूमा छ।

जनताको बहुदलीय जनवादले बहुदलीय पुँजीवादी जनवादी क्रान्तिको कार्यक्रमभन्दा भिन्न विशेषता ग्रहण गरेको छ। संविधानको सर्वोच्चता, बहुलवादी खुला समाज, शक्ति पृथकीकरणको सिद्धान्त, स्वाधीनता, मानवाधिकारको रक्षा, आवधिक निर्वाचन, स्वाभिमानमा आधारित विदेशनीति आदि यसका विशेषता हुन्। यी सैद्धान्तिक विशेषतालाई कम्युनिस्ट आन्दोलनको लोकतान्त्रीकरण कार्यक्रम भनेर पुँजीवादी देशहरूले समेत नेपाली कम्युनिस्टहरूप्रति घृणा गर्ने अवस्थाबाट माथि उठाएको हो। यो श्रेय जनताको बहुदलीय जनवादलाई जान्छ, त्यसको अगुवाइकर्ताका हिसाबले नेकपा एमालेलाई जान्छ। आफ्नो मार्गदर्शक सिद्धान्त बनाएको पार्टीले संसारभर मानवाधिकार, विधिको शासन, शक्ति पृथकीकरणको सिद्धान्त, आवधिक निर्वाचन आदि लोकतान्त्रिक चरित्रलाई नेपाली कम्युनिस्टका मौलिक विशेषता भनेर चिनाउन जरुरी छ। यो काम जबजका प्रतिपादक मदन भण्डारीका समकालीन नेताहरूको होइन, आजका युवाको हो। एक क्लिकमा दुनियाँको ध्यान तान्न सक्ने युवा क्षमतालाई यसमा सदुपयोग गर्न आवश्यक छ।

प्रतिकूलताका बीच पनि सङ्घर्ष गरेर उभिन सक्ने अवस्थाको निर्माण जबजको मार्गबाटै भएको लोकतान्त्रिक चरित्रका कारण सम्भव भएको हो। राजनीतिक व्यवस्था परिवर्तन र नागरिकको जीवनमा रूपान्तरण आजको ज्वलन्त विषय हुन्। उस्तै देखिए पनि यी दुईको सम्बन्धमा जति दूरी बढ्छ, त्यसमाथि प्रश्नको वर्षा उति बढ्छ। आज यो व्यवस्था र जनताको अवस्थाको दूरी बढेको छ। राजनीतिक व्यवस्था बदल्नका लागि बलिदान गर्नेहरूको नै बदख्वाइँ भइरहेको छ। यो अवस्थालाई चिर्दै जबजको आलोकमा नयाँ परिवेश निर्माण गर्न बहुआयमिक योगदान गर्नु आजका युवा जनप्रतिनिधिको मुख्य दायित्व हो। आजका युवा जनप्रतिनिधिले भोलिको राजनीतिक भविष्यलाई हेरेर इमान, निष्ठा र सङ्कल्पका साथ काम गरेको खण्डमा आजका मतदाताले उनीहरूलाई विश्वास गर्दछन्, भविष्यको निम्ति स्वीकार्छन्। आजका युवाले मदनलाई आदर्श मानेका छन्। समाजले आजका युवामा मदन खोजेको छ। अवसर पाउनेबित्तिकै त्यो विश्वासलाई स्थापित गर्न अनि मदनको आदर्शलाई व्यवहारमा रूपान्तरण गर्न आजको युवा अझ विशेष गरी कुनै पनि तहको युवा जनप्रतिनिधिले सक्नुपर्दछ। अहिलेको आवश्यकता चुनाव जसरी पनि जित्ने भन्दा पनि जनताका बीचको सम्बन्ध नटुटोस् भन्नेमा सजग रहनु हो। जनताको बीचमा जोडिइरहनु नै मदन भण्डारीको सही मार्गनिर्देश हो। स्थानीय तह तथा प्रदेश एवं प्रतिनिधिसभामा निर्वाचित जनप्रतिनिधिले आफूलाई जनताको असली सेवकका रूपमा स्थापित गर्दै जनताको मत जित्तै संसद्बाट जनवादी सत्ताको रूपमा समाजवादको स्थापनालाई आफ्नो अर्जुनदृष्टि बनाउनुपर्ने आवश्यकता छ। यो मदन भण्डारीको सपना हो। जबजको मार्गनिर्देश हो।

आज नेकपा एमालेले जगका जनप्रतिनिधि अर्थात् वडाध्यक्ष र वडा सदस्यलाई पार्टी जनतामाझ स्थापित गराउने महत्त्वपूर्ण जिम्मेवारीको सारथि बनाएको छ। जसरी रथमा शिरपोस लगाएर विराजमान नायक वा ध्वजामा फहराउने प्रतीकभन्दा हाँक्ने सारथिको भूमिका महत्त्वपूर्ण हुन्छ, त्यस्तै नेकपा (एमाले)ले आफ्नो राजनीतिक यात्राको आगामी गन्तव्यका लागि जगका जनप्रतिनिधिको भूमिका महत्त्वपूर्ण भएको ठहर गर्दै ०८४ को मिसन जिम्मा लगाएको छ। यसरी जनप्रतिनिधिलाई जिम्मेवार बनाउने राजनीतिक मोडल जबजको मूल पक्ष हो। जबजको जगमा विकास गरिएको र विस्तार गरिएको जनप्रतिनिधिमूलक प्रणालीमा समावेशी सहभागिताले नयाँ युग निर्माण गरेको छ। महिला सहभागिता तथा नागरिक समाजको मूल प्रवाहमा छुटेका वर्गको प्रतिनिधित्वको सुनिश्चितताको सवाललाई एमालेले राजनीतिक मुद्दाका रूपमा उठाउँदै विकास गरेर निष्कर्षमा पुऱ्याएको छ। यो ऐतिहासिक विजय प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्ने राजनीतिक स्कुलको उपज हो।

कम्युनिस्टहरू 'निर्वाचन लड्दैनन्, कि सकिन्छन् कि सक्काएर शासनसत्ता लिन्छन्' भन्ने भाष्य संसारभर फैलिएका बेला त्यसलाई बदलेर प्रतिस्पर्धाको सिद्धान्तलाई अँगाल्ने जबजको सपना पछ्याएरै आज पटक–पटक नेपाली राजनीतिमा कम्युनिस्ट विचारधाराका पक्षधरहरू प्रधानमन्त्री, मन्त्री तथा विभिन्न जिम्मेवारीमा पुग्ने मौका प्राप्त भएको छ। श्रमजीवी वर्गका यथार्थ अवस्थाका अनुभूतिहरूलाई कार्यान्वयन गर्ने वर्ग प्रतिनिधिको प्रतिनिधित्वले राज्य व्यवस्थालाई जनताको हितमा परिचालन गर्न सम्भव भएको छ। यो सम्भावना र अवसर जबजकै परिकल्पना हो। दाबीका साथ भन्न सकिन्छ, आज पनि श्रमजीवी जनताको मत एकढिक्का पार्ने हो भने नेपालमा दुईतिहाइ जनमत कम्युनिस्ट विचारधाराकै पक्षमा आउने अवस्थाको जग जनताको बहुदलीय जनवादले निर्माण गरिदिएको छ।

विभिन्न परीक्षणबाट प्रमाणित भएको नवीनतम् विचार जनताको बहुदलीय जनवादलाई युगको अग्रतासँगै विकास भएको प्रविधि र पुस्तासँग जोड्ने अभिभारा आज युवाहरूको काँधमा आएको छ। यो समयलाई नेतृत्व गर्ने पुस्ताले विचारलाई सही रूपमा बोक्न सक्नु पर्दछ। आज विश्व पुँजीवादी व्यवस्था विभिन्न किसिमका कठिनाइका बीच आफूलाई श्रेष्ठ साबित गर्न समाजवादी मोडलको अवलम्बन गर्न बाध्य छ। पुँजीवादी व्यवस्थालाई

खुला चुनौती दिएर प्रतिस्पर्धामा आउन बहुलवादको स्वीकारोक्तिसहित जबजले कोरेको बाटो आज वैज्ञानिक र दूरदृष्टियुक्त भएको प्रमाणित भएको छ।

आज सिङ्गै विश्व आर्थिक मन्दीको चपेटामा छ। शक्ति राष्ट्रहरू पुँजी, प्रविधि र पहिचानको दौडमा आफैँलाई सक्याउन तयार भएर प्रतिस्पर्धामा उत्रिएका छन्। यस्ता होडबाजीले उनीहरूसमेत एकपछि अर्को आर्थिक सङ्कटमा फसिरहेका छन्। रुस–युक्रेन युद्धदेखि हालै छिमेकमा भएको भारत—पाक युद्धका कारण सिङ्गै विश्व वैचारिक रूपमा विभाजित बन्दै गइरहेको सन्दर्भमा त्यसको निकासका लागि समेत राजनीतिक विचारधाराको समन्वयात्मक भूमिका महत्त्वपूर्ण हुन्छ। उग्रताबाट भन्दा समन्वयबाट शान्ति स्थापना गर्न सकिन्छ भन्ने सन्देश दिएको जबजले सन्तुलित कूटनीतिक सम्बन्ध, वैश्विक भाइचारा लगायतका सन्देशलाई उठाएको छ। संसारभर देशहरू आफ्नो राष्ट्रिय आवश्यकता र नागरिकको अपेक्षाका कारण अन्तरनिर्भर रहेका छन्। यस्तो विश्वव्यापीकरणको चपेटामा सिङ्गै विश्व फसिरहेका बेला राष्ट्रिय हितलाई ख्याल गरेर विदेशी पुँजी र प्रविधिको प्रयोग गर्नुपर्ने कुरामा नेकपा (एमाले) आफू सरकारमा रहँदा वा प्रतिपक्षमा हुँदा दृढ छ। यो वैचारिक पक्ष जबजको जगमा निर्माण भएको हो।

अस्थिर सरकारी नीतिका कारण विदेश सम्बन्धमा हुने उतारचढाव र हाम्रो अर्थतन्त्रको अन्तरनिर्भरताका कारण निरन्तर सङ्कटमा फस्ने अवस्थाबाट देशलाई मुक्त राख्न पनि राजनीतिक दलहरूबीच नयाँ खालको राष्ट्रिय सहमतिको विन्दु तय हुन जरुरी छ। कम्युनिस्ट पार्टी तथा समाजवादी राजनीतिक शक्तिहरूबीचको ध्रुवीकरण र एकता तथा सिङ्गै वामपन्थी आन्दोलनको नयाँ किसिमको केन्द्रीकरणमार्फत समाजवादतर्फ प्रस्थान गर्न मदन भण्डारीको विचार, सिद्धान्त र सङ्गठनको अवलम्बन गर्नेतर्फ साझा दृष्टि पुग्न जरुरी छ। कम्युनिस्ट शक्तिहरूबीच मदन भण्डारीका विचार वा जबजको नाममा हिच्किचाहट हुनुपर्ने कुनै तर्कसङ्गत आधार छैन। यसलाई स्वीकार गर्नु विचारको जित मात्र नभई कम्युनिस्ट आन्दोलनको नयाँ जग निर्माणको अवसर पनि हो। बृहत् वैचारिक सवलीकरणको नयाँ अध्याय हो। यसले युवा पुस्तामा जनताको बहुदलीय जनवादको अनुसरण र यसका प्रणेता कमरेड मदन भण्डारीप्रति उच्च सम्मानको भाव मात्र सिर्जना गर्दैन, भविष्यसमेत सुनिश्चित गर्दछ।



आलेख

# प्राच्य विद्या र मदन भण्डारीको वक्तृत्वकला



– माधव नेपाल
सदस्य, केन्द्रीय प्रचार विभाग, नेकपा (एमाले)

मदन सानोमै तीक्ष्ण हुनुको कारण परिवारमा संस्कृत अध्ययनको प्रभाव हो। सानैदेखि कुशाग्र बुद्धि थियो उहाँको। 'बुझेर मात्र बोल्ने। अरूले भनेको कुरामा झट्टै सहमत नहुने। आफू स्पष्ट नभई समर्थन नगर्ने। मिहिनेत धेरै नगरेर पनि पढाइमा अब्बल। मातापिताले सम्झाउनुपर्ने अवस्थासमेत नभएको। सानोमा पढाइका बारेमा गुरुले प्रशंसा मात्र गर्ने। दुर्गासप्तशती अथवा चण्डी मुखाग्र थियो उहाँलाई,' बाल्यकालका मदनको सम्झना उहाँका दाजुले यसरी गर्नुभएको छ।

एउटा नेता दार्शनिकका लागि चिन्तनको सागर बन्नुपर्छ। साहित्यकारका लागि रससिन्धु बन्न आवश्यक छ। नेता इतिहासकारको अन्वेषणको साधन पनि हुनुपर्छ। विश्लेषकका लागि कौतूहलको माध्यम नेतामा हुनैपर्ने गुण हो। विद्वान्‌हरूका लागि परीक्षाको कसौटी बन्ने ताकत नेतामा हुनुपर्छ। जिज्ञासुका लागि गुप्त रहस्य पत्ता लगाउने अध्यात्मदीप बनेमात्र नेता सफल हुन्छ।

हरेकको अनुभूति एउटा व्यक्तिगत विषय हो। तर नेतृत्वमा बस्नेले व्यक्तिगत अनुभूतिलाई सामाजिक बनाउन सक्नुपर्छ। यस्तो स्वभाव हुन अध्ययन र लगाव चाहिन्छ। श्रीमद्भागवतमा व्याख्या गरिएको नेतृत्वमा हुनुपर्ने यो क्षमता पूर्वीय दर्शनमा डुबेर मात्रै प्राप्त हुन सक्छ।

यी कौशल सीमित नेपाली नेतामा मात्रै देखिएको छ। यस्तैमध्येका एक हस्ती हुनुहुन्थ्यो, मदन भण्डारी। उहाँको बाल्यकालको तिखोपन, सुझबुझपूर्ण योग्यता, क्षमता र आत्मविश्वास सबैले सिक्न लायक थियो। धाराप्रवाह बोल्न सक्ने क्षमता उहाँमा थियो। विषयवस्तुको गहिरो ज्ञान भएपछि फरर बोल्न सक्छ मान्छे। अध्ययनको गहिराइका कारण वक्तृत्वकलामा उहाँ निपुण हुनुहुन्थ्यो। आश्चर्य नै मान्नुपर्छ, मदन बालखमा जे स्वभावको हुनुहुन्थ्यो, पछि पनि उस्तै रहनु भयो। राजनीतिक रूपमा परास्त गर्न नसकेपछि भौतिक रूपमा सकाउने योजना हुन्छ भन्ने परिवारलाई पहिल्यै शङ्का थियो। त्यही भएर उहाँका पिताजीले राजनीतिमा नलगाउन अनेक प्रयत्न गर्नुभएको थियो।

मदन मार्क्सवादी हुनुहुन्थ्यो, भौतिकवादी हुनुहुन्थ्यो। तर उहाँमा पूर्वीय दर्शन र अध्यात्मवादतर्फ पनि गहिरो चाख र सूक्ष्म ज्ञान थियो। उहाँमा अध्यात्मको ज्ञान मात्र होइन, शक्ति पनि थियो भन्ने बुझाइसमेत कतिपयमा छ। 'मदनलाई राम्रो भन्ने मात्र होइन, देशका लागि मदनको बाटो सही छ भन्ने स्थापित गराउनुपर्छ। यो फरक क्षमताको प्रेरणा भनेको आध्यात्मिक शक्ति हो। जसको शक्तिले वेदका ऋचा र राजनीतिक सिद्धान्तलाई घुलित गरेको छ,' मदन भण्डारीका दाजु मनोजकुमार भण्डारीको बुझाइ यस्तो छ।

वेद भनेको जान्नु हो। त्यसैले यसलाई प्राच्य विद्याको आदिस्रोत मानिन्छ। परापूर्वकालमा ऋषिहरूले ज्ञानलाई साक्षात्कार गर्ने साधन वेदलाई बनाए। वेदलाई श्रुति पनि भनिन्छ। महर्षि वेदव्यासले वेदलाई चार भाग लगाए– ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद। यीमध्ये ऋग्वेद सबैभन्दा प्राचीन ग्रन्थ हो। वेदव्यासले ती चार वेद चार शिष्यलाई पढाएका थिए। त्यस्तो गुरुशिष्य परम्परा अहिले पनि प्रचलनमा छ।

'यो नधित्यद्विजो वेदाः अन्यत्रकुरुतेश्रमम्।
सज्जीवत्वेव शद्रत्वमासु गच्छन्ति मानवाः॥'

मनुले त मान्छेले वेद नपढेर अरू श्रम गर्न कोसिस गर्छ भने त्यो सार्थक हुँदैन भनेका छन्। हुन त मनुका कट्टर आलोचक पनि समाजमा बेलाबेलामा देखा पर्छन्। युगअनुसार उपयोगी विषयलाई आत्मसात् गर्नुपर्छ र अनावश्यक विषयलाई संशोधन गर्न सक्नुपर्छ।

वेद पढेको मान्छेमा वाक्कला स्पष्ट हुन्छ। राजनीतिमा पनि वेद अध्ययनको धेरै महत्त्व छ। धेरै पश्चिमाहरू पनि वेद पढेर विद्वान् भएका छन्। नेपालमा पनि वाक्कलामा स्पष्ट भएको व्यक्ति संस्कृत वा वेदको ऋचामा डुबेको पाइन्छ। त्यसको प्रमुख उदाहरण मदन भण्डारी हुनुहुन्छ। मदन जसलाई साँवा अक्षर स्पष्ट चिन्न नसक्दा पनि वेदका ऋचाले सिँगारिएका केही ग्रन्थ कण्ठस्थ थिए।

मदन सानोमै तीक्ष्ण हुनुको कारण परिवारमा संस्कृत अध्ययनको प्रभाव हो। सानैदेखि कुशाग्र बुद्धि थियो उहाँको। 'बुझेर मात्र बोल्ने। अरूले भनेको कुरामा झट्टै सहमत नहुने। आफू स्पष्ट नभई समर्थन नगर्ने। मिहिनेत धेरै नगरेर पनि पढाइमा अब्बल। मातापिताले सम्झाउनुपर्ने अवस्थासमेत नभएको। सानोमा पढाइका बारेमा गुरुले प्रशंसा मात्र गर्ने। दुर्गासप्तशती अथवा चण्डी मुखाग्र थियो उहाँलाई,' बाल्यकालका मदनको सम्झना उहाँका दाजुले यसरी गर्नुभएको छ। पिताजीले पढाइ रोकेर अक्षर चिन्न लगाएको पनि उहाँको दाजुको स्मरणमा ताजै छ।

राम्रो कुरा भने गम्भीर भएर सोच्ने र नराम्रा कुरामा चासो नदिने स्वभाव मदनमा थियो। आफूलाई सही लागेपछि त्यसैमा रटान दिने। अन्यथा गहिरिएर चासो नदिने। तर, दुराग्रही होइन। चित्त नबुझेपछि सानाठूला जसले भने पनि आफूले स्वीकार नगर्ने। हरेक कुरामा गम्भीर। भन्नुभन्दा पहिले थप कुरा बुझ्ने योग्यता थियो मदनमा। मदनका बालसखा यस्तै सम्झन्छन्।

त्यसो त राजनीतिमा लागेपछि यसको मृत्यु सहज नहुन सक्छ भन्ने पिताको वाणी दाजुको कानमा अहिले पनि गुन्जिन्छ।

पिताजीलाई यस्तो छनक परेपछि राजनीतिबाट हटाउन पहल भएको थियो। यसका लागि दाजु मनोजकुमारलाई प्रयोग गरिएको थियो। त्यो बेला दाजुको प्रतिक्रिया थियो, 'अब उसलाई त्यो बाटोबाट मोड्नु भनेको अर्को दुर्घटना निम्त्याउनु हो। त्यसकारण उसलाई उसकै मार्गमा छाडिदिऊँ।' त्यसपछि पिताजी पनि मदनलाई राजनीतिबाट फर्काउने विषयमा पछि हट्नु भएको थियो।

मदन बनारस गएपछि राजनीतिक गतिविधिमा धेरै लागेको पाइन्छ। बिस्तारै परिवारसँग घुलमिल हुन छाड्यो। पिताजी र दाजुबाट अहिंसा, मानवता र अध्यात्मबारे ज्ञान प्राप्त गरेका कारण पनि हिंसात्मक कम्युनिस्ट सिद्धान्तविरुद्ध हुनुभयो मदन। कम्युनिस्ट परिवर्तन हुनुपर्छ भन्ने मदनको चाहना थियो।

परिवार र अध्यात्मको प्रेरणाबाट कम्युनिस्टमा नयाँ सिद्धान्तको प्रतिपादन भएको दाजु मनोजकुमारको अनुमान छ। दाजु मनोजको स्मरणमा जनताको बहुदलीय

जनवादको सिद्धान्त भनेकै हिंसात्मक गतिविधिबाट शान्तिप्रक्रियामा आउने बाटो हो। यही जगमा उभिएर यो दस्तावेज मदनले तयार गर्न सकेको दाजु मनोजको बुझाइ छ।

चिन्तनको गहिराइ राम्रो र जे कुरामा लाग्नु छ त्यो कुरामा लाग्ने एकोहोरो स्वभाव मदनमा थियो। यही स्वभावका कारण मान्छेले सिधै परास्त गर्न नसके गलत बाटोबाट सकाउँछन् भन्ने दाजु र पितालाई पहिल्यै छनक थियो। आखिर त्यस्तै भयो। अझै केही वर्ष बाँचेका भए र काम हेर्ने समय मिलेको भए, मदनको क्षमता देशलाई थाहा हुन्थ्यो। दाजुको भनाइ छ, 'भाइ गयो भन्ने पीडा त छँदैछ, देशले एउटा विशिष्ट मानिस गुमायो भन्ने चिन्ता पनि छ।'

मदनमा लोभलालच थिएन। पद र पैसाका लागि मरिहत्ते गर्ने प्रवृत्ति थिएन। मुख्य तागत त्याग हो। आफैँले छोड्दा सत्यको जित हुन्छ भने पछि हट्ने स्वभाव थियो मदनको। दासढुङ्गाको घटनास्थल हेर्दा अरूलाई जस्तै वैष्णवमार्गी दाजु मनोजलाई यो दुर्घटना नै हो जस्तो लाग्दैन। स्वाभाविक दुर्घटना हुने ठाउँजस्तो लागेन उहाँलाई।

निश्चित परम्पराका शील पालना गर्दै अघि बढ्नुबाहेक एक राजनीतिकर्मीमा हुनैपर्ने गुण हो, करुणा। अनि कहिल्यै कुनै शब्दमा उल्लेख नगरीकन व्यवहारबाटै आफ्नो सिद्धि अनावरण गर्न सक्ने क्षमता। जुन राजनीतिकर्मी आफ्ना उपलब्धिबारे कुरा गर्छन्, त्यस्ता राजनीतिकर्मीबाट टाढै रहनु भनिन्छ। किनभने यस किसिमको अहंकार प्रदर्शनको अर्थ हो, ती राजनीतिकर्मीले सिद्धि प्राप्त गर्न सक्दैनन्। साँच्चै कुनै अनुभव प्राप्त गरिसकेका राजनीतिकर्मी कहिल्यै आफ्ना उपलब्धिबारे कुरा गर्दैनन्। मदनमा यही शिल्प थियो। त्यसैले त विश्वले उहाँलाई चिन्यो। उहाँलाई घेरेका आभाबाटै यी सद्गुण झल्किएको देखिन्थ्यो।

'मदन भएको भए माओवादी द्वन्द्वमा त्यति ठूलो क्षति हुँदैनथ्यो। आफूले सहयोग वा त्याग गरेर जनसंहार हुन रोकिन्थ्यो भन्ने लाग्छ,' भाइ मदनबारे दाजु मनोजले एउटा अन्तर्वार्तामा भन्नुभएको छ। हिंसामा उत्रिएको माओवादी पनि चुनावी धारमा आउनु मदन भण्डारीको सिद्धान्तको उपज हो। शुरु चरणमा कोरिएको र कतिपयमा अभ्याससमेत भएको कम्युनिस्ट बाटो फरक धारमा लगाउन मदनको विचार जनताको बहुदलीय जनवाद चीरस्थायी हुने पर्याप्त आधारहरू छन्।



आलेख

# मदन भण्डारीका साहित्यिक रचनामा अन्तर्वस्तु र रूपको द्वन्द्वात्मक समन्वय



– टीकाराम नेपाल 'प्रनिश'

मदन भण्डारीका काव्य रचनामा अन्तर्वस्तु र रुपको द्वन्द्वात्मक समन्वयको पक्ष प्रभावकारी देख्न सकिन्छ । अन्तर्वस्तुअनुसारको रुपका कारण उनका यस्ता केही रचना साधारण जनतामा लोकप्रिय र कण्ठस्थ बन्न पुगेको छ । सर्वसाधारण जनताले बुझ्ने र सरल भाषाका कारण पनि उनका रचना भावानुकूल रुपविधान हुन पुगेको देखिन्छ ।

**विषय परिचय**

मदन भण्डारीले (वि.सं. २००९–२०५०) नेपाली साहित्यको कविता, गीत, निबन्ध, कथा, संस्मरण, नाटक, समालोचना, अनुवादजस्ता क्षेत्रमा कलम चलाएका छन् । नेपाली राजनैतिक क्षेत्रमा सुप्रसिद्ध भण्डारीका साहित्यिक रचना उनको जीवनकालमा छरिएरै रहेको भएता पनि पछिल्लो कालखण्डमा सङ्कलन, सम्पादन र प्रकाशन गरिएको पाइन्छ । भण्डारीका मदन भण्डारी सङ्कलित रचनाहरू भाग २ (२०६९), मदन भण्डारी सङ्कलित रचनाहरू भाग ३ (२०६९), मदन भण्डारी सङ्कलित रचनाहरू भाग ४ (२०६९), मदन भण्डारी सङ्कलित रचनाहरू भाग ५ (२०६९), मदन भण्डारी सङ्कलित रचनाहरू भाग ६ (२०७०), मदन भण्डारी सङ्कलित रचनाहरू भाग ७ (२०७०), मदन भण्डारी सेलेक्टेड वर्क्स (सन् २०१४), मदन भण्डारी छानिएका रचनाहरू (२०७०), मिडियामा मदन भण्डारी (२०८१) जस्ता कृति प्रकाशित छन् । यी कृतिमध्ये पनि मदन भण्डारीका साहित्यिक रचनालाई मदन भण्डारी सङ्कलित रचनाहरू भाग ४ (२०६९) नामक पुस्तकमा एकत्रित गरी प्रकाशन गरिएको छ । यस पुस्तकमा भण्डारीका चारओटा निबन्ध, पाँचओटा समालोचना, एउटा नाटक, पाँचओटा कथा, सातओटा कविता, अठारओटा भाषण तथा अन्तर्वार्तामा उपलब्ध भएका कविता, छओटा गीत, दुईओटा साना पाठ र छओटा संस्कृतबाट अनुवाद गरिएका श्लोकहरू

सङ्गृहीत छन्। यसै पुस्तकमा रहेका कविता र गीतलाई मात्र समेटेर मदन भण्डारीका कविता र गीतहरू (२०७१) नामक पुस्तकसमेत प्रकाशन गरिएको छ।

प्रगतिवादले अन्तर्वस्तु र रूपको द्वन्द्वात्मक समन्वयलाई जोड दिइएको पाइन्छ। रूप अन्तर्वस्तुलाई मूर्तता दिने आधार भएकाले रूपको समुचित प्रयोग प्रगतिवादी साहित्यमा आवश्यक ठानिन्छ। अन्तर्वस्तुलाई प्रभावकारी सम्प्रेषण गर्न अन्तर्वस्तु र रूपको घुलन हुनु पर्दछ। अन्तर्वस्तुलाई अतिक्रमण नगरी र रूपप्रति विशेष आकर्षित नपारी पाठकलाई वशीभूत पार्न सक्नु नै श्रेष्ठ कृतिको विशेषता हो। मदन भण्डारीका रचनामा अन्तर्वस्तु र रूपको समन्वय प्रभावकारी देखिन्छ। यहाँ मदन भण्डारीका रचनाहरूलाई अन्तर्वस्तु र रूपको द्वन्द्वात्मक समन्वयको पक्षलाई प्रगतिवादी सिद्धान्त तथा पूर्वीय साहित्य सिद्धान्तसमेतका आधारबाट विश्लेषण गरिएको छ।

**मदन भण्डारीका काव्यमा अन्तर्वस्तु र रूपको द्वन्द्वात्मक समन्वय**

मदन भण्डारीका काव्य रचनामा अन्तर्वस्तु र रूपको द्वन्द्वात्मक समन्वयको पक्ष प्रभावकारी देख्न सकिन्छ। अन्तर्वस्तुअनुसारको रूपका कारण उनका यस्ता केही रचना साधारण जनतामा लोकप्रिय र कण्ठस्थ बन्न पुगेको छ। सर्वसाधारण जनताले बुझ्ने र सरल भाषाका कारण पनि उनका रचना भावानुकूल रूपविधान हुन पुगेको देखिन्छ। यस्ता केही साक्ष्यहरूलाई यहाँ विश्लेषण गरिएको छ। 'छात्रप्रभाप्रति' कवितामा लेखिएको छः

जाऊ छात्रप्रभा लिएर बम यो टङ्कारिई पड्किंद्यौ
निर्धा झोपडिका किसान जनका उत्साहका साथ हौ। (भण्डारी, २०६९, पृ. ९८)

यहाँ उत्साहपूर्ण अभिव्यक्तिको प्रयोग भएको छ। गरिबमा चेतना भर्न अनुरोध गरिएको छ भने सामन्तको अन्त्यको अपेक्षा गरिएको छ। वस्तुअनुरूप रूपको चयन यहाँ पाइन्छ। वीररसअनुकूल हुने ओज गुणयुक्त शब्दचयन यहाँ देखिन्छ। वीर रसमा टवर्ग, रेफ, वर्णहरूको संयोजन आदिबाट ओजगुण सम्पन्न भाषिक अभिव्यक्ति अपेक्षित मानिन्छ (गडतौला, २०७१, पृ.५०)। छात्रप्रभा, टङ्कारिइ, पड्किंद्यौ, निर्धा, झोपडी, उत्साह जस्ता शब्दमा रहेका रेफ, टवर्ग, वर्णहरूको संयोजन आदिले वहाँको अभिव्यक्ति ओजपूर्ण बनेको देखिन्छ। फलतः यहाँ वस्तु र रूपको प्रभावकारी समन्वय रहेको पाइन्छ। त्यस्तै 'सुतेको सिंहको होइन', 'हाम्रा भगवान्', 'महाराज, हात नलम्काइबक्स्योस्', 'गोरु फुकाओ हली हो' जस्ता कवितामा पनि यस्तो किसिमको समन्वय देख्न सकिन्छ। सर्वसाधारण किसानले समेत सहज बुझ्ने भाषाशैलीको प्रयोग गरी सुन्दर कवितात्मकता प्रदान गर्नु भण्डारीको खास वैशिष्ट्य हो। अत: अति साधारण जनताले समेत बुझ्ने शब्द चयनमार्फत उत्कृष्ट कथ्य प्रस्तुत गरेकाले भण्डारीका काव्यमा वस्तु र रूपको अनुपम समन्वय देखिन्छ।

**मदन भण्डारीका निबन्धमा अन्तर्वस्तु र रूपको द्वन्द्वात्मक समन्वय**

मदन भण्डारीका निबन्ध रचनामा अन्तर्वस्तु र रूपको समन्वय देखिन्छ। अधिकांशतः वस्तुअनुरूप नै रूपरचना भएको भए तापनि ठाउँ ठाउँमा वस्तुपक्ष सशक्त बनेको र रूपपक्ष सामान्य बनेको देखिन्छ। यहाँ भण्डारीका निबन्ध रचनामा वस्तु र रूपको समन्वयलाई प्रतिनिधित्व गर्ने साक्ष्यको विश्लेषण गरिएको छ। 'संस्कृत शिक्षा र शिक्षार्थी' निबन्धमा निबन्धकार लेख्छन्, 'यसरी शिक्षाको नाममा फटाफट अन्धविश्वासका बुजा हालेर पण्डित भई कहलाएकाहरू युगको वैज्ञानिक विकासक्रममा परिवर्तनको दौरानलाई शिखा र जनईको बाँध हालेर व्यास र वाल्मीकिका दुहाइ सुनाएर प्रवाह रोक्न चाहन्छन्' (पृ. ३)। युगको वैज्ञानिक विकासलाई धार्मिक गतिविधिका नाममा रोक्न खोज्नु गलत हो। पौराणिक कथामा डुबेर आधुनिक वैज्ञानिक विकासको आँधीलाई रोक्ने प्रयास गर्नु नेपाली समाजको कमजोर पक्ष हो। अन्धविश्वासभन्दा माथि उठी वैज्ञानिक विकासमा लाग्नुपर्छ भन्ने अन्तर्वस्तुलाई उचित

शब्दचयन र वाक्य गठनबाट यहाँ प्रस्ट पारिएको छ। जनई (जनै), कहलाएका, फटाफट जस्ता सहज सम्प्रेष्य शब्दको चयन गरिएको छ। शिखा र जनईलाई परिवर्तनको बाँधको प्रतीकात्मक अर्थका लागि प्रयोग गरिएको छ। व्यास र वाल्मीकिलाई पौराणिक कथाका प्रतीकका रूपमा उभ्याइएको छ। यहाँ अन्तर्वस्तुलाई उद्घाटन गर्न केही प्रतीकात्मक शब्द, केही सरल शब्द र अभिव्यक्तिलाई कला एवम् व्यङ्ग्यले सजाइएको देखिन्छ। त्यसैले अन्तर्वस्तु र रूपको प्रभावकारी समन्वय देखिन्छ।

**मदन भण्डारीका आख्यानमा अन्तर्वस्तु र रूपको द्वन्द्वात्मक समन्वय**

मदन भण्डारीका आख्यान रचनामा अन्तर्वस्तु र रूपको द्वन्द्वात्मक समन्वयको पक्ष मध्यम किसिमको देखिन्छ। सरलभित्र पनि कलात्मक हुनुपर्ने प्रगतिवादी रूपसम्बन्धी मान्यतालाई उनले प्रशस्त आत्मसात् गरेको देख्न सकिन्छ। ठाउँ ठाउँमा वाक्य गठनका सम्बन्धमा केही कमजोरी देखिए तापनि समग्रमा रूप र अन्तर्वस्तुको प्रभावकारी संयोजन देख्न सकिन्छ। यहाँ केही प्रतिनिधि साक्ष्यहरू प्रस्तुत गरी विश्लेषण गरिएको छ।

'कुराकानी' कथामा भण्डारीले भनेका छन्, 'अल्छी भएर किसानले हात बाँधिदिए भने अवश्य दुनियाँको गलो बाँधिने छ भनेर सम्झाउनुहुन्थ्यो' (पृ. ७७)। यहाँ हात बाँध्नु, दुनियाँको गलो बाँधिनु जस्ता शब्दसमूहले लक्ष्यार्थ प्रस्तुत गरेका छन्। हात बाँध्नुले निष्क्रियतालाई सङ्केत गरेको छ भने गलो बाँधिनुले खान नपाउनुलाई बुझाएको छ। किसान नै मानव जीवनलाई सजीव तुल्याउने मुख्य आधार हुन् भन्ने अन्तर्वस्तु यहाँ रहेको छ। अर्थ सम्प्रेषणका दृष्टिले घुमाउरो देखिए तापनि सरल र लोकप्रिय शब्दचयन गर्नु लेखकीय क्षमता हो। अत: यहाँ सरल, सम्प्रेष्य र प्रचलित भाषिक प्रयोगमार्फत प्रभावकारी व्यङ्ग्य प्रस्तुत भएकाले अन्तर्वस्तु र रूपको प्रभावकारी समन्वय भएको बुझ्न सकिन्छ। 'कुराकानी' कथाकै अर्को ठाउँमा लेखिएको छ, 'जोतखन गर्ने हक प्रमाणपत्र हामीले पायौँ। उब्जाउन खाने हकमात्र साहुको। सालिन्दा उब्जाएर साहुलाई बुझाउनु हाम्रो काम थियो' (पृ. ७८)। भण्डारीको अभिव्यक्ति सरल र सहज छ। शब्दचयन पनि सर्वसाधारणमा प्रचलित र बोधगम्य नै पाइन्छ। यद्यपि उहाँको व्यङ्ग्य अत्यन्त तीक्ष्ण र मर्मस्पर्शी रहेको छ। सामन्त शोषकहरूले सर्वसाधारण जनतालाई उपभोगका लागि जमिन त दिए तर त्यहाँको उत्पादन खोसेर लिए। उब्जाएको अन्न साहुलाई बुझाउनु गरिब किसानको दायित्व हो भन्ने व्यवहार साहुमहाजनको थियो। गरिब किसानमाथि सामन्तीको चरम शोषणलाई छर्लङ्ग पार्नु यहाँको अन्तर्वस्तु रहेको छ। यस अन्तर्वस्तुलाई प्रकाशित गर्न सरल र प्रचलित रूपको उत्कृष्ट प्रयोग भएकाले उद्धृत साक्ष्यमा अन्तर्वस्तु र रूपको प्रभावकारी संयोजन देख्न सकिन्छ। 'डोकाको मोल' जस्ता कथामा पनि यस्तो समन्वय देख्न सकिन्छ।

**मदन भण्डारीको नाट्य रचनामा अन्तर्वस्तु र रूपको द्वन्द्वात्मक समन्वय**

मदन भण्डारीका नाट्य रचना अन्तर्वस्तु र रूपको द्वन्द्वात्मक समन्वयका दृष्टिले मध्यम किसिमको देखिन्छ। उनको नाट्य रचना विचारप्रधान देखिन्छ। यसमा रूप पक्षभन्दा वैचारिक पक्षमा जोड दिइएको देखिन्छ। यसो भए तापनि कतिपय स्थानमा रूप पक्षको कलात्मक प्रस्तुतिसमेत देख्न सकिन्छ। 'अर्जुनदृष्टि' नाटकमा नाटककार भण्डारीले भनेका छन्, 'फूल फूलबारीमा पनि फुल्नसक्छ, पाखामा पनि। मालीहरूले नै फूलको महत्त्व बुझ्दछन्, भैँसी गोठालाहरूले होइन' (पृ. ६७)। यस नाट्यांशमा रूप र अन्तर्वस्तुको द्वन्द्वात्मक समन्वयको अवस्था प्रभावकारी देखिन्छ। घरेलु प्रतिक्रियावादी शक्ति, साम्राज्यवाद आदिका विषयमा बुझ्न सक्ने क्षमता थोरै व्यक्तिमा मात्र हुन्छ भन्ने सन्दर्भलाई यहाँ बिम्बात्मक रूपमा प्रस्तुत गरिएको छ। छात्रले गुरुलाई आफ्ना विचार फूलजस्तै भएकाले यसको महत्त्वलाई सीमित व्यक्तिले मात्र बुझ्ने दाबी गरेका छन्। सुन्दर फूल जतासुकै फुल्न सके तापनि त्यसको महत्त्व सौन्दर्यका पारखी मालीले मात्रै बुझ्न सक्छ भन्ने तर्क निक्कै कलात्मक देखिन्छ।

यहाँ जनजिब्रोमा प्रचलित शब्दचयन र सम्प्रेष्य वाक्य गठनबाट नै अन्तर्वस्तु प्रभावकारी ढङ्गले अभिव्यक्त भएको देखिन्छ।

**निष्कर्ष**

अन्तर्वस्तु र रूपको द्वन्द्वात्मक समन्वयको दृष्टिबाट भण्डारीका काव्य रचना उत्कृष्ट रहेका छन्। उनका रचनामा जनजिब्रोमा प्रचलित शब्दहरूको चयन हुन्छ, प्रचलित विम्ब र प्रतीकको प्रयोग पाइन्छ। यी रचनामा जनतालाई अन्याय अत्याचारको विरोध गर्न उत्प्रेरित गरिएको छ। सर्वहारावर्गप्रति पक्षधरता देखिएका यस्ता रचनामा सामन्तवाद तथा पुँजीवादको कडा विरोध गरिएको छ। भण्डारीका निबन्ध रचनामा अन्तर्वस्तु र रूपको द्वन्द्वात्मक समन्वयको अवस्थालाई हेर्दा अन्तर्वस्तुको तुलनामा रूपपक्ष केही कमजोर देखिएको छ। त्यस्तै भण्डारीका आख्यानात्मक रचनामा अन्तर्वस्तु र रूपको द्वन्द्वात्मक समन्वयको अवस्था मध्यम किसिमको छ। यी रचनामा अन्तर्वस्तु प्रगतिवाद सापेक्ष रहेको छ भने रूपले अन्तर्वस्तुको उच्चतालाई प्राप्त गर्न सकेको छैन। भण्डारीको नाट्य रचना अन्य विधाका सापेक्षतामा अन्तर्वस्तु र रूपको द्वन्द्वात्मक समन्वयका दृष्टिले कमजोर रहेको छ। अन्तर्वस्तु अनुकूलको रूप सिर्जना नहुँदा नाटक विचारप्रधान बन्न पुगेको छ। समग्रमा मदन भण्डारीका रचनाहरूमा अन्तर्वस्तु र रूपको द्वन्द्वात्मक समन्वयको अवस्था काव्यमा उत्तम छ र काव्येतर रचनामा मध्यम किसिमको देखिन्छ।

**सन्दर्भ सामग्रीसूची**

गडतौला, नारायण (२०७१), रस र ध्वनि सिद्धान्त, काठमाडौँ: प्रगति पुस्तक प्रकाशन प्रा.लि.।

चापागाईं, निनु (२०६९), अन्तर्वस्तु र रूपको अन्तःसम्बन्ध र द्वन्द्वात्मकता, भृकुटी, (१५), पृ.२२१–२४३।

भण्डारी, मदन (२०६९), मदन भण्डारी सङ्कलित रचनाहरू भाग ४, सूर्य थापा र देवी नेपाल (सम्पा.), काठमाडौँ: मदन–आश्रित स्मृति प्रतिष्ठान।

*(मदन भण्डारी फाउन्डेसनबाट शोधवृत्ति प्राप्त गरी तयार गरिएको 'मदन भण्डारीका साहित्यिक रचनामा प्रगतिवाद' शीर्षकको दर्शनाचार्य–विद्यावारिधि तहको शोध प्रबन्धका आधारमा या.ल.ना. क्याम्पस, महोत्तरीका उपप्राध्यापक नेपालद्वारा लेखिएको अनुसन्धानात्मक लेख)*

स्मृति

# फेरि गुन्द्रुक खुवाउने धोको अधुरै रह्यो



– मीनाकुमारी राई
छिन्ताङ, धनकुटा


छिन्ताङमा शहीद परिवारका साथ

वि.सं. २०३८ जेठ महिनाको चकमन्न रात थियो। छिन्ताङ–आँखिसल्ला (धनकुटा)मा पञ्चायती शासकहरूले क्रान्तिकारीहरूविरुद्ध चलाएको बर्बर दमनपछि पुलिस र सुराकीहरूको चहलपहलले थप अन्धकार र शून्यता छाएको थियो।

छिन्ताङ दमनका बेला मेरो श्रीमान्लाई पुलिसले जेल हाल्यो। यातना दियो, सात वर्षसम्म। म पनि पुलिससँग जुधेँ। सुत्केरी अवस्थामा पुलिसले मलाई पनि मारुँलाझैँ कुटेको थियो। मलाई पार्टीले कमरेड भीमा नाम दिएको थियो। म मामा उत्तरमान राई र माइजू शोभा राईकोमा बस्थेँ। मेरो मामा–माइजूले नै मलाई सानैदेखि पालेको, हुर्काइबढाइ गर्नुभएको हो। हामी त्यहीँबाट लुकीलुकी पार्टीको काम गर्थ्यौं।

२०३८ सालको जेठ महिनाको राती केबी कमरेड (रत्नकुमार बान्तवाको भाइ), गजुर र देवुसँग एक जना युवक कालो–खैरो पाइन्ट, कालो टोपी लगाएको जवान मान्छे हाम्रो मामाघरमा आउनु भयो। ती जवान मान्छेले मेरो कमलो हात उहाँको मुड्कीजस्तो साह्रो हातले कन्याप्प समात्नु भयो। यसरी हात मिलाउँदा म त कामेछु।

उहाँले सोध्नुभयो, 'किन काम्नु भयो कमरेड ?'

मैले भनेँ, 'हात करप्पै पार्दा डर लाग्यो।'

उहाँले भन्नुभयो, 'हाम्रो पार्टी यस्तै दर्बिलो हुनुपर्छ।'

त्यसपछि मेरो डर हरायो।

केबी कमरेडले उहाँ कमरेड सागर हो भनेर चिनाउनु भयो। त्यसपछि उहाँहरूलाई मूलघरको भित्री कोठामा लगेँ। उहाँहरू मिटिङ गर्न थाल्नु भयो। मैले भात पकाउन थालेँ। टाँकीको तरकारी र मकैको भात पकाएँ। घरमा चामल थिएन। गुन्द्रुक पनि साँधेँ। कमरेड सागरले मिठो गरी खाना खानु भयो, थपी थपी। उहाँलाई साँधेको गुन्द्रुक मनपर्दो रहेछ। टाकीको पातमा गुन्द्रुक दिएकी थिएँ। स्वाद लिएर पात पनि चाटेर खानुभयो।

पहिलो दिन उहाँहरू मूलघरमा सुत्नु भयो। त्यसपछिका २ रात घरपछाडिको खोल्मा (गुवाली)को माथिल्लो तलामा सुतायौँ, त्यो सम्झना चाहिँ अलि धमिलो छ। त्यसबेला म २८–२९ वर्षकी थिएँ। मेरो बच्चा पनि सानो थियो। श्रीमान् जेलमा। पुलिसले कुटेका घाउहरू थिए। कमरेड सागरले मलाई स्वास्थ्यको ख्याल गर्न भन्नु भयो। अरू कमरेडहरूलाई पनि 'भीमा कमरेडको ख्याल राख्नु पर्छ' भन्नु भयो। उहाँले जेलमा खर्च पठाउने काम हामी गर्छौं भन्नुभयो।

उहाँहरूले हामीलाई विभिन्न मानिसहरू बोलाइ दिन भन्नु हुन्थ्यो। हामी राती राती बोलाइ दिन्थ्यौँ। पार्टी पहिला कोर्डिनेसन, रातो झण्डा र पछि माले भयो। २०४७ साल कात्तिक २८ गते छिन्ताङ–पञ्चकन्यामा सहिद स्मारक शिलान्यास गर्ने कार्यक्रम थियो। त्यहाँ क. सागर नेकपा मालेको महासचिवका रूपमा आउनु भयो– मदन भण्डारी भएर। उहाँले मलाई भीडमा देख्नेबित्तिकै चिन्नु भयो र भन्नुभयो– 'कमरेड भीमा पनि आउनु भएको रहेछ। तपाईंकोमा साँधेको गुन्द्रुक खान आउनु छ।' उहाँलाई फेरि गुन्द्रुक खुवाउने मेरो धोको अधुरै रहेको छ। उहाँको सपना अनुसार सारा नेपालीले सजिलै दाल, भात, तरकारी, गुन्द्रुक खान पाउने होऊन्।

*(भूमिगतकालीन पार्टी कार्यकर्ता तथा सेल्टरदाता छिन्ताङ, धनकुटाकी मीनाकुमारीसँग २०८२ जेठ १ मा गरिएको कुराकानीमा आधारित)*

Madan Bhandari Foundation

मदन भण्डारी फाउण्डेशन

काठमाडौं, नेपाल

www.mbf.org.np